# चेपाङ समुदायको छ्योनाम पर्वमा सांस्कृतिक प्रतीकवाद


**शोधार्थी**

**अजयकुमार प्रजा**


**दर्शनाचार्य उपाधिको आंशिक परिपूर्तिका लागि**

**प्रस्तुत्**

## शोधप्रबन्ध


**नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं, नेपाल**



**वि.सं. २०८२**

# सिफारिस पत्र

प्रस्तुत विषयमा **नेपालमा चेपाङ समुदायको छोनाम पर्वमा प्रयुक्त सांस्कृतिक बिम्ब एवं प्रतीकहरु** शिर्षकको शोधपत्र शोधार्थी छात्र श्री अजय कुमार प्रजाले मेरो निर्देशनमा तयार गर्नु भएको हो । उहाँले गर्नु भएको शोधकार्यबाट म सन्तुष्ट भएकोले मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०८२/०४/१०

..............................

**डा.महेश कुमार आचार्य**

सह-प्राध्यापक

शोधनिर्देशक

नेपाली इतिहास, संस्कृति तथा

पुरातत्त्व केन्द्रीय विभाग, किर्तिपुर,

काठमाडौं ।

टेलिफोन नं. ०१-४३३१९७६

# त्रिभुवन विश्वविद्यालय
# नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाडौं, नेपाल

मिति :२०८२/०४/३०

नेपाली इतिहास, संस्कृति केन्द्रीय विभाग कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा दर्शनाचार्य तहको तेस्रो सत्रको पाठयांशको प्रयोजनका लागि श्री अजयकुमार प्रजाले तयार पार्नु भएको प्रस्तुत **चेपाङ समुदायको छोनाम पर्वमा सांस्कृतिक प्रतिकवाद** अध्ययन शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङकन गरी स्वीकृति गरिएको छ ।

शोधप्रबन्ध मूल्याङ्कन समिति

१) डा.महेश कुमार आचार्य ..............................

विभागीय प्रमुख

२) डा.महेश कुमार आचार्य

..............................

शोध निर्देशक

३) प्रा.डा.मदन कुमार रिमाल ..............................

बाहीय परीक्षक

मिति २०८२/०४/३०

E-mail: nehcadepartment@gmail.com

त्रिभुवन विश्वविद्यालय
# केन्द्रीय पुस्तकालय
कीर्तिपुर, काठमाडौं, नेपाल

ंख्या ............ मिति : 2082/05/04

## साहित्यिक चोरी परीक्षण रिपोर्ट

श्री **अजय कुमार प्रजा** द्वारा मिति २०८२/०५/०४ मा साहित्यिक चोरी परीक्षणको लागि पेश गरेको **"चेपाङ समुदायको छोनाम पर्वमा सांस्कृतिक प्रतीकवाद"** शीर्षकको **दर्शनाचार्य** तहको **शोधप्रबन्धको** इथेन्टिकेट साहित्यिक चोरी परीक्षण सफ्टवेयरद्धारा जाँच गरिएको र सफ्टवेयरले निम्न मापदण्डहरूका आधारमा ६ प्रतिशतको समग्र समानता सूची भएको देखिन्छ।

मापदण्डहरुः

उद्धरण(Quotes) ; समावेश नगरिएको (Excluded)

सन्दर्भ ग्रन्थसुची(Bibliography, References) ; समावेश नगरिएको (Excluded)

साधारण स्रोत म्याच(Sources Matches); १ प्रतिशत

शब्द म्याच (Word Matches); दश शब्दसम्म

सारसङ्क्षेप (Abstract); समावेश गरिएको(Included)

विधि र सामग्री(Method and Materials); समावेश गरिएको(Included)

नोट; सफ्टवेयरमा आधारित यस रिपोर्टले लेखिएको बिषयवस्तुको गुणस्तर र मापदण्ड पूर्ण रूपमा मापन गर्न सक्दैन। लेखनको गुणस्तर, मापदण्ड, अनुसन्धान तथा शैक्षिक अखण्डता सुनिश्चित गर्नका लागि विज्ञबाट समेत समीक्षा गराउन सिफारिस गरिन्छ।

2082/5/4
..................

रोशन कुमार पोखरेल
(शाखा अधिकृत)

iThenticate® Similarity Report ID: oid:3117:484854920

ER NAME
: समुदायको छोनाम पर्वमा सांस्कृतिक प्रतीकवाद

AUTHOR
अजय कुमार प्रजा

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर KATHMANDO NEPAL

RD COUNT
45 Words

CHARACTER COUNT
187654 Characters

E
NT
Pages

FILE SIZE
2.5MB

2082/02/08

MISSION DATE
20, 2025 2:18 PM GMT+5:45

REPORT DATE
Aug 20, 2025 2:21 PM GMT+5:45

5% Overall Similarity

combined total of all matches, including overlapping sources, for each database. •

Internet database
• 5% Publications database
rossref database
• Crossref Posted Content database •
Submitted Works database

Excluded from Similarity Report

ibliographic material
• Quoted material
mall Matches (Less then 10 words)

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र दर्शनाचार्य उपाधिको आंशिक परिपुर्तिको लागि तयार गरिएको हो । शोधपत्र तयार गर्ने सिलसिलामा अत्यन्त उत्साह र प्रेरणासाथ मलाई मार्ग निर्देशन गर्नुहुने शोध निर्देशक विभागीय प्रमुख तथा सह-प्राध्यपक डा. महेशकुमार उपाध्यायज्यूप्रति म हार्दिक धन्यबाद प्रदान गर्दछु । त्यसैगरी शोध प्रस्तावलाई स्वीकृति गरी शोधकार्यको लागि प्रेरित गर्ने नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभागका सम्पूर्ण श्रद्धेय गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । संस्कृति विभागका कर्मचारीहरूजसले यो शोधकार्यमा आवश्यक सहयोग गरि दिनु भयो वहाँहरू प्रति आभारी छु ।

मलाई अध्ययनको लागि उत्प्रेरित गरी उर्जा प्रदान गर्ने मेरो परिवार र आफन्तप्रति आभारी छु । एमफिल/पिएचडी कार्यक्रम अन्तर्गत दर्शनाचार्य हासिल गर्न उर्जा प्रदान गर्नुहुने श्रद्धेय गुरू प्रा.डा. सोमप्रसाद खतिवडा, प्रा.डा.मदनकुमार रिमाल, डा. तारामणी राई र यस विभागका सम्पूर्ण गुरुवर्गमा हार्दिक नमन गर्दछु । यस शोध कार्यमा आवश्यक सहयोग पुऱ्यानु हुने धादिङ्ग जिल्ला गजुरी गाउँपालिकाका श्री काजीमान चेपाङ, प्रेमहबहादुर चेपाङ, कृष्णबहादुर चेपाङ, श्रीराम चेपाङ, सानोकान्छा चेपाङ र बरकान्छा चेपाङलाई विशेष धन्यवाद दिन चाहान्छु । यसैगरी चेपाङ समुदाय, त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालय किर्तिपुर काठमाडौं, निर्वाचन आयोगको कार्यालय कान्तिपथ काठमाडौं, नेपाल आदिवासी जनजाति महासंघ, केन्द्रिय सचिवालय कुसुन्ती, ललितपुर, आदिवासी जनाजति उत्थान राष्ट्रिय प्रतिष्ठान सानेपा, ललितपुर, केन्द्रीय तथ्याङ्क विभाग काठमाडौं, विविध पत्रपत्रिका तथा सम्बन्धीत निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धनकर्ताहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्रको आवश्यक तयारीको लागि शोध निर्देशक, भाषा सम्पादन गर्नुहुने गणेश वाम्बबुले राई तथा प्राविधिक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुनेहरुमा हार्दिक धन्यवाद दिदै यस शोधपत्रको आवश्यक मुल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

अजय कुमार प्रजा

शोधार्थी

# शोधप्रबन्धको सारांश

छोनाम चेपाङ समुदायको मुख्य पर्व हो । यसलाई न्वागी पर्व पनि भन्ने चलन छ भने स्थानीय स्तरमा न्वागी फलाक्ने भनेर सम्बोधन गर्दछन् । यो परम्परागत रूपमा मनाउदै आएको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्व बोकेको विशेष पर्व हो । चेपाङ समुदायले पुज्दै आएका महत्त्वपूर्ण पर्वहरूमा तोङकोलोङ (कुल पूजा), नामरूङ (आइतबारे पूजा), भूयाँर (सिमेभूमे पूजा), सिकारी पूजा, प्रकृति पूजा तथा साउने संक्रान्ति, माघे संक्रान्ति, दशै, तिहारजस्ता पर्वहरू पर्दछन् (चेपाङ, २०७६, पृ. ७०-७४) । यी विशेष महत्त्व राख्ने पर्वहरूमध्ये छोनाम प्रकृति र जीवनशैलीबिच अन्तरसम्बन्ध भएको चाडको रूपमा मान्ने गर्दछन् । चेपाङ समुदायमा छोनाम पर्वको विविध सांस्कृतिक पक्षहरूको बारेमा खोजी गर्न, पर्वमा प्रयुक्त बिम्ब वा प्रतीकको सांस्कृतिक अर्थको पहिचान गर्न र चेपाङसँग समानता भएको समुदायले चाड मनाउने क्रममा प्रतीक वा बिम्ब प्रयोगको सैद्वान्तिक कारणको विश्लेषण गर्न यस शोधको मुख्य उद्देश्य रहेको छ ।

चेपाङहरूको मुख्य पर्व छोनामको बारेमा पूर्वकार्यको समीक्षाबाट प्राप्त ज्ञानले आवश्यकीय अनुसन्धानको आधार तय गरेको छ । छोनाम समुदायमा परम्परागत रूपमा निरन्तरता पाउँदै आएको पर्व जसलाई सबै चेपाङहरूले मनाउँदै आएको पाइन्छ । यो पर्वको सन्दर्भलाई सामान्य रूपमा नयाँ अन्नबाली पहिले पितृलाई चढाएर आफू खाने परम्परालाई छोनाम फलाक्ने भन्ने उल्लेख गरिएको भेटिन्छ । पर्वको बारेमा राममणी ढुंगेल, गणेशमान गुरूङ, उद्वव राई, Diana Riboli आदि विद्वानहरूले चेपाङ जातिको चिनारी गराउने कार्य गरेका छन् । यसरी पर्वमा प्रयुक्त बस्तुहरूको प्रतीकताको खोजी भएको भेटिदैन । यो पर्वको सांस्कृतिक पक्षहरू, त्यसमा प्रयोग हुने ⁄तीकहरूको अर्थ, ती प्रतीकहरूको प्रयोग किन गरिन्छ भन्ने सैद्वान्तिक कारणहरूको बारेको खोजमा रिक्तता देखियो । यसकारण पूर्वकार्यको समीक्षामा देखिएका अनुसन्धान रिक्ततालाई समस्याको मुख्य कथन रहेकोले तीनलाई प्रश्नको रूपमा स्थापना सो को उत्तर खोजी गर्ने उद्देश्य अनरूप यस शोधकार्यको प्रारम्भ गरिएको हो ।

चेपाङ समुदायको सांस्कृतिक सम्पदाको रूपमा छोनाम पर्व रहेको पाइन्छ । यसले चेपाङ समुदायको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र धार्मिक रूपमा समुदायको पहिचान बोकेको देखिन्छ । पर्वले परम्परात तथा सांस्कृतिक संस्कारले पुस्तान्तरण र प्रदर्शन गर्ने अवसरको रूपमा स्थापित छ । छोनाम भाद्र महिना भरिनै मनाइने चाड भएकोले यस पर्व

संचालन गर्न विभिन्न परम्परागत सामाजिक समुहहरू निर्माण गर्ने जसको सहायताले पर्व सम्पन्न गरिदा सामुहिक जिम्मेवारी र सांस्कृतिक भावनामा एकता पाइन्छ। पाँच दिवशीय पर्वका गरिने विभिन्न अनुष्ठानात्मक कार्यहरूले कूलपरिवारको जीवनशैलीको स्मरण गराउने गर्दछन्। अर्को यस पर्वमा मूल पान्दे (पुजारी) ले तान्त्रिक विधिबाट अनुष्ठान गर्दा प्रयोग गरिने प्रतीकहरू र त्यसको सांस्कृतिक अर्थले चेपाङ कूलपरिवार प्रकृति, पुर्खाबिचको सम्बन्धलाई उजागर गराउँदछन्। साथमा चेपाङ समुदायजस्तै विश्वका अरू आदिवासी समुदायले मनाउने चाडपर्वमा प्रयुक्त प्रतिकहरूको सांस्कृतिक अर्थ तथा सैद्धान्तिक कारणहरू आपसमा समानता रहेको दृष्टिकोणलाई विश्लेषणले यो पर्व चेपाङ समुदायको सांस्कृति महत्त्व बोकेको पर्वको रूपमा रहेका स्पष्ट हुन्छ। यो समुदायको सांस्कृतिक चाड छोनाम पर्वको अनुसन्धानले चेपाङ संस्कृतिको बारेमा ज्ञान निर्माणमा, संस्कृति संरक्षण र सम्बर्द्धनमा तथा जातीय विविधता भएको संस्कृतिको रूपमा रहेको सन्दर्भमा छोनाम पर्व एक सांस्कृतिक महत्त्वको चाड रहेको अनुसन्धानले पुष्टि गर्दछ।

चेपाङ समुदायमा छोनाम पर्व प्रमुख सांस्कृतिक चाड हो। यो पर्वको सांस्कृतिक पक्ष, प्रतीकको अर्थ तथा सैद्धान्तिक आधारहरूको गुणात्मक विधिमा अध्ययन गरिएको छ। उक्त विधि अनुसार तथ्यहरूको अन्वेषण, संकलन, छलफल र विश्लेषण गरिएको छ। यसैले यो अनुसन्धान पूर्ण रूपमा आगमनात्मक (Inductive) अध्ययन हो। यस अध्ययनका बैचारिक रूपरेखा (Conceptual Framework) र अनुसन्धान ढाँचा (Research Design) लाई सोही विधि अनुरूप अवलम्बन गरिएको छ।

छोनाम पर्वको विधि र प्रक्रियाको बारेमा स्थलगत रूपमा सामेल भई अवलोकन र अन्तर्वार्ता मार्फत बास्तविक रूपमा कूलका जेष्ठ सदस्य तथा पान्देहरूबिच छलफल गरिएको छ। यस पर्वमा प्रयोग गरिने सांस्कृतिक प्रतीकहरू साथमा तीनको अर्थलाई छलफलबाट स्पष्ट गर्ने प्रयास गरिएको छ। चेपाङहरूले यस प्रकारको प्रतीकहरू प्रयोग गर्ने परम्पराको निर्माण कसरी निर्माण गरिएका छन् भन्ने सवालमा छलफल गरिएका छन्। अनुसन्धानको कार्यमा प्रत्यक्ष अवलोकन र छलफलले चेपाङ जस्तै अरू जनजातिय समुदायले परम्परागत रूपमा मनाउने चाड मनाउँदा प्रयोग गरिने सांस्कृतिक प्रतीकहरूबिच भएको समानताको सन्दर्भलाई छलफलमा समावेश गरिएका छन्। यस शोधलाई रचनाबादी/निर्माणबादी दृष्टिकोणबाट प्रतीकात्मक सिद्वान्तको आधारमा विश्लेषण गरी निष्कर्ष निर्माण गरिएको छ।

चेपाङ समुदायको छोनाम पर्व ५ दिवशीय चाड हो। पर्वको उक्त दिनहरूको विभिन्न चरणमा अनुष्ठानात्मक कार्यहरू सम्पन्न गरी पर्व समापन गरिने पक्षहरूमा स्पष्टता आएको छ। पर्वमा प्रयुक्त प्रतीकहरू के कस्ता प्रयोग हुने गर्दछ र ती प्रतीकहरूको सांस्कृतिक अर्थहरूको पहिचान भएकाछन्। चेपाङहरूले छोनाम पर्वमा प्रयोग गर्ने प्रतीकहरू अरू जनजातिय समुदायमा पनि प्रयोग गर्दा रहेछन्। ती प्रतीकहरू परम्रागत रूपमा सांस्कृतिक मुल्यान्यताका आधारमा निर्माण भई हस्तान्तरण र प्रदर्शन हुँदै आएको विभिन्न समुदायको पर्वको समीक्षाले प्रष्ट्याएका छन्। छोनाम पर्वमा प्रयुक्त प्रतीकहरू चेपाङ समुदायको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा परम्पपरागत मुल्यमान्यताको आधारमा पुर्खाद्वारा निर्माण भई प्रचलनमा रहेको सांस्कृतिक अनुष्ठानहरू सम्बन्धित समुदायको पहिचानको रूपमा रहेको देखिन्छ।

छोनाम पर्व प्रयोग गरिने प्रतीकहरूको सांस्कृतिक अर्थले चेपाङहरूको पुर्खाहरूले निर्माण गरेका संस्कृतिहरू रीतिरिवाजलाई बिम्बात्मक रूपमा चढाउने सामाग्रीहरू सांस्कृतिक अर्थसहितका प्रतीकहरू हुन् जुन कुनै लिखित ग्रन्थहरूमा उल्लेख भए बमोजिम नभई बकितम रूपमा पूज्दै आएको देखिन्छ। चेपाङ जस्तै अरू आदिवासी जनजाति समुदायले आफ्नो रीतिपरम्परा अनुसार संस्कृतिलाई यस्तै चाडहरू मार्फत प्रतिबिम्बित गर्ने र आफ्नो पुर्खाद्वारा निर्माण गरिएका संस्कृतिलाई पुज्ने र ती प्रतीकहरू चढाउने गर्दछन्। चेपाङहरूले मनाउने छोनाम पर्वमा प्रयोग गरिने प्रतिकात्मक स्वरूपलाई प्रस्तुत् गरी मौलिक परम्परा अनुसार पुज्ने प्रचलन अनुरूप यो छोनाम पर्व रहेको प्रष्ट भएको छ। यसरी छोनाम पर्वले यो समुदायको परम्परागत संस्कृतिलाई निरन्तरता दिँदै आएको चाड हो। जसले यो समुदायको संस्कृतिक रूपमा समुदायको पहिचान जोडिएको तथ्य प्रकाशमा आएको छ।

# विषयसूची


शोध निर्देशकको सिफारिस पत्र II

स्वीकृति पत्र III

कृतज्ञताज्ञापन IV

शोधप्रबन्धको सारांश V

विषयसूची VIII

शोधसार XIV

**अध्याय - एक**

**शोध - परिचय र अनुसन्धान विधि**

१.१ शोध परिचय १

१.१.१ शोधको पृष्ठभूमि १

१.१.२ शोधको समस्या कथन ३

१.१.३ शोधको प्रश्न ४

१.१.४ शोधको उद्देश्य ५

१.१.५ अध्ययनको सीमा ६

१.१.५.१ शोधकार्यको सिमांकन (Delimitation) ६

१.१.५.१.१ भौगिोलिक सिमांकन ६

१.१.५.१.२ विषयगत सिमांकन ७

१.१.५.१.३ सैद्धान्तिक सिमांकन ७

१.१.६ अध्ययनको महत्त्व ७

१.२ शोध विधि ८

१.२.१ शोध आयाम (Research Approach) ९

१.२.२ तथ्य संकलनका स्रोतहरु ९

१.२.२.१ प्राथमिक श्रोत १०

१.२.२.१.१ अवलोकन विधि १०

१.२.२.१.२ अर्न्वार्ता विधि १०

१.२.२.२ द्वितीय श्रोत ११

१.२.२.२.१ पुस्तक ११
१.२.२.२.२ जर्नल ११
१.२.३ तथ्य प्रशोधन १२
१.२.४ तथ्य विश्लेषण १२
१.२.५ प्रतिवेदन लेखन १३
१.२.६ ज्ञानदर्शन (Paradigm) १३
१.२.६.१ तत्त्व मिमांसा (Ontology) १५
१.२.६.२ ज्ञान मिमांसा (Epistemology) १५
१.२.६.३ मुल्य मिमांसा (Axiology) १६
१.२.७ अनुसन्धान ढाँचा (Research Design) १७
१.२.८ तथ्यांक विश्लेषण विधि १७
१.२.८.१ शोधकार्यमा संकलन गरिएका तथ्यहरुको प्रशोधन गर्ने विधि १८
१.२.८.२ शोधमा संकलित तथ्यांकहरुको विश्लेषण विधि १८
१.२.८.३ शोधको प्रतिवेदन लेखन विधि १८
१.२.९ अनुसन्धानमा नैतिक सवालहरु १८
१.२.१० शोध प्रबन्धको संगठन १८

## अध्याय - दुई
## पूर्वसाहित्य समीक्षा

२.१ वैचारिक/सैद्धान्तिक पूर्वकार्यको समीक्षा २१
२.१.१ सांस्कृतिक प्रतीक सम्बन्धि पूर्वकार्यहरु २१
२.१.२ वातावरण अनुकुल संस्कृति र प्रतिकहरुको निर्माण २३
२.१.३ संस्कृति र प्रतिकबिच सम्बन्ध २३
२.१.४ साँस्कृतिक बहुरेखीय विकास २४
२.१.५ प्रतिकताबादी सिद्धान्तहरुको समीक्षा २५
२.१.५.१ जंगली स्तर (Hunting and Gathering Stage) २५
२.१.५.२ बर्बर स्तर (Barbarian Stage) २५
२.१.५.३ सभ्यता स्तर (Civilization Stage) २६

२.२ नितीगत समीक्षा २६

२.२.१ अन्तर्राष्ट्रिय संस्कृति निती २७

२.२.२ राष्ट्रिय संस्कृति निती, वि.सं. २०६७ २८

२.२.३ नेपालको संविधान वि.सं. २०७२ २८

२.२.४ नेपाल चेपाङ (प्रजा) संघ, वि.सं. २०५५ को निर्णयको समीक्षा २९

२.३ बिषयगत पूर्वकार्यको समीक्षा २९

२.४ अनुसन्धान रिक्तता ३८

## अध्याय - तीन

## चेपाङ समुदायको छोनाम पर्व

३.१ चेपाङ समुदायको परिचय ४१

३.१.१ जातीय नामाकरण र बसोबासको इतिहास ४१

३.१.२ चेपाङ समुदायको वर्तमान अवस्था ४५

३.१.२.१ प्रमुख बस्तीहरुको भौगोलिक अवस्था ४५

३.१.२.२ जनसांख्यिकी स्थिति ४७

३.२ चेपाङ समुदायको सांस्कृतिक चाडपर्वहरु ४७

३.२.१ तोङ्कोलोङ (कूलपूजा) ४८

३.२.२ नामरुङ (आइतबारे पूजा) ४९

३.२.३ प्रकृति पूजा ५०

३.२.४ भूँयार (सिमेभूमे पूजा) ५०

३.२.५ भिमसेन पूजा ५०

३.२.६ बायू पूजा ५१

३.२.७ तिहार ५१

३.२.८ दशैं ५२

३.२.९ माघे संक्रान्ती ५२

३.२.१० साउने सक्रान्ती ५३

३.३ छोनाम पर्व ५३

३.३.१ छोनाम पर्वको परिचय ५३

३.३.२ छोनाम पर्वको चर्चा र नामाकरण ५५

३.३.३ छोनाम पर्वमा स्थापित सामाजिक संगठन ५८

३.३.४ छोनाम पर्वको प्राकृतिक र पर्यावरणीय सम्बन्ध ५८

३.३.५ छोनाम पर्व र अरु चाडबिच सम्बन्ध ५९

३.३.६ चेपाङ समुदायले छोनाम पर्व मनाउने तरिका ६०

३.३.७ छोनामको पहिलो दिन ६०

३.३.८ छोनामको दोस्रो दिन ६१

३.३.९ छोनामको तेस्रो दिन ६२

३.३.१० छोनामको चौथो रात र पाँचौ दिनको बिहान (छोनामको फलाक्ने मुख्य दिन) ६२

३.३.१०.१ छोनामको चौथो दिन ६२

३.३.१०.१.१ विहान (पहिलो प्रहर) ६२

३.३.१०.१.२ दिउँसो अर्थात मध्यान्ह (दोस्रो प्रहर) ६३

३.३.१०.१.३ बेलुका साँझपख (तेस्रो प्रहर) ६३

३.३.१०.२ छोनाम पर्वको चौथो (साँझदेखि पाँचौ दिनको बिहानसम्म) ६४

३.३.१०.२.१ छोनामको चौथो दिनको साँझ (पहिलो प्रहर) ६४

३.३.१०.२.२ छोनामको चौथो रातको मध्य (दोस्रो प्रहर) ६५

३.३.१०.२.३ चौथो रातको अन्त (तेस्रो प्रहर) ६६

३.३.१०.२.४ विरामी हेर्ने तथा भाकल गरेको पशुपंक्षि बलि चढाउने ६७

३.३.१०.२.५ कूला लाने (कूल र पितृलाई थानमा राख्ने) परम्परा ६७

३.३.१०.२.६ पित्र बुझाउने ६८

३.३.१०.२.७ छोनामको सामुहिक भोज ६८

३.३.१०.२.८ कुटुम्ब तथा निम्तालु बिदाई ६९

३.३.१०.२.९ पाण्दे बिदाई ६९

३.३.१०.२.१० कुलको भोलेको टाउको खाने साँझ ६९

३.३.१०.२.११ कूलपरिवार सदस्यको बिदाईसँगै छोनाम पर्वको समापन ७०

## अध्याय - चार

## छोनाम पर्वमा प्रयुक्त बिम्ब वा प्रतिकको साँस्कृतिक अर्थ


४.१ परिचय ७१

४.२ छोनाम पर्वमा प्रयोग हुने भौतिक बस्तु र तीनको प्रतीकात्मक अर्थ ७१

४.२.१ पाण्दे (झाँक्री) ७२

४.२.१.१ पाण्देको प्रकार ७३

४.२.१.२ पाण्देको सामाग्रीहरु ७३

४.२.१.३ ढ्याङ्ग्रो (एक पाखे) ७४

४.२.१.४ गजा (ढ्याङ्ग्रो फलाक्ने काठको यन्त्र) ७५

४.२.१.५ रुद्राक्षमाला/बोधिचित्तमाला/घुङ्ग्रोमाला र अक्षेता (फलाक्ने चामल) ७५

४.२.२ कूलथान (चोटा) मा प्रयोग हुने बिम्ब/प्रतिक ७५

४.२.२.१ कूलको थान (प्रस्तरको स्तम्भ) र कूलको भाले (कुखुरा भाले) ७६

४.२.२.२ सिंगो केराको घरी ७६

४.२.२.३ भातीजाँड ७८

४.२.२.४ घैयाधान ७८

४.२.२.५ सामा र काउनो ७९

४.२.२.६ गाभापिँडालु ८०

४.२.२.७ घैयाधानको बोट ८०

४.२.२.८ धुपबत्ति र पानीघडा ८१

४.२.२.९ बुकीफूल र पाती ८१

४.२.२.१० अक्षेता (घैयाधानको चामल) ८२

४.२.३ मूलथान (भूइँतला) मा प्रयोग हुने प्रतीकहरु ८२

४.२.३.१ घैयाधान र मकैको बिस्कुन ८३

४.२.३.२ मकै (सिंगै बोट, घोगा र छोडाएको दाना) ८३

४.२.३.३ गाभापिँडालु ८४

४.२.३.४ घैयाधानको बोट (बाला सहितको) दाँया बायाँ राख्ने ८४

४.२.३.५ केराको बोट (सिंगो) ८४

४.२.३.६ केराको पात (आगोमा सेकाएर दुई बिटा) ८५
४.२.३.७ काँचो घैयाधानको चिउरा ८६
४.२.३.८ बुकिफूल र तितेपाती ८६
४.२.३.९ चिउरी वा सालको पात, दुना र टपरी ८६
४.२.३.१० अक्षेता (कूलपितृको नाममा चढाएको घैयाचामल) ८७
४.२.३.११ पाटे घिरौला (जंगली घिरौंला) ८७
४.२.३.१२ अदुवा ८८
४.२.३.१३ निबुवा ८८
४.२.३.१४ धूपबत्ति (चिउरी घ्यूबाट) ८८
४.२.३.१५ रातो माटो, गाईको गोबर, दूबोपाती र पानी घडा ८९
४.२.३.१६ जंगली खाद्यबस्तु (गिठ्ठा, भ्याकुर, पाङ्नाम र बनतरुल) ९०
४.२.३.१७ चिउरी ९०
४.३ छोनाम पर्व प्रदर्शनको सांस्कृतिक अर्थ ९१

## अध्याय - पाँच

## छलफल र निष्कर्ष

५.१ पृष्ठिभूमि ९४
५.२ सारांश ९४
५.३ मूख्य प्राप्तीमाथि छलफल ९९
५.४ निष्कर्ष १०५
परिशिष्टहरु ११०
परिशिष्ट - क : चेपाङ बसोबास क्षेत्रको (प्रस्तावित चेपाङ स्वयत्तक्षेत्र) नक्शा चित्र ११०
परिशिष्ट - ख : जनसंख्या विवरण तालिका ११०
परिशिष्ट - ग : अनुसन्धानमा शोधिएका अनौपचारिक खुल्ला प्रश्नहरु ११४
परिशिष्ट - घ : उत्तरदाताहरुको नामावली ११७
परिशिष्ट - ङ : छोनाम पर्वको अनुसन्धानमा खिचिएका चित्रहरु (फोटोहरु) ११८
परिशिष्ट - च : संक्षेपिकरण सूची १३६
सन्दर्भसूची १२७

## शोधसार

छोनाम चेपाङ समुदायको मुख्य सांस्कृतिक पर्व हो । यसलाई स्थानीय स्तरमा न्वागी फलाक्ने भनेर सम्बोधन गर्ने गर्दछन् । उनीहरूले छोनाम चाडलाई परम्परागत सांस्कृतिक प्रतीकको रूपमा मनाउने गर्दछन् । यो पर्वमा प्रयुक्त प्रतीकहरूले समुदायको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पहिचान बोकेको देखिन्छ । यो समुदायमा अरू पनि सांस्कृतिक पर्वहरू मनाउने प्रचलन छ । ती पर्वहरूमा तोङ्कोलोङ (कूलपूजा), नामरूङ ( आइतबारेपूजा), भूयाँर (सिमेभूमेपूजा), सिकारी पूजा, साउने संक्रान्ति, माघे संक्रान्ति, दशैं, तिहार आदि मनाउने गर्दछन् । छोनाम पर्व भने सबै चेपाङहरूले मनाउने मुख्य पर्व हो । यो प्रत्येक वर्षको भदौ महिनामा मूलपान्दे (महिला वा पुरुष) र कुल समूहका जेष्ठ सदस्यहरूको आपसी सहमतिमा तिथिमिति तोकी न्वागी फलाक्ने गर्दछन् । चेपाङ समुदायको सांस्कृतिक कार्यको लागि पान्दे (चेपाङ झाँक्री/पुजारी) को मुख्य भूमिका हुने गर्दछ । यो पर्व हरेक वर्ष भदौ महिनामा पान्देद्वारा एकपाखे ढ्याङ्ग्रो फलाकी भित्र्याइसकेको अन्नबाली र कुखुराको भालेको बलि चढाउँदै मनाउने उत्सव हो । यस पर्वमा समुदायको प्रमुख व्यक्तित्व मानिने पान्दे (सामाजिक नेता) अर्थात् पुर्खाको जीवीत प्रतिनिधि पात्र भएको विश्वास गरिने पान्देको नवप्रवेश (ढ्याङ्ग्रो फलाक्न प्रारम्भ) गराउने र संस्कृति हस्तान्तरण तथा प्रदर्शन गर्ने मुख्य अवसरको रूपमा रहेको हुन्छ । आदिवासी समुदाय चेपाङहरू नेपालका विभिन्न जिल्लाहरूका बसोबास गरेको पाइए तापनि सघन बसोबासको आधारमा मकवापुर, चितवन, धादिङ र गोरखा जिल्ला रहेको पाइन्छ । ती जिल्लामा अवस्थित महाभारत शृंखलाको आसपासका कछाड (पहाडी भिरालोमा थुम्का भाग) भेग उनीहरूको मुख्य बासस्थान हुन् । चेपाङ समुदायको सांस्कृतिक पर्व छोनामको अनुसन्धानका लागि उनीहरूको प्राचीन बासस्थान रहेको स्थानहरूलाई मुख्य अध्ययन क्षेत्र बनाइएको छ । जसमा धादिङ जिल्ला गजुरी गाउँपालिका अन्तर्गतका चेपाङ बस्तीहरूमा चिउरीखर्क, गैरीगाउँ, तारबोटे, दरिङ्गाल, स्याङ्माइ डाँडालाई भौगोलिक सिमांकन गरिएको छ ।

छोनाम पर्व चेपाङ समुदायभित्र सबैले मनाउँदा कुलपरिवारका थरसमूह अनुसार केही भिन्न तवरले मनाउने चलन रहेको पाइन्छ । चेपाङ समुदायभित्रका एकथरी समूहले कुलपरिवारको संरक्षकको रूपमा पालिएको कुखुराको भाले, नयाँ खाद्यबाली, भातीजाँड र केराको घरीलाई कुलथान (चोटामा) मा चढाउने र मूलथान (भूइँ तला) मा नयाँ

अन्नबालीमात्र चढाउँदै फलाक्ने गर्दछन् । अर्को एकथरी समूहका चेपाङ थरसमूहले कुलपूजा अरू समय (जेठ पूर्णिमा, वैशाख पूर्णिमा, वडा दशैंको फूलपाती) मा गर्ने र मूलथान ( भुइँतला) मा मात्र नयाँ अन्नबाली चढाइ फलाक्ने गर्दछन् । यस प्रकारबाट गरिने छोनाम पर्वको अनुष्ठानले यो समुदायको सांस्कृतिक चाडले दुई भिन्न स्थानमा गरिने कार्यले सांस्कृतिक रूपमा केही भिन्नता देखिन्छ तर ती स्थानमा छोनामको बखत गरिने अनुष्ठानमा प्रयुक्त प्रतीक र अरू समयमा गरिने अनुष्ठानमा प्रयुक्त प्रतीकको सांस्कृतिक अर्थ र महत्त्वमा भने एकै हुन्छन् ।

छोनाम पर्वमा प्रयुक्त सांस्कृतिक प्रतीकवादको सन्दर्भमा पूर्वकार्यको समीक्षाले मानवशास्त्रीय र समाजशास्त्रीय दृष्टिकोणबाट बढी चर्चा गरिएको भेटिन्छ । समुदायको चाडपर्वको बारेमा अर्थात् सांस्कृतिक पक्षहरूमा विश्लेषण गरिएको कमै भेटिन्छ । अग्रज विद्वानहरूको अनुसन्धनात्मक खोजले छोनाम पर्वको सन्दर्भहरू उल्लेख गरिएको पाइन्छ । ती खोजकार्यले विशेषतः चेपाङ समुदायले अरू जाति वा समुदायले मनाउने नयाँ अन्नबाली पाकेपछि वा भित्र्याइसकेपछि पहिले पितृलाई चढाएर आफू खाने परम्परा जस्तै नयाँ खाने परम्परालाई छोनाम खाने पर्व भनेर मनाउने गर्दछन् भन्ने बुझाइलाई समावेश गरेको पाइन्छ । यसको साथमा पछिल्लो खोजकर्ताहरूले यसको सांस्कृतिक महत्त्वबारेमा पनि चर्चा गरेको पाइन्छ । तर छोनाम पर्व मनाउने विधि र प्रक्रिया के के हुन् ? यस पर्वको अनुष्ठानमा प्रयुक्त बिम्ब वा प्रतीकको सांस्कृतिक अर्थ र महत्त्व कस्तो रहेको छ ? र चेपाङ जस्ता जनजाति समुदायले चाड मनाउने क्रममा बिम्ब वा प्रतीकको प्रयोग गर्ने सैद्धान्तिक आधार कसरी निर्माण भएको छ ? भन्ने बारेमा अनुसन्धान गरिएको भेटिदैन । त्यसकारण यस शोधमार्फत् चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अध्ययनमा रिक्त पहिचान गरिएको ती प्रश्नहरूलाई खोजमार्फत् परिपुर्ति गर्ने उद्देश्यले यो अनुसन्धान प्रारम्भ गरिएको हो ।

छोनाम पर्वमा प्रयुक्त सांस्कृतिक प्रतीकहरूको खोजकार्य एक गुणात्मक ( Qualitative) अनुसन्धान हो । यो पूर्ण रूपमा गुणात्मक तथ्यांकहरूबाट अन्वेषण, छलफल र विश्लेषण गरिने भएकोले आगमनात्मक (Inductive) अध्ययन हो । यस शोधलाई निर्माणवादी/रचनावादी दृष्टिकोणको आधारमा तथ्यहरू समावेश भएको छ । यस पर्वमा प्रयुक्त प्रतीकहरूको अर्थ बहुसत्यमा आधारित भएको र खोजिएको अर्थहरू विचारबाट

आएको हो । छोनाम पर्वको शोधकार्यमा तथ्यहरू संकलनमा प्राथमिक र द्वितीय दुवै स्रोतको उपयोग गरिएको छ । यसरी प्राप्त भएका तथ्यहरूलाई प्रतीकवादी सिद्धान्त र गुणात्मक विधि अनुरूप अवलोकन, अन्वेषण, छलफल, परीक्षण र विश्लेषण गरिएको छ ।

छोनाम पाँच दिवसीय पर्व हो । यो पर्वमा गरिने दिन र रातलाई तीन/तीन प्रहरमा विभाजन गरी विशेष महत्त्वका अनुष्ठानहरू सम्पन्न गरिन्छ । पहिलो दिन अर्थात् छोनामको लागि केरा सुनाउने (वनकेराको घरी गवाउने र घैयाचामलबाट भातीजाँड राख्ने) कार्य गरेसँगै पर्वको प्रारम्भ भएको मानिन्छ । पाँचौ दिनको बिहान मूल पान्दले कुवा लगिसकेपछि शक्तिका देवीदेवता तथा पितृहरूलाई सामुहिक भोज गराएपछि उपस्थित सबैले सामुहिक रूपमा प्रसाद ग्रहण गरिसकेपछि सामान्यतया कुल पूजा नगर्ने थरसमूह (पर्व गर्ने चेपाङ जाती भित्रका उप-जाति समूह) मा पर्व समापन भएको मानिन्छ भने कुलपूजामा कुखुराको भाले बलि चढाउने थरसमूहको जेष्ठ सदस्यहरूको उपस्थितिमा भालेको टाउको पकाएर प्रसादको रूपमा ग्रहण गरिसकेपछिमात्र पर्व सम्पन्न भएको मान्ने परम्परा रहेका सत्यता यस खोजकार्यबाट प्राप्त भएको छ ।

चेपाङ समुदायको छोनाम पर्वमा प्रयुक्त सांस्कृतिक प्रतीकहरूको सन्दर्भ प्राप्त तथ्यहरूलाई छलफल तथा विश्लेषणमा गरिएको छ । प्रथम जिज्ञासा चेपाङ समुदायको छोनाम पर्व मनाउने विधि र प्रक्रियाको सन्दर्भलाई गरिएको खोजी कार्यबाट प्राप्त तथ्यहरूले यो समुदायको सांस्कृतिक विधि र प्रक्रियाअनुसार गरिएको अनुष्ठानात्मक कार्यमा प्रयुक्त प्रतीकको रूपमा पर्व रहेको पुष्टि गरेको छ । अर्को जिज्ञासामा पर्वमा प्रयुक्त प्रतीकको सांस्कृतिक अर्थको खोजीले पान्दे पुर्खाको जीवित पात्र, कुखुराको भाले परिवारको संरक्षक, केरा पुर्खाको खाद्यवस्तु, केराको पात पुर्खाको बस्त्र र बोट पुर्खाको बासस्थान, बुकीफूल पितृको मनपर्ने बास्ना भएको फूल, गाभापिँडालु तथा अन्य खाद्यवस्तु पुर्खाले पर्यावरणीय परिवेशमा जीवनयापन लागि उपयोग गरिएको प्रतीक स्वरूप चढाइने गरेको तथ्यहरूले पुष्टि गरेको छ । यस्तै अन्तिम जिज्ञासामा रहेको चाड मनाउने क्रममा प्रयुक्त प्रतीकहरूको प्रयोग गर्नुपर्ने सैद्धान्तिक आधारहरूको निर्माणको सन्दर्भमा रचनावादी/निर्माणवादी दृष्टिकोणबाट प्रतीकतावादी सिद्धान्तको आधारमा यो पर्वका प्रतीकहरू चढाउने परम्परा विश्वमा अरू जनजाति समुदायले पनि मनाउने प्रचलन रहेको देखिन्छ ।

छोनाम पर्वको प्रतीकहरूको सैद्धान्तिक रूप जाम्बियाको Ndembu society मा रहेको जंगल नै समुदायको सांस्कृतिक प्रतीक भएको र विशेष रूपमा दूधको रूख (Milk Tree) सांस्कृतिक प्रतीक भएको मान्ने परम्परा रहेको सन्दर्भ चेपाङ समुदायले प्रयोग गर्ने बनकेराको बोटलाई प्रत्येक सांस्कृतिक कार्यमा प्रतीकको रूपमा प्रयोगमा ल्याउने प्रचलन दुवै समुदायको सांस्कृतिक रूपमा एकआपसका समान महत्त्व रहेको पाइन्छ। इन्डोनेसियाको बालिनी आदिवासी समुदायको परम्परागत खेल (Cock Fight) कुखुराको भाले जुधाइ प्रतियोगिता जसको माध्यमबाट प्रतियोगतामा बिजेताले समाजमा प्राप्त गर्ने सामाजिक प्रतिष्ठा, पुरस्कार तथा युद्ध कौशलयुक्त नायकको भूमिका स्थापित गर्छ त्यसरी नै चेपाङ समुदायको छोनाम पर्वमा चढाइने कुखुराको भालेले घैया चामल खाने र नखानेबाट त्यस कुलपरिवारको भाग्य निर्धारण र सामाजिक प्रतिष्ठा निर्माण हुने परम्परातग विश्वास रहेको सन्दर्भ आपसमा समानता भेटिन्छ। त्यसकारण छोनाम पर्वको खोज कार्यबाट चेपाङ समुदायको पर्वमा प्रयुक्त सांस्कृतिक प्रतीकहरूले समुदायको पहिचान गराएको देखिन्छ। यसको विधि, प्रक्रिया तथा सांस्कृतिक अर्थ र महत्त्व तथा समुदायमा प्रयुक्त प्रतीकको प्रयोग गरिने सैद्धान्तिक आधारहरूलाई विश्लेषण गर्दा छोनाम पर्व सांस्कृतिक पर्व हो। जसमा पान्दे (महिला र पुरुष) द्वारा प्रकृति, पुर्खा र जीवनशैलीबिच अन्तरसम्बन्ध रहेको तथ्यलाई प्रकाश पारेको छ। साथै पर्वको माध्यमबाट चेपाङ समुदायमा संस्कृति हस्तान्तरण र प्रदर्शन गर्ने मुख्य प्रतीकको रूपमा छोनाम पर्व रहेको यथार्थलाई पुष्टि गरेको छ।

# अध्याय - एक
# शोध - परिचय र अनुसन्धान विधि

## १.१ शोध परिचय

नेपालमा बसोबास रहेको चेपाङ समुदायको छोनाम पर्वमा सांस्कृतिक प्रतीकबादको अनुसन्धनात्मक अध्ययन यस शोधपत्रमार्फत गरिएको छ। विश्वमा रहेका आदिवासी वा अरू जाति/समुदायमा सांस्कृतिक रूपमा मनाउने पर्वहरूमा प्रयोग गरिने प्रतीकहरूको विविध पक्षहरू, अर्थहरू र सैद्वान्तिक कारणहरूबिच समानता रहनुको आधारहरूको सन्दर्भमा सांसृतिक प्रतीकबादमा शोध केन्द्रित रहेको छ। यस अध्यायमा शोधको योजना र अनुसन्धान विधिलाई समावेश गरिएको छ।

### १.१.१ शोधको पृष्ठभूमि

छोनाम चेपाङ समुदायको मुख्य पर्व हो। यसलाई न्वागी पर्व पनि भन्ने चलन छ भने स्थानीय स्तरमा न्वागी फलाक्ने भनेर सम्बोधन गर्दछन्। यो परम्परागत रूपमा मनाउदै आएको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्व बोकेको विशेष पर्व हो। चेपाङ समुदायले पुज्दै आएका महत्त्वपूर्ण पर्वहरूमा तोङकोलोङ (कुल पूजा), नामरुङ (आइतबारे पूजा), भूयाँर (सिमेभूमे पूजा), सिकारी पूजा, प्रकृति पूजा तथा साउने संक्रान्ति, माघे संक्रान्ति, दशै, तिहारजस्ता पर्वहरू पर्दछन् (चेपाङ, २०७६, पृ. ७०-७४)। यी विशेष महत्त्व राख्ने पर्वहरूमध्ये छोनाम प्रकृति र जीवनशैलीबिच अन्तरसम्बन्ध भएको पर्वको रूपमा मान्ने गर्दछन्। चेपाङ समुदायमा छोनाम पर्वको विविध सांस्कृतिक पक्षहरूको बारेमा खोजी गर्न, पर्वमा प्रयुक्त प्रतीकको सांस्कृतिक अर्थको पहिचान गर्न र चेपाङसँग समानता भएको समुदायले पर्व मनाउने क्रममा प्रतीक वा बिम्ब प्रयोगको सैद्धान्तिक कारणको विश्लेषण गर्न यस शोधको मुख्य उद्देश्य रहेको छ। नेपालको ७७ जिल्लामध्ये ३२ जिल्लामा बसोबास रहेको यो चेपाङ/प्रजा जातिको कूल जनसंख्या ८४ हजार ३ सय ६४ अर्थात् ०.२९ प्रतिशत रहेको छ। त्यसमा ४२ हजार ७ सय ५८ पुरुष र ४१ हजार ६ सय ६ जना महिला रहेका छन्। चेपाङ भाषा बोल्नको जनसंख्या ५८ हजार ३ सय ९२ रहेको (रा.त.का. २०७८) छ। सघन बसोबासको हिसाबले बागमती प्रदेशको मकवानपुर, चितवन, धादिङ जिल्लाको पहाडी भेग र गण्डकी प्रदेशको गोरखा, तनहुँ र लमजुङमा रहेका छन्। यस शोधले यो

समुदायको सघन बसोबास रहेको क्षेत्रमध्ये बागमती प्रदेश, धादिङ जिल्लाको गजुरी गाउँपालिका अन्तरर्गत रहेको परम्परागत चेपाङ बस्तीहरू: चिउरीखर्क, गैरीगाउँ, तारबोटे, दरिङ्गाल, स्याङ्माइ डाँडालाई भौगोलिक सिमांकन गरिएको छ ।

छोनाम पर्वको सम्बन्धमा अग्रज विद्वानहरूको खोज सामग्रीहरूलाई अध्ययनको स्रोतको रूपमा लिइएको छ। छोनाम पर्वको बारेमा पूर्व साहित्यिक समीक्षाले आधारभूत ज्ञानको साथसाथै शोध कार्यका लागि मार्गहरू प्रशस्त देखाएको छ। यसरी प्राप्त भएका पूर्वकार्यहरूले पर्वको सन्दर्भमा उब्जिएका जिज्ञासामा थप गहिरिएर ज्ञान हासिल गर्ने उत्सुकता जागेको छ। यस शोध कार्यमा ऊर्जा प्रदान गर्ने र आवश्यक सामग्रीहरू खोजमार्फत् अभिलेखिकरण गर्नेहरूमा बि.एच. हड्सन, राममणि ढुङ्गेल, गणेशमान गुरुङ, मधुसुदन पाण्डेय, उद्धव राई, ठगिनकुमार राई, रस कोली, डीयना रिबोली, डोरबहादुर विष्ट लगायतका अध्यताहरू भेटिन्छन् । ती विद्वानहरूको खोजले यस पर्वको सन्दर्भमा आधारभूत ज्ञान पूर्व कार्यको समीक्षात्मक अध्ययनले भरपुर मद्दत मिलेको छ ।

आदिवासी समुदायले आफूलाई प्रकृतिपूजक जातिका रूपमा परिचय दिन्छन् । ऋतुचक्र अनुसार प्रकृति अर्थात् भूमि (धरती), खोलानाला, नदीनाला, रुखबिरुवा, हावा, पानी, आकाश जस्ता प्रकृतिको मानमनितो गर्दछन्। ऋतु अनुसार विभिन्न पर्वपर्वहरू मनाउँदछन् । त्यसैगरी चेपाङ आदिवासीले पनि अरू आदिवासी जनजाति समुदायमा जस्तै ऋतुचक्र अनुसार भदौमा नयाँ अन्नबाली पाकेपछि घर भिफ्याउँछन्। पहिले प्रकृति र पितृलाई चढाउने काम गर्दछन्। घरमुली र कुलपितृपुजारीले ढ्याङ्ग्रो फलाकेर पहिले पितृलाई चढाउने विधिहरू सम्पन्न गर्दछन् । त्यस पछि मात्र घरका सदस्यहरूले त्यो नयाँ अन्न भोगचलन अर्थात् खाने गर्दछन् । यो कार्यलाई न्वागी अथवा छोनाम खाने भनेर पर्वको रूपमा मनाउने गर्दछन् (ढुंगेल, २०५१, पृ. ७३-७४, गुरुङ, २०५१, पृ. ४३-४४, पाण्डेय, २०६३, पृ. १९, राई, २०६७, पृ. ५०-५२) । यस पर्वको बारेमा प्रायः विद्वानहरूले आफ्नो अनुसन्धानको सिलसिलामा चर्चा गरिएको पाइएता पनि पर्वको सांस्कृतिक पक्ष, अर्थ र सैद्धान्तिक कारणको सन्दर्भमा भने विस्तृत रूपमा विश्लेषण गरिएको भेटिदैन । छोनाम पर्व यो समुदायको महान पर्व यस कारणले भएको छ कि यसले समुदायको ऐतिहासिक, सांस्कृतिक, धार्मिक परम्पराको मूल्यमान्यता अनुरूप प्रकृति, पुर्खा र जीवनशैली बिचको अन्तरसम्बन्ध कायम गर्ने मियोको रूपमा स्थापित छ। यस पर्वको माध्यमबाट समुदायमा

संस्कृति हस्तान्तरण, पुस्तान्तरण र प्रदर्शन गर्ने अवसर भएको सन्दर्भमा पनि अनुसन्धानले कतै उल्लेख गरिएको भेटिँदैन । यस पर्वमा प्रयोग हुने प्रतीकहरूको अर्थ र चेपाङसँग समानता भएको समुदायले पर्व मनाउने क्रममा प्रतीक वा बिम्ब प्रयोगको सैद्धान्तिक कारणको विश्लेषण गर्ने सन्दर्भमा पनि विस्तृत अनुसन्धान भएको देखिदैन । यसकारण यो शोधले छोनाम पर्वको सांस्कृतिक महत्त्वको सम्बन्धमा देखिएको अनुसन्धान रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्यका साथ यो अध्ययनको प्रारम्भ गरिएको हो ।

चेपाङ समुदायले मनाउने छोनाम पर्वमा गरिने सांस्कृतिक कार्यहरू समुदायको स्थान विशेषमा केही भिन्नता त पाइन्छ । चेपाङ समुदायभित्र अरू पर्वपर्वहरू तोङ्कोलोङ ( कूलपूला), नामरुङ (आइतबारे पूजा) भूँयार (सिमेभूमे पूजा), सिकारी जस्ता पूजाहरू भिन्न थर समूहले भिन्न रूपमा विशेष पर्वलाई आफ्नो थर समूहको प्रमुख पर्व मान्ने गर्दछन् । तर छोनाम पर्व भने सबै थर समूहले मनाउने मुख्य पर्व हो । उनीहरूको सांस्कृतिक मान्यतालाई यो पर्वमा गरिने संस्कारगत कार्यहरू समुदायको परम्परागत सांस्कृतिक मान्यताका आधारमा गरिएको देखिन्छ । यो शोधले समुदायको सांस्कृतिक निर्माणवादी दृष्टिकोणको आधारमा विश्लेषण गरिएको छ । अनुसन्धानको क्रममा आवश्यक तथ्यहरू स्थलगत अवलोकन, अन्तर्वार्ताबाट संकलन गरिएको छ । यसलाई प्राथमिक र द्वितीयक दुवै विधिको उपयोग गरी प्राप्त तथ्यहरूको अन्वेषण, प्रशोधन, विश्लेषण तथा छलफलबाट निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

### १.१.२ शोधको समस्या कथन

चेपाङहरूको मुख्य पर्व छोनामको बारेमा पूर्वकार्यको समीक्षाबाट प्राप्त ज्ञानले आवश्यकीय अनुसन्धानको आधार तय गरेको छ । छोनाम पर्व समुदायमा परम्परागत रूपमा निरन्तरता पाउँदै आएको चाड जसलाई सबै चेपाङहरूले मनाउदै आएको तथ्यहरु उल्लेख पाइन्छ । यो पर्वको सन्दर्भलाई सामान्य रुपमा नयाँ अन्नबाली पहिले पितृलाई चढाएर आफु खाने परम्परालाई छोनाम फलाक्ने भन्ने उल्लेख गरिएको भेटिन्छ । पर्वको बारेमा राममणी ढुंगेल, गणेशमान गुरुङ, उद्धव राई, Diana Riboli आदि विद्धानहरुले चेपाङ जातिको चिनारी गराउने कार्य गरेका छन् । यसरी पर्वमा प्रयुक्त बस्तुहरुको प्रतीकताको खोजी भएको भेटिदैन । यो पर्वको सांस्कृतिक पक्षहरू, त्यसमा प्रयोग हुने बिम्ब वा प्रतीकहरूको अर्थ, ती बिम्ब वा प्रतीकहरूको प्रयोग किन गरिन्छ भन्ने सैद्धान्तिक

कारणहरुको बारेको खोजमा रिक्तता देखियो । यसकारण पूर्वकार्यको समीक्षामा देखिएका अनुसन्धान रिक्ततालाई समस्याको मुख्य कथन रहेकोले तीनलाई प्रश्नको रूपमा स्थापना सो को उत्तर खोजी गर्ने उद्देश्य अनरुप यस शोधकार्यको प्रारम्भ गरिएको गरिएको हो । जुन निम्नानुसार रहेका छन् ।

(क) चेपाङ समुदायको छोनाम पर्वको विधि र प्रक्रिया प्रकाशमा नआउनु ।

(ख) छोनाम पर्व मनाउने क्रममा प्रयोग हुने बिम्ब वा प्रतीकको अर्थ जागर नहुनु ।

(ग) चेपाङ जस्ता जनजाति समुदायमा सांस्कृतिक पर्वहरूमा बिम्ब वा प्रतीकहरूको प्रयोगको सैद्वान्तिक आधारको खोजी नहुनु ।

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक पक्षहरूमा देखिएका र प्रकाशमा आउन नसकेको जिज्ञासाहरूको रिक्तता नै यस शोधको प्रमुख समस्याको रूपमा रहेकोले सो को बारेमा प्रकाश पार्न यो अनुसन्धान गरिएको हो ।

### १.१.३ शोधको प्रश्न

नेपालको मध्यपहाडी भेगको भिरालो तथा जंगल नजिकैको कछाड भेगमा बसोबास रहेको अतिसिमान्तकृत समूहमा पर्ने एक आदिवासी जनजाति समुदाय चेपाङ जातिको मुख्य पर्वको बारेमा यथार्थ पहिचान गर्न आवश्यक भएको देखियो । यो समुदायमा विद्यमान परम्परागत संस्कार जसले प्रकृति, पुर्खा र जीवनबिचको मध्यस्थताको रूपमा पान्दे (झाँक्री) ले काम गरिरहेको पाइन्छ । पान्देलाई समुदायको अगुवा तथा जानकार व्यक्तिको रूपमा पुज्ने चलन छ । पान्देको अगुवाइमा छोनाम पर्वको अनुष्ठानका कार्यहरू सम्पन्न गर्ने गरिन्छ । यसले चेपाङ समुदायको उत्पत्तिदेखि वर्तमानसम्मको जीवनशैलीलाई प्रतिबिम्बित गरिरहेको कथन पाइन्छ । यसले गर्दा छोनाम पर्व नयाँ अन्नबाली पहिले पितृलाई चढाएर आफू खाने चलनको निरन्तरता मात्र नभई परम्परागत संस्कृतिको धरोहर साथमा इतिहास, धार्मिक मान्यता र वर्तमान या भविष्यको सुनिश्चिततताको लागि पुजिने पर्वको रूपमा रहेको देखिन्छ । यस प्रकारको महत्त्व बोकेको सांस्कृतिक पर्वको बारेमा थप अनुसन्धान गरी व्यहारका आधारमा तथ्यपरक रूपमा यथार्थ नजिक पुग्न आवश्यक भएकोले ती विषयमा अनुसन्धान रिक्तताको कारणहरू पहिचान गरिएको छ । चेपाङ समुदायको छोनाम पर्वको

सम्बन्धमा विद्यमान रहेका समस्याहरूलाई प्रमुख प्रश्नावलीको रूपमा तयार गरिएका छन् । ती तल प्रस्तुत् गरिएको छ ।

(क) चेपाङ समुदायमा छोनाम पर्व मनाउने विधि र प्रक्रिया के के हुन् ?

(ख) यस पर्वको अनुष्ठानमा प्रयुक्त बिम्ब वा प्रतीकको सांस्कृतिक अर्थ कस्तो रहेको छ ?

(ग) चेपाङ समुदाय जस्ता जनजाति समुदायले चाड मनाउने क्रममा बिम्ब वा प्रतीकको प्रयोग गर्नुपर्ने सैद्धान्तिक आधार कसरी निर्माण भएको छ ?

यस शोधको पूर्वसाहित्य समीक्षामा देखिएका समस्याहरू वा अनुसन्धान रिक्तताहरूको पहिचानबाट धेरै प्रश्नहरू स्थापना भएका छन् । यसरी निर्माण भएका सबै प्रश्नहरूको उत्तर खोजी गर्न यस अध्ययनमार्फत् जटिल बन्न सक्छ तसर्थ शोधकर्ताले यस शोधपत्रमा आफ्नो अनुसन्धान परिधिभित्र रहेर गर्न सकिने यथार्थपरक तथ्यहरूको आधारमा छोनाम पर्वको सन्दर्भमा उब्जिएको प्रश्नहरू मध्येमाथि उल्लेखित तीन वटा महत्त्वपूर्ण सवालहरूको जवाफ यस अध्ययनमा समावेश गरिएको छ ।

### १.१.४ शोधको उद्देश्य

चेपाङ समुदायको महान पर्व छोनामको अध्ययन गर्न उब्जिएको समस्याहरूको पहिचान गरी त्यसको खोजी गर्नको लागि तय गरिएका प्रश्नहरूको उत्तर खोज्ने अभिप्रायले तपसिलमा उल्लिखित उद्देश्यहरूका साथ यो अनुसन्धान गरिएको छ । अध्ययनको उद्देश्य अनुरूपमा तथ्यहरूको पहिचान गर्नको लागि सैद्धान्तिक रूपरेखा तय गरी वर्णनात्मक अध्ययन विधिको प्रयोग गरी प्रतीकात्मक सिद्धान्तको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । तथ्यांकहरू प्राथमिक र द्वितीयक दुवै स्रोत उपयोग गर्दै स्थानीय पान्दे तथा कुल समूहका मूलीहरूको अन्तर्वार्ता तथा प्रत्यक्ष अवलोकनलाई मुख्य तथ्यांक संकलनको आधार बनाइ अध्ययनको उद्देश्य पूरा गर्ने प्रयास गरिएको छ । पर्वको सम्बन्धमा उठान गरिएको समस्यामा प्रश्न तयार गरी त्यसका सत्य र तथ्यपरक सूचनाको आधारमा वास्तविकता पहिचान गर्न यस प्रकारको उद्देश्यको निर्माण गरिएको छ ।

(क) चेपाङ समुदायमा छोनाम पर्वको विधि र प्रक्रियाको बारेमा खोजी गर्नु ।

(ख) छोनाम पर्वमा प्रयुक्त बिम्ब वा प्रतीकको सांस्कृतिक अर्थको पहिचान गर्नु ।

(ग) चेपाङसँग समानता भएको समुदायले चाड मनाउने क्रममा प्रयुक्त बिम्ब वा प्रतीकहरू निर्माणको सैद्धान्तिक आधार (कारण) को विश्लेषण गर्नु ।

### १.१.५ अध्ययनको सीमा

छोनाम पर्वको सांस्कृतिक अध्ययनको सन्दर्भलाई अनुसन्धानको कार्यक्षेत्रमा समेटिने पक्ष तथा सन्दर्भहरूको आधारमा अनुसन्धान दायरा सीमांकन गरिएको छ ।

#### १.१.५.१. शोधकार्यको सीमांकन (Delimitation)

यस शोधको सीमांकनलाई भौगोलिक, विषयगत र सैद्धान्तिक गरी तीन भागमा विभाजन गरी अध्ययनलाई सीमित गरिएको छ । यसलाई तल प्रस्तुत गरिएको छ ।

##### १.१.५.१.१ भौगोलिक सीमांकन

छोनाम पर्वको शोधकार्यलाई भूगोलको हिसाबले जनगणना २०७८ अनुसार नेपालमा चेपाङ समुदायको ३२ जिल्लामा बसोबास रहेका छन् (रा.त.का., वि.सं.२०७८) । ती मध्ये चितवन, मकवानपुर, धादिङ र गोरखा जिल्लामा सघन बसोबास रहेका छन् । यी चार जिल्लाका पनि एउटै भूगोल जुन महाभारत शृंखला जोडिएको उच्च पहाडी भेगको जंगलको आसपासमा यो समुदायको सघन बसोबास भेटिन्छ । यस अध्ययनले सम्पूर्ण समुदायको प्रतिनिधित्व हुने गरी छोनाम पर्वको सम्बन्धमा अनुसन्धानको सीमा निर्धारण गरिएको छ । सम्पूर्ण चेपाङ समुदायको पर्वको बारेमा अनुसन्धान गरिने भएता पनि मुख्य क्षेत्रको रूपमा प्रमुख बसोबास रहेको क्षेत्र जसमा ऐतिहासिक, सांस्कृतिक र धार्मिक परम्पराहरूले निरन्तरता रहेको स्थानलाई छनौट गरिएको छ । जसमा चेपाङहरूको सघन बसोबास रहेको स्थान जहाँ सांस्कृतिक अनुष्ठानहरू परम्परागत रूपमा मनाउने प्रचलन कायम रहेको भेटिन्छ ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका अन्तर्गतका स्थानहरू: गैरीगाउँ, दरिङ्गाल, चिउरीखर्क, स्याङ्माई डाँडा र तारबोटेलाई मुख्य अध्ययन स्थल बनाइएको छ भने तथ्यहरू संकलनमा मकवानपुर, चितवन र गोरखा जिल्लाको पान्देहरूसँग अन्तर्वार्ता गरिएको छ । नेपालमा बस्ने सबै चेपाङ समुदायको मुख्य पर्वको सांस्कृतिक अनुसन्धान गरिएको भएता पनि यसमा धादिङ जिल्लाको गजुरी गाउँपालिकामा बसोबास गर्ने थरसमूहहरु: ब्रोसो,

जारिंगे र रोम जसले नयाँ खाद्यान्न बाली, केरा, गाभापिँडालु र कुलथानमा कुखुराको भालेको बलि चढाउने परम्परा रहेको कुलसमूहको बस्ने क्षेत्रका चेपाङ समुदायको छोनाम पर्वको बारेमा यो अनुसन्धान केन्द्रित गरिएको छ ।

### १.१.५.१.२ विषयगत सीमांकन

चेपाङ समुदायको छोनाम पर्व एक सांस्कृतिक पर्व हो । यस पर्वको बारेमा गरिएको अनुसन्धानमा यो समुदायको सांस्कृतिक पक्षहरूको सन्दर्भलाई मात्र समावेश गरिएको छ । यो अनुसन्धान यस छोनाम पर्वमा प्रमुख अनुष्ठानहरूमा प्रथमतः पर्वको विधि र प्रक्रिया, दोस्रोमाः पर्व मनाउने क्रममा प्रयोग हुने प्रतीकको अर्थ र महत्त्वको खोजी गरिएको छ । तेस्रोमाः चेपाङ जस्ता जनजाति समुदायले सांस्कृतिक पर्वमा प्रयुक्त प्रतीक प्रयोगको सैद्धान्तिक आधारको सन्दर्भमा विश्लेषण गरिएको छ । चेपाङ जातिले नयाँ अन्न पाकेपछि मौलिक परम्पराअनुसार छोनाम पर्व मनाउँछन् । त्यसपछि मात्र नयाँ अन्न प्रचलनमा ल्याउँछन् । यो छोनाम पर्व अरु समुदाय भन्दा पृथक र उनीहरूको पहिचानसँग जोडिएको पर्व हो । जसमा पान्देद्वारा एकपाखे ढ्याङ्ग्रो फलाक्दै प्रकृति, पुर्खा र जीवनशैलीबिच अन्तरसम्बन्ध राख्दछ । छोनाम अनुष्ठान चेपाङ समुदायको सांस्कृतिक मर्म प्रदर्शन गर्दछ भने यसको प्रदर्शनीले सांस्कृतिक रूपान्तरण तथा पुस्ता हस्तान्तरणको भूमिका निर्वाह गरेको मानिन्छ । यसैले यो छोनाम अनुष्ठानलाई चेपाङ समुदायको प्रमुख सांस्कृतिक पर्वको रूपमा महत्त्वपूर्ण रहेको सन्दर्भमा शोधकार्य केन्द्रित रहेको छ ।

### १.१.५.१.३ सैद्धान्तिक सिमांकन

छोनाम पर्वमा प्रयुक्त सांस्कृतिक बिम्ब एवम् प्रतीकहरूको अनुसन्धानलाई रचनावादी/निर्माणवादी दृटिकोणबाट प्रतीकात्मक सिद्धान्तको आधारमा मात्र अन्वेषण, परीक्षण, छलफलबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गरिएको छ ।

### १.१.६ अध्ययनको महत्त्व

चेपाङ समुदायको सांस्कृतिक सम्पदाको रूपमा छोनाम पर्व रहेको पाइन्छ । यसले चेपाङ समुदायको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र धार्मिक रूपमा सिंगो समुदायको पहिचान बोकेको देखिन्छ । पर्वले परम्परात तथा सांस्कृतिक संस्कारहरूले पुस्तान्तरण र

प्रदर्शन गर्ने अवसरको रुपमा स्थापित छ । यस पर्वलाई मनाउने क्रममा परिवारको महिला र पुरुषको भूमिकामा समानता पाइन्छ । पुरुषहरुले पर्वको अनुष्ठान केन्द्रीत कार्यहरु गरेको देखिन्छ भने महिलाहरुले पर्व सम्पन्न गर्न आवश्यक सामाग्री जोहो गर्ने, पाहुना सत्कार गर्ने तथा गीतसंगितमार्फत प्रकृति, पुर्खा र जीवन जोड्ने सन्दर्भ पस्कने गर्दछन् । यस पर्वको अवलोकनले यो पर्व चेपाङ समुदायले सामुहिक रुपमा मनाउने प्रमुख अवसर भएको स्पष्ट हुन्छ ।

छोनाम भाद्र महिना भरिनै मनाइने चाड भएकोले यस पर्व संचालन गर्न विभिन्न परम्परागत सामाजिक समुहहरू निर्माण गर्ने जसको सहायताले पर्व सम्पन्न गरिदा सामुहिक जिम्मेबारी र सांस्कृतिक भावनामा एकता गराएको हुन्छ । पाँच दिवशीय पर्वका गरिने विभिन्न अनुष्ठानात्मक कार्यहरुले कूपरिवारको जीवनशैलीको स्मरण गराउने गर्दछ । अर्को यस पर्वमा मूल पान्दे (पुजारी) ले तान्त्रिक विधिबाट अनुष्ठान गर्दा प्रयोग गरिने प्रतीकहरु र त्यसको सांस्कृतिक अर्थले चेपाङ कूलपरिवार प्रकृति, पुर्खाबिचको सम्बन्धलाई प्रष्ट गराउने गर्दछ । साथमा चेपाङ समुदायजस्तै विश्वका अरु आदिवासी समुदायले मनाउने चाडपर्वमा प्रयुक्त बिम्ब वा प्रतिकहरुको सांस्कृतिक अर्थ तथा सैद्धान्तिक कारणहरु आपसमा समानता रहेको दृष्टिकोणलाई विश्लेषणबाट यो पर्व सांस्कृति महत्त्व बोकेको पर्वको रुपमा रहेका स्पष्ट हुन्छ । चेपाङ समुदायको सांस्कृतिक चाड छोनाम पर्वको अनुसन्धानले चेपाङ संस्कृतिको बारेमा ज्ञान निर्माणमा, संस्कृति संरक्षण र सम्बर्द्धनमा तथा जातीय विविधता भएको संस्कृतिको रूपमा रहेको सन्दर्भमा छोनाम पर्व एक सांस्कृतिक महत्त्वको चाड रहेको अनुसन्धानले प्रष्ट हुन्छ ।

## १.२ शोध विधि (Research Methodology)

चेपाङ समुदायको छोनाम पर्वको बारेमा एक सांस्कृतिक अनुसन्धान गरिएको छ । यो पर्व समुदायको सांस्कृतिक पर्वको सन्दर्भमा गुणात्मक तथ्यहरूको अन्वेषण, संकलन, छलफल र विश्लेषण गरिने भएकोले सोही विधि अनुरूप अनुसन्धान गरिएको छ । यसकारण यो छोनाम पर्वको अनुसन्धान पूर्ण रूपमा आगमनात्मक (Inductive) अध्ययन हो । चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अध्ययनका अनुसन्धान ढाँचा (Research Design) लाई सोही बमोजिम अवलम्बन गरी प्रस्तुत गरिएको छ ।

### १.२.१ शोध आयाम (Research Approach)

छोनाम चेपाङ समुदायको सांस्कृतिक पर्व हो। यो समुदायको उत्पत्तिदेखि वर्तमानसम्मको जीवनशैलीको प्रतीकात्मक बिम्बको रूपमा मनाउने परम्परा रहेको देखिन्छ। यस पर्वमा गरिने विधि, प्रक्रिया तथा प्रयुक्त प्रतीकहरूको सांस्कृतिक अर्थ र महत्त्वलाई अन्वेषण, छलफल तथा विश्लेषणले यो एक निर्माणबादी सिद्धान्त अनुरूप विकसित भएको परम्परा मानिन्छ ।

मानव सभ्यताको विकाससँगै विकसित भएका मानव संस्कृति जुन पर्यावरणीय दृष्टिकोणले अनुकुलतामा स्थापना भएका संस्कारहरूलाई प्रतीक स्वरूप यस्ता प्रकारका पर्वपर्वहरू मनाउने परम्परा अरू जनजाति समुदायमा विकास भए जसरी चेपाङ समुदायमा यो छोनाम पर्वको संस्कारले निरन्तरता पाउँदै आएको पाइन्छ। प्रकृति, पुर्खा र जीवनशैलीबिच अन्तरसम्बन्धलाई समयानुकुल परिवर्तित आयामहरूको आधारमा निर्माण भई पूज्दै आएको पम्परागत पर्व हो ।

यसले यो समुदायको सांस्कृतिक मूल्यमान्यताको आधारमा निर्माण भएको संस्कारहरूले उनीहरूको पहिचान गराएको पाइन्छ । यसकारण छोनाम पर्वको विधि, प्रक्रिया तथा प्रयुक्त प्रतीकको अर्थ र महत्त्वलाई परम्परागत निर्माणवादी/रचनावादी दृष्टिकोणबाट स्थापित परम्परागत मूल्यमान्यतामा मनाउने प्रचलनले चेपाङ समुदायको सांस्कृतिक प्रतीकको रूपमा रहेको तथ्यहरू अनुसन्धानबाट पुष्टि हुने भएकोले उक्त अनुसन्धान सोही दृष्टिकोणलाई अवलम्बन गरी अध्ययन गरिएको छ ।

### १.२.२ तथ्य संकलनका स्रोतहरू

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अनुसन्धानमा तथ्यहरू संकलन कार्यमा विभिन्न स्रोत र उपकरणहरूको उपयोग गरिएको छ। ती उपकरणहरूलाई तल चर्चा गरिएको छ ।

### १.२.२.१ प्राथमिक स्रोत

छोनाम पर्वको सांस्कृतिक अनुसन्धान गर्दा तथ्यांक संकलनमा प्राथमिक स्रोतमा तल उल्लेख गरिएका उपकरणहरूको सहायताले तथ्यहरू संकलन गरिएको छ। यस शोधको मुख्य तथ्यांक संकलन उपकरणमध्ये एक हो ।

#### १.२.२.१.१ अवलोकन विधि

तथ्यांक संककलनको एक उपकरणमा अवलोकन विधि रहेको छ। जस अनुसार पर्वको अवलोकन मिति २०८० र ८१ सालको भाद्र महिनामा ५ पटक शोधकर्ताले प्रत्यक्ष अवलोकन गरेको छ (४ पटक अध्ययन क्षेत्रमा सम्पन्न भएका चेपाङ कूलथर समुह (रोम, भार, ब्रोसो, जारिङ्गे) थर समुहको र १ पटक मिति २०८१ साल भाद्र २२ गते चेपाङहरुको सामुहिक छोनाम पर्व गोरखा जिल्लाको गण्डकी गाउँपालिका वडा नं. ६ स्थित तोमनडाँडा) मा गरिएको थियो । पर्वको अवलोकन विशेषतः निम्नानुसार केन्द्रित रहेका छन् ।

छोनााम पर्व ५ दिनसम्म विभिन्न अनुष्ठान गरी मनाइने चाड हो। जसको अनुष्ठानात्मक कार्य र तीनमा प्रयोग गरिने बिम्ब र प्रतीकहरु र तीनको सांस्कृतिक अर्थ कस्तो रहेको छ भन्ने सन्दर्भमा स्थलगत रुपमा के कस्ता विधिमा गरिदो रहेछ भन्ने बारेमा निरिक्षण गरिएको हो। साथमा यस प्रकारको बिम्ब र प्रतीकहरुको सैद्धान्तिक आधार निर्माणमा परम्परागत मुल्यमान्यता के कस्ता रहेको छ भन्ने सन्दर्भ कूलपरिवारको जेष्ठ सदस्य र मूल पान्दे प्रदर्शन तथा अरु क्रियाकलापहरुलाई दृष्यावलोन गरिएको छ। पर्वको बिम्बहरुको दृष्यवलोकनले प्रतीकहरुको सांस्कृतिक अर्थ प्रष्ट्याइ रहेको पाइयो। यसैको आधारमा अनुसन्धानको रिक्तता सम्बन्धि प्रश्नको उत्तरहर प्रत्यक्ष अवलोकनको क्रममा भेटिएका तथ्यहरुबाट आएको हो ।

#### १.२.२.१.२ अन्तर्वार्ता विधि

यो यस अध्ययनको दोस्रो तथ्यांक संकलन विधि हो । यस शोधको लागि पूर्वकार्यको समीक्षामा देखिएका अनुसन्धान रिक्ततालाई परिपुर्ति गर्ने उद्देश्य अनुरुप तयार गरिएका प्रश्नहरुको उत्तर खोजी गर्न अनौपचारिक रुपमा तयार प्रश्नहरु शोधिएका थिए। जुन

शोधप्रवन्धको परिशिष्ट - ग मा उल्लेख गरेबमोजिम २३ प्रश्नहरु मार्फत अन्तर्वार्ता मार्फत उत्तरको खोजी गरिएको छ ।

यस शोधको परिशिष्ट - घ मा समावेश गरिएका प्रश्नहरको उत्तर खोजी गर्न १० जना महिला र १० जना पुरुष उत्तरदाताहरु रहेका छन् । ती उत्तरदातालाई अध्ययन स्थलमा फलाकिने छोनाम पर्वका कूलपरिवारको जेष्ठ सदस्य र छोनाम फलाक्ने मूल पान्दे जसलाई समाजले मूल पान्देको रुपमा विश्वास गर्दछन् । प्रत्यक्ष अवलोकनमा छोनाम फलाक्न सामेल पान्दे र छोनाम पर्व गरेको कूल परिवारको जेस्ठ महिला र पुरुष सदस्यहरु यस प्रश्नको उत्तरदाताको रुपमा अन्तर्वार्तामा प्राथमिकताका साथ सहभागी गराईएको छ । परिशिष्टमा समावेश गरिएको पश्नको उत्तरका लागि प्रत्यक्ष भेटमा कूलपरिवारको सदस्य र पान्देहरुको अन्तर्वार्ता गरिएको भएता पनि कतिपय पान्दे र स्थानीय पान्देलाई टेलिफोन संवाद र एस.एम.एस.बाट पनि उत्तरहरु संकलन गरिएको छ ।

### १.२.२.२ द्वितीयक स्रोत

तथ्यांक संकलनको अर्को मुख्य विधिमा द्वितीयक स्रोत रहेको छ । छोनाम पर्वको सन्दर्भमा खोज तथा लेखरचनामार्फत अभिलेखिकरण गरिएका विविध दस्तावेजहरुलई उपकरणहरूलाई क्रमशः तल प्रस्तुत् गरिएका छन् ।

#### १.२.२.२.१ पुस्तक

चेपाङ समुदायको छोनाम पर्वको संस्कृति सम्बन्धी उल्लेख गरिएको विद्वानहरूद्वारा लेखिएका पुस्तकहरूलाई तथ्यांकको स्रोतको रूपमा लिइएको छ । यसमा हालसम्म प्रकाशित भएका र अप्रकाशित ग्रन्थहरू रहेका छन् । विशेष गरी चेपाङ समुदायको बारेमा लेखिएको पुस्तक त्यसमा पनि छोनाम पर्वको बारेमा लेखिएका पुस्तक विशेष प्राथमिकतामा रहेका छन् । अर्को यस छोनाम पर्वजस्ता प्रकृतिका सांस्कृतिक पर्व पर्वको विषयमा प्रकाशित ग्रन्थहरू यस शोधका दोस्रो स्रोतको रूपमा उपयोग गरिएको छ ।

#### १.२.२.२.२ जर्नल

यस शोधको लागि द्वितीयक स्रोतको रूपमा चेपाङ समुदाय र तिनको पर्वपर्वसँग सम्बन्धित पर्वको बारेमा प्रकाशित खोजमूलक लेखरचनाहरू रहेका छन् । जुन विभिन्न

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूका प्रकाशित भएका छन्। साथमा समुदायको बारेमा लेखिएका कथा, लोककथा, लोकोक्ति र किंवदन्ती तथा संचार माध्यमबाट प्रकाशनमा आएका तथ्यपरक कथनहरूलाई पनि सूचनाको सामग्रीको रूपमा उपयोग गरिएको छ।

### १.२.३ तथ्य प्रशोधन

छोनाम पर्वको सांस्कृतिक अनुसन्धानमा कुखुराको भालेको बलि, भातीजाँड (घैयाचामलको भातलाई मर्च मोली गवाएर बनाएको खाना, Fermented food) र केराको सिंगो घरी कुलथानमा चढाउने र मूलथान (छोनाम फलाक्ने स्थान) मा नयाँ अन्नबाली कुलपरिवारको तर्फबाट चढाउने परम्परागत मान्यता रहेको चेपाङ थरसमूहले पर्व मनाउने क्रममा गरिने विधि, प्रक्रिया तथा प्रयुक्त प्रतीकको अर्थ र महत्त्वको बारेमा प्रत्यक्ष अवलोकन गरी उपस्थित मूलपान्दे र कुलपरिवारको जेष्ठ सदस्यहरूको अन्तर्वार्ताबाट तथ्यांकहरू संकलन गरिएको छ। यसरी प्राथमिक रूपमा उपलब्ध भएका तथ्यांकहरू र द्वितीयक स्रोतबाट प्राप्त तथ्यहरूलाई सांस्कृतिक रूपमा रहेको सैद्धान्तिक दृष्टिकोण र परम्परागत मूल्यमान्यताका आधारमा स्थापित दर्शनको आधारमा परीक्षण गरिएका छन्। छोनाम पर्वको अनुष्ठानमा प्राप्त भएको तथ्यहरूलाई पद्धतिगत विधिबाट अन्वेषण, संकलन, छलफल गरी पर्वको विधि, प्रक्रिया, अर्थ र महत्त्वको सन्दर्भमा सत्यता पहिचान गरिएको छ। यसको आधारमा सत्यतालाई विश्वसनीयताको आधारमा शोध प्रतिवेदन तयारीको लागि तथ्यांकको प्रशोधन गरिएको छ।

### १.२.४ तथ्य विश्लेषण

छोनाम पर्वको सांस्कृतिक विधि र प्रक्रिया तथा प्रयुक्त प्रतीकहरूको अर्थ र महत्त्वको सन्दर्भमा प्राप्त तथ्यहरूलाई गुणात्मक अनुसन्धान विधि अनुरूप विश्लेषण गरिएको छ। चेपाङ समुदायको छोनाम पर्व परम्परागत रूपमा मनाउने सांस्कृतिक प्रतीक भएकोले प्रतीकतावादी सिद्धान्तको आधारमा रचनावादी दृष्टिकोणबाट शोधलाई विश्लेषण गरिएको छ।

### १.२.५ प्रतिवेदन लेखन

नेपालमा बसोबास गर्ने चेपाङ समुदायको सांस्कृतिक पर्व छोनाम प्रमुख सांस्कृतिक प्रतीक हो। यसको सन्दर्भमा पूर्वसाहित्य समीक्षाबाट उपलब्ध हुन नसकेको जिज्ञासामा अनुसन्धान अघि बढाइएको तथ्यलाई अनुसन्धानमार्फत् खोज रिक्ततालाई परिपूर्ति गर्ने आधारहरू प्राप्त तथ्यहरूले सावित गरेको यथार्थलाई प्रकाशमा ल्याएको छ। यस शोधलाई गुणात्मक अनुसन्धान विधिबाट अध्ययन गरी प्राप्त तथ्यहरूलाई निर्माणवादी/रचनावादी दृष्टिकोण र प्रतीकात्मक सिद्धान्तको आधारमा अन्वेषण, छलफल, परिक्षणपश्चात् विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ। यसरी प्राज्ञिक अनुसन्धान विधि अवलम्बन गरी गुणात्मक रूपमा छोनाम पर्वको सांस्कृतिक अनुसन्धान गरी तथ्यपरक र विश्वसनीयताको आधारमा शोध प्रतिवेदन तयार गरिएको छ।


### १.२.६ ज्ञानदर्शन (Paradigm)

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अनुसन्धानमा बहुसत्यताको खोजी गरिएको छ। संसारमा सांस्कृतिक पर्वहरूको सत्यताको खोजीमा विभिन्न दृष्टिकोणहरू स्थापित भएका छन्। त्यस प्रकारको विचारधारा निर्माण गर्नमा अरस्तु, प्लेटो, सोक्रेट्स, हेगेल्स, कान्ट, इमानुयल, रसेल, रुसो जस्ता थुप्रै विद्वानहरूले योगदान रहेको पाइन्छ। मानव जाति/समुदायको संस्कृतिहरू एकरेखीय वा बहुरेखीय उद्विकासवादको दृष्टिकोणबाट संसारभर विकसित भएको सन्दर्भमा भिन्न-भिन्न परिभाषाहरू पाउन सकिन्छ। विश्वमा विकसित परिभाषाहरूको आधारमा चेपाङ समुदायको छोनाम पर्वको विधि प्रक्रिया तथा प्रयुक्त प्रतीकहरूको आधारमा मनाइने पर्वहरूको सवालमा बहुरेखीय दृष्टिकोणको आधारमा विश्वको विभिन्न स्थानमा विकसित भएका संस्कृतिहरूमध्ये एउटा संस्कृति मान्न सकिन्छ। जसलाई जनजाति समुदायले पर्वमा प्रयोग गर्ने प्रतीकहरूबिच समानता पाउन सकिन्छ।

छोनाम पर्वसँग समानता भएका सांस्कृतिक पर्वको विविध पक्षहरूको सन्दर्भमा विद्वानहरूको परिभाषाहरू नियाल्दा यस्तो पाउन सकिन्छ। जसमाः रचनावाद/निर्माणवाद सिक्ने दृष्टिकोण हो जसले मानिसहरूलाई सक्रिय रूपमा आफ्नो ज्ञान निर्माण वा बनाउँछ र त्यो वास्तविकता शिक्षार्थीको अनुभवद्वारा निर्धारण गरिन्छ (इलियट र अरू, २०००, पृ. २५६)। यस परिभाषाको आधारमा चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक विधि,

प्रक्रिया र यसको प्रतीकहरूको अर्थ र महत्त्वको बारेमा विविध विचारहरूबाट सत्यको खोजी गरिएको छ। प्राप्त तथ्यहरूलाई सत्यता र विश्वसनीयताका लागि परीक्षण, छलफल गरिएको छ। पर्वमा प्रयुक्त प्रतीकहरूको अर्थलाई सैद्धान्तिक आधारहरू खोजी गरिएको छ। जसले परम्परागत रूपमा मानी आएको सांस्कृतिक महत्त्वलाई पुष्टि गर्दछ। चेपाङहरूको छोनाम पर्वमा प्रयोग गरिने प्रतीकात्मक बिम्बहरू अरू जनजाति समुदायले प्रयोग गर्ने प्रतीकहरूको सांस्कृतिक अर्थमा समानता पहिचान गरी रचनावादी/निर्माणवादी दृष्टिकोणबाट छोनाम पर्व चेपाङ समुदायले मनाउने पर्व भएको सत्यतालाई खोजी गरिएको छ।

चेपाङ समुदायको छोनाम पर्वको दर्शनशास्त्रीय दृष्टिकोण (Philosophical Prospective) बाट परम्परागत रूपमा निर्माण (Constructivist) भई सांस्कृतिक पर्वको रूपमा मनाउने प्रचलन भएको सांस्कृतिक पर्व हो। अनुसन्धान दर्शनको वैज्ञानिक ढाँचालाई तल प्रस्तुत गरिएको छ।



### १.२.६.१ तत्त्व ज्ञान (Ontology)

यो (Ontology) तत्त्वज्ञान अथवा तत्त्व मिमांसा के हो भन्ने पत्ता लगाउने मानकको रूपमा रहेको उपकरणमध्ये एक हो । यसले कुनै पनि अनुसन्धानका तथ्यहरूको सत्यता के हो भनेर पहिचान गर्दछ । यो दुई प्रकारको हुन्छ । जसमा Subjective Ontology र Objective Ontology हुन् । Subjective Ontology भन्नाले पूर्ण रूपमा Subjective reality then includes anything depending upon some (broadly construed) conscious awareness of it to exist अथवा व्यक्तिपरक वास्तविकताले त्यसको अस्तित्वको बारेमा केही (व्यापक रूपमा व्याख्या गरिएको) सचेत जागरूकतामा निर्भर गर्दछ । अर्को Objective Ontology भन्नाले Objective reality refers to anything that exists as it is independent of any conscious awareness of it (via perception, thought, etc.) वस्तुनिष्ठ वास्तविकताले कुनै पनि कुरालाई बुझाउँछ, जुन अस्तित्वमा छ किनकि यो यसको बारेमा कुनै पनि सचेत जागरूकताबाट स्वतन्त्र छ । चेपाङ समुदायको छोनाम पर्व सांस्कृतिक प्रतीकहरुको अनुसन्धानबाट प्राप्त तथ्य बहुसत्यमा आधारित छ । यसमा प्राप्त सत्यहरु बस्तुगत नभै बिययगत सत्य हो । यसकारण छोनाम पर्वको सांस्कृतिक प्रतीकहरुको अध्ययनबाट प्राप्त सत्य बिषयगत (Subjective) Ontology हो ।

### १.२.६.२ ज्ञान मिमांसा (Epestemology)


ग्रीक शब्द 'epesteme' बाट व्युत्पन्न भएको जसको अर्थ ज्ञान वा बुझाई हुन्छ । यसलाई प्रकृति, उत्पत्ति, दायरा, सीमा, औचित्य र अध्ययन वा मानव ज्ञानको सिद्धान्त पनि भनिन्छ । हामीलाई के थाहा छ ? र यसले के गर्छ ? जस्ता प्रश्नहरूको जवाफ दिने लक्ष्य राख्छ । हामी केही थाहा छ भन्नको मतलव के ले उचित विश्वास बनाउँछ ? हामीलाई थाहा छ भनेर कसरी थाहा पाउने ? भन्ने यसको मुख्य उद्देश्य रहेको हुन्छ । ज्ञानको प्राप्त अथवा ज्ञान मिमांसा (Eestemology) भनेको ज्ञान अथवा बुझाई कसरी प्राप्त भयो भन्ने हुन्छ । चेपाङ समुदायको मुख्य पर्व छोनामको सांस्कृतिक पक्षहरू, त्यसमा प्रयोग हुने पवित्र प्रतीक र सैद्वान्तिक तथ्यहरूको ज्ञान प्राप्त कसरी हुन्छ भन्ने सवालमा चेपाङ पान्दे (झाँक्री) सँग प्रत्यक्ष संलग्न तथा तीनले अवलम्बन गरेको सांस्कृतिक पक्षहरूमा गरिने विधागत संस्कारहरू कसरी रहन गयो भन्ने ज्ञान प्राप्त सन्दर्भलाई समावेश गरिएको छ (प्रत्यक्ष अवलोकन, ४ भाद्र, २०८१) । सत्य र तथ्यपरक ज्ञान कसरी प्राप्त हुन्छ भन्ने पर्वमा पान्दे

तथा नवपान्देहरूले फलाक्दै गरिने सांस्कृति पक्षहरूका संस्कार र प्रतीकात्मक बिम्बहरूले समुदायको सांस्कृतिक पहिचान ओगटेको पर्वको रूपमा स्थापित गरेको सत्य ज्ञानलाई कसरी प्राप्त हुन्छ भन्ने तर्कमा यस ज्ञान प्राप्त गरिने विधामा शोध केन्द्रित गरिएको छ । यस अध्ययनबाट प्राप्त ज्ञान मानिसका विचारहरुको संस्लेषणबाट आएको हो । त्यसैले यो अध्ययनको ज्ञान मिमांसा Epestemology रचनाबादी/निर्माणबादी Constructive हो ।

### १.२.६.३ मुल्य मिमांसा (Axiology)

उपयोगिता Axiology लाई मल्य मिमांसा भनिन्छ । यसलाई प्रकृतिसँग व्यवहार गर्ने दर्शनको शाखाको रूपमा मानिन्छ । यसमा नैतिकता, निर्णण, सौन्दर्यशास्त्र, धर्म र तत्त्वबस्तु (Metaphisics) हुन्छन् । Axiology भनेको कुनै पनि सामाजीक घटना, वस्तुको बारेमा मुल्यको स्थिति, बिषया वा सामाजीक संसार हो । यसले समाजमा हुने सामाजीक, धार्मिक तथा सांस्कृतिक परम्पराको मुल्य वा उपयोगिताको ब्याख्या गरेको हुन्छ । यस अनुसन्धानबाट प्राप्त सत्यताको आधारमा चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक प्रतीकहरु परम्परागत रुपमा उपयोग गर्दै आएको सांस्कृतिक प्रचलन हो । जसले चेपाङ समुदायको पहिचान गराउन महत्त्वपूर्ण भूमिका खेल्ने आधार तथ्यहरुबाट स्पष्ट भएको छ

## १.२.७ अनुसन्धान ढाँचा (Research Design)




## १.२.८ तथ्यांक विश्लेषण विधि

यस अनुसन्धानबाट प्राप्त तथ्यहरुलाई तपशिल बमोजिमको विधिबाट परिक्षण, प्रशोधन र विश्लेषण गरिएको छ ।

### १.२.८.१ शोधकार्यमा संकलन गरिएका तथ्यहरूको प्रशोधन गर्ने विधि

छोनाम पर्वको सांस्कृतिक विधि र प्रक्रियाको बारेमा देखिएको विविध पक्षहरूको र प्रतीकको अर्थलाई प्रारम्भदेखि पर्वको अन्त्यसम्मको घटनाहरूको सदृश्य प्रस्तुत गरिएको छ। यसरी प्राप्त तथ्यहरूलाई सम्बन्धित स्थानीय जानकार, संस्कृतिको प्रस्तुतकर्ता वा पर्वको मुख्य पात्र पान्दे र कुल समूहको मूलीबिच परीक्षण गरी सत्य र तथ्यको आधारमा वैधता प्रदान गरिएको छ। यसरी प्राप्त भएको तथ्यांकहरूलाई सैद्धान्तिक धारणा अनुरूप विश्लेषण गरिएको छ।

### १.२.८.२ शोधमा संकलित तथ्यांकहरूको विश्लेषण विधि

छोनाम पर्वको सांस्कृतिक शोधमा प्राप्त भएको वैधता प्राप्त तथ्यांकहरूलाई दर्शनको आधारमा स्थापित Victor Turner र Cleeford Greetz को प्रतीकात्मक सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ।

### १.२.८.३ शोधको प्रतिवेदन लेखन विधि

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अध्ययन सम्बन्धी शोधलाई नेपाली भाषामा लेखिएको छ। नेपाली प्रिति फण्टको अक्षर १६ मा APA 7th Addition Format अनुरूप यस शोधको प्रतिवेदन तयार गरिएको छ। यस शोधले नेपालमा बसोबास रहेको चेपाङ समुदायमा विद्यमान छोनाम पर्वको सांस्कृतिक पक्षहरू, प्रयोग भएका प्रतीकहरूको सांस्कृतिक अर्थ र प्रयुक्त प्रतीकहरू अरू जनजाति समुदायमा प्रचलनमा रहेको धारणाको सैद्धान्तिक आधारहरूको विश्लेषण गरिएको छ। जसबाट यो समुदायको छोनाम पर्वको सांस्कृतिक मूल्यमान्यताको आधारमा अरू समुदायले मनाउने नयाँ वा न्वागी खाने पर्व भन्दा सांस्कृतिक महत्त्व बोकेको र पृथक भएको तथ्य प्रकाशमा आएको छ।

### १.२.९ अनुसन्धानमा नैतिक सवालहरू

प्रस्तुत अध्ययन अनुसन्धानको सिलसिलामा तल उल्लेख गरिएका नैतिक आचारसंहितालाई पालना गरिएको छ।

(क) अध्ययन क्षेत्रका स्थानीय चेपाङ समुदाय तथा अन्य समुदायका मूल्यमान्यताका आस्था, विश्वास र परम्परागत मान्यतालाई सम्मान गरिएको छ ।

(ख) यो एउटा सामाजिक र सांस्कृतिक अनुसन्धान भएकोले सामाजिक तथा प्राज्ञिक मर्यादा कायम राखी अनुसन्धान कार्य गरिएको छ ।

(ग) अध्ययनको सिलसिलामा कुनै स्थान विशेष जाति समुदायलाई अपमान, पूर्वाग्रह, स्वार्थरहित तथा अशोभनीय शब्दहरूको प्रयोग गरिएको छैन भने भाषिक तथा सांस्कृतिक संवेदनशीलता कायम गरिएको छ ।

(घ) तथ्यांक संकलनको क्रममा प्रमुख सूचनादाता र अन्य सूचनादाताहरूको मर्यादा, आस्था र पान्देहरूको गोपनीयतालाई समेत ध्यानमा राखी अनुसन्धान गरिएको छ ।

(ङ) तथ्यांकहरूको प्रस्तुतिकरण गर्दा इमान्दारिता, कृतिहरूको बौद्धिक चोरी ( Plagiarism) नगर्ने र सन्दर्भ उल्लेख गर्दा सही सूचनाको स्रोत उल्लेख गरिएको छ ।

(च) अनुसन्धानकर्ता चेपाङ समुदायको भएता पनि खोजकर्ताको रूपमा स्वतन्त्र भई कुनै आग्रह वा पूर्वाग्रह नराखी समुदायमा विद्यमान तथ्यहरूलाई उत्तेजित नभई, तोडमोड नगरी यथार्थपरक तथ्यांकलाई आधार मानी यो शोधपत्र प्रस्तुत गरिएको छ ।

### १.२.१० शोध प्रबन्धको संगठन

यो शोधपत्रलाई तीन भागमा विभाजन गरी प्रस्तुत गरिएको छ । पहिलो भागमा आवरण पृष्ठ, शोध निर्देशकको सिफारिस पत्र, धन्यवाद ज्ञापन, संक्षेपीकरण सूची, शब्दार्थ सूची, विषयसूची र शोधसार रहेको छ । दोस्रो भाग शोधको मुख्य शरीर हो । प्रस्तुत शोधमा पाँचवटा अध्याय रहेका छन् । अध्याय एकमा शोध परिचय र अनुसन्धान विधि, अध्याय दुईमा पूर्वसाहित्य समीक्षा, अध्याय तीनमा चेपाङ समुदाय र सांस्कृतिक पर्वको विधि र प्रक्रियाहरू, अध्याय चारमा चेपाङ समुदायको छोनाम पर्वमा प्रयुक्त प्रतीकको सांस्कृतिक अर्थ, महत्त्व र प्रतीकको सैद्धान्तिक आधारको सन्दर्भमा विश्लेषण गरी सारांश, छलफल र निष्कर्षलाई समावेश गरिएको छ । यो शोधपत्रमा तेस्रो भागको रूपमा परिशिष्टहरू र

सन्दर्भ सामग्री सूचीलाई समावेश गरी प्रस्तुत गरिएका छन्। यसरी शोधपत्रको अनुसन्धानमा अपनाइएका विधि प्रक्रियाहरू तथा आवश्यक तथ्यहरूलाई सैद्धान्तिक आधारमा विवेचना गरी निष्कर्षलाई प्रकाशमा ल्याएको छ। अन्तमा अनुसन्धान कार्यका परिशिष्टहरू र सन्दर्भ सामग्रीहरू प्रस्तुत गरिएको छ।

# अध्याय - दुई
# पूर्वसाहित्य समीक्षा

चेपाङ समुदायको मुख्य पर्व छोनाम पर्वको सांस्कृतिक अध्ययनको सन्दर्भमा उब्जिएका जिज्ञासाहरूको उत्तर खोज्ने सिलसिलामा अग्रज विद्वानहरूको खोज तथा सिद्धान्तहरूलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ। चेपाङहरूको यस पर्वको विधि/प्रक्रिया, सांस्कृतिक अर्थ र प्रयुक्त बिम्ब र प्रतीकहरू प्रयोग गर्नुको सैद्धान्तिक कारणहरूको खोजी गर्न यससँग सम्बन्धित साहित्यको समीक्षा पनि गरिएको छ। यस पर्वको सन्दर्भमा भेटिएका पूर्व साहित्यहरूलाई विशेष गरी तीन प्रकारको सैद्धान्तिक आधारमा समीक्षा गरिएको छ। जसमा अवधारणागत/सैद्धान्तिक समीक्षा, नीतिगत समीक्षा, विषयगत वा प्रायोगिक समीक्षा रहेका छन्। यसद्वारा अनुसन्धान रिक्तता पहिचान गर्ने प्रयास गरिएको छ। यसको लागि आवश्यक अवधारणाका साथमा प्रतिपादित विद्वानहरूको दृष्टिकोणलाई समीक्षामा समावेश गरिएको छ।

## २.१ वैचारिक/सैद्धान्तिक पूर्वकार्यको समीक्षा

समाजको संस्कृतिको अनुसन्धान कार्यको लागि निश्चित अवधारणा वा सिद्धान्तको आवश्यक पर्दछ। ती सिद्धान्तको आधारमा समाजमा विद्यमान संस्कृतिको वास्तविकता पहिचान गर्न सहज हुने हुन्छ। चेपाङ समुदायको महान पर्व छोनामको सांस्कृतिक अध्ययनसँग सम्बन्धित सैद्धान्तिक अवधारणालाई यस अनुसन्धानमा समीक्षा गरिएको छ। यस पर्वको सांस्कृतिक प्रतीकहरूको महत्त्व र सांस्कृतिक पहिचानको बिम्बलाई प्राथमिकतामा राखी अनुसन्धान गरिएकोले प्रतीकतावादी सिद्धान्तलाई आधार बनाइ अध्ययन गरिएकोले ती अवधारणा वा सिद्धान्तको समीक्षा यहाँ प्रस्तुत गरिएको छ।

### २.१.१ सांस्कृतिक प्रतीक सम्बन्धि पूर्वकार्यहरू

मानव संस्कृतिको सुक्ष्म रूप नै सांस्कृतिक प्रतीक हो। यसले संस्कृतिको बिम्ब प्रस्तुत गरिरहेको हुन्छ। संस्कृतिको सुक्ष्म अध्ययनको लागि सिद्धान्तको रूपमा संस्कृति र प्रतीकतावादको दृष्टिकोणलाई प्रतीकात्मक मानवशास्त्रको रूपमा दोस्रो विश्व युद्धपछि ग्रहण गरिएको हो। यस सिद्धान्तले मानव सञ्चारको आधारमा प्रतीकको महत्त्व र ईशाराहरू बनाएका हुन्छन्। यसै सन्दर्भलाई नियाल्दा नेपालमा बसोबास गर्ने चेपाङ समुदायको

परम्परागत छोनाम पर्व एक ऐतिहासिक पर्व जसमा प्रयोग गरिने प्रतीकहरूले उनीहरूको सांस्कृतिक पहिचान झल्किन्छ । यस सन्दर्भमा विद्वानहरूको परिभाषालाई परिभाषित गरिएका छन् । Turner (1970) द्वारा लेखिए अनुसार प्रतीक कुनै भौतिक वस्तु हुनु पर्दैन । यो अनुष्ठानको सन्दर्भमा एक विशिष्ट संरचनाको अंश हो जसले संस्कारका व्यवहारहरूको विशिष्ट विशेषताहरू बोकेको हुन्छ । मानव समाजको विकाससँगै संस्कृतिको विकास भएको मानिन्छ । जब मानवले एक आपसमा पहिचान गर्न र एक अर्काको मनसाय बुझ्नको लागि प्रयोग गरिएको सांकेतिक प्रतीकहरू भौतिक रूपमा देखिने होस् या अभौतिक रूपमा रहेको चिन्हहरू नै हुन् । ती सबै बिम्बको रूपमा समाजले ग्रहण गर्दै आएको पाइन्छ । यस्तो प्रकारको प्रतीकहरूले मावन जीवनमा अभुतपूर्व योगदान गरेको देखिन्छ । मानवहरूमा भाषा विकास हुनु पूर्वदेखि नै सांकेतिक रूपमा प्रयोग गरिएका प्रतीकहरूले आपसमा बुझाइको प्रमुख माध्यम हुने गरेको विभिन्न पुरातन भनाइ तथा तथ्यहरूले पुष्टि गरेको देखिन्छ ।

चेपाङ समुदायको छोनाम पर्व मनाउने विधि, प्रयुक्त बिम्बको अर्थ र प्रतीकात्मक बिम्बहरूले यस सिद्धान्तसँग अनुकुलता देखाएको पाइन्छ । जस अनुसार भाषिक विकास र सांस्कृतिक बिम्बले यो जातिको पहिचान गराएको बुझ्न सकिन्छ । यसकारण यी विद्वानको सिद्धान्त छोनाम पर्वको सन्दर्भमा उपयुक्त मान्न सकिन्छ । अर्का विद्वान Douglas (1970) ले आफ्नो पुस्तक Natural Symbols: Explorations in Cosmology मा प्रत्येक प्राकृतिक प्रतीकहरू रगत, सास वा मलमूत्रबाट व्युत्पन्न भएको हुन्छ जसले एक सामाजिक अर्थ बोकेको हुन्छ । मूर्त प्रतीकहरू अनुष्ठान र अभिव्यक्तिका विभिन्न प्रकारहरूका ढाँचामा व्यक्तिले आफ्नो शरीरलाई समाजको छविको रूपमा व्यवहार गरेका हुन्छन् भन्न उल्लेख गरेको छ । प्राकृतिक प्रतीकहरू धर्मको पुस्तक स्थापित भई समाजलाई धार्मिक, राजनीतिक आन्दोलनहरूमा नयाँ अन्तरदृष्टिलाई उत्प्ररित गरेको हुन्छ । समाजमा मानवशास्त्र, समाजशास्त्र र सांस्कृतिक अध्ययनमा प्रतीकहरू अत्यन्तै प्रचलित छन् । जसले समाजलाई वास्तविक चित्रण गर्न र विश्लेषण गर्न दरबिलो आधार तय गरेको पाइन्छ । चेपाङहरूले छोनाम पर्वमा उपयोग गर्ने बिम्ब र प्रतीकहरू Douglas को सन्दर्भमा मिलेको पाइन्छ । उनीहरूले पर्वमा बलि दिने कुखुराको भाले, केरा, भातीजाँड, घैयाधान र चामल, बुकीफूल तथा फलफूल आदिले यो समुदायको सांस्कृतिक अर्थ बोकेको देखिन्छ । जसलाई परम्परागत रूपमा मनाउने प्रचलन बस्दै जाँदा यो समुदायको संस्कार हुन गएको मानिन्छ । यसबाट यो

समुदायको सांस्कृतिक रूपमा पहिचान कायम भई जातिको रूपमा विकास भएको र यो पर्व उनीहरूको सांस्कृतिक प्रतीकको रूपमा स्थापित भएको पाइन्छ ।

### २.१.२ वातावरण अनुकुल संस्कृति र प्रतीकहरूको निर्माण

नेपालमा बसोबास रहेको चेपाङ समुदायको संस्कृतिहरू पर्यावरणीय अनुकलनमा विकास भएको देखिन्छ। उनीहरूको परम्परागत संस्कारहरूमा प्रयोग हुने प्रतीकहरूले यसको प्रभावकारिता र विश्वासनीयता दर्शाएको देखिन्छ (प्रत्यक्ष अवलोकन, २१ भाद्र २०८१) । यस्तै Steward (1955) ले Theory of Cultural Change नामक पुस्तकमा उल्लेख गरेअनुसार संस्कृतिका विविध पक्षहरूलाई भूगोल विशेष, जाति वा समुदाय विशेष तथा वातावरणीय अनुकलता विशेष प्रयोगमा ल्याएका तथ्यहरू मानव समाजमा प्रशस्तै भेटिएको यथार्थ चित्रण गरेका छन् । मानव समाज र संस्कृतिको विभिन्न तुलना गरेर अध्ययन गर्न वातावरणलाई पर्यावरणीय शब्दलाई सन् १९५० को दशकमा समाजशास्त्रीले प्रयोग गरेको पाइन्छ। उदाहरणको रूपमा हिन्दु महिलाहरूले प्रयोग गर्ने सिन्दुरपोते, पुरुषले लगाउने यज्ञपवित (जनै) अथवा चेपाङ पान्दे (झाँक्री) ले फलाक्ने ढ्याङ्ग्रो तथा पितृलाई चढाउने घैया, केरा र गाभापिंडालु साथमा कुललाई बार्षिक रूपमा चढाउने कुखुराको भाले आदि यसका विद्यमान सांस्कृतिक प्रतीकका उदाहरण रहेको मान्न सकिन्छ। जीवनशैली अपनाउँदा वातावरण अनुकुलनका उत्पादनलाई प्रतीकको प्रयोग गर्ने प्रचलन परम्परागत रूपमा सबै मानव समाजमा रहेको पाइन्छ । त्यसरी प्रयोग गर्ने प्रतीक वा बिम्बहरू जाति र समुदायको वातावरण अनुकुल फरक र आफ्नो प्रकारको हुने गर्दछन् ।

### २.१.३ संस्कृति र प्रतीकबिच सम्बन्ध

चेपाङ समुदायको सांस्कृतिक पर्व छोनामको सांस्कृतिक पक्ष र यसमा प्रयोग गरिने बिम्बहरू बिचमा रहेको सम्बन्धहरूले यो समुदायको पहिचानलाई चित्रण गरेको देखिन्छ। यसको सन्दर्भका स्पष्ट हुन केही विद्वानहरूको परिभाषा यहाँ जोड्दा सान्दर्भिक हुन जान्छ। जसमा Douglas (2018) ले विश्लेषण गरे अनुसार संस्कृतिहरू र प्रतीकहरू बिचको सम्बन्ध घनिष्ठ रहेको हुन्छ तर त्यसको सम्बन्धमा अझै समीक्षा गर्न आवश्यक छ। भाषिक सेमोटिक्सको नयाँ परिप्रेक्ष्यबाट विश्लेषण गर्दा सांस्कृतिक प्रतीकले सांस्कृतिक रूपहरूको संकेत गर्दछ। सांस्कृतिक प्रतीकहरूले प्रतीकात्मक संस्कृतिहरू फैलाउन, सिर्जना गर्न र

आकार दिन सक्छन् । यसकारण संस्कृति र प्रतीक सांस्कृतिक अर्थहरूको संयोजन हो । यसले संयुक्त रूपमा सांस्कृतिक प्रणाली निर्माण गर्दछ ।

Geertz (1973) ले उल्लेख गरे अनुसार संस्कृति प्रतीकहरूमा मूर्त अर्थहरूको ऐतिहासिक रूपमा प्रसारित ढाँचा हो । प्रतीकात्मक रूपहरूमा अभिव्यक्त वंशानुगत अवधारणाहरूको एक प्रणाली हो जसको माध्यमबाट जीवनप्रतिको दृष्टिकोणको बारेमा उनीहरूको ज्ञानलाई सञ्चार, स्थायी र विकास गर्दछ । संस्कृतिहरूले सांस्कृतिक समूहलाई मूल्य र परम्पराहरू सिर्जना गर्न र सञ्चार गर्न प्रतीकहरू प्रयोग गर्दछन् । प्रतीकहरू एक संस्कृतिले अन्य व्यक्तिलाई पहिचान गर्न प्रयोग गरिन्छ जो एउटै संस्कृतिको हिस्सा हुन् र संस्कृतिमा एक अर्कासँग जोडिने र सम्बन्धीत हुने तरिका हो भन्ने उल्लेख छ । विश्वमा प्रतिपादित प्रतीक वा चिन्हहरू र संस्कृतिको बिचमा रहने सम्बन्धहरू अन्तरसम्बन्धीत हुने र ती सम्बन्धहरूलाई पहिचान गर्ने तौरतरिकाहरू भूगोल, परिवेश जाति समुदाय अनुसार भिन्न र आफ्नो अनुकुलको वातावरणमा हुने तथ्यहरूलाई पुष्टि गरेको देखिन्छ । यसर्थ चेपाङ समुदायमा विद्यमान रहेको छोनाम पर्वमा प्रयोग हुने प्रतीकहरू समुदाय विशेष संस्कृति बिचको सम्बन्धमा अरू समुदायको संस्कृति र प्रयुक्त प्रतीक चित्रको सम्बन्धको बारेमा त्यत्ति विश्लेषण भएको भेटिदैन ।

### २.१.४ सांस्कृतिक बहुरेखीय विकास

सांस्कृतिक बहुरेखीय विकासको सन्दर्भमा J. H. Steward (1955) ले उद्विकासका प्रक्रियालाई तीन भागमा विभाजन गरेको छ ।

(क) एकरेखीय उद्विकासवाद
(ख) बहुरेखीय उद्विकासवाद
(ग) सर्वव्यापी उद्विकासवाद

स्टेवार्डका अनुसार माथिका तीनै प्रकारका सिद्धान्तमा मत प्रस्तुत गरेका छन् । जस अनुरूप संसारमा संस्कृति एकै ठाउँमा विकास भयो र विस्तारै सबैतिर फैलियो भनिएको पाइन्छ भने कतिपयले विकसित भएका संस्कृतिहरू एकै खालका गति, तह र विशेषताहरूका साथ विकास नभई विभिन्न भूगोल वा क्षेत्रहरूमा अवस्थित वातावरणको प्रभावमा निर्माण र विकास भएको हो भनी जोड दिएका छन् । यसको लागि इजिप्टको,

मेसोपोटामियाको, चिनको, सिन्धुघाँटी सभ्यतालाई लिन सकिन्छ । धेरै जसोको विचारमा भौगोलिक अवस्थाको आधारमा वातावरण अनुकुलको सभ्यताहरू फरक-फरक ठाउँ अनुरूपमा विकास भएको हुन्छन् र यस्ता संस्कृतिको निर्माण र विकास एकै प्रकारको नभई सर्वव्यापी हुन्छन् भन्ने मान्यतामा बढी जोड दिएका पाइन्छ ।

### २.१.५ प्रतीकतावादी सिद्धान्तहरूको समीक्षा

प्रतीकतावाद सिद्धान्तको सम्बन्धमा प्रतिपादन दोस्रो विश्व युद्धपछि अर्थात् सन् १९५० को दशक पछिमात्र विकास भएको देखिए पनि मानव समाजको विकास र संस्कृतिको विकास प्रतीकहरूको प्रयोगका साथमा बुझाइहरूको विकास प्राचीन कालदेखि नै भइआएको मानिन्छ । जसलाई मानव सभ्यताको तीन चरणबाट बुझ्न सकिन्छ ।

#### २.१.५.१ जंगली स्तर (Hunting and Gathering Stage)

यो मावन समाज र संस्कृतिको प्रारभिक अवस्था हो । जव मानवहरू घुमन्ते जीवन बिताइरहेका समयमा समूहमा बस्न थाले । मानिसले जीवनयापनको प्रमुख आधार सिकार गर्ने र प्रकृतिमा प्राप्त स्रोतहरूको संकलन गरी खाने थाले । पानीको स्रोत भएको जमिन नजिक बस्ने, माछा मार्ने र आगोको प्रयोग हुन थालेको अवस्था हो । यस बखत मानिसहरूले सांस्कृतिक रूपमा भाषाको प्रयोग र बौद्धिक चिन्तन एकदम कम हुनुको साथै प्राकृतिक शक्तिमाथि विश्वास गर्दथे (Tylor,1830, p,39) ।

#### २.१.५.२ बर्बर स्तर (Barbarian Stage)

मानव समाजको विकासक्रमको दोस्रो अवस्था अथवा बर्बर स्तर (Barbarian stage) हो । यस अवस्थामा सर्वाधिक पूर्ण सामाजिक व्यवस्थासहित सुरक्षा र आक्रमण, लडाइँ र स्थायी बसोबासको समय हो । यस बेलाको आर्थिक जीवन माटोको भाँडाकुँडा निर्माण गर्ने (Pottery), पशुपालन (Animal Husbandry), कृषि खेतीपाती (Agriculture) र फलामको औजारहरूको (Iran) प्रयोग भएको थियो (Tylor, 1830,p,39) ।

### २.१.५.३ सभ्यता स्तर (Civilization Stage)

मानव समाजको उत्तम अवस्था भनेको नै यस सभ्यताको स्तर हो । यस समाज र संस्कृतिको आधुनिक सभ्यता उच्च रूप हो। यो स्तरमा राजनीतिक संस्था निर्माण, सरकारको स्थापना, अक्षर, भाषा, लिपिको विकास, लेखनकलाको विकास भयो । मानव संस्कृतिले सभ्य रूपमा प्रवेश गऱ्यो । यस स्तरमा नयाँ-नयाँ वस्तुको खोज अनुसन्धान, तार्किक चिन्तन आदि विकास गरेर यो समाज सभ्यताको युगमा प्रवेश गरेको हो (Tylor, 1830) । प्रतीकतावाद सिद्धान्तको विकासमा विभिन्न कालखण्डमा विभिन्न समाजशास्त्री, मानवशास्त्री तथा मनोविज्ञानशास्त्रीहरूले योगदान गरेका छन् । प्रतीकताको विश्लेषणमा George Herbert Mead (1863-1931) संस्थापक मानिन्छ । यसरी नै मानवशास्त्रीहरूमा John Dewey, W. James, C.H.Cooley, V.Turner, C. Geertz, M. Douglas, D. Schneider H. Bulmer and E.Coffman आदि रहेका छन् । सन् १९५० को दशकपछि प्रतिपादित प्रतीकात्मक सिद्धान्तकारको रूपमा V. Turner र C.Geertz को अनुसन्धान प्रतिवेदनलाई समीक्षात्मक रूपमा समावेश गरी आधारभूत दृष्टिकोण समायोजन गरी अध्ययन अघि बढाइएको छ । जसअनुसार टर्नरको जाम्बियाको Ndembu आदिवासीको संस्कृति, समुदाय र सीमा निर्धारण सम्बन्धी साथमा C. Geertz को इन्डोनेसियाको बालीमा बसोबास गर्ने आदिवासीको बिचमा हुने कुखुराको भाले जुधाई प्रतियोगिताको प्रतीकात्मक बिम्बलाई चेपाङ समुदायको छोनाम पर्वमा कुल पुज्दा प्रयोग हुने कुखुराको भाले र पितृलाई चढाइने नयाँ अन्नबालीको सन्दर्भलाई यस अध्ययनमा जोड्दै प्रतीकात्मक बिम्बको महत्त्वलाई अर्थ्याउने प्रयास गरिएको छ ।

## २.२ नीतिगत समीक्षा

विश्वमा विकास भएको मानव सभ्यताको संस्कृति र प्रतीकहरूको सन्दर्भमा प्रारम्भिक समयदेखि नै विकास हुँदै आएको भएता पनि यसलाई संस्थागत रूपमा स्थापना गरी सिद्धान्तको रूपमा मान्ने प्रचलन दोस्रो विश्व युद्धपछि अर्थात् सन् १९५० पछिमात्र विकास भएको देखिन्छ । विश्वमा फैलिएको चेतनाको विकासमा सांस्कृतिक चेतना र त्यसमा विकास भई आएको प्रतीकात्मक बिम्बहरूलाई ऐतिहासिक सम्पत्तिको रूपमा ग्रहण गर्ने कार्य दोस्रो विश्व युद्ध पछिमात्र भएको थियो । जसलाई UNESCO मार्फत् विश्वभरका

देशहरूले क्रमशः ग्रहण गर्दै संस्थागन रूपमा नीतिनियम बनाइ संरक्षण र संबर्द्धनको पक्षमा काम गर्दै आएका छन् । नेपालले अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुसार अवलम्बन गरेको नीति तथा कानुनहरूमार्फत् सम्बोधन गर्न केही नीतिगत ऐन, कानुन बनाइ संरक्षणको पक्षमा कामहरू गरेको पाइन्छ । नेपाली समाजले संस्कृति संरक्षणको सन्दर्भमा समुदायस्तरको परम्परागत प्रथाजनित कानुनमार्फत् संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्दै आएको पाइन्छ । चेपाङ समुदायको छोनाम पर्व उनीहरूको परम्परागत रूपमा मनाउदै आएको सांस्कृतिक पर्व हो । जुन राष्ट्रिय नीतिअनुरूप रहेको देखिन्छ । पर्वको सन्दर्भहरूमा समानता भएका जाति/समुदायसँग प्रयुक्त प्रतीकहरूको अर्थ र महत्त्वको आधारमा सैद्धान्तिक आधार मिल्न जाने तथ्यहरू प्रकाशमा ल्याउने कार्य यस अनुसन्धानबाट भएको छ । यसकारण चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अनुसन्धान नेपालको संस्कृति नीति अनुसार गरिएको नीतिगत आधार निर्माण भएको छ ।

### २.२.१ अन्तर्राष्ट्रिय संस्कृति नीतिको समीक्षा

विश्व समुदायले मानव सभ्यताको प्रारम्भदेखिको ऐतिहासिकता माथि पुनरावलोकन, अन्वेषण, उत्खनन् र परिक्षण पश्चात् प्राप्त जानकारीहरूको आधारमा मानव सभ्यता र संस्कृति अनि प्रयुक्त बिम्बहरूको अर्थ पहिचान गर्न यसलाई एक विधाको रूपमा स्थापना भएको छ । अध्ययन अनुसन्धान गर्ने कार्यको प्रारम्भ परम्परागत रूपमा गर्दै आएको भएता पनि संस्थागत रूपमा १६ नोभेम्बर १९४५ मा स्थापना भएको थियो । यसमा १९५ सदस्य राष्ट्र र ८ सह-सदस्य राष्ट्र रहेकामध्ये नेपाल पनि पर्दछ । यसरी विश्वका मानव संस्कृतिको विकासमा संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) को रूपमा स्थापना भई यसमार्फत् नीति तय गरी विश्व संस्कृति सम्पदाको रूपमा ग्रहण गर्ने प्रावधान बनेको हो । सामान्यतया यसमा सरकारहरूले स्थानहरू, प्रक्रियाहरू, कानुनी वर्गीकरणहरू, नियमहरू, संस्थाहरू समावेश गर्दछ (UNESCO) । यस संस्थाले विश्वभरमा भएको सांस्कृतिक तथा पुरातात्त्विक स्थलहरूको पहिचान गरी विश्व सांस्कृतिक विविधतालाई दिगो विकाससँग जोड्दै विश्वभर शिक्षामार्फत् चेतना विकास गर्ने गरेको छ । संसारको विभिन्न स्थान र अवस्थामा रहेको विश्वका भौतिक र अभौतिक सांस्कृतिक सम्पदाहरूलाई स्थानीय सम्पत्तिको रूपमा रहेकोले यसको संरक्षण, संवर्धन र प्रवर्धन गर्न सके दिगो विकास हुने मुख्य आशय राख्ने गर्दछ । यसै विषयलाई नेपालले पनि अवलम्बन गर्दै आएको छ ।

यसकारण नेपालमा चेपाङ समुदायको सांस्कृतिक सम्पदाहरूको संरक्षण अन्तर्राष्ट्रिय नीतिअनुसार रहेकोले नेपालका जाति/समुदायले मनाउने पर्वपर्वहरूमध्ये चेपाङहरूको छोनाम पर्वको बारेमा सांस्कृतिक अनुसन्धान राज्यको नीति अनुरूप गरिएको देखिन्छ।

### २.२.२ राष्ट्रिय संस्कृति नीति, २०६७

नेपालको इतिहासमा संस्कृति संरक्षणको लागि प्राचीन स्मारक संरक्षण ऐन, २०१३ पछिको अर्को महत्त्वपूर्ण कानुनको रूपमा राष्ट्रिय संस्कृति नीति, २०६७ बनेको थियो। यस नीति अनुरूप नेपालमा रहेका विभिन्न जाति समुदायमा रहेको विभिन्न संस्कृतिहरूको संरक्षण, संवर्धन र प्रवर्धन गर्न यस नीति आएको देखिन्छ। यसले नेपालमा रहेका तर लोपोन्मुख अवस्थामा रहेका संस्कार संस्कृतिको संरक्षण र प्रवर्धन गर्नमा केन्द्रित गर्ने उद्देश्य बढी प्रयत्न हुने र जोखिममा रहेका संस्कृतिलाई अभिलेखिकरण गर्ने कार्यक्षेत्र निर्धारण गरेको पाइन्छ। नेपालमा रहेका सबैखाले संस्कार संस्कृतिहरू राष्ट्रको सम्पत्ति भएको र यसको विकासमा कार्य गर्न राष्ट्रिय संस्कृति नीति, २०६७ रहेको छ। यस नीति बमोजिम संरक्षण, संवर्धन तथा प्रवर्धन गर्न आवश्यक छोनाम पर्व पनि एक रहेको देखिन्छ।

### २.२.३ नेपालको संविधान (२०७२)

नेपालको इतिहासमा विभिन्न कालखण्डमा भिन्न प्रकारको शासन व्यवस्था चल्दै आएको देखिन्छ। प्राचीन इतिहास मौखिक कानुनअनुसार चल्दै आएको शासन व्यवस्था भएता पनि वैधानिक कानुन २००४ बाट लिखित दस्तावेजअनुसार शासन संचालन हुँदै आएको मानिन्छ। विधानको रूपमा खडा गरिएको कानुन भएको देखिन्छ।

त्यसरी नै जनताद्वारा निर्माण गरिएको संविधान २०१५, २०४७, अन्तरिम संविधान, २०६३ जारी भएका थिए। संविधान सभाबाट निर्माण गरिएको नेपालको संविधान, २०७२ विद्यमान रहेको छ। जसमा व्यवस्था भएको सांस्कृतिक अधिकारहरू सम्पूर्ण जनताको पक्षमा रहको पाइन्छ। नेपालको संविधान, २०७२ को भाग ३ दफा ३२ को उपदफा (२) र (३) बमोजिम प्रत्येक व्यक्ति वा समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने उल्लेख छ।

प्रदेश कानुन अथवा प्रदेश सरकारको अधिकार अनुरूप पनि प्रदेशस्तरमा रहेका संस्कृति संरक्षणको कार्यमा नीतिगत कानुन निर्माण र आवश्यकीय पर्व पर्वको सम्बन्धमा संरक्षण, संवर्धन र प्रवर्धन गर्ने र सो पर्वको अवसरमा प्रदेशस्तरमा र स्थानीय तहहरूमा सार्वजनिक विदा दिने प्रचलन बसेको देखिन्छ । चेपाङ समुदायको सघन बसोबास रहेको बागमती प्रदेशले मिति २०७९ सालदेखि छोनाम पर्व मनाउने दिन भाद्र २२ गते सार्वजनिक विदा दिने गरेको छ भने चेपाङ बाहुल्य स्थानीय तहमा स्थानीय स्तरको सार्वजनिक विदा दिंदै आएका छन् । यसले यो समुदायको सांस्कृतिक पर्व छोनाम संरक्षण गर्न आवश्यक पर्वको रूपमा रहेकोले राज्यस्तरबाट सम्बोधन गर्न प्रारम्भ भएको देखिन्छ ।

### २.२.४ नेपाल चेपाङ (प्रजा) संघको विधान, वि.सं. २०५५ को निर्णय समीक्षा

नेपालमा बसोबास गर्ने चेपाङ समुदायको हकहित, अधिकार तथा भाषिक, धार्मिक, राजनीतिक, सामाजिक, सांस्कृतिक परम्पराको संरक्षण, संवर्धन र विकास गर्ने उद्देश्यका साथ स्थापना भएको नेपाल चेपाङ (प्रजा) संघ २०५५ स्थापना भएको देखिन्छ। यस संस्थाले २०६८ सालमा भएको केन्द्रीय महाधिवेशनले यो समुदायको सांस्कृतिक महत्त्व बोकेको छोनाम पर्वलाई राष्ट्रिय पर्वको रूपमा भाद्र २२ गते मनाउने र यसको लागि सरकार समक्ष सार्वजनिक विदा दिन प्रस्ताव पेश गर्ने निर्णय गरेको थियो । यसै निर्णयमा चेपाङ स्वायत्त प्रदेश, संरक्षित क्षेत्र र विशेष संरक्षित क्षेत्रको पनि माग गरेको थियो । जसमा सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक र परम्परागत मूल्यमान्यताहरूको संरक्षण र संवर्धन गर्न पहल गर्ने निर्णय गरी नीतिगत रूपमा अघि बढेको देखिन्छ। चेपाङ समुदायको महान पर्व छोनाम भएको र राष्ट्रिय पर्वको रूपमा मनाउने निर्णय गरिएता पनि वास्तविक छोनाम पर्व के हो ? यसको अर्थ के कस्ता छन् ? र अरू जनजाति समुदायमा प्रयुक्त प्रतीकको सैद्धान्तिक आधारहरू के कस्ता रहेका छन् ? भन्नेतर्फ विस्तृत जानकारी हुन सकेको भने देखिदैन ।

## २.३ विषयगत पूर्वकार्यको समीक्षा

विश्व समुदायमा विकसित सांस्कृतिक नीति तथा प्रतीकात्मक बिम्बहरूको आधारमा विकसित सभ्यताअनुसार नेपालमा बसोबास गर्दै आएका चेपाङ समुदायको महान पर्व

छोनामको सन्दर्भमा विद्वानहरूको खोजबाट प्राप्त विश्लेषणलाई यस विषयगत प्रायोगिक/समीक्षामा प्रस्तुत गरिएका छन्।

Hodgson, (1874) मा प्रकाशित पुस्तकको लेखमा चेपाङ र कुसुण्डा जाति बारेमा अभिलेखिकरण गरेको छ। दक्षिण एसियामा पर्ने विशेष गरी भारतीय उपमहाद्विपको उत्तर पूर्व भेगमा पर्ने नेपाल देशको मध्यभागमा अवस्थित महाभारत शृंखलाको आसपासमा चेपाङ र कुसुण्डा समुदायको बसोबास गर्दछन्। उनीहरूले बोल्ने भाषा भुटानको ल्हो भाषासँग निकटता रहेको तथ्यहरू प्रकाशमा ल्याएका छन्। हडसन नेपालको इतिहासमा चेपाङ समुदायको बारेमा अभिलेखिकरण गर्ने पहिलो खोजकर्ता भएको अहिलेसम्म प्राप्त लिखित दस्तावेजले देखाएको छ। अनुसन्धानकर्ताले चेपाङहरू आफ्नो भाषा, संस्कृति तथा परम्परागत मान्यताको आधारमा बस्दै आएको विश्वका विभिन्न स्थानमा बसोबास गर्ने आदिवासी (Trible Peoples) जस्तै यो जातिहरू नेपालको मध्ये पहाडी भेगको जंगल नजिकैको भिरालो स्थानहरूमा बस्दछन् भनी उल्लेख गरेका छन्।

ढुंगेल, (२०५१) ले चेपाङ समुदायको विविध पक्षहरूमा खोज गरिएको भेटिन्छ। खोजकर्ताले प्रकाशित पुस्तकमा चेपाङ समुदायको परिचय, सांस्कृतिक पक्ष र उत्थान पक्षलाई विस्तृत रूपमा प्रस्तुत गरेको पाइन्छ। छोनाम पर्व नेपाली समाजमा रहेको अरू जाति समुदायले मनाउने न्वागीजस्तै नयाँ अन्नबाली भित्र्याइसकेपछि नयाँ खाने वा न्वागी खाने प्रचलन भएको विचार व्यक्त गरेको छन्। पर्वमा कुलपूजासहित पान्देले तान्त्रिक विधिद्वारा रातभरि ढ्याङ्ग्रो फलाकेर परम्परागत विधि सम्पन्न गरिसकेपछि अब उप्रान्त आफू खान पितृको तर्फबाट बाचा फुकेको विश्वासका साथ यो पर्व मनाउने गरेको तथ्य प्रस्तुत गरेको पाइन्छ। यस खोजले चेपाङ समुदायको छोनाम पर्व सांस्कृतिक रूपमा पहिचान बोकेको पर्व भएको सन्दर्भलाई अभिलेखिकरण गरी समुदायको संस्कृति संरक्षणमा ऐतिहासिक योगदान गरेको देखिन्छ।

गुरूङ, (१९९५) पुस्तकमा उल्लेख भएअनुसार अनुसन्धानकर्ताले चेपाङ समुदायको समाज, संस्कृति र पर्यावरणीय परिवेसको सन्दर्भमा खोज गरेको देखिन्छ। खोजकर्ताको प्रकाशित कृतिमा चेपाङ समुदायको परिचय गराउँदै उनीहरूको ऐतिहासिकता, पर्यावरणीय अनुकुलनता, सामाजिक, आर्थिक र प्रजातन्त्रमा नेतृत्व लगायतको विषयमा खोज गरेको भेटिन्छ। यस पुस्तकमा उल्लेख गरिए बमोजिम छोनाम पर्व चेपाङ समुदायले भाद्र

महिनामा मनाउने मुख्य पर्वमा विशेष सामाग्रीको साथमा नयाँ अन्नबाली र पंक्षी बलि चढाएर मात्र आफू खाने गर्दछन् । उनीहरूले यस पर्वलाई जीवन र जगतबिचको माध्यम भएको विश्वास गर्दछन् भनी विश्लेषण गरिएको पाइन्छ । यो समुदायको सांस्कृतिक पर्वको बारेमा आफ्नो कृतिमार्फत् सम्बोधन गरी पर्वको संक्षेपमा अर्थ र महत्त्वको बारेमा चर्चा गरिएकोले समुदायको संस्कृति संरक्षणमा योगदान पुगेको देखिन्छ ।

एस.एन.भी.नेपाल, (१९९७) ले प्रकाशित गरेको पुस्तकमा चितवन जिल्लाको प्रजा समुदाय विकास सम्भावनाहरूको पहिचानको बारेमा चर्चा गरेको पाइन्छ । यस पुस्तकमा चितवन जिल्लाको तत्कालीन चार गाविसहरू सिद्धि, काउले, कोराक र लोथरलाई केन्द्र बनाएर अध्ययन गरी प्रकाशन गरिएको भएता पनि समग्र चेपाङ समुदायको प्रतिनिधित्व हुने गरी सामाजिक सांस्कृतिक र आर्थिक पक्षहरूको सर्वेक्षणयुक्त विश्लेषण गरिएको पाइन्छ । यसबाट यो समुदायको विविध पक्षहरूको ज्ञान हुनुका साथै समुदायको सांस्कृतिक रूपमा रहेको पर्वहरूमा छोनाम पर्व विशेष रूपमा रहेको र सो को प्रदर्शन अन्य धार्मिक प्रभाव हुँदाहुँदै पनि निरन्तरता पाउँदै आएको कथनलाई समावेश गरेको देखिन्छ । यसले यस पर्वको विस्तृत महत्त्वको बारेमा त विश्लेषण गरेको देखिदैन तथापि समुदायको विशेष पर्वको रूपमा रहेको जानकारी भने गराएको पाइन्छ ।

प्रजा (सम्पादन), (वि.सं.२०५६) बुलेटिनमा चेपाङ समुदायको सामाजिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक पक्षहरूको संक्षिप्त परिचय दिने प्रयास गरिएको छ । संगठित संस्था स्थापना भई प्रकाशन गरिएको प्रथम मुखपत्रको रूपमा *चेपाङ आवाज* पत्रिका प्रकाशित भएको थियो । यसले सांस्कृतिक रूपमा समुदायलाई पारेको असरको बारेमा चर्चा गरेको भेटिन्छ । समुदायको सांस्कृतिक धरोहरको रूपमा समाजमा रहेका सांस्कृतिक पर्वपर्वहरू संरक्षणको अभावमा लोपोन्मुख अवस्थामा रहेको स्मरण गरिएको पाइन्छ । तर सांस्कृतिक धरोहरहरूमा पर्ने मुख्य पर्वहरूको बारेमा खासै विश्लेषण भएको भेटिदैन । यसले गर्दा समुदायको पहिचानसँग जोडिएको सांस्कृतिक पर्वहरूमध्ये छोनाम प्रमुख पर्व भएको यथार्थलाई थप अनुसन्धान गरी यसको महत्त्वको बारेमा सम्बन्धित समुदाय तथा अरू समुदायबिच प्रष्ट पार्न आवश्यक देखिएको सन्दर्भ समावेश भएको छ ।

Seacow & kcc, (1999) ले प्रकाशित पुस्तकमा चितवन जिल्लाको तत्कालीन लोथर गाविस हाल राप्ती नगरपालिका वडा नं. १२ पर्ने कान्द्राङ भन्ने स्थानमा रहेका चेपाङ

समुदायको अवस्थाको बारेमा स्थलगत सर्वेक्षण गरिएको तथ्यहरू प्रकाशित छ । जसमा यो समुदायको आर्थिक, जनसंख्या, परिवारिक सूचना, खोरिया, उत्पादन, खपत तथा परिचालनमा आएको परिवर्तनले समाजमा ल्याएको उत्साह साथमा धार्मिक तथा सांस्कृतिक परिवर्तनले पहिचानयुक्त संस्कारहरूको लोप भएर जाने संकेतहरू देखाएको छ । जसमा समुदायको आर्थिक व्ययभार कम पर्ने झाँक्री र पान्देको सहयताले औषधिमुलो गर्ने तथा तान्त्रिक विधिबाट बिरामीको उपचार गर्ने प्रक्रियाको निरन्तरतामा आएको परिवर्तनको बारेमा चर्चा गरिएको भेटिन्छ ।

Ukyab & Adhikari, (2000) द्वारा लिखित पुस्तकमा नेपालका आदिवासी जनजातिहरूको सामान्य परिचयात्मक आलेख रहेको छ । यसमा चेपाङ समुदायको बारेमा संक्षिप्त जानकारी दिएको छ । यसमा यो समुदायको सांस्कृतिक पहिचान भएको छोनाम पर्वको अनुष्ठानात्मक कार्य सम्पन्न गर्ने पान्देको बारेमा उल्लेख गरिएको छ । यसबाट चेपाङ समदायमा छोनाम सांस्कृतिक महत्त्व राख्ने पर्व जसको अनुष्ठान पान्देद्वारा गरिने कथ्यले यो पर्व विशेष भएको पुष्टि गरेको छ तर यसको बारेमा विस्तृत विश्लेषण भने गरिएको देखिदैन । यसकारण थप महत्त्व पहिचान गर्न गहन अध्ययन आवश्यक देखिने प्रष्ट हुन्छ ।

Riboli, (२०००) ले चेपाङ समुदायमा विद्यमान संस्कार संस्कृतिमा स्वर्ग र संसारको यात्रा गर्न सक्ने आधारमा पान्दे र झाँक्रीबिचको भिन्नतालाई पहिचान गर्ने प्रयास गरिएको देखिन्छ भने यो समुदायमा रहेको विभिन्न सांस्कृतिक पर्वहरूमा छोनाम र नाम्रूङ विशेष प्रकारको पर्व भएको पुष्टि गरेको पाइन्छ । यस समुदायको विशेष पर्वको बारेमा संस्कारगत जानकारी दिंदै बिरामीको उपचारमा पान्दे र झाँक्रीको शक्तिले जनावरहरूको बलि चढाइ बिसेक पारेको विभिन्न सन्दर्भहरूको चर्चा गरिएका छन् । यसले तान्त्रिक शक्तिमा विश्वास गर्ने यो समुदायमा पान्देको प्रमुख भूमिका हुने र छोनाममा यस प्रकारको कार्यहरू अरुबेलाको तुलनामा विशेष हुने गरेको उल्लेख छ । मानवशास्त्रीय अनुसन्धान भएकोले मानव जीवन जसमा चेपाङ समुदायको जीवनशैलीको विस्तृत विश्लेषण गरिएको भेटिन्छ । साथमा र संस्कारहरूको बारेमा छोनाम र नाम्रूङको बारेमा संक्षिप्त उल्लेख भएको छ ।

भट्टराई, (वि.सं.२०६०) द्वारा लिखित पुस्तकमा लेखकले चेपाङ समुदायको विकास र अर्थ राजनितीको बारेमा केन्द्रित भएर वास्तविक जीवन भोगाइका आधारहरूलाई केलाउने प्रयास गरेको देखिन्छ। आर्थिक उपार्जनमा अपनाइने विधि प्रक्रिया परम्परागत रूपमा भएको अवस्था र त्यसमा भएका परिर्वतनको बारेमा चर्चा गरिएको पाइन्छ। विकासे कार्यक्रमले ल्याएका परिवर्तित अवस्थालाई नगदै आर्थिक भार व्यहोर्नु पर्ने बाध्यकारी परिस्थिति अवलम्बन गर्न नसकी परम्परागत रूपमा अपनाइएको उपचार विधिको निरन्तरता पाएको अवस्था रहेको देखिन्छ। जस अनुरूप धामी-झाँक्री वा पान्देको विश्वासमा जीवन उपयोगी कार्यहरू गर्दै आएको तथ्यहरू प्रकाशमा ल्याएको देखिन्छ। समुदायमा रहेको संस्कार संस्कृतिहरूको जगेर्ना गर्ने जिम्मा पान्दे र स्वयं समुदायको हुने हुँदा सर्वेसर्वा नै पान्दे भएको जनविश्वास कायम रहेको पाइन्छ। यसले विकास अर्थ राजनीतिको हिसाबले कम उपयोगी हुने गरेको विद्यमान परिवेशमा देखिएको छ। यस पुस्तकमा समुदायको अर्थ राजनीति र विकासले उनीहरूको सांस्कृतिक पर्वपर्व, धार्मिक अवस्था तथा शैक्षिक अवस्थाको जानकारी विश्लेषण गरेको छ भने समुदायको ऐतिहासिक परम्परागत पर्वहरूले समुदायको पहिचान कायम गरेको तथ्यलाई स्विकार गरेको भएता पनि ती सांस्कृतिक पर्वहरूको सम्बन्धमा विश्लेषण गरेको देखिदैन। समाज विकास र अर्थ राजनीतिका कारण समुदायको संस्कृतिमा परेको प्रभावको चिन्तन खड्किएको देखियो। यस प्रकारको सांस्कृतिक पक्षको गहन अध्ययनमार्फत् ती विकास र अर्थ राजनैतिक रूपमा परेको प्रभाव सांस्कृतिक रूपमा अपनाइने पर्वहरूको भूमिका महत्त्वपूर्ण हुने आधारको तथ्य पुष्टि गर्न आवश्यक भएको देखाउँछ।

पाण्डेय, (वि.सं.२०६३) ले चेपाङ जातिको छोनाम पर्व पनि अरू जातिले मनाउँदै आएका पर्वपर्व जस्तै हो जसलाई न्वाँगी भनिन्छ। यो घैया धान पाकेपछि भदौ महिनामा कुलभित्रकै पान्देद्वारा कुखुराको भाले बलि दिदै कुलदेवता तथा देवीदेवता र पितृलाई चढाएपछि मात्र आफू खानुपर्ने मान्यता रहेको छ। यस पर्वको लागि पान्दे दुई प्रकारका हुने पहिलो सपनामा तान्त्रिक ज्ञान पाएका र दोस्रो मूल पान्देबाट तालिम लिएर हुने गर्दछन् भनी विश्लेषण गरिएको पाइन्छ तर यो समुदायको प्रमुख पर्व छोनामले समुदायको पहिचान कायम गर्ने सांस्कृतिक मूल्यमान्यता अनुरूपका कार्यहरू यसै पर्वमार्फत् पुस्तान्तरण हुँदै आएको महत्त्वपूर्ण अवसर भएको सम्बन्धमा कुनै उल्लेख गरिएको भेटिदैन। समुदायको

संस्कृतिको प्रतीकको रूपमा स्थापित छोनाम पर्वको विभिन्न पक्षहरूको साथमा संस्कृति रूपान्तरणको सन्दर्भमा अनुसन्धान गर्न आवश्यक भएको सन्दर्भ समावेश गरिएको देखिन्छ ।

चेपाङ, (२००६) ले लेखेको लेखमा चेपाङहरूको मुख्य पर्व न्वागी अथवा छोनाम पर्व चेपाङ समुदायको मुख्य पर्व भएको तथ्य प्रकाश पारेका छन् । यसमा गोरखा जिल्लाका चेपाङहरूले छोनाम मनाउँदा नयाँ अन्नबाली खान पहिला पितृलाई चढाएर आफू खान सुरू गर्ने र आफ्नो समुदायमा पान्दे वा झाँक्रीले देवतालाई बोलाउँदै सबै परिवारमा आयु हुनेलाई राम्रोसँग बाँच्न देऊ, नहुनेलाई बढाइ देऊ भनी नयाँ अन्नको टीका लगाइदिने प्रचलन भएको उल्लेख गरेको छन् । यसबाट यो स्पष्ट हुन सकिन्छ कि यो पर्व विशेष हुने गर्दछ तर यसमा विस्तृत जानकारी हुन सकेको छैन ।

भट्टराई, सुब्बा र साथीहरू, (वि.सं. २०६६) द्वारा लेखिएको पुस्तक सामुहिक प्रयासमा प्रकाशन गरेको देखिन्छ । यस पुस्तकमा समग्र चेपाङ समुदायको औपचारिक र अनौपचारिक शिक्षाको बारेमा विस्तृत जानकारी समावेश गरेको देखिन्छ । तत्कालीन समयमा देखिए शिक्षाका अवस्था र यसले पारेको सामाजिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक प्रभावको विश्लेषण गर्ने आधार निर्माण गरेको छ । यस अध्ययनको आधारमा यो समुदायमा रहेको परम्परागत जीवनशैलीलाई परिवर्तन गर्न गरिएको प्रयास र विश्वासका कुरा पान्देको भूमिका र सांस्कृतिक मूल्यमान्यताका आधारमा समाज चलिआएको तथ्यहरूको जानकारी दिन्छ । समुदायको शैक्षिक अवस्थाको आधारमा सामाजिक र सांस्कृतिक अवस्थाको अड्कल मार्न सकेता पनि पहिचान सांस्कृतिक रूपमा निरन्तर पाउँदै आएको पर्व छोनाम र यसले समुदायको अस्तित्व कायम गर्नमा खेलेको भूमिकाको बारेमा कतै चर्चा भएको पाइदैन । यसले गर्दा त्यस विषयलाई गहन अध्ययन गरी तथ्यपरक रूपमा समुदायको अमूल्यनिधिको रूपमा सांस्कृतिक पर्वपर्व हुने त्यसमा छोनाम विशेष हुने सम्बन्धमा खोज गर्न आवश्यक देखाएको छ ।

राई, (वि.सं.२०६७) द्वारा लिखित अनुसन्धानात्मक लेख आदिवासी जनजाति जर्नलमा प्रकाशित छ । यस प्रकाशित लेखमा शोधकर्ताले चेपाङ समाजमा भएको परिर्वन त्यसमा सांस्कृतिक संरचनागत परिवर्तको प्रक्षेपण गरेको देखिन्छ । समाजमा भएका धार्मिक र सांस्कृतिक परिवर्तनहरू राज्यले अवलम्बन गरेको नीति र बाह्य अध्ययन कर्ताहरूको घुलमिलबाट परिस्थिति जन्य अवस्थामा परिवर्तन भएका सामाजिक, सांस्कृतिक र धार्मिक

अवस्थाको चिरफार गरेको छ। यसमा समयनुकुल परिवर्तन र परिस्थितिजन्य परिवर्तनले समुदायमा देखिएको अवस्थामा अध्ययन गरिएको भएता पनि सांस्कृतिक पर्व जसले समुदायको पहिचानयुक्त परिस्थितिलाई अवलम्बन गर्दै आएको छ त्यसमा विस्तृत विश्लेषण गरिएको भेटिदैन। यसको बारेमा विस्तृत अध्ययन गरी जातीय पहिचानको महत्त्व दर्शाउन अध्ययन वान्छनीय हुने प्रष्ट हुन्छ।

राई र चेपाङ, (वि.सं.२०६७) मा समावेश गरिएको खोजअनुसार, नेपाल जातिहरूमध्ये अति सिमान्तकृत अवस्थामा रहेको चेपाङ समुदायको बारेमा विस्तृत रूपमा अनुसन्धानमुलक खोजको आधारमा यो पुस्तक तयार भएको छ। अनुसन्धानले यो समुदायको बारेमा उत्पत्तिदेखि चेपाङ भूमि, सामाजिक जीवन, धर्म, संस्कार संस्कृत, रीतिरिवाज परम्परा तथा जीजनयापनका विविध पक्षहरू र राजनैतिक अवस्था समेतको बारेमा संक्षिप्त रुपमा चिरफार गरेको भेटिन्छ।

कोली, (वि.सं.२०७२) ले नेपालमा बसोबास गरेका अतिसिमान्तकृत समुदायको चेपाङहरूको भाषाको विकासको लागि लामो अनुसन्धान पश्चात् यो शब्दकोश निर्माण भएको देखिन्छ। यो चेपाङ भाषा अध्ययन गर्न, बुझ्न, पढ्न तथा भाषिक अनुसन्धान गर्न चाहनेहरूको लागि उपयोगी छ। यसमा करिब ६ हजार चेपाङ शब्दहरू नेपाली र अङ्ग्रेजीमा अनुवादित छन्। यो शब्दकोश चेपाङ समुदायको भाषा विकासका लागि महत्त्वपूर्ण दस्तावेज बनेको छ। चेपाङ समुदायको छोनाम शब्दको अर्थ तथा समुदायले परम्परागत रूपमा मान्ने मुख्य पर्व भएको उल्लेख गरिएको छ। यसले समुदायको प्रमुख पर्वको ऐतिहासिक, सांस्कृतिक र धार्मिक परम्परा अनुसारको मूल्यमान्यता अनुरूपका सामाजिक इकाईहरू, प्रतीकात्मक बिम्ब तथा संस्कृति हस्तान्तरण, पुस्तान्तर र प्रदर्शनको सम्बन्धमा शाब्दिक अर्थ केलाउने कार्य पनि गरेको छ।

राई, (वि.सं.२०७५) अनुसार, न्वागी चेपाङहरूको मुख्य पर्व भएको र यो भाद्र महीनामा मनाइन्छ। यो पर्व वर्षभरिको नयाँ अन्नबालीलाई पहिले पितृलाई चढाएर आफू खाने परम्परा भएकोले अरू पर्वको तुलनामा विशेष हुने गर्दछ भने यस पर्वको लागि आवश्यक विशेष सामग्रीसहित पान्देले तान्त्रिक विधिबाट सम्पूर्ण पितृहरूलाई फलाक्दै बोलाइ आयु हुनेलाई राम्रासँग बाँच्न देऊ, नहुनेलाई आयु बढाइ देऊ भनी सबैलाई नयाँ अन्नको टीका लगाइन्छ। त्यसपछि नयाँ अनाज ग्रहण गर्ने कुलकुटुम्ब तथा इष्टमित्रहरूलाई

सामुहिक रूपमा भोज खुवाउने गर्दछन् । साथै नयाँ पान्देको पनि सम्भावना भए घोषणा गर्ने गर्दछन् भनी विश्लेषण गरेको पाइन्छ । तर यस खोजले यो समुदायको सांस्कृतिक महत्त्वको पर्व भएता पनि पहिचान र संस्कृति रूपान्तरणको सन्दर्भमा विस्तृत खोजको कमी देखिन्छ ।

रिमाल, (वि.सं.२०८१) ले विश्लेषण गरे अनुसार यो समुदायको पहिचानयुक्त पर्वपर्वहरू प्रशस्तै भएता पनि गरिबी र अभावको कारण विभिन्न समयमा आफूलाई परिवर्तन गर्ने बहानामा धार्मिक रूपमा नै परिवर्तन हुनेक्रम जारी रहेकोले उनीहरूको सांस्कृतिक पर्वहरू छोनाम जस्ता पर्व मनाउन छाडेका छन् । यसरी देशमा आएको परिवर्तसँगै यो समुदायको संस्कृतिमा पनि व्यापक परिवर्तन आएको तथ्यलाई विश्लेषण गरेका छन् ।

Piya, Maharjan & Joshi (2019, Februry) द्वारा लेखिएको लेखमा नेपालका चेपाङ समुदायको जीवनयापनलाई मध्यनजर गरेर विश्लेषणात्मक रूपमा सामाजिक आर्थिक पक्षमा वातावरणीय प्रभावको सम्बन्धमा छलफल गरेको देखिन्छ । यसबाट यो समुदायको सामाजिक सांस्कृतिक पक्षलाई पर्यावरणीय असरको चर्चा गरी यसले पारेको प्रभावले समुदायको दिगो विकासमा देखिएको असरले समाजका सांस्कृतिक पक्षहरू परिवर्तन हुने तथ्यहरूको विवेचनात्मक विश्लेषण गरेका छन् । समग्र रूपमा समुदायको आर्थिक सामाजिक, धार्मिक, सांस्कृतिक पक्षमा प्रभाव पार्दै परिवर्तित रूपमा जीवनशैली आउन पर्यावरणीय असर अथवा भनौ जलवायु परिवर्तन भएको तथ्यहरूलाई अगाडि ल्याएको देखिन्छ । यसले समग्र समुदायको संस्कृतिलाई नै प्रभावमा पारेको सन्दर्भ अगाडि सारेता पनि सांस्कृतिक धरोहरको रूपमा रहेको पर्वहरूको बारेमा अन्तरनिहित रूपमा विश्लेषण गरेको देखिदैन ।

प्रजा, (वि.सं.२०७६) ले त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा मानविकी तथा सामाजिक शास्त्र संकाय राजनीतिशास्त्र केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह, दशौं पत्रको आवश्यकता पूर्तिका लागि प्रस्तुत गरिएको अप्रकाशित शोधपत्रमा यो समुदायको राजनीतिक पक्षहरूको बारेमा विशेष चर्चा गरेका छन् । समुदायको ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्षहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिले प्रभाव पारेको हुन्छ, जसका कारण समुदायको संस्कार संस्कृति परिवर्तन र लोप हुने अवस्था सिर्जना हुने गर्दछन् ।

चेपाङ समुदायमा कतिपय संस्कृतिहरू लोप भइसकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा रहेका छन् त्यसको संवर्धन र संरक्षण गर्नको लागि राजनीतिक पहुँचको आधार हुने परिपाटीले प्रभाव पारेको यथार्थलाई प्रकाश पार्ने कार्य यस शोधले गरेको देखिन्छ। यसले समुदायमा रहेको सांस्कृतिक पर्वको विस्तृत विश्लेषण गरिएको तर महत्त्व बारेमा त्यत्ति धेरै चर्चा गरेका छैनन्।

प्रजा (वि.सं.२०७८) पुस्तकमा यो समुदायको सामाजिक, सांस्कृतिक एवं राजनीतिक पक्षहरूको बारेमा चर्चा गरिएको छ। समुदायको जातीय पहिचानको सवालमा ऐतिहासिक खोजको साथमा संस्कृतिको निरन्तरतालाई विश्लेषण गरिएको छ। समाजमा विद्यमान परिवेशलाई नियाल्दै चेपाङहरूले अवलम्बन गर्दै आएका सांस्कृतिक पर्वहरूको बारेमा सामान्य चर्चा गरिएको छ तर समुदायको पहिचानलाई सम्बोधन गर्ने वा सांस्कृतिक धरोहरको रूपमा स्थापित पर्वहरूको बारेमा गहन अध्ययन हुन सकेको छैन जुन यस पुस्तकमा समावेश भएको तथ्यहरूको आधारमा थप अनुसन्धान गर्नुपर्ने अवस्था देखापरेको छ। यसले गर्दा यस शोधमा चेपाङ समुदायमा विशेष रूपमा मनाउने छोनाम पर्व जसले सांस्कृतिक मूल्यमान्यता बोकेको पर्वको रूपमा रहेको तथ्यलाई प्रकाशमा ल्याउनका लागि यो अनुसन्धान आवश्यक भएको देखिन्छ।

संस्कृति मन्त्रालय, (वि.सं.२०७९) द्वारा प्रकाशित पुस्तकमा नेपाल सरकारको तर्फबाट संयोजन गरिएको पुस्तकले चेपाङ समुदायको सांस्कृतिक पर्व मनाउन पान्दे आवश्यक हुने र उनैको अगुवाइमा छोनाम फलाक्ने परम्पराको उल्लेख गरिएको छ भने यस पर्वमा सांस्कृतिक अनुष्ठानको साथमा जीवनयापनमा आइपर्ने खाद्य संकट तथा अरू दैवीप्रकोपका संकटमा आधारित गीतसंगीत (जुवारी, झ्याउरे) गाउने र पर्व वर्षभरिको दुःख सुखलाई स्मरण गर्दै पुर्खालाई सम्झने पर्वको रूपमा मनाउने परम्परा रहेको उल्लेख गरिएको देखिन्छ।

आचार्य, (२०८०) मा लुँती अजिमा जात्रामा जीव आहुति होम गरिन्छ। जसमा सम्पूर्ण जात्रा मनाउने स्थान वरपरका मानव जीवनलाई क्षति हुनबाट जोगाउने र सबैको कल्याण होस् भनी यस प्रकारको जीव आहुति दिने परम्पराको स्पष्टता गरेको पाइन्छ। चेपाङ समुदायले पनि छोनाम पर्वको कुलपुजामा जीव आहुति दिने (कुखुराको भालेको बलि दिने) परम्परा रहेको पाइन्छ जुन पशुपंक्षि बलि दिने परम्परामा समानता रहेको पाइन्छ।

प्रजा, (२०८२) मा छोनाम पर्व चेपाङ समुदायको सांस्कृतिक चाडकाको बारेमा विश्लेषण गरिएको पाइन्छ। यसमा छोनाम (न्वाँगी) पर्वको सांस्कृतिक संस्कारहरुको बारेमा सामान्य रुपमा प्रतिकबात्मक सिद्धान्तको आधारमा विश्लेषण गरिएको देखिन्छ। यसमा चेपाङ समुदायको छोनाम पर्वमा सांस्कृतिक प्रतीकवादको सवालमा विस्तृत रुपमा विश्लेषण गरिएको देखिदैन। भने पर्वमा प्रयुक्त प्रतीकहरुको सांस्कृति अर्थ र अरु जनजातिय समुदायले यस प्रकारका् पर्व मनाउने क्रममा प्रयोग गर्ने बिम्ब वा प्रतीकहरुको सैद्धान्तिक कारणहरुको विश्लेषण संक्षेपमा प्रस्तुत गरिएका छन्।

## २.४ अनुसन्धान रिक्तता

चेपाङ समुदायको छोनाम पर्वको सन्दर्भमा पूर्व अध्यताहरूले आफ्नो अनुसन्धानको सिलसिलामा उल्लेख गरेको देखिन्छ। यस पर्वको महत्त्वलाई पहिचानसँग जोडेर विश्लेषण गरेको भेटिन्छ। यसरी अनुसन्धानको प्रारम्भिक रूपमा खोजमार्फत् परिचय गराउने अनुसन्धानकर्ताहरूमा राममणि ढुंगेल, गणेशमान गुरूङ, डीयना रिबोली, उद्धव राई, ठगिन कुमार राई लगायतको नाम अगाडि आउँछ। छोनाम पर्वको विविध पक्षहरूमा गरिएको केही विद्वानहरूले खोजमा विश्लेषण गरेको पाइएका छन्। पृष्ठ ३७ मा लेखिएको छोनाम सांस्कृतिक पर्व भन्ने तथ्यहरु प्रस्तुत गरेका छन्। जसअनुसार नेपालमा बसोबास गर्ने अरू जाति समुदायले नयाँ अन्नबाली भित्र्याइ सकेपछि पहिले पितृलाई चढाएर आफू खाने परम्पराजस्तै चेपाङहरूले श्रावण-भाद्र महिनामा पाखे अन्नबाली भित्र्याइ सकेपछि यो पर्व मनाउँछन्। जसलाई चोनाम भनेर भन्ने गर्दछन्। यो अरू समुदाय राई, लिम्बू, गुरूङ तथा अन्य जातिको जस्तै न्वागी खाने परम्परा हो। हिन्दु र बौद्ध धर्मावलम्बीहरूको प्रभावमा दशैं, तिहार, माघेसंक्रान्ति मनाए जसरी मनाउने पर्व हो जसलाई छोनाम भनी मुख्य सांस्कृतिक पर्वको रूपमा मनाउँछन्।

गणेशमान गुरूङ लगायतका अनुसन्धानकर्ताका अनुसार छोनाम चेपाङहरूले वर्षको भाद्र महिनामा मनाउने पर्व हो। यसमा पान्देको निर्देशन बमोजिम परम्परागत मूल्यमान्यतामा आधारित नयाँ खाद्य सामग्री र कुखुराको भाले कुललाई बलि चढाएर मासु र नयाँ खाद्यबाली तथा भातीजाँड प्रसादको रूपमा ग्रहण गर्ने गर्दछन्। उनीहरूले यस पर्वलाई जीवन र जगत बिचको माध्यम रूपमा पान्देले भूमिका निर्वाह गरेको विश्वास गर्दछन्। यसै

अवसरमा नव पान्देको पहिचान, परिक्षण तथा खली खुवाउने (अवउप्रान्त पान्दे भई कार्य गर्न अनुमति प्रदान गर्ने कार्य) समेतको कार्य गर्ने परम्परा रहेको उल्लेख गरेका छन् ।

त्यसैगरी अर्को विद्वान डीयना रिबोलीका अनुसार चेपाङ समुदाय झाँक्री (पान्दे) अथवा तान्त्रिक विद्यामा विश्वास गर्ने समुदाय हो । उनीहरू परम्परागत रूपमा प्रकृति, पितृ र जीवनलाई झाँक्रीमार्फत् पुज्ने प्रचलन रहेको छ। यो समुदायमा दुःखपर्दा विरामी पर्दा औषधि उपचारको रूपमा झाँक्रीले नै गर्ने, भूतप्रेत पिचास तथा कुल कुल्यानको रेखदेख लगायत जीवनको सम्पूर्ण अवयवलाई झाँक्रीको शक्तिमार्फत् पुज्दा प्रकृति र पितृ खुसी हुन्छन् भन्ने जनविश्वास रहेको छ । चेपाङहरूले तामाङ, गुरूङ, राई, लिम्बूले जस्तै विभिन्न पर्वपर्व मान्दछन् । यसरी परम्परागत रूपमा पुज्ने पर्वपर्वमध्ये छोनाम एक विशेष हो । यसमा झाँक्री (पान्दे) को प्रमुख भूमिका हुने गर्दछ । यसलाई मुख्य सांस्कृतिक पर्वको रूपमा मान्ने गर्दछन् । यसरी नै अरू विद्वानहरूले पनि अनुसन्धानमा प्राप्त तथ्यहरूलाई ठाउँ विशेष फरक भएता पनि समग्रमा यिनै सन्दर्भलाई विश्लेषण गरेको देखिन्छ ।

नेपालमा रहेका जाति समुदायले मनाउने पर्वमध्ये एक पर्व हो जसलाई चेपाङहरूले छोनाम भनेर मान्ने गर्दछन् । यो पर्व सांस्कृतिक रूपमा मनाउने र वर्षको एक पटक भाद्र महिनामा पाखे अन्नबाली भित्र्याइसकेपछि पहिले पितृलाई चढाएर आफू खाने, कुललाई कुखुराको भाले बलि दिएर परिवारको सुखशान्ति तथा अनिकाल नलागोस्, सहकाल होस्, कुनै प्राकृतिक विपत् आइनपरोस्, शक्ति प्रदान होस् भनी कामना गर्ने र दुःख बिरामी परेकोलाई निको होस् । अरुलाई दुःख नदेऊ भनी प्रण गर्ने, बिरामीको नाममा उठाएको चामल र बलिको रूपमा चढाउन तयार गरिएको (भाकल) पशुपंक्षीहरूलाई यसै बखत बलि चढाएर बिरामीहरूको आयु भर्ने र सुखशान्ति रहन दिनु भनी कार्य गर्ने (बिरामी हेराउने, भाकल काट्ने, खर्च कटाउने) आदि नामले पुज्ने गरिन्छ । यसरी नयाँ खाद्यबाली अथवा नयाँ अन्नबालीहरु (घैयाधान, चामल, केरा, काउनो, भातीजाँड, खट्टे, चिउरा, निबुवा, अदुवा, घिरौला लगायतका सामग्रीहरू चढाउने, नव पान्देहरूलाई प्रवेश गराउने तथा खली खुवाउने (सामान्य मानिसबाट नव पान्दे हुन तान्त्रिक विधिबाट पान्दे भएको बाचा पूरा गर्ने) जस्ता कार्यहरू गर्ने परम्परागत प्रचलन रहेको पाइन्छ (प्रजा, २०८२ पृ. ५५-७६) ।

चेपाङ समुदायमा छोनाम पर्वको सम्बन्धमा पूर्व खोजकर्ताहरूले यो समुदायको सांस्कृति पर्व भएको तथ्यहरू प्रष्ट्याउने कार्यहरू गरेका छन् । ती विद्वानको अनुसन्धानबाट

प्राप्त भएका ज्ञानको उपलब्धतालाई यस शोधमा भरपुर सदुपयोग गरिएको छ। ती अनुसन्धानले यो पर्वमा समुदायको पहिचानसँग सम्बन्धित प्रयुक्त प्रतीकहरूले जीवनशैली जोड्ने, यसको सांस्कृतिक महत्त्व र यसलाई हस्तान्तरण तथा प्रदर्शन गर्ने मुख्य अवसर भएको सन्दर्भलाई भने खोजले समावेश गरेको भेटिदैन। यस्तै यस पर्वमा प्रयोग गरिने सांस्कृतिक बिम्बहरूको अर्थ के के रहेका छन्। त्यसको महत्त्वको बारेमा कतै उल्लेख भएको पाइदैन भने छोनाम पर्वमा प्रयुक्त बिम्ब र प्रतीकहरू अरू जनजाति समुदायबिच रहेको समानको बारेमा चर्चा गरेको देखिदैन। यसकारण यस अनुसन्धानले ती पूर्व अध्यताले विस्तृत विश्लेषण गर्न छुटाएको रिक्ततामध्ये केहीलाई समावेश गर्ने प्रयास गरिएको छ। अध्ययनमा मुख्य ती ३ समस्यालाई प्रश्नको रुपमा खडा गरी त्यसको उत्तर खोजी गर्ने उद्देश्यसाथ यो अनुसन्धान प्रारम्भ भएको हो ? जसमा चेपाङ समुदायमा छोनाम पर्व मनाउने विधि र प्रक्रिया के के हुन् ? यस पर्वको अनुष्ठानमा प्रयुक्त प्रतीकको सांस्कृतिक अर्थ कस्तो रहेको छ ? र चेपाङ समुदाय जस्ता जनजाति समुदायले पर्व मनाउने क्रममा प्रतीकको प्रयोग गर्नुपर्ने सैद्धान्तिक आधार कसरी निर्माण भएको छ ? भन्ने रहेका छन् र यस प्रकारका प्रतीकहरू अरू जाति समुदायमा प्रयोग हुने प्रतीकहरूको सैद्धान्तिक कारणहरू कस्ता रहेका छन् ? भन्ने जस्ता प्रश्नहरूको उत्तरमा पूर्व कार्यहरुमा रिक्तता देखियो। त्यसकारण पूर्वसाहित्य समीक्षामा देखिएका रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्य अनुरूप यो अनुसन्धान गरिएको छ।

# अध्याय - तीन

# चेपाङ समुदायको छोनाम पर्व

## ३.१ चेपाङ समुदायको परिचय

नेपालमा बसोबास गर्ने जाति समुदायमध्ये चेपाङ (प्रजा) एक हो । यो समुदायको इतिहास, रहनसहन, धार्मिक, सामाजिक, सांस्कृतिक विशेषता रहेको छ । भाषा, संस्कृति, संस्कार, भेषभुषा तथा परम्परागत जीवनशैली नै उनीहरूको पहिचान हो । सघन बसोबासको हिसाबले राप्ती नदी उत्तर, मर्स्याङ्दी र दरौंदी नदी पूर्व, त्रिशुली पूर्व-दक्षिण क्षेत्रको महाभारत शृंखला क्षेत्रमा पर्दछ । यो क्षेत्र काठमाडौं पश्चिमको दामन डाँडाको शृंखलाबाट सुरू हुने डाँडाखर्क, खैलिङ, ओपुचुली, ब्रुम्दिङ, भिम्बुङ, ब्रोसबाङ, पाङराङ, सिराइचुली हुँदै त्रिशुली नदीमा पुगेर सकिने महाभारत पर्वतको वरिपरि हो । यसरी पश्चिम-दक्षिण फैलिएको शृंखलाको उत्तर दक्षिण पानीढलोका क्षेत्रमा बसोबास गर्दै आएका समुदायको रूपमा चेपाङ समुदायलाई लिइन्छ (राई, २०६७, पृ. १३-१४) ।

चेपाङ समुदायको जीवनशैली जल, जंगल र जमिनको संयोजन मिलेको स्थानमा भएको प्रायः देखिन्छ । उनीहरूको बसोबास वन-जंगल नजिक, भिरालो परेको जमिन, खोला र खोल्छा नजिक उड्किलो (साना-साना थुम्का) परेको जमिनमा छरिएर रहेको पाइन्छ । घरहरू सामान्यतः एकतले ढुङ्गा र माटोले बनेको र खरले छोपिएको हुन्छ । कतिपय चेपाङहरूको घर भने जंगली काठ र सेउलाले (घाँसपात) बेरेर बनाएको हुन्छ । चेपाङहरू अन्य समुदायसँग कम घुलमेल हुने र लजालु स्वभावका हुन्छन् । शारीरिक रूपमा होचा तर बलिष्ठ मांसपेसिदार हुन्छन् । उनीहरूको पूर्ख्यौली पेसा खोरिया खेती (जंगलको पाखामा आगो लगाएर घेरिएका स्थानमा पाखेबाली लगाउने जमिन) तथा सिकार र संकलन अथवा भनौं बटुलबाटुल हो । हाल आएर आधुनिक जीविकोपार्जनका माध्यमहरू कृषि (घैया, काउनो, पिंडालु, कोदो, मकै आदि), पशुपालन (कुकुर, सुँगुर, कुखुरा र बाख्रा) र तरकारी खेतीतर्फ पनि यो समुदाय उन्मुख (राई, २०६७, पृ. २९-३२) छन् ।

चेपाङहरूको स्वाजातीय नाम च्योबाङ–चेबाङ–चेपाङ रहेको छ । उनीहरूलाई बाह्यनामको रूपमा प्रजा जाति भनेर चिनिन्छ । परम्परागत रूपमा चेपाङहरू जंगली जीवनयापनले अन्य समुदायको तुलनामा पछाडि परे । यो अवस्थामा रहेका चेपाङहरूलाई पञ्चायत कालमा

राजाले यिनीहरू हाम्रै प्रजा हुन् अब उप्रान्त प्रजा भनेर सम्बोधन गर्नु भनी हुकुम बक्सेकोले वि.सं. २०३४ सालदेखि प्रजा भनिएको हो। तिनीहरूको लागि "प्रजा विकास कार्यक्रम" लागू गरियो । त्यसयता सबै चेपाङहरू प्रजा भए । चेपाङहरूलाई प्रजा जाति भनेर पनि चिन्ने गरेको छ । वर्तमान अवस्थामा चेपाङहरूले चेपाङ र कतिले प्रजा नै लेखी आएकोले ती दुवै लेख्नेहरू एउटै जाति समुदाय हो भन्ने बुझाइ रहेको पाइन्छ (राई र अरू, २०६७, पृ. ३-४) ।

### ३.१.१ जातीय नामाकरण र बसोबासको इतिहास

नेपाल बहु-जातीय, बहु-भाषिक, बहु-सांस्कृतिक, बहु-धार्मिक राज्य हो । विविधतामा एकता नै नेपालको विशेषता हो । नेपालमा बसोबास रहेको चेपाङ समुदायको हुन् तिनको विविध पक्षको सवालमा भिन्न-भिन्न विचारहरू रहेको पाइन्छ । ती विचारहरूमध्ये केहीलाई विश्लेषण गरिएको छ । नेपालमा बसोबास गर्ने विविध जाति समुदायमध्ये चेपाङ एक हो । यी जातिको नाम चेपाङ कसरी रहन गयो भन्ने विषयमा जनश्रुतिहरू पाइन्छ : "चे" को अर्थ "कुकुर" र "पाङ" को अर्थ "धनुकाँड" हुने र चेपाङहरूले घर-घरमा कुकुर पाल्ने हुँदा कुकुर र धनु-काँडका सहायताबाट सिकार खेल्छन् । त्यही भएर "चे" र "पाङ" को समासबाट चेपाङ भई चेपाङ नामकरण भएको (पाण्डेय : २०६३ पृ.१७) हो । अर्को जनश्रुति अनुसार "च्यो" को अर्थ "टुप्पो" र "वाङ" को अर्थ "ढुङ्गा" हुने र यिनीहरू पहाडको टुप्पामा बसोबास गर्ने हुँदा च्योवाङबाट अपभ्रंश भई चेपाङ भएको भन्ने भनाइ आजको समयमा पनि सुन्नमा आएको (लामा : २०६५ पृ. ३०-३७) हो । चेपाङहरूको उत्पत्तिको सम्बन्धमा अर्को रोचक किवदन्ती रहेको पाइन्छ । जस अनुसार चेपाङहरू रामायणमा सीताको सन्तान लव र कुशमध्ये कुशको सन्तान कुसुण्डा र लवको सन्तान चेपाङ (गुरूङ : १९९५, पृ. १०-११) हुन् भन्ने किंवदन्ती पाइन्छ । चेपाङ समुदायको खोज गरी अभिलेखिकरण गर्ने पहिलो अनुसन्धानकर्ता B. H. Hudgson हुन् । उनले करिब १५० वर्ष पहिले प्रकाशित Notes मा केही तथ्यहरू समावेश गरेको पाइन्छ । उनको अनुसार नेपालका मध्य पहाडी भेगमा बसोबास गर्ने चेपाङ र कुसुन्डासँग समूहगत गर्दै उनीहरू पूर्ण रूपमा जंगली फलफूलको उत्पादनमा बाँचिरहेका छन् । चेपाङहरू कुसुन्डाभन्दा केही डिग्री माथि बस्दछन् । उनीहरूको कला र बानीहरू सबैभन्दा सरल रहेका छन् । चेपाङहरूको भाषागत निकटता भुटानका ल्हो भनिने मानिसहरूसँग रहेको उल्लेख गरेको छ (बिस्ट : २००४ पृ. ११७) ।

चेपाङ आफ्नै भाषा, धर्म, कला संस्कृति भएको समुदाय हो । उनीहरू गहुँ गोरो, होचो कद, गोलो अनुहार, लजालु स्वभाव, अरूलाई पिडा नहोस् भन्ने मान्यता राख्ने गर्दछन् । अन्य जातिको सम्पर्कमा रहन नरुचाउने अलग्गै रही जीवन निर्वाह गर्न चाहनु, लजालु स्वभाव नै चेपाङहरूको मुख्य विशेषता हो । भाषिक हिसाबले उनीहरूको भाषा भोटबर्मेली समूहमा पर्दछ । उनीहरु प्राचिन समयदेखि नेपालको भू-भागमा घुम्दै बस्दै आएका देखिन्छन् । चेपाङहरूको उत्पत्तिको दृष्टिकोणमा विद्वानहरूको भिन्न-भिन्न मत पाइन्छन् । चेपाङहरू बसोबासको दृष्टिकोणले उनीहरू आदिमकालदेखि कुनै एक मानव समूहबाट विकसित हुँदै आएको समुदाय हुन् भन्नेमा समान विचार रहेको पाइन्छ । विद्वान्हरूको अध्ययनमा मानव समाजको विकास हुँदै आएका यी समूहहरु प्राचिनकालमा पूर्वथली (पुकुन्थली) र सुनाथली (हालको ओखलढुङ्गा, दोलखा, सिन्धुपाल्चोक र रामेछाप जिल्ला) हुन् । ती स्थानलाई यस पर्वमा पान्देले मन्त्र भन्दै उद्घोष गर्ने गर्दछन् भन्ने विश्वास गर्दछन् । मध्यकाल पाटनको राजाले पराजित गरेपछि चेपाङहरु त्यहाँबाट विस्थापित भएका थिए । यसपछि त्यस ठाउँबाट विस्थापित हुने क्रममा चेपाङहरू शत्रुको आक्रमणबाट बच्न भिन्न भिन्न समूह बनाई रातको समयको विभिन्न प्रहरमा त्यस ठाउँबाट हिंडेका थिए (राई, २०६७, पृ. १३-१४) ।

पूर्वथली वा पुकुन्थलीबाट विस्थापित भएकाहरू थाँक्रे (हाल धादिङ जिल्लामा पर्ने) मा आई बसोबास गर्न थाले भने सुनाथलीबाट विस्थापित भएकाहरू महाभारत शृंखलाको आसपासको कछाड भेगमा आई बसोबास गरेका हुन् (कृष्णबहादुर चेपाङ, १४ श्रावण २०८०) । उनका अनुसार चेपाङहरू (पुकुन्थली) नेपाले राजा (तत्कालिन काठमाडौं उपत्यकाको राजा) बसेको उपत्यका नजिकको बाटो हुँदै हाल धादिङ जिल्लाको थाँक्रेमा आई बसेका थिए । त्यस ठाउँबाट नेपाले राजाले आक्रमण गरेको र त्यहाँ थप औलो रोगको कारणले बस्न नसकी क्रमशः स्याङमाई, ठुलीफाँट, पुगुन हुँदै चिउरीखर्क, सर्बोटे, धर्मेचौरमा गई बसेका हुन् । पुकुन्थलीबाट पुगुनमा आई बसोबास गर्नेहरू आफूहरूलाई (सुन च्योवाङ/सुन प्रजा) हौं भनी दावा गर्दछन् । पूर्वथली अथवा पुकुन्थली च्योवाङभित्र बाइस नाल (थर) को समूह हुन्छन् । यस कुराको पुष्टि चेपाङ संस्कार संस्कृतिमा अपनाइएका विविध पक्षहरूले पुष्टि गरेको पाइन्छ । चेपाङ पान्दे (चेपाङ झाँक्री) को अनुसार चेपाङ थर समूह बाइस रहेको (जसलाई बाइस नाल भनी सम्बोधन गरिएको) हुन्छ । भएको र सो अनुसार बाइस नाल भित्रको भएकोले आफ्नो पुजाआजा, विवाह, जन्म संस्कार, मृत्यु

संस्कार, विवाह, कुलपुजा तथा पर्वपर्व लगायतको कार्यमा प्रयोग हुने सामग्रीहरू बाइस थान वा बाइस वटाका दरले लिने/बुझाउने र चढाउनु पर्ने मान्यता रहेको छ। सुनाथलीबाट विस्तापित भएकाहरु महाभारत शृंखलाको पानीढल्लो पल्लो भेग जुन चितवन जिल्लामा पर्ने स्थानहरुमा गई बसोबास गरेका र उनीहरुले पनि छोनाम फलाक्ने गरेको पाइन्छ ( काजीमान चेपाङ, १ भाद्र २०८१)।

सुनाथलीबाट विस्थापित भएका चेपाङहरुले महाभारत शृंखलाको आसपासको कछाड भेगमा आई बिस्तारै आफ्नो थुम राज्यहरू स्थापना गरी बसेका थिए। जुन हालको जिल्लाहरू धादिङ, चितवन र मकवापुरको पहाडी भिरालो परेको कछाड भू-भागहरू हुन् ( गुरूङ, १९९५, पृ. ६)। चेपाङहरू तिनै ठाउँबाट क्रमशः फैलँदै अन्य विभिन्न ठाउँ र जिल्लामा बस्न पुगेका हुन्। चेपाङ समुदायमा उल्लेखित बाइस नालका थर समूहहरू कालान्तरमा बासस्थान, अन्तरजातीय विवाह, मानपद्वी, पेसा, व्यवसाय विशेषबाट रहन गई नालभित्रको उप-थरहरू निर्माण भएको पाइन्छ। यसरी निर्माण भएको थरहरू समेतको गणना गर्दा हाल उनीहरुको ७४ वटा थर रहेको पाइन्छ (चेपाङ र अरू, २०७६, पृ. ९-१२)।

वि.सं.२०३४ सालमा तत्कालीन राजा वीरेन्द्रको भ्रमण मकवानपुरको मनहरीमा भएको थियो। त्यहाँको कार्यक्रममा राक्सिराङ, मइसीराङ, धिराङ जस्ता पहाडी भेगबाट चेपाङहरूको बाक्लो उपस्थिति रहेको थियो। चेपाङहरू गरिबीको कारण लगौंटी र कछाडको भरमा कार्यक्रम स्थल वरपर उभिएको राजाले देखे। यो दृश्य देखेर राजाले स्थानीय प्रतिनिधिलाई सोधनी गरी जानकारी लिए। चेपाङहरूको वास्तविकता बुझेर राजा वीरेन्द्रले तत्काल एउटा मायाको उपहार स्वरूप “प्रजा भन्नू” भनी हुकुम गरे। त्यसपछि सबै चेपाङहरू “राजाको प्रजा” भनेर खुसी भए। राजाको प्रजा भएलगत्तै २०३४ सालदेखि चेपाङहरूलाई “प्रजा” भन्न थालियो। प्रजाहरूको विकासको लागि “प्रजा विकास कार्यक्रम” पनि लागू भयो (राई र अरु, २०६७, पृ. १४)। यसले चेपाङहरू र अन्य समुदायबिचको सम्बन्धमा सकारात्मक प्रभाव परेको देखिन्छ। हाल देशमा भएको परिवर्तनले आएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा यसको प्रभावकारिता कमजोर भएको देखिन्छ। प्रजा विकास कार्यक्रमको करिब दुई दशकको अन्तरालमा चेपाङहरूमा यो राजाको प्रजा भन्नेभन्दा पनि आफ्नो समुदायको पहिचान के हो भन्ने बुझाइ चेपाङ अगुवाहरूमा पर्न गयो। केही समूह

बिचमा वादविवाद गरिएता पनि आफ्नो पहिचान "प्रजा" नभई "चेपाङ" भएकोमा सहमत भएको देखिन्छ (राई, २०६७, पृ.२-४)।

चेपाङ समुदायको जातीय पहिचान मूल मुद्दाको रूपमा आएपछि प्रजाबाट चेपाङ भन्ने क्रम तीव्र रूपमा बढेको थियो। वास्तवमा विभिन्न तथ्यहरूको आधारमा उनीहरू चेपाङ नै हुन् भन्ने कुरा पुष्टि हुँदै गयो। चेपाङहरूको आफ्नै भाषा हुनु, परम्परागत सिप र ज्ञान हुनु, भौगोलिक क्षेत्र एकै ठाउँमा समेटिएको र सांस्कृतिक परम्पराहरूको सामिप्यता हुनु आदि ऐतिहासिक तथ्यहरू रहेका छन्। नेपालमा सूचिकृत ६० आदिवासी जनजाति अन्तर्गत "अति सिमान्तकृत समूह" मा रहनु हो। नेपालका आदिवासी जनजातिअन्तर्गत रहेको, भाषा, धर्म, संस्कार र चलनहरू कतिपय आदिवासी जनजाति समुदायसँग मिल्न जानु, पुर्ख्यौली थलोको रूपमा जहाँ छ, त्यस ठाउँमा चेपाङ भाषाको नामबाट धेरै ठाउँ, खोला, भीर आदिको नामाकरण हुनु नै यस समुदायको वास्तविक परिहचान बन्न गएको छ (आ.ज.उ.रा.प्र. ऐन, २०५८)।

## ३.१.२ चेपाङ समुदायको वर्तमान अवस्था

नेपालमा चेपाङ समुदायको वर्तमान अवस्थाहरूको विभिन्न तवरमा भौगोलिक, जनसांख्यिक तथा सामाजिक र सांस्कृतिक रूपमा रहेको परिवेशलाई रहेको पाइन्छ। चेपाङ समुदायमा २२ प्रकारका कूल समुह हुन्छन्। उक्त २२ कूलसमुहहरुले छोनाम फलाक्ने गर्दछन्। परम्परागत रुपमा रहेका कूलथरबिच अरु समुदायसँगको अन्तरसम्बन्धबाट र ठाउँ विशेष बसोबास गरेको जस्ता कारणबाट अरु उपथरहरु निर्माण भई हाल ७४ प्रकारका चेपाङ थर समुह रहेका छन् चेपाङ र अरु, २०७६, पृ.९-१२)। यस सन्दर्भमा अग्रज विद्वानहरूको अनुसन्धानलाई आधार मानी तल विश्लेषण गरिएको छ।

### ३.१.२.१ प्रमुख बस्तीहरूको भौगोलिक अवस्था

नेपालको मध्य पहाडी भूभागमा अवस्थित महाभारत शृंखलाको आसपासमा बसोबास गर्ने चेपाङ समुदायको प्रमुख बस्तीहरू पहाडी, भिरालो तथा थुम्काहरूमा भेटिन्छन्। चेपाङहरू धादिङ जिल्लाको दक्षिणी भाग, मकवापुर जिल्लाको पश्चिमी भाग, चितवन जिल्लाको उत्तरी भाग र गोरखा जिल्लाको उत्तरी भागको उकालो/भिरालो भाग जुन महाभारत शृंखलाको २५०० देखि ४००० सम्मको उचाईमा (विष्टः १९६७, पृ. ११८)

बस्दछन् । बिष्टको भनाइलाई आधार मान्दा र हाल चेपाङहरूको बसोबास क्षेत्र नियाल्दा धादिङ जिल्लाको दक्षिणी भागमा पर्ने तत्कालीन थाँक्रे, महेश दोभान, पिंडा, गजुरी, महादेवस्थान, धुषा, बेनीघाट गाविस हाल धुनिवेशी नगरपालिका, गल्छी, गजुरी र बेनीघाट रोराङ गाउँपालिकामा पर्दछ । मकवापुर जिल्लाको पश्चिमी भागको तत्कालिन राक्सीराङ, खैराङ, काँकडा, डाँडाखर्क, भार्ता, सरिखेत, गोगने र आग्रा, हाँडीखोला, मनहरी गाविस हाल कैलाश गाउँपालिका, राक्सीराङ गाउँपालिका र मनहरी गाउँपालिकामा पर्दछन् । यस्तै चितवन जिल्लाको भण्डारा, लोथर, काउले, सिद्धि, शक्तिखोर गाविसहरू हाल भरतपुर महानगरपालिका, राप्ती नगरपालिका, कालिका नगरपालिका माडी नगरपालिका, र इच्छाकामना गाउँपालिकामा परेको छ भने गोरखा जिल्लाको ताक्लुङ, ताङलीचोक, भुम्लीचोक, मकैसिङ र घ्यालचोक गाविसहरू हाल गण्डकी गाउँपालिका र शहीद लखनथापा गाउँपालिकामा परेको छ । तनहुँ जिल्लाको व्यासभूमि नगरपालिकामा, लमजुङको बेसीसहर नगरपालिकामा बसोबास रहेका छन् । त्यस्तै अन्य जिल्ला बाँके, बर्दिया, बारा, पर्सा, काठमाडौं उपत्यकामा पनि चेपाङहरूको बसोबास रहेको देखिन्छ (रा.त.का.,वि.सं. २०७८) ।

चेपाङ समुदाय अन्य समुदायको तुलनामा सघन बसोबासको हिसाबले हेर्दा ४ जिल्ला मकवापुर, चितवन, धादिङ र गोरखालाई मूल बासस्थानको रूपमा पाइन्छ । यस जिल्लाको भौगिोलिक बनावट जिल्ला फरक भएता पनि भूगोलको हिसाबले जोडिएको एकै क्षेत्र नै उनीहरूको थातथलो देखिन्छ । यसको लागि नक्सा नं. १ हेर्नुहोस् ।

यो नक्सा नेपालमा बसोबास गर्ने चेपाङ समुदायको साझा संगठन नेपाल चेपाङ संघद्वारा प्रस्तावित चेपाङ स्वायत्त प्रदेशको हो । यस नक्सामा नेपालको गोरखा, धादिङ, चितवन र मकवापुर जिल्लाको विभिन्न भूगोलमा बसोबास गर्ने चेपाङ क्षेत्रहरू जुन सेतो भागमा समेटिएको छ । यस अनुसन्धानको अध्ययन क्षेत्र नक्साको कालो भागमध्ये धादिङ जिल्ला गजुरी गाउँपालिकाको ४ नं. वडाभित्रका गाउँहरु जुन पृष्ठ ६ मा उल्लेख गरिएबमोजिम रहेका छन् ।

### ३.१.२.२ जनसांख्यिक स्थिति

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा चेपाङ समुदायको जनसंख्या ८४ हजार ३ सय ६४ छ। जसमा महिला ४१ हजार ६ सय ६ र पुरूष ४२ हजार ७ सय ५८ रहेका छन्। यो कूल नेपालको जनसंख्याको ०.२९ हुन आउँछ। यी जातिहरू नेपालको ३१ जिल्लामा बसोबास गरेका छन्। मकवापुर, चितवन धादिङ, गोरखा, लमजुङ र तनहुँमा सघन बसोबास रहेका (रा.त.का., २०७८) छन्। चेपाङ बसोबासको आधारमा जिल्ला अनुसारको जनसंख्याको विवरणको लागि तालिका नं. १ देखि ८ सम्म राखिएका छन्।

चेपाङ समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक र शैक्षिक रूपमा पछाडि परेको कारण यो समुदायको सांस्कृतिक पक्षहरूको पनि यथोचित रूपमा संरक्षण, संवर्धन र विकास हुन सकेन। यो समुदायको मुख्य पर्व छोनाम को बारेमा सामान्य रूपमा पाखोबारीमा फलेका नयाँ अन्नबाली भित्र्याइसकेपछि पितृलाई चढाएर आफू खाने गर्दछन् भन्ने सम्बन्धमा प्रायः अध्ययन र प्रचारप्रसार भएको भेटिन्छ तर यस समुदायको परम्परागत रूपमा प्रकृति, पुर्खा र जीवनशैलीबिच अन्तरसम्बध राख्ने पहिचानयुक्त पर्व भएको सन्दर्भमा कहींकतै विश्लेषण गरिएको भेटिदैन। यसकारण यस अनुसन्धानमार्फत् नयाँ अन्नबाली खाने पर्वमात्र नभई समुदायको सांस्कृतिक प्राण जोडिएको पर्व जसले चेपाङ समुदायको पहिचान कायम गर्न र संस्कृतिको संरक्षण, संवर्धन गर्दै पुस्तान्तरण गर्ने प्रक्रियाको प्रमुख अवसरको रूपमा मनाउने गर्दछन् (काजीमान चेपाङ, ४ भाद्र, २०८१)

## ३.२ चेपाङ समुदायको सांस्कृतिक चाडपर्वहरू

चेपाङ समुदायमा भौतिक र अभौतिक रूपमा विभिन्न सांस्कृतिक चाडपर्वहरू रहेका छन्। ती पर्वहरू परम्परागत रूपमा आ-आफ्नो कुलपरिवारको थर समूहहरूले मान्ने गर्दछन्। यो समुदायमा भौतिक रूपमा स्थापित सांस्कृतिक पर्वभन्दा अभौतिक रूपमा रहेका सांस्कृतिक पर्वहरू धेरै रहेको पाइन्छ। उनीहरूले मनाउने मुख्य सांस्कृतिक पर्वहरूमा छोनाम (न्वागी), तोङकोलोङ (कुलपुजा), नामरूङ (आइतबारेपुजा), भूयाँर (सिमेभुमेपुजा), सिकारीपुजा, प्रकृतिपुजा, भिमसेनपुजाको साथमा साउने, माघे संक्रान्ति तथा दशैं तिहार आदि पर्दछन् (चेपाङ र अरु, २०७६, पृ. ७१-७४)।

यो समुदायको सांस्कृतिक पर्वहरू स्थान विशेषमा भिन्न-भिन्न कुल र थर समूहले मनाउने गर्दछन् । तर छोनाम सबै कुल र थर समूहले मनाउने सामुहिक पर्व हो । यसको सन्दर्भमा केन्द्रित अनुसन्धानले विश्लेषणात्मक रूपमा तल व्याख्या गरिएको छ । चेपाङ समुदायले मनाउने सांस्कृतिक पर्वपर्वहरूमा छोनाम प्रमुख पर्व भएता पनि सांस्कृतिक ऐतिहासिक, धार्मिक तथा परम्परागत मूल्यमान्यतामा महत्त्वपूर्ण रहेको पाइन्छ । ती पर्व पनि छोनाम पर्वसँग सम्बन्धित हुने भएकोले पर्वपर्वलाई पनि समावेश गरिएको छ ।

### ३.२.१ तोङ्कोलोङ (कुलपुजा)

चेपाङ समुदायको सांस्कृतिक संस्कारमध्ये तोङ्कोलोङ (कुलपुजा) एक हो । यस कुलपुजाको संस्कारगत कार्यहरू छोनाम पर्वको अनुष्ठानसँग सम्बन्धित रहेका हुन्छन् । यो पुजा कुल परिवारमा कुनै प्रकारको विपत्ति, दुःख तथा प्राकृतिक प्रकोप आइनपरोस् भनी पितृलाई पुकारेर प्रत्येक १२ वर्षमा गर्ने अनुष्ठान हो । पान्देले आफ्नो कूलपरिवारमा सुख शान्ति र अमनचयन कायम रहेको अवस्थामा यो पर्व गर्नैपर्छ भन्ने हुँदैन । यस पर्व चेपाङ पान्दे (झाँक्री) द्वारा परिवारमा दुःअ, असान्ती र प्राकृतिक प्रकोप जस्ता विपत आई सताई रहेको परिप्रेक्ष्यमा कुलपरिवार भित्रको जेष्ठ सदस्यको घरमा समुहगत रुपमा यो पुजा गरिन्छ । पान्देले तोङ्कोलोङ गर्ने घरमा गई रातभरि एकपाखे ढ्याङ्ग्रो फलाकेर ध्यान गर्ने गर्दछन् । यो समयमा यस घरमा रहेकाहरू बाहिर जानु हुँदैन भन्ने मान्यता रहेको हुन्छ ।

यसरी ध्यानमा बसी फलाक्दै कुखुराको भालेलाई गर्धन नचुड्ने गरी हातले निमोठेर अगेनामाथि झुण्ड्याइन्छ । यसो गर्दा स्याकस्याका, मिनमिना (काँचो र पाकेको) सबै तिमीलाई नै दियौं हामीलाई दुःख नदेऊ भनेर राक्षस र पितृलाई पुकारिन्छ । बिहान कुल परिवारका सदस्यले एक-एक वटा कुखुरा र सान्चु आह्म (मकैको च्याँख्ला र सामाको चामल मिसाएर पकाएको भात) लिएर पान्देसामु आयु भर्नको लागि उपस्थित हुन्छन् । पान्देले घरभित्रको दलिनको काठलाई छुन लगाई कुखुरा र सान्चु आह्मको ताउलोसहित बोकेर तीन पटक परिक्रमा गर्न लगाई सबै जनाको आयु भर्ने कार्य गर्दछन् (चेपाङ र अरु, २०७६, पृ. ७१) ।

चेपाङ समुदायमा विद्यमान रहेको तोङ्कोलोङ (कुलपुजा) सबै थर समूहका चेपाङहरूले मनाउने गर्दैनन् । यो विशेष परिस्थितिमा केही थर समूहले मनाउने गरेको

पाइन्छ। यो संस्कार १२ वर्षमा मात्र गर्नु पर्ने भएकोले थोरै थर समूह अर्थात् आफ्नो जीवनमा आइपरेको दुःख तथा प्राकृतिक प्रकोप लगायतको विपत आइपरेको महसुस भएको खण्डमा पान्दे (झाँक्री) को सल्लाह बमोजिम यस प्रकारको कुलपुजा गरी संकट टार्ने विश्वासको साथ यो पुजा गर्ने प्रचलन रहेको पाइन्छ। सामान्यतय छोनाम पर्वमा कुलपुजा गर्ने र वार्षिक रूपमा कुनै न कुनै बखत कुलपुजा गर्ने चेपाङ थर समूहले यस प्रकारको तोङ्कोलोङ (कुलपुजा) बिरलै गर्छन्।

छोनाममा कुलपुजा नगर्ने तथा वार्षिक रूपमा कुलपुजा अरू समयमा पनि नगर्ने चेपाङ समुदायभित्र यो संस्कार अलि बढी हुने गरेको देखिन्छ। यस कुलपुजामा बलि चढाएका कुखुरा, सुँगुर, गँगटो लगायतका पशुपंक्षीहरूको टाउको तर्फको भाग पान्देलाई छुटाइ बाँकी भागलाई पकाएर सबै जनाले प्रसादको

### ३.२.२ नामरूङ (आइतबारे पूजा)

नामरूङलाई आइतबारको दिन गरिने भएकोले आइतबारे पूजा भनेर सम्बोधन गरेको पाइन्छ। विशेष रूपमा प्रत्येक वर्षको मंसिर महिनाको अन्तिम हप्ताको आइतबार अर्थात् सप्तमी तिथिको दिन यो पूजा गरिन्छ। यस दिनबाट प्रकृतिसँग सिकार गर्न अनुमति माग्दै धेरैभन्दा धेरै सिकारको अपेक्षासहित पूजा गर्ने परम्परा रही आएको पाइन्छ। यो पूजा नजिकैको सबभन्दा ठुलो रूख वा अग्लो पहरोको फेदमा गर्ने गरिन्छ (चेपाङ र अरु, २०७६, पृ. २५)। प्रकृतिको सबभन्दा ठुलो मानिएको रूख वा पहाडलाई कुखुराको भाले र घैया चामलसहित पान्दे (झाँक्री) ले तान्त्रिक विधिबाट पूजा गरेपछि मात्र जंगलमा सिकार गर्न हुने र सिकार पर्ने साथै सिकारीहरूको कुनै क्षति नहुने भन्ने परम्परागत मान्यता रहिआएको पाइन्छ। पान्देले जंगलमा सिकार गर्न बँदेल, बनकुखुरा, कालिज, हरिण आदि प्रमुख सिकारजन्य पशुपंछिहरुलाई स्वीकृति दिएको हुन्छन्। यस बाहेकका सिकार शिकारीको नजरमा कहिले काहीं अरु जनावर पनि मार्दछन्। यस्तो अवस्थामा चेपाङहरु भवितव्यमा परी मारिएकोले क्षमा पुजा गरेर उक्त सिकार स्वीकार गर्ने गर्दछन्। चेपाङ समुदाय प्रकृतिपूजक र जंगलमा सिकार गर्दै जीवनयापन गर्दै आएको परम्परागत मान्यताको एक प्रमुख संस्कारको रूपमा यो नामरूङ (आइतबारे पूजा) रहेको देखिन्छ (प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१)।

### ३.२.३ प्रकृति पूजा

प्रकृति पूजा अग्लो पहाडमा रहेको जंगलभित्रको सबभन्दा ठुलो र अग्लो रूख चिलाउने टुनी, लाँकुरी (Scientific Name: Schima wallichi, Toona Ciliata, Fraxinus floribunda Wall) को फेदमा र ठुलो ढुङ्गाको काखमा प्रायः गर्ने गर्दछन् । चेपाङ समुदाय प्रकृतिपूजकको रूपमा रहेको जाति मानिन्छ । उनीहरूले प्रकृतिबाट प्राप्त हुने खाद्यान्नलाई उपयोग गरी जीवनयापन गर्दै आएको परम्पराहरूको निरन्तरताले आफूहरू कुनै व्यक्ति वा धार्मिक आस्थाको आधारमा नभई आफू जन्मेको भूमि, जल र जंगल नै आफ्नो शक्तिको रूपमा रहेको मान्दछन् । पान्देद्वारा प्रकृति, पितृ र जीवनशैलीलाई जोड्ने काम गर्दै आएकोमा विश्वास गर्दछन् । प्रकृतिमा रहेका महत्त्वपूर्ण देवी देउराली तथा भूमि नै भगवान हुन् भन्ने विश्वास चेपाङहरूको रहेको छ (कृष्णबहादुर चेपाङ, ५ भाद्र, २०८१) ।

### ३.२.४ भूँयार (सिमेभूमे पूजा)

प्रकृति पूजामध्येको एक प्रमुख हो भूँयार (सिमेभूमे पूजा) जसमा जलको रूपमा पानीको मूल भएको स्थानमा, जंगलभित्रको ठुलो रूखमा र जमिनमा डाँडा र पहाडको फेदलाई देवताको रूपमा पुज्ने गर्दछन् । यो पूजा हरेक बर्षको फागुन महिनामा भूँयार पूज्ने स्थानमा गर्ने चलन छ । यस पूजामा सुँगुरको बलि दिने प्रचलन रहेको छ । यस पूजामा बाढी, पहिरो, असिना नआओस्, बालीनाली राम्रो होस् र समयमा नै वर्षात् भई अन्नबाली मौलाओस् भनी पुकार्ने चलन छ । यो पूजा नगरेमा भूमि रिसाएर बाढी पहिरो जाने, उत्पादन नहुने र अनिकाल लाग्ने जनविश्वास रहेको छ (सानोकान्छा चेपाङ, ३ भाद्र, २०८१) ।

### ३.२.५ भिमसेन पूजा

चेपाङ समुदायका केही थर समूहकाले भिमसेनको पूजा गर्ने गरेको पाइन्छ । चेपाङहरुको रोम थर समुह परिवारले डोको, नाम्लो, सोली लगायतका बाँसबाट बन्ने सामाग्रीहरु बनाएर बेच्ने परम्परा रहेको पाइन्छ । यो पुजा विशेषगरी बडादर्शैको नवमीको दिनमा पाँचवटा भाइको प्रतिनिधि बनाइ भिमसेनलाई पुज्ने गर्दछन् । यसमा पूर्वथली अर्थात् पूर्वको दोलखा र ओखलढुङ्गामा आफ्नो पुर्खा रहेको र तिनको सम्झनामा आफ्नो सफलताको लागि भिमसेनको पूजा आराधना गर्ने र परम्परागत पेशा व्यवसायको

सफलताको कामनामा यो पुजा गर्दै आएको पाइन्छ (व्यक्तिगत अन्तर्वार्ता, १५ असोज, २०८०) ।

### ३.२.६ वायु पूजा

वायु (पितृ) पूजा सबै चेपाङ समुदायको थर समुहले मनाउने पर्व होइन । यो एक प्रकारको चेपाङ थर समूहले मनाउने सांस्कृतिक पर्व हो जसले छोनाम (न्वागी) मा कुलपुजा गर्दैनन् वा अरू समयमा कुललाई पूजा गर्ने प्रचलन छैन ती कुल समूहका चेपाङहरूले यसलाई विशेष पूजा गर्ने गरेको पाइन्छ । यो मंसिर महिनाको कुनै हप्ताको आइतबार शुरू गरेर सोमबार विसर्जन गर्ने गरिन्छ । यो पूजा वर्षभरिमा मृत्यु भएका मृतआत्मालाई चेपाङ पान्देले फलाक्दै सन्चो बिसन्चो के कसो रहेको र मृत्यु हुनमा दिन पुगेर वा परिवारले हेरचाह नगरेर वा अन्य कारणले भएको हो सोधनी गरी पान्देद्वारा मृत्युको कारण बताउने र जे-जसरी मृत भएको भएता पनि जिउँदोलाई अबउप्रान्त दुःख नदेऊ, तिमीलाई भोलि सोमबारको दिन पूजा गर्नेछौं । अब तिमी हाम्रो संसारमा छैनौ, तिमी स्वर्गलोक (रिलाङमई) मा गइसकेका छौ भनी सम्झाउँछन् । सोमबारको दिन प्रत्येक वायु पूजा गर्ने घरले एक माना चामल र कुखुराको भाले तथा सेलरोटीसहित वायुको थान (घर नजिकैको रुखको फेद) मा लगेर चढाउने गर्दछन् (बरकान्छा चेपाङ, २२ भाद्र, २०८१) ।

### ३.२.७ तिहार

चेपाङ समुदायले नेपालीहरूले मनाउने तिहारलाई मनाउने गरेको पाइन्छ । तिहारको सांस्कृतिक विशेषताले आकर्षित भई अरू समुदायले धुमधामका साथ मनाउने, देउसी भैलो तथा चेलीबेटीबाट टीका लगाइ दानदक्षिणा गर्ने साथमा बलि राजाको हुकुम बमोजिम देउसी भैलो खेली दान गरेमा रोगव्याधि हट्ने र सुखाशान्ति हुने जनविश्वास रहेको छ । यो पर्व स्थानीय समुदाय अथवा सामाजिक जीवनयापनको सिलसिलामा सम्पर्कमा आएको संस्कृतिहरूलाई आत्मसाथ गरी मनाउने गरेको देखिन्छ । चेपाङ समुदायको ऐतिहासिक वा सांस्कृतिक पर्वको रूपमा भने यो पर्व कुनै परम्परागत मूल्यमान्यता तथा संस्कारगत आधारहरू भने भेटिएको छैन । तर नेपाली समाजमा हर्षोल्लासका साथ मनाउने सांस्कृतिक पर्व भएकोले सबै चेपाङहरूले यो पर्व मनाउने गर्दछन् (श्रीराम चेपाङ, ५ भाद्र, २०८१) ।

## ३.२.८ दशैं

दशैं नेपालीहरूको महान् पर्वको रूपमा स्थापित छ। सनातन हिन्दु, बौद्ध लगायत स्थानीय प्रकृतिपूजकहरूले समेत यस पर्वलाई मनाउने गरेको पाइन्छ। सनातन धर्मावलम्बीहरूले विजयको प्रतीकको रूपमा मनाउने प्रमुख पर्व भएकोले बडा दशैंको रूपमा मनाउने गर्दछन्। यो पर्व राष्ट्रिय पर्वको रूपमा मनाउने परम्पराले अरू समुदायमा पनि यसको प्रभाव परेको देखिन्छ। नेपालमा रहेको चेपाङ समुदाय प्रकृतिपूजक हुन्। चेपाङको कुनै थर समूहले फुलपातीको दिन कुलपुजा गर्ने गर्दछन्। विशेषगरी चेपाङहरूको ब्याल थर समूहका कुल समूहले बडादशैंको फुलपातीको दिन कुललाई कुखुराको भाले बलि दिएर पुज्ने चलन रहेको छ। त्यसरी नै केही कुल समूहका थरले बडादशैंको नवमीको दिन ५ पाण्डव र भिमसेनको पूजा गरेर आफ्नो कार्यमा शक्तिको माग गर्ने उद्देश्यले आराधना गर्ने गर्दछन् (दुर्गाबहादुर चेपाङ, १५ असोज २०८०)।

यस पर्वमा कतिपय चेपाङ थर समूहले बडादशैंको रूपमा नै मान्ने गरेको छन् भने कतिपयले सामान्य रूपमा मनाउने तर दशैं टीका नलगाउने त कसैले सेतो चालमको मात्र टीका लगाउँछन्। कतिपय चेपाङ थर समूहले यस पर्वलाई भन्दा चैते दशैंलाई विशेष मान्ने त कसैले नमान्ने गरेको पनि गरेका छन् (चेपाङ र अरु, २०७६, पृ. २९)। यसबाट चेपाङ समुदायमा यस पर्वको सन्दर्भमा विविधता रहेको देखिन्छ। समग्रमा समुदायको सबै यस पर्वमा कुनै न कुनै तवरले सामेल हुने र पर्व मनाउने गरेको पाइन्छ।

## ३.२.९ माघे संक्रान्ति

माघे संक्रान्ति चेपाङ समुदायले मनाउने सांस्कृतिक पर्वमा पर्दछ। यस पर्वलाई जंगली कन्दमुलहरू खोजेर घरमा ल्याई परिवारको जीवन बचाउने प्रचलनको बिम्बको रूपमा मान्ने गर्दछन्। पुर्खाहरूले जंगली कन्दमुल विशेषगरी वनतरुल, गिठ्ठा, भ्याकुर, पाङ्नाम, भैंसे तरुल, सखरखण्ड आदि संकलन गरी पुसमा पकाइ माघमा खाने चलन रहेको छ (चेपाङ र अरु, २०७६, पृ. ३०)। यस प्रकारको परम्परागत मूल्यमान्यतामा आधारित Hunting Gathering Stage को निरन्तरताको रूपमा आफूलाई प्रकृति प्रतिको आशा र भरोसाको प्रतीक वा बिम्बको रूपमा माघे संक्रान्ति पर्व मनाउने गर्दछन् (काजीमान चेपाङ, ६ भाद्र, २०८१)।

### ३.२.१० साउने संक्रान्ति

चेपाङ समुदायले साउने सक्रान्तिलाई वर्षभरिको दुःखको समयको अन्त्य र सुखको समय प्रारम्भ भएको उपलक्ष्यमा मनाउने गरेको पाइन्छ। साउने संक्रान्ति अर्थात् मसान्तको साँझपख घरको आँगनमा आगोको खरङ बालिन्छ। यस खरङमा कुकुरदाइनो, कुरिलो, भलायो पात, पानीसरा, पाती जस्ता वनस्पतीलाई एक-एक वटा घरको पाली वा छानामा सिउरिने र एक-एक वटा आगोको खरङ (आगोको भुङ्ग्रो) मा हाली बालिन्छ। यस आगोको खरङमा चारवटा अगुल्टो तयार गरिन्छ। पर्वको मुख्य समय अथवा मसान्तको दिन सकेर संक्रान्तिको बिहानी सुरू हुने बखत पारेर (रातको १२:०० बजेपछि) चार अगुल्टो चार दिशामा फ्याँक्दै, ढ्याङ्ग्रो, झ्याँतो, ढिकी, नाङ्लो ठटाउँदै, बजाउँदै, कुट्दै हामीलाई लुतो नआओस्, टुकुनी बुढी (यस बखत बारी देखिने सोली आकारको च्याउ जस्तो वस्तु) ले लुतो लैजाओस् भन्दै फलाक्दै यो पर्व मनाउने गरिन्छ (चेपाङ र अरू, २०७६, पृ. ३०)। यस पर्वले चेपाङ समुदाय प्रकृति प्रतिको सम्मान र जीवनशैलीमा प्राकृतिक स्रोतको भूमिकाको प्रदर्शन र संरक्षकको रूपमा यो पर्व मनाउने प्रचलन रहेको पाइन्छ।

## ३.३ छोनाम पर्व

### ३.३.१ छोनाम पर्वको परिचय

छोनाम पर्व चेपाङ समुदायको प्रमुख सांस्कृतिक पर्व हो। यो प्रत्येक वर्षको भाद्र महिनामा मनाउने गर्दछन्। स्थानीयस्तरमा न्वागी फलाक्ने भनेर सम्बोधन गर्ने गरेको पाइन्छ। चेपाङ समुदायमा भिन्न-भिन्न थर समूहले फरक समयमा मनाउने सांस्कृतिक पर्वहरू रहेका छन् तर छोनाम भने सबै कुल वा थर समूहका चेपाङहरूले मनाउने सांस्कृतिक पर्व हो। यो पर्वको सम्पूर्ण अनुष्ठान चेपाङ पान्दे (झाँक्री) द्वारा तान्त्रिक विधिबाट एकपाखे ढ्याङ्ग्रो फलाकेर सम्पन्न गर्ने गरिन्छ (राई, २०७६, पृ.७१)। यो परम्परागत मूल्यमान्यताको आधारमा पुस्तान्तरण हुँदै आएको सांस्कृतिक अनुष्ठान हो। छोनाम पर्व प्रत्येक वर्षको भाद्र महिनाभित्र पर्ने गरी कुल समूहको मूली र प्रमुख पान्दे (झाँक्री) द्वारा तोकिएको तिथिमितिमा सम्पन्न गर्ने परम्परा रहिआएको छ। यस पर्वलाई सांस्कृतिक पर्वको रूपमा सामुहिक रूपमा मनाउने र सबैमा एकरूपता ल्याउने साथमा राज्य सरकारको तर्फबाट पनि सम्बोधन गराउने उद्देश्यले चेपाङ समुदायले वि.सं. २०६३

सालदेखि प्रत्येक भाद्र महिनाको २२ गते सामुहिक रूपमा छोनाम पर्वलाई सांस्कृतिक पर्वको रूपमा मनाउने गरेको छ (ने.चे.स. वार्षिक प्रतिवेदन, २०६४)। त्यस दिन सार्वजनिक विदाको समेत माग गर्ने र यो समुदायको सांस्कृतिक पर्वलाई राष्ट्रिय पर्व मान्यता दिई आवश्यक संरक्षण, संवर्धन र विकास सहयोग गर्न अपिल गर्दै आएको छ।

छोनाम पर्वको सन्दर्भमा अग्रज विद्वानहरूका अनुसार चेपाङ समुदायमा यो एक महत्त्वपूर्ण पर्व हो जसलाई न्वागी भनिन्छ। यो नयाँ अन्नबाली घर भित्र्याइसकेपछि पितृलाई पहिले चढाएरमात्र आफू खाने पर्वको रूपमा मनाउँछन्। यो पर्व आफ्नो र पान्देको अनुकुलतामा बस्ती विशेष रूपमा भाद्र महिनाभरि नै मनाइन्छ (गुरूङः १९९५, पृ. ४३-४४)। यस्तै नेपालमा नयाँ अन्नबाली थन्क्याइसकेपछि सर्वप्रथम देवतालाई चढाएर, ब्राह्मणलाई दान दिएरमात्र आफूले खाने परम्परा प्रायजसो जातिहरूमा रहेको पाइन्छ। यस प्रकारको प्रचलनलाई नेपाली समाजमा न्वागी खाने भनिन्छ। यस्तो कार्यलाई चेपाङहरूले छोनाम भन्ने गर्नछन् (ढुंगेलः २०५२ पृ. ७३-७४)। यस पर्वको सन्दर्भमा विभिन्न विद्वानहरूले मत प्रस्तुत गरेका छन्। प्रायजसोका विचारमा भाद्र महिनामा नयाँ अन्नबाली भित्र्याइसकेपछि पहिले पितृलाई चढाएर आफू खाने गर्दछन्। यस कार्यमा पान्देद्वारा एकपाखे ढ्याङ्ग्रो फलाकेर न्वागी खाने अर्थात् छोनाम खाने वा गर्ने भनेर भन्ने जसलाई स्थानीय रूपमा न्वागी फलाक्ने भनेर सम्बोधन गर्दछन् भन्नेमा सबैजासो विद्वानहरूको मतैक्यता रहेको पाइन्छ। कसैकसैले यो पर्व नयाँ अन्नबाली खानेमात्र नभई कुलमा नवपान्देको ( सिकारू झाँक्री) प्रवेश गर्ने सन्दर्भ समेत उल्लेख गरेका छन् भने कसैले कुलपुजा पनि गर्छन् भन्ने गरेको पाइन्छ (ढुंगेलः २०५१, पृ. ७३-७४, गुरूङः १९९५, पृ.४३-४४ र राईः २०७६, पृ. ५०-५२)। समुदायको सांस्कृतिक पर्व भएकोले समुदायको पहिचानयुक्त पर्व जहाँ प्रकृति, पुर्खा र जीवनसँगको अन्तरसम्बन्ध रहेको प्रमुख सांस्कृतिक पर्व हो भन्ने रूपमा भने कतै कसैले विस्तृत व्याख्या र विश्लेषण गरेको भेटिदैन। यसैले गर्दा यो अनुसन्धानबाट ती तथ्यपरक सांस्कृतिक पर्वको सत्यता के हो भन्ने पहिचान गरी समुदायको महान पर्व छोनामको विविध पक्षहरु, प्रतीकात्मक बिम्बहरूको अर्थ र चेपाङ समुदायसँग समानता भएका अरु जनजाति समुदायमा यस प्रकारको पर्व मनाउँदा प्रयोग गरिने प्रतीकहरूको सैद्धान्तिक कारणहरूको विश्लेषण गरिएको छ।

### ३.३.२ छोनाम पर्वको चर्चा र नामाकरण

चेपाङ समुदायको सांस्कृतिक पर्व छोनामको ऐतिहासिकतालाई नियाल्दा विभिन्न समय र भौगोलिक परिवेशमा यसको नामाकरण र परिभाषा गरिएको पाइन्छ । यस पर्वको नाम छोनाम/चोनाम न्वाँगी/न्वांगी/नवाङ्गी/नवाडी आदिबाट सम्बोधन गर्ने गरेको पाइन्छ । यसको बारेमा भाषिक रूपमा विकास भएको तथ्यलाई प्रस्तुत गरिएको छ । जसअनुसार :- चेपाङ भाषामा 'छौ' को अर्थ 'बोसिलो' वा 'तेलिलो' र 'नाम' को अर्थ 'बास्ना' हुन्छ । छोनाम पर्व गर्दा चिउरीको घ्यू/तेलबाट धुपबत्ति बाल्ने र नयाँ खाद्यबालीको साथमा सुगन्धित/बास्नादार बुकी फूलपाती घरमा भिफ्याएर यो पर्व पान्देद्वारा फलाक्छन् । यी दुवै शब्दको संयोजनबाट 'छौनाम' शब्द निर्माण भएको हो । यही छौनाम शब्द अपभ्रंस भई छोनाम हुन गएको हो । यसै छोनामलाई स्थान विशेषअनुसार चोनाम भन्ने गरेको भएता पनि यो शब्दको सांस्कृतिक पर्वको सन्दर्भमा अर्थ्याएको भेटिदैन । छौनाम शब्दबाट छोनाम हुन गएकोले यसको शाब्दिक नेपाली अर्थ नवाङगी (नयाँ/नौलो वा अनौठो बास्नादार) हुन्छ जसलाई स्थानीय रूपमा नवाङ्गी/न्वाँगी/न्वागी फलाक्ने भनेर सम्बोधन गर्ने गरेको पाइएता पनि चलनचल्तीमा छोनाम पर्व फलाक्ने भनी बुझ्ने गरेको पाइन्छ ( डम्बरबहादुर र रबिन्द्र चेपाङ, २५ कार्तिक, २०८१) ।

चेपाङ समुदायको छोनाम पर्वको सन्दर्भमा अनुसन्धान गरी प्रकाशित पुस्तकहरूमा विद्वानहरूको खोजले देखाएको सन्दर्भलाई यहाँ केही समीक्षा गरिएका छन् । नेपालमा बसोबास गर्ने जाति समुदायले न्वागी अथवा नयाँ अन्नबाली पहिले पितृलाई चढाएरमात्र आफू खाने परम्परा मानव सभ्यताको सुरुवातीदेखि कै भएको अनुमान गर्न सकिन्छ । यस प्रकारको परम्परा विश्व मानव समाजका विभिन्न जाति र समुदायमा भिन्न तरिका अपनाइएको भएता पनि यस्तो परम्परा रहदैआएको पाउन सकिन्छ । नेपालमा करिब ९३ प्रतिशत कृषक रहेको (के.त.वि.,२०४८) देशमा नयाँ अन्न भिफ्याएपछि देवतालाई चढाएर, ब्राह्मणलाई दान गरेर मात्र आफू खाने प्रचलन विभिन्न जातिमा रहेको पाइन्छ । यसरी नयाँ अन्नबाली चढाएर आफू खाने कार्यक्रमलाई न्वागी खाने भनिन्छ । यसरी नयाँ अन्नको न्वागी खाँदा अपनाउने कार्यलाई चेपाङहरू छोनाम भन्दछन् (ढुंगेल, २०५१, पृ.७३-७४) । चेपाङ समुदायमा मुख्य पर्वको रूपमा रहेको सांस्कृतिक पर्व छोनाम को ऐतिहासिकताको कुनै तिथिमिति भेटिको छैन । यो मानव सभ्यताको सुरुवातदेखि नै चलिआएको सांस्कृतिक

परम्परा भएको र चेपाङ समुदायको उत्पत्तिसँगै जीवनयापनको सिलसिलासँगै यस प्रकारको परम्परा मान्दै आएको हो (काजीमान चेपाङ, २२ भाद्र, २०८१) ।

छोनाम पर्वको बारेमा चेपाङ जानकारको विभिन्न कथन रहेको पाइन्छ । छोनाम पर्वको इतिहासको बारेमा विश्लेषण गर्दा यसमा प्रयोग हुने प्रतीकात्मक बिम्बहरूको परम्परागत मूल्यमान्यताहरूको सन्दर्भमा विश्लेषण गर्न आवश्यक देखिन्छ । किनभने चेपाङ समुदायको छोनाम पर्वको इतिहासको सन्दर्भमा यकिन गरेको तथ्यहरू भेटिदैन । तथापि जनश्रुतिहरू भने प्रशस्तै भेटिन्छन् । ती जनश्रुतिहरूको व्याख्या गर्दा यस पर्वमा प्रयोग हुने प्रतीकहरूको बारेमा जानकारी हुनु उति नै आवश्यक हुने भएकोले त्यसको बारेमा पनि यसमा चर्चा गरिएको छ । छोनाम पर्वमा प्रयोग गरिने अथवा चढाइने सामग्रीहरूमा केराको (सिंगो केराघरी, केराको पातको मुठा, जरा र पातसहितको बोट), पिंडालुको (गाभासहितको पिंडालु), घैया धानको (घैया चालमको जाँड, चामल, घैयाधानको जरा र धानसहितको बोट), वन तरुलहरूमा (गिठ्ठा, भ्याकुर, पाङ्नाम, वनतरुल, भारलाङ, ज्यारपास) निबुवा, काउनो, बुकीफूल, पानीसरा र कुखुराको भाले (कुलपुजा गर्ने कुल समूहको) आदि सामग्रीहरू चढाउने गरिन्छ (पान्देः प्रेमबहादुर चेपाङ, ६ भाद्र, २०८१) ।

छोनाम पर्वको ऐतिहासिकताको विश्लेषणमा चेपाङ पान्दे (झाँक्री) र स्थानीय पान्देहरूसँग भेटिएका जनश्रुतिहरू यस प्रकार रहेका छन् :- कुनै बेला चेपाङ जंगलमा जीवन व्यतित गरिरहेका थिए (जुन बखत यो समुदाय जंगली र प्राकृतिक खाद्यान्नको खोजी गरी जीवन धान्ने (Hunting gathering Stage) मा गुज्रिरहेको बुझिन्छ । त्यसबखत आफू बसेको स्थानबाट नजिकको जंगलमा कन्दमुल खोजी गर्ने गर्थे भने कहिले नदीमा गई माछाको सिकार गर्ने गर्दथे । एकदिन एक हुल चेपाङहरु बसोबास गरेको जंगलबाट नजिक पर्ने नदीमा माछा मार्न गएछन् । माछा मार्न जाँदा उनीहरुले नदी किनारमा आफ्नो सबै बस्त्र फुकालेर माछा मार्न थाले । माछा मार्ने क्रममा थप अरु धेरै माछाको खोजीमा उनीहरु निकै टाढासम्म पुगेछन् । साँझ पर्न लागेपछि उनीहरु पुनः बस्त्र लगाएर फर्कन पहिलेको स्थानमा आए । त्यस बखत उनीहरुको बस्त्र पूर्वअवस्थामा देखेनन् । यताउता सबैतिर खोजी गरे तर पाउन सकेननने । रात पर्न लागेकोले अरु धेरै स्थानमा खोजी गर्ने समय पनि थिएन । उनीहरुको बस्त्रलाई हुरीले उडाइ लग्यो वा पानीमा डुब्यो अर्थात् कसैले लुकाइ दियो पत्तो भएन । यसपछि उनीहरु चिन्तित हुन पुगे । रात परिसकेकोले रातमा त कुनै फरक परेन

तर उज्यालोमा उनलाई लाज हुने भयो । यसरी आफ्नो बस्त्रको खोजीमा रातभर बिताए तर पनि उनले आफ्नो बस्त्र पाउन सकेन । बिस्तारै रात बितेर उज्यालो हुन थाल्यो उनमा झन चिन्ता बढेर गयो । बिहानीको उज्यालो हुँदै गर्दा उनले नदी किनारको पाखामा पाकेको बनकेराघरी सहितको केराको बोट देखे । यो देखेर उनको मनमा उपाय निस्कियो साथमा खुसी पनि भए । त्यो पाकेको केरा खाएर आफ्नो भोक मेटाए भने पातको बस्त्र बनाइ लगाएर घर फर्किए । त्यस दिनबाट उनीहरुले केरालाई भोकमा प्राण धान्ने र समाजको लाज छोप्न बस्त्र भएकोले माने । यसले गर्दा केरा यो समुदायलाई प्रकृतिले नै दिएको वनस्पति जीवनउयोगी हो भनी पुज्ने र छोनाममा एक मुख्य सामग्रीको रूपमा प्रतिस्थापन गर्ने (चढाउने) परम्परा रहेका छन् (पूर्णबहादुर चेपाङ, २० कार्तिक, २०८१) ।

त्यस्तै अर्को किंवदन्ती यस्तो रहेको छः चेपाङ पूर्खाहरु जंगलमा जीवनयापन गर्थे । यसरी जंगलमा बस्ने क्रममा एकदिन उनीहरु बसेको जंगलमा ठुलो (डढेलो) आगो लागी भयो । यस समयमा उनीहरू जो जहाँ थिए सबैलाई सुरक्षित हुन नसक्नेहरुलाई आगोले जले । आगो लागि भएको जंगलमा जहाँ बनकेराको घारी वा बोट भएको स्थानमा जोजो थिए उनीहरु केराको गाँजमा (झाडी) मा लुकेर ज्यान बचाए । यसरी केराको बगानमा भएको स्थानमा लुक्न सफल भई जीवन बचाउन सफल भएकाहरुले केरालाई जीवनदान गर्ने बनस्पतीको रुपमा सिंगो मान्ने गर्दछन् । यसकारण त्यस बखतदेखि केरालाई जीवनदान दिन प्रकृति र पुर्खाले दिएको शक्तिको प्रतीक वनस्पति भएको मानी हरेक वर्षको छोनाम पर्वमा यसको प्रतीकहरू चढाउने गरेका छन् (पुर्णबहादुर चेपाङ, २० कार्तिक, २०८१) ।

छोनाम पर्व चेपाङ समुदायको इतिहाससँग जोडिएको पर्व हो । जब यो समुदायको उत्पत्ति भयो त्यस बखतदेखि नै प्रकृति र पुर्खालाई शक्तिको रूपमा पुज्दै आएको र जीवनयापनमा आइपरेको संकट टार्नको लागि उपयोग भएका वस्तुहरूलाई विशेष मानिन्छ । ती सामग्रीहरू जीवनका विभिन्न कालखण्डमा विशेष रूपमा प्रयोग भएको मान्यताका आधारमा चढाउने परम्परा बसेको तथ्यहरू समाजमा विद्यमान छन् । यस पर्वको ऐतिहासिकता नै पाखेबाली पाकेपछि अर्थात् भाद्र महिनालाई केन्द्रमा राखेर यो पर्व सांस्कृतिक पर्वको रूपमा मनाउँदै आएको हो । यस पर्वमा चढाइने सामग्रीहरू कुलको प्रतीकका रूपमा अथवा परिवारको संरक्षकको रूपमा रहेको कुखुराको भालेको बलि चढाइसकेपछि सामुहिक भोज गर्ने गर्दछन् । छोनाम पर्व समुदायको उत्पत्ति र सुरक्षासँग

जोड्ने सांस्कृतिक पर्व भएकोले यसको ऐतिहासिकता रहेको मानिन्छ (प्रत्यक्ष अवलोकन, ४ भाद्र, २०८१) ।

### ३.३.३ छोनाम पर्वमा स्थापित सामाजिक संगठन

छोनाम पर्वको बखत परम्परागत रूपमा रहेको सांस्कृतिक पर्व संचालन गर्न विभिन्न समूह तथा इकाईहरू हुने गर्दछ । जसलाई वर्तमान परिवेशमा प्रशासनिक इकाईको रूपमा मान्न सकिन्छ । छोनामको अनुष्ठानात्मक कार्यमा भूमिका निर्वाह गर्ने इकाईहरूमा कुल समूह (एकै स्थानमा छोनाम फलाक्ने थरसमुह), पान्दे समूह (छोनाम फलाक्ने र सिकारु पान्देहरु), ढ्याङ्ग्रो मोर्ने (छोनाम फलाक्न बनाएको नयाँ एकपाखे ढ्यांग्रो बनाउने समुह) र फुलफुलाङ्गी बटुल्ने समूह, केरा गभाउने र भातीजाँड राख्ने समूह, खानपानमा सहयोग गर्ने समूह, सांस्कृतिक संगीतमा सामेल हुने समूह, सामुहिक भोज संचालन समूह आदि रहेका हुन्छन् । जसमा पुरुष सदस्यहरुले जंगलबाट फुलफुलाङ्गीहरु संकलन गर्दछन् भने महिला सदस्यहरुले पर्वको लागि आवश्यक दाउरा, पात (जुन दुना टपरी गांस्न) जाने र आवश्यक सामाग्री संकलन गर्दछन् भने महिला सदस्यहरुले पर्वयस प्रकारका परम्परागत रूपमा स्थापना गरिने प्रशासनिक इकाईको कार्यहरूलाई छोनाम पर्व मनाउने विधिहरूको विश्लेषण ४.२.७ मा गरिएको छ ।

### ३.३.४ छोनाम पर्वको प्राकृतिक र पर्यावरणीय सम्बन्ध

चेपाङ समुदायले मनाउने छोनाम पर्व प्राकृतिक र पर्यावरणीय दृष्टिकोणले निकै महत्त्व रहेको पाइन्छ । यो पर्व यो समुदाय बसोबास गर्ने पहाडी भिरालो जमिनमा उत्पादन हुने पाखेबाली पाक्ने बेलामा मनाउने गर्दछन् । जुन भाद्र महिनाको मध्यलाई केन्द्रित बनाएर मान्ने गरेको देखिन्छ । प्रकृतिमा पाइने र पर्यावरणीय हिसाबले जंगलबाट कन्दमुल, काठ, दाउरा संकलनदेखि पातबाट दुनाटपरी, पाटजस्ता वस्तुबाट जाबी र अन्य डोको, डालो, नाम्लो, घुम लगायतको सामग्री बनाउने, माछा मार्ने सिब्रिङ, खोङा, ढडिया बनाउने, सिकार गर्ने जाल तथा औषधिजन्य जडीबुटी संकलन गर्ने बखतको रूपमा यस समयलाई लिने गर्दछन् । पर्यावरणीय रूपमा चेपाङ समुदायको सहकाल अर्थात् खाद्यबाली संकलन गर्ने अवसरको रूपमा भाद्र महिनालाई मानिन्छ (गुरूङः १९९५, पृ. २०) । चेपाङ समुदाय ठुलठुला ओढार र जंगलको आसपासका भिरालो थुम्काहरूमा बस्ने भएकोले वातावरण

अनुसार पाउने प्रकृति अनुसार पाइने खाद्यवस्तु संकलन गरी खाने परम्परा रहेको पाइन्छ। यसरी पाखा बालीको रूपमा भिरालो जमिनमा पाउने वातावरण अनुसारको खाद्यान्न विशेष गरी श्रावण र भाद्र महिनामा संकलन गर्ने गर्दछन् र भाद्र महिनामा नयाँ अन्नबाली भित्र्याइ पितृलाई चढाएर आफू खाने प्रचलन यिनीहरूमा विद्यमान रहेको छ जसलाई छोनाम पर्वको रूपमा मनाउने गर्दछन् (ढुंगेलः २०५१, पृ. ७४)।

यस प्रकारको विश्लेषणले चेपाङ समुदायको छोनाम पर्वको वातावरणीय दृष्टिकोणबाट पनि निकै महत्त्व रहेको देखिन्छ। श्रावण र भाद्र महिनामा पाखाबाली र प्राकृतिक रूपमा जंगली कन्दमुलहरू संकलन गर्ने समय भएको हुन्छ। यस बखत विशेषतः घैयाधान, पिंडालु, वनकेरा, निबुवा, घिरौला तथा जंगली कन्दमुलहरू संकलन गर्ने अवसर हो। यी प्राकृतिक पर्यावरणमा उपलब्ध खाद्यवस्तु संकलन गरी पितृलाई चढाएर आफू खानको लागि गरिने छोनाम पर्व पर्यावरणीय दृष्टिकोणमा अन्तरसम्बन्धित देखिन्छ।

### ३.३.५ छोनाम पर्व र अरू पर्वबिच सम्बन्ध

छोनाम पर्वको सांस्कृतिक सम्बन्ध अन्य सबै पर्वपर्वहरूबिच एकअर्कामा सम्बन्धित रहेको देखिन्छ। यो समुदायले मनाउने सांस्कृतिक पर्वहरूमा कुलपुजा, सिमेभूमे पूजा, सिकारी पूजा, प्रकृति पूजा, जेठ पूर्णिमा पूजा, फुलपाती पूजा, माघेसंक्रान्ति, साउनेसंक्रान्ति, दशैं, तिहार लगायतका पर्वपर्वमा गरिने अनुष्ठानात्मक कार्यहरू सबैको समग्र रूपमा छोनाममा गर्नु पर्ने हुन्छ।

यो समुदायमा जन्मदेखि मृत्युसम्मको संस्कारको यस पर्वमा स्मरण गरिएको हुन्छ। एक वर्षभरिमा भएको सांस्कृतिक घटनाहरूको समग्र रूपमा समीक्षा गरी प्रकृति, पुर्खा र जीवनबिचको अन्तरसम्बन्धका सन्दर्भलाई पुनःताजकी गर्ने कार्य यसै अवसरमा गरिन्छ। साथमा संस्कृति हस्तान्तरण र प्रदर्शन गरी उत्साहपूर्वक मनाउने पर्व हो। यसकारण छोनाम पर्व चेपाङ समुदायको अरू पर्वपर्वसँग सम्बन्ध रहेको पर्व हो (प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१)।

### ३.३.६ चेपाङ समुदायमा छोनाम पर्व मनाउने तरिका

चेपाङ समदुायको छोनाम पर्वको अनुष्ठान ५ दिनसम्म गर्ने गर्दछन् । यसैले यो पर्वलाई पाँच दिवसीय पर्व मान्न सकिन्छ । यो हरेकवर्षको भाद्र महिनाको कुन दिन गर्ने भन्ने तिथिमिति छोनाम फलाक्ने कुल समूह र मूल पान्देको आपसी समन्वयमा निर्धारण गर्ने गरिन्छ । प्रत्येक कुल समूहमा छोनाम गर्ने थरहरूले यो प्रकारको संस्कारलाई अवलम्बन गर्ने गर्दछन् । जसमा अपनाइने सांस्कृतिक गतिविधिहरूको प्रत्येक दिनमा गरिने अनुष्ठानात्मक कार्यहरूलाई यस शोधपत्रले समेटेको छ ।

### ३.३.७ छोनामको पहिलो दिन

छोनाम पर्वको सुरुवाती दिनलाई केरा सुनाउने (घैयाचामलबाट पकाएको भातको भातीजाँड राख्ने र बनकेराको सिंगो घरी नै कूलथानमा पकाउने कार्य) भनिन्छ । जसमा पान्दे र कुल समूहको मूलीको समन्वयमा निर्धारण गरिएको तिथिमा यो कार्य हुन्छ । कुल समूहमा २२ थरसमुहमध्ये एक थर समुह जसमा सहयोग वा भिन्न बसेको दाजुभाई समावेश हुन्छन् । उक्त दिन पान्देको उपस्थितिमा छोनामको पर्व गर्न तोकिएको ठिक ५ दिन अघि सिंगो एकघरी केरा र घैया चामल पकाएको भातबाट भातीजाँड पुरुष सदस्यबाट पितृको नाममा कूलथानमा राखिन्छ । घरमुली वा त्यस वंशका पुरुषबाट यो कार्य गर्नु पर्दछ भन्ने मान्यता रहेको छ । यसलाई मूल घरको कुल बसाएको स्थान लिपपोत गरी चोखो बनाइन्छ ।

यसरी विधिपूर्वक तयार गरिएको सामग्रीहरूलाई त्यही दिन बेलुका पान्देले कुल पितृलाई फलाकेर सुनाउने गर्दछन् । पान्देद्वारा यस वर्षका नयाँ अन्न खान सुरू गर्ने दिन आएको र पितृलाई निम्तो गरिएको खबर दिने र छोनामको दिनसम्म धैर्य गरेर बस्न सुझाउन फलाक्ने गर्दछन् । छोनाम पर्व फलाक्ने दिन स्वयं पितृकै कुलवंशका सन्तानहरू लिन आउने र उनीहरूलाई सम्पूर्ण विधिविधान अनुरूप नयाँ खानेकुरा चढाउने छन् भन्ने निम्तो दिने कार्य गर्ने गर्दछन् । कुलपितृलाई थान-थानमा राखी पुजा गरी थान-थानमा स्थानान्तरण गर्ने छ भनी पान्देद्वारा सुनाउने गर्दछन् । यसै दिनदेखि कुलघरको मूली उपासना (एक छाकी) बस्नेले गर्दछन् । यस दिनबाट यो कूल समुहको छोनाम प्रारम्भ भएको मानिन्छ (प्रत्यक्ष अवलोकन, ३ भाद्र, २०८१) ।

### ३.३.८ छोनामको दोस्रो दिन

छोनाम पर्वको दोस्रो दिन विशेषगरी पर्व सम्पन्न गर्नको लागि आवश्यक सामग्रीहरू संकलन गर्नमा केन्द्रित हुने गर्दछ । यसको लागि कुल समूहका जेठापाकाको सहभागितामा विभिन्न कार्यहरूको जिम्मेवारी सम्हाल्नको लागि एक प्रकारको प्रशासनिक इकाईहरू निर्माण गरिन्छ । कुल समूह, पान्दे समूह, ढ्याङ्ग्रो मोर्ने र फुलफुलाङ्गी बटुल्ने समूह, केरा गभाउने र भातीजाँड राख्ने समूह, दाउरा संकलन तथा खानपानमा सहयोग गर्ने समूह, सांस्कृतिक संगीतमा सामेल हुने समूह, सामुहिक भोज संचालन समूह आदिको प्रशासनिक इकाई बनाएको कार्यतालिकामा यस दिन काम गरिन्छ । सो जिम्मेवारी अनुसारको कार्यहरू यसै दिनबाट सबै समूहले क्रमशः गर्ने गर्दछन् । यस कार्यमा लाग्ने प्रशासनिक समूहलाई खानपान तथा आवश्यक व्यवस्थापन छोनाम गर्ने कुल घरले गर्ने चलन रहेको छ (व्यक्तिगत अर्न्तवार्ताः काजीमान चेपाङ, ३ भाद्र, २०८१) ।

सांस्कृतिक सुमहले (मादल, मुरली आदि) बजाउँदै चेपाङ भाषाका कान्छी, लउ लउ जस्ता परम्परागत संस्कृतिसँग गाँसिएका गीतहरु गाउँछन् । उदाहरण स्वरुप कान्छी गीतः जोमिजोमकाम त कान्छी रुखामसिङ जोन्ति, जोमिजोमका त कान्छी च्यादिसिङ जोम्ति.... यो कान्छी गीत एकल अथवा महिला र पुरुषबिच गाइने माया प्रेममा आधारित हुन्छ । यो मुख्यतयाः घाँसपात, मेलापात र पर्वपर्वहरुमा गाउने गर्दछन् । यो चेपाङ भाषामा गाइने गीत जसले समुदायको दुःख सुख, बेदना पोख्दै माया-पिरति गाँसी अन्ततः विवाह समेत गर्ने गर्दछन् । र लौ लौ गीतः तिकिझिङ तिकिझिङ चनि झिङ ताइक्नाउ क्या स्याहारा स्युहुरी दुङा स्याह्जेना चिङल दाह्यति घोन ल्हउजेना .... लउ लउ...( नेपाली अनुवादः झिन्तिङ झिन्तिङ गँगटोले मादल बजायो, सार्लाक्क सुर्लुक्क गदिराले नाच देखायो लै..लै..) यो गीत पनि चेपाङ महिला र पुरुषबिच मायाप्रेममा आधारित गाउने गरिन्छ । गीत गाउने क्रमममा प्रकृति तथा चराचुरुङ्गीमाथि भाका हालेर गाइन्छ । मौलिक रुपमा रहेको यो गीतले समुदाय र प्रकृतिबिच अन्तरसम्बन्धको प्रतिबिम्ब गरेको हुन्छ (चेपाङ र अरु, २०७८, पृ. ७५ र ७९) ।

### ३.३.९ छोनामको तेस्रो दिन

छोनामको तेस्रो दिन विशेषगरी छोनाममा नयाँ मोरेको एकपाखे ढ्याङ्ग्रो फलाक्ने प्रचलन रहेको छ। यस पर्वको लागि सान्दानको काठबाट बनेको नयाँ ढ्याङ्ग्रो मोर्ने कार्य गरिन्छ। जसमा आवश्यक बाख्राको छाला, बेत तथा अरू मालाहरू रूद्राक्ष, घण्टी लगायतका सामग्रीहरूको जोहो गरी नयाँ स्वरूपमा तयार गरिन्छ। त्यो ढ्याङ्ग्रो कसले अथवा कुन पान्देले फलाक्ने हो उसको नाममा सुनाउने गरिन्छ। यसरी हरेक पान्देको आ-आफ्नो नयाँ मोरेको ढ्याङ्ग्रो तयार गरी तान्त्रिक विधिबाट फलाक्ने पान्दे तोकी फलाक्ने उसको नाममा उक्त नयाँ ढ्याङ्ग्रो रहेको भनी मूल पान्देले फलाकी दिन्छ (कृष्णबहादुर चेपाङ, ३ भाद्र, २०८१)।

### ३.३.१० छोनामको चौथो रात र पाँचौ दिनको बिहान (छोनामको फलाक्ने मुख्य दिन)

छोनाम पर्वको प्रमुख दिन भनेर चौथो रात र पाँचौं दिनको बिहानसम्म ( मध्यान्नसम्म पनि लम्बिन सक्दछ) को समयलाई मानिन्छ। यस समयावधिमा गरिने सांस्कृतिक परम्पराका विविध संस्कारहरूलाई दिनको प्रहरमा र रातलाई रातको तीन चरणमा प्रहर बनाइ अनुष्ठानात्मक कार्यहरू सम्पन्न गर्दछन्। ती प्रहरहरूमा गरिने अनुष्ठानलाई दिन र रातको प्रहरअनुसार चर्चा गरिएको छ।

#### ३.३.१०.१ छोनामको चौथो दिन

छोनाम पर्वको मुख्य अनुष्ठान चौथो दिनको बिहानबाट नै सुरू हुन्छ। यस दिनको समयलाई तीन प्रहरमा विभाजन गरी अनुष्ठानात्मक कार्यहरू सम्पन्न गर्ने गर्दछन्। जसअनुसार हुने विभिन्न संस्कारगत कार्यहरूलाई यस प्रकार रहका छन्।

##### ३.३.१०.१.१ बिहान (पहिलो प्रहर)

छोनाम पर्व सम्पन्न गर्ने चौथो दिन (नवाङ्गी फलाक्ने दिन) बिहान (पहिलो प्रहरमा) कुल घरलाई सरसफाईका साथमा लिपपोत गरी सुनपानीले चोख्याउने कार्य तोकिएको प्रशासनिक इकाई अर्थात् भाइ समूहमार्फत् गरिन्छ। विशेषगरी कुल थान र छोनाम फलाक्ने स्थानमा सर्वसाधारण अर्थात् कुल समूहका सदस्यबाहेक अन्यलाई प्रवेश निषेध हुने

हुँदा त्यस स्थानमा कुल समूहका सदस्यहरूमार्फत् गर्ने गरिन्छ। यसरी कुलथानलाई स्थान गराइसकेपछि कुल समूहको घरमूली र मूल पान्देले उपासना (बिना आहार) बसी कपाल खौरिएर चोखो कपडा पहिरिएर बस्ने गर्दछन्। यसो गरिसकेपछि बिहान (पहिलो प्रहर) को कार्य सम्पन्न भएको मान्दछन् (प्रत्यक्ष अवलोकन, ४ भाद्र, २०८१)।

### ३.३.१०.१.२ दिउँसो अर्थात मध्यान्ह (दोस्रो प्रहर)

यो छोनाम पर्वको (दोस्रो प्रहर) अर्थात् पर्वको लागि आवश्यक सामग्रीहरू संकलनको लागि पान्दे वा कूलपरिवारको जेष्ठ सदस्यले सपनामा देखाएको स्थान जुन बिपनामा पनि संभाव्य स्थान जसलाई परम्परागत रुपमा सामग्रीहरू संकलन गर्दथे ती स्थानमा जाने गर्दछन्। यसरी संकलित सामाग्रलाई कुलथान र छोनाम फलाक्ने स्थानमा ल्याई सजाउने कार्य गरिन्छ। मूल पान्दे र कुल घरको मूलीको निर्देशनमा यस इकाईमा खटिएको सदस्यहरूले यस कार्य सम्पन्न गर्ने गर्दछन्। छोनामको लागि आवश्यक फुलफुलाङ्गीहरू संकलन यस दिनको मध्यान्ह (दिउँसो १२:०० बजे) को समयलाई शुभ मानिन्छ। यसरी संकलित सामग्रीहरू कूल घरमा ल्याइसकेपछि दोस्रो प्रहरको कार्य सम्पन्न भएको मानिन्छ (प्रत्यक्ष अवलोकन, ४ भाद्र, २०८१)।

### ३.३.१०.१.३ बेलुका साँझपख (तेस्रो प्रहर)

चौथो दिनको तेस्रो प्रहर अर्थात् साँझको समय निक्कै उत्साह र चहलपहलको समय हुन्छ। यसमा मौखिक रूपमा तोकिएका परम्परागत प्रशासनिक इकाईहरू सक्रिय हुनु पर्दछ। यो समय पान्देहरूको आगमन हुने बखत हुन्छ। उनीहरूको सत्कार र आराम गर्ने स्थानको बन्दोबस्त गर्दछन्। कुल कुटुम्ब तथा चेलीबेटीहरूको आगमन हुने बखत पनि यही हो। उनीहरूको स्वागत र कोसेलीको थन्कोमन्को गर्ने, उपासना बसेका बाहेकलाई खानपिनको बन्दोबस्त गर्ने, छोनाम फलाक्ने स्थान सजाउने, आगोको खरङ तयार गर्ने, कुलथानमा र छोनाम फलाक्ने स्थानको पूर्ण रूपमा सजावट गर्ने, नयाँ ढ्याङ्ग्रोलाई आगोमा सेकाएर बज्ने (रन्किने) बनाउने लगायतका आवश्यक कार्यहरू यसै समयमा गर्ने गरिन्छ।

यो समय छोनाम पर्वको पूर्वसन्ध्या भएकोले सबै प्रकारको प्रशासनिक इकाई र कुलपरिवार तथा पान्देको विशेष भूमिका देखिन्छ। साँझको भोजन (उपासना बसेका बाहेक) गराइ पुनः घर चोख्याइ छोनाम फलाक्न प्रारम्भ गर्नु पहिलेसम्मलाई तेस्रो प्रहरको मानिन्छ।

यस बखतमा कुल समूहका सदस्यहरू कुललाई चढाउने कुखुराको भाले, अक्षता, तथा पितृलाई चढाउने नयाँ खाद्य सामग्रीहरूसहित परिवारै उपस्थित हुन्छन् । यस बखत पान्देले वर्षभरिमा विरामी परी उपचार गरिएकोहरूबाट भाकल गरेको (भूतप्रेत वा देवीदेवता) लाई बलि चढाउन बाचा गरेको पशुपंक्षीलाई साथमा लिएर भेला हुने गर्दछन् (प्रत्यक्ष अवलोकन, ४ भाद्र, २०८१) ।

### ३.३.१०.२ छोनाम पर्वको चौथो (साँझदेखि पाँचौ दिनको बिहानसम्म)

यस समयलाई परम्परागत संस्कार सम्पन्न गर्ने प्रयोजनार्थ तीन प्रहरमा विभाजन गरी कार्य गर्ने गर्दछन् । जसमा गरिने विभिन्न अनुष्ठान कार्यहरूलाई यस शोधमा विश्लेषण गरिएको छ ।

### ३.३.१०.२.१ छोनामको चौथो दिनको साँझ (पहिलो प्रहर)

छोनाम फलाक्ने कुलघरमा पान्दे (मूल झाँक्री) द्वारा पहिलो दिन (पाँच दिनअघि) केरा सुनाएको (कूलपितृको नाममा पकाउन राखेको केराघरी) पितृहरूलाई निम्तो बोलाएकाहरूलाई घरको मूल थानमा बोलाई बिराजमान गराउन फलाक्दछन् । यस सयम कुलपितृहरूको लागि सबै स्थान पूर्ण रूपमा खुल्ला भएको विश्वास गरिन्छ । पर्वमा मुल पान्दे र कूलपरिवारको जेष्ठ सदस्य गरी दुई जना पान्दे अनिवार्य हुने गर्दछन् भने अरु पान्दे तथा नव-पान्देहरु जति पनि हुन सक्दछन् । चौथो दिनको साँझपख बाट रातको विभिन्न प्रहरमा फरक-फरक शैलीमा फलाक्ने गर्दछन् । यसमा गरिने विधि तथा संस्कारहरू पनि फरक र भिन्न महत्त्वका हुन्छन् ।

यस अवधिमा अथवा साँझपखदेखि करिब १२ बजेसम्मको समयमा कुलका पितृहरू तथा देवीदेवताहरू (इन्द्रायणी, कालीका, महादेव) को सम्मानमा नयाँ खानेकुराहरू चढाएको यसमा सबैलाई निमन्त्रणा गरिएको र यसका लागि नयाँ पान्दे र सोही कुलवंशका सदस्यहरूले यस अवसर जुटाइरहेका छन् भन्ने जस्ता तान्त्रिक विधिबाट पान्देले अभिव्यक्त गर्ने गर्दछन् । यस कुलवंशले परापूर्व कालदेखि मान्दै र पुज्दै आएको सम्पूर्ण पितृहरू तथा देवदेवीहरूलाई आमन्त्रण गरी नयाँ खानेकुरा चढाएर वर्षभरिको पारिवारिक गतिविधिको जानकारी दिँदै उनीहरूको (कुलदेवता र पितृको) एकपाखे नयाँ मोरेको ढ्याङ्ग्रो फलाक्दै स्वागत गर्ने कार्य यस प्रहरमा हुन्छ । (मूलपान्दे, प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१) ।

यसरी सम्पूर्ण देवीदेवता, कुलपितृहरूलाई पान्देद्वारा फलाकेर मूलथानमा प्रतिस्थापन गराइसकेपछि पहिलो प्रहरको अनुष्ठान समाप्ति भएको मानिन्छ। यसपछि पान्देहरू आपसमा अम्मल खाई (चुरोट, बिंडी, तमाखू आदि) विश्राम लिन्छन्। यस विश्रामको समयमा पान्देहरू र कुल समूहका मूलीहरूबिच एक आपसमा प्रकृति पुर्खा र जीवन बिचमा भएगरेका अनुभवहरू साटासाट गर्छन्। र छोनाम को अनुष्ठानात्मक कार्यहरू पान्देहरू एक आपसका तान्त्रिक विधाबाट कुन विधा कसले पूरा गर्दै जाने भन्ने कार्यको विभाजन र जिम्मेवारी तोक्छन्। त्यसपछि दोस्रो चरण (प्रहर) मा प्रवेश गर्दछन् (प्रत्यक्ष अवलोकन, ४ भाद्र, २०८१)।

### ३.३.१०.२.२ छोनाम को चौथो रातको मध्य (दोस्रो प्रहर)

छोनाम अनुष्ठानको चौथो रातको दोस्रो प्रहरको अवधि (रातको १२:०० बजे) मध्यरातको आसपासको समयलाई मान्दछन्। यस समयमा विशेषगरी नव-पान्देहरूको प्रवेशका लागि महत्त्वपूर्ण हुन्छ। यस अवधिमा पान्देहरूले सम्पूर्ण शक्तिका देवीदेवता र कुलपितृहरूलाई मूल थानमा प्रतिस्थापन गराइ सम्पूर्ण कूल घरानको नालीबेली सुनाउने गर्दछन्। यस प्रकारको अनुष्ठान संचालनार्थ नव-पान्देहरू इच्छुक भएकाहरूलाई आ-आफ्नो कला वा क्षमतामा नयाँ ढ्याङ्ग्रो फलाकेर प्रदर्शन गर्न अवसर दिइन्छ। पान्देले प्रकृति, पुर्खा र जीवनबिच सम्पर्क गर्दछ भन्ने जनविश्वासको आधारमा यस प्रकारको प्रदर्शन गर्न लगाउने र यसै दिनदेखि उनीहरूमध्ये सम्भावना भएकाहरू नयाँ पान्देको रूपमा स्थापित हुन सक्ने मान्यता राख्दछ। त्यसपछिका दिनहरूमा उनीहरूको इच्छा मुताविक मूल पान्देले तान्त्रिक विद्याको शिक्षादीक्षा दिँदै ती नव-पान्देहरूलाई निखार्दै लैजाने गर्दछ (काजीमान चेपाङ, ५ भाद्र, २०८१)।

यस पर्वमा पान्देद्वारा तान्त्रिक विद्यामार्फत् सम्पूर्ण शक्तिको स्वरूपहरू पान्देले उपस्थित गराएको बखत सिकारू पान्देहरूले फलाकेर विविधता प्रदर्शन गरेका हुन्छन्। उनीहरूले प्रस्तुत गरेको विविधतामा हुने नहुने तथा कतिपय अनावश्यक क्रियाकलापहरू हुन गएको भए कुलदेवता तथा शक्तिका प्रतिमूर्तिहरूलाई पर्न गएको अपमानहरू या गल्तीहरू नव-पान्दे (सिकारू) बाट हुन गएको हो यसलाई माफ गरिदिनु भनी पुनः मूल पान्देले सम्झाउँदै खुसी बनाइ धैर्य गर्न र चढाएका सम्पूर्ण नयाँ अन्नबाली तथा बलि चढाएका प्रसादहरू ग्रहण गर्न तयार हुनु भनी फलाक्ने गर्दछन्। यसरी पान्देले उपस्थित

गराएका सबै कुल देवीदेवता र पितृहरूलाई थान-थानमा राख्ने कार्य सम्पन्न भएपछि अरूलाई फलाक्न नयाँ पान्देहरूलाई फलाक्न -नव पान्देहरूलाई) दिइँदैन। सबै शक्ति आफूमा निहित गरी कुल पूजातर्फ उन्मुख हुने विद्या गर्दै पर्वलाई बिट मार्नेतर्फ मूल पान्दे जाने गर्दछ (मूल पाण्दे प्रेमबहादुर चेपाङ, ५ भाद, २०८१)। यस प्रकारको अनुष्ठान सकिएपछि सबै पान्देहरू र कुल समूहका मूलीहरू केहीबेर आराम गर्दछन्। यस बखत पान्देहरू आपसमा समापन गरेको कार्यहरूबारे समीक्षा गर्दछन्। पान्देहरूले फलाक्ने सिलसिलामा छुटफुट भएका संस्कारलाई मूल पान्देले सकार्दै बाँकी अनुष्ठान समापन गर्न आपसमा सल्लाह गरी छोनामको रातको समयमा गरिने अन्तिम कार्यमा जुट्दछन्। त्यसपछि तेस्रो प्रहरको प्रारम्भ हुन्छ।

### ३.३.१०.२.३ चौथो रातको अन्त (तेस्रो प्रहर)

छोनाम पर्वको चौथो दिनको रातिको समय अर्थात् पाँचौ दिनको बिहानीमा (तेस्रो प्रहर) विशेष महत्त्व हुने गर्दछ। यस बखत कुल पूजा गर्ने समूह वा थरहरूको कुल पूजा गरिन्छ। यसमा वर्षभरिका परिवारका संरक्षकको रूपमा प्रतीक स्वरूप पालिएको कुखुराको भालेलाई कुलथानमा बलि दिइन्छ। साथमा नयाँ अन्नबाली भातीजाँड र पाँच दिन अगाडि गभाएको केराको घरीसहित राखी कुललाई चढाइन्छ। यस वर्षको परिवारप्रति संरक्षण गरेकोमा धन्यवाद र आगामी वर्षको लागि यसरी नै अर्को वर्षसम्मलाई पुनः अर्को भाले प्रतिस्थापन (पानी पारी) गरी चढाउने बाचाका साथ यो पूजा पूर्णरूपमा तान्त्रिक विधिबाट समापन गरिन्छ (रामजीमाया चेपाङ, २२ भाद्र, २०८१)।

यसरी कुखुराको भाले कुलथानमा चढाउने बखत घैयाधान र चामल खान दिइन्छ। यस बेला धान वा चामल खाँदै पर्सिएमा कुल खुसी भएको र परिवारमा सुखशान्ति हुने यदि भालेले चामल वा धान नखाइ नपर्सिएमा कुल रिसाएको र परिवारमा दुःख अशान्ति हुन जाने जनविश्वास रहेको पाइन्छ। यसकारण कुल पूजामा यस प्रकारको कार्यलाई विशेष रूपले हेर्ने गरेको हुन्छ। छोनाममा कुलपूजा नगर्ने र नयाँ अन्नबालीमात्र चढाउनेहरूले यस प्रकारको कार्य कुलपुजा गर्ने दिन (जेठ पूर्णिमा, तोङ्कोलोङ कुलपुजा) वा अरू कुनै तिथिमा मनाउने पर्वमा यसरी नै गर्ने प्रचलन रहेको पाइन्छ। छोनामको विधिअनुरूपका यी अनुष्ठान गर्दै जाँदा बिहानी हुँदै गएको हुन्छ। पाँचौ दिनको बिहानीसँगै छोनामको

समापनतर्फ पर्व उन्मुख भइरहेको हुन्छ। पाँचौं दिनको बिहानीमा गरिने संस्कारगत कार्यहरूलाई विभिन्न चरणमा पूरा गर्दछन् (सेतीमाया चेपाङ, ३ भाद्र २०८१) ।

## ३.३.१०.२.४ बिरामी हेर्ने तथा भाकल गरेको पशुपंक्षी बलि चढाउने

छोनाम पर्वको पाँचौ दिनको बिहानीमा विशेष गरेर वर्षभरिमा बिरामी भएकाहरूलाई पान्देले भूतप्रेत तथा लागो भएका बिरामीलाई कुनै दुःख नदेऊ तिमीलाई भाकल गरेको पशुपंक्षी बलि चढाउने छु भनी बाचा गरेर राखेको हुन्छन्। त्यसलाई यसै अवसरमा बिरामीको तर्फबाट चढाउने प्रक्रियालाई खर्च कटाउने वा हेराउने भन्ने गरिन्छ। पान्देले यस प्रकारको कार्य अरू कुनै बखतको तिथिमितिमा पनि गर्न सक्छन् तर यस प्रकारको अनुष्ठान गर्दा छोनाम (न्वागी)मा गरिने विधि प्रक्रिया पूर्णरूपमा त्यस बखत पनि गर्नु पर्ने हुन्छ। छोनामको अवसरमा यो कार्य गरे एकै सयममा पुकार्नु पर्ने सबै देवीदेवता, कुलपितृ र भूतप्रेत सबैको प्रतिस्थापन गराइएको हुन्छ। यसै बखत बिरामीको खर्च काट्दा (हेराउँदा) एकै मेसोमा सबै विधि पुग्ने हुनाले वर्षभरिका बिरामीद्वारा गरिएको भाकललाई यसै बेला नै प्रायः खर्च कटाउने (बिरामी हेराउने) गर्दछन् (काजीमान चेपाङ, ५ भाद्र, २०८१) ।

## ३.३.१०.२.५ कुवा लानेः कुलदेवता तथा पितृलाई थानमा राख्ने) परम्परा

पाँचौ दिनको बिहान बिरामी हेराइसकेपछि कुलदेवता तथा पितृलाई पूर्वस्थानमा लैजाने कार्यलाई कुवा लाने भनिन्छ। बिरामीको नाममा बाचा गरिएका पशुपंक्षीलाई बलि चढाइसकेपछि मूल पान्देद्वारा कुवा लाने कार्य गर्दछ। छोनाम मा आफ्नो कुलदेवतादेखि लिएर विभिन्न देवीदेवता, भूतप्रेत, राक्षस र अरू सबै शक्तिका देवीदेवताहरूको उपस्थितिमा सम्पन्न हुने जनविश्वास रहेको छ। त्यसैले सबैलाई आ-आफ्नो स्थानमा गई बस्न र अर्को वर्षमात्र बोलाउने वाचा गर्दै यस वर्षको कार्यमा कुनै पनि बाधा व्यवधान नपुऱ्याइदिनु भनी सबैलाई मनाएर कुलपितृलाई पुकुन्थली र सुनाथलीमा लगेर थन्क्याउने कार्य नै न्वागी लाने भनी सम्बोधन गरिएको अनुष्ठान हो ।

कुललाई यस पर्वको विभिन्न गतिविधिमा सामेल गराइ कुखुराको भालेको बलि दिई पुनः पूर्वस्थानमा लगी थन्क्याने कार्य न्वागी लाने प्रक्रिया भएको पान्देहरूको भनाइ छ। यस अवस्थामा त्यस घरमा कोही पनि सुत्नु या निदाउनु हुँदैन। निदायो भने उसको आत्मा पनि पितृसँगै (पितृलाई राख्ने स्थान) मा छोपिने हुँदा पुनः जगाउन नसकिने जनविश्वास रहेको

पाइन्छ। कुवा लैजाँदा सँगै जान्छ, जसले उसलाई नराम्रो हुन जान्छ भन्ने मान्यता रहिआएको छ। त्यसकारण पान्देले कुवा लाने समयमा कोही निदाएको भए ब्युँताउनु भनी जानकारी गराउँदछन्। यसरी तान्त्रिक विधिबाट मृतात्मालाई विचरण गराउने बखत सबैजना जागा अथवा ननिदाएको अवस्थामा हुनुपर्छ भन्ने परम्परागत मान्यता रहेको छ।

### ३.३.१०.२.६ पितृ बुझाउने

छोनाम पर्वको अन्तमा मूल पान्देले कुवा लगिसकेपछि कुलको पूर्ण कार्य सम्पन्न भइसकेको हुन्छ। यसको लगत्तै पान्देद्वारा निम्त्याइएका पितृहरू (मृतात्मा) लाई नयाँ खानेकुराहरू तथा कुलघरमा उपलब्ध सामग्रीहरू (खाद्यवस्तुहरू) लिएर घरबाहिरको पूर्व दिशामा पर्ने जग्गामा अवस्थित रुखको फेदमा लगी सामुहिक भोज दिइन्छ, जसलाई पित्र दिने वा बुझाउने भनिन्छ। यसरी उल्टो केराको पात र दुनामा खाद्यवस्तु राखेर सामुहिक भोज दिएपछि घरमा फर्केर फलाक्दै पान्देले सबै पितृलाई आ-आफ्नो थानमा राख्ने कार्य गर्दछन्। यसको लगत्तै उपलब्ध खाद्यवस्तुलाई फलाकेर सकेपछि अरू देवीदेवता, भूतप्रेत, राक्षस तथा अन्य सहभागी मृतात्माहरूलाई पहिले चढाएर अनि मान्छेको लागि खान बाटो खुलेको उद्घोष गर्दछन् (सुन्तलीयामा चेपाङ, ५ भाद्र, २०८१)। चित्र नं.१३ र १४ हेर्नुहोस्।

### ३.३.१०.२.७ छोनामको सामुहिक भोज

छोनाम पर्वको पान्देद्वारा गरिने विधि पूरा भई मानव जीवनका लागि नयाँ खाद्यबाली तथा फलफुलहरू खान बाटो खुलेको उद्घोष गरिसकेपछि यस वर्षको लागि सबै प्रकारको बाली खान बाचा फुकेको मानेर सामुहिक भोजमा उपस्थित सबै सामेल हुन्छन्। यस कुल समूहको लागि यो पूर्णता हुन्छ भने अन्य छोनाम फलाक्न बाँकी भएका र पान्दे जसले अरू थर समूहको छोनाम गर्न बाँकी भएमा यो भोजमा सामेल हुँदैनन्। किनभने उनीहरूको कुलपितृको लागि बाचा फुकेको हुँदैन।

उनीहरूलाई अलग्गै चोखो अर्थात् बिटुलो नहुने तवरले खानाको व्यवस्थापन मिलाइएको हुन्छ। जबसम्म पूर्णरूपमा छोनाम समापन हुँदैन तबसम्म मूल पान्देले प्रसाद ग्रहण गर्दैनन्। छोनाम फलाक्ने कार्य समापन भएको दिनबाट मात्रै नयाँ खाद्यबाली तथा कुलको प्रसाद ग्रहण गर्ने गर्दछन्। यस भोजमा पितृलाई चढाएको सबै खाद्यवस्तु तथा

कुललाई बलि चढाएको कुखुराको भालेको मासु समावेश गरी सहभागी सबैलाई प्रसाद ग्रहण गराउने गर्दछन् (राममया चेपाङ, ५ भाद्र, २०८१) ।

### ३.३.१०.२.८ कुटुम्ब तथा निम्तालु बिदाइ

छोनाम पर्व मुख्य पर्व भएकोले कुल समूहका चेलीबेटी, कुटुम्ब तथा अरू आफन्तहरूलाई निम्तो गरी सहभागी गराउने गरिएको हुन्छ । यस पर्वका निन्तालु र पर्व भर्न आएको सम्पूर्ण अतिथिहरूलाई चोखो मुख पठाउन हुँदैन भन्ने मान्यता अनुरूप आफ्नो औकात अनुसारको भोजन तथा प्रसाद ग्रहण गराइ स-सम्मान बिदाइ गरिन्छ । चेलीबेटीहरू माइतीमा पर्व मनाउन आउँदा कोसेली लिएर आउने र फर्कदा माइतीबाट आफ्नो खेतीबालीमा भएका नयाँ अन्नबाली तथा फलफुलहरू प्रसादको रूपमा दिई बिदाइ गर्ने गर्दछन् ।

### ३.३.१०.२.९ पान्दे बिदाइ

छोनाम पर्व सम्पन्न गरी भोज खुवाइ सकेपछि सबैले केहीबेर आराम गर्दछन् । कूल घरको मूली र पान्देहरूको केही समयको आरामपश्चात् मूल पान्दे तथा सहायक पान्देको बिदाइ हुन्छ । पान्दे बिदाइ गर्दा कुल समूहको तर्फबाट कुखुराको भालेको सपेटो, हेराउँदा खर्च काटेको बोका, बाख्रा, कुखुराको भाले र पोथी दुवैको एक-एक वटा सपेटा, अक्षता चामल, भेटी पैसा तथा फलफुलसहित ढ्याङ्ग्रोमा राखेर पान्देको घरसम्म (पान्दे लाने ल्याउने प्रशासनिक इकाईका सदस्यमा विशेष रुपमा ज्वाईंचेला हुन्छन्) बाट पुऱ्याउने गरिन्छ । यस वर्षको सांस्कृतिक कार्य समापन गर्ने शिरोभार पूरा भई बिदाइ भएको कुलको मूली र मूल पान्देले भलाकुसारीका साथ अर्को सालको छोनाममा पुनः भेट गर्ने बाचाका साथ बिदाइ हुन्छन् (अनिता चेपाङ, ५ भाद्र, २०८१) ।

### ३.३.१०.२.१० कुलको भालेको टाउको खाने साँझ

छोनाम पर्वको पाँचौ दिनको साँझमा कुल समूहका घरमुलीहरू छोनाम फलाकेको मूल घरमा भेला हुन्छन् । कुलघरानाका सदस्यहरु सबै उपस्थित भई कुल पूजा गर्दा बलि दिएको कुलको भालेको टाउको कुल थानमा चढाएका हुन्छन् । यो पर्वमा कुलपुजाको लागि प्रत्येक कुलपरिवारको सदस्यको परिवारको तर्फबाट एक-एक वटा बासेको भाले बलि

चढाउन्छन् । यही पर्वमा पान्देले उपचार गरिएका बिरामीको भाकल बापत कुखुराको भालेपोथी, बाखा, बोका र सुँगुर जस्ता पशुपंक्षिहरुको बलि चढाउने गर्दछन् ।

कुलथानमा चढाएका कुखुराको भालेको टाउकाहरू सबै भाइहरूको उपस्थितिमा पकाएर सामुहिक रूपमा प्रसाद ग्रहण गर्दछन् । यसरी प्रसाद ग्रहणमा कुल घरानका महिला तथा अन्य कुलबाट आएकाहरूलाई स्विकृति हुँदैन । यो केवल कुल घरानाका पुरूषहरूले मात्र खान अनुमति हुन्छ । यसो गर्नुको कारण के हो भन्ने जिज्ञासामा पितृले आफ्नो कुल पहिचान गरिसकेको हुन्छ र ती कुलमा प्रवेश भइसकेको र पुरुषहरूले नै पितृलाई प्रसाद अर्पण गर्ने भएकोले यो प्रसाद पनि कुलमा प्रवेश गरिसकेको पुरुषले ग्रहण गर्दा शुभ हुन्छ भन्ने परम्परागत मान्यता रहेको छ (काजीमान चेपाङ, सेतीमाया चेपाङ, सीता चेपाङ, बुङ्कुली चेपाङ, हिरामाया चेपाङ र कबिता चेपाङ ५ भाद्र, २०८१) ।

### ३.३.१०.२.११ कुलपरिवार सदस्यको बिदाइसँगै छोनाम पर्वको समापन

छोनामको पाँचौ दिनको साँझमा कुलसमूहको घरमुलीहरूको भेला भई कुलमा चढाएको पशुपंक्षीहरूको टाउको पकाएर सामुहिक प्रसाद ग्रहण गरी कुलसमूहमा चढाएको नयाँ अन्नबाली, केरा, घैया धान चामल तथा अरू सामग्रीहरू र चेलीबेटीले ल्याएका कोसेलीहरू सबै भाइ समूहलाई दामासाहीले भाग लगाइ आ-आफ्नो भाग लिई एक-आपसका बिदाइ हुन्छन् । यसरी कुल समूहका सदस्यहरू एक आपसमा बिदाइसँगै यस वर्षको छोनाम पर्व विधिवत रूपमा समापन भएको मानिन्छ । चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक पक्षहरूको बारेमा यस शोधमा विश्लेषण गरिएको छ । जसमा परम्पपारगत मूल्यमान्यताअनुसार सांस्कृतिक प्रतीकको रूपमा रहेको पर्व जसले समुदायको पहिचान गराउन मुख्य भूमिका रहेको देखिन्छ (काजीमान चेपाङ र सेतीमाया चेपाङ, ६ भाद्र, २०८१) ।

# अध्याय - चार

# छोनाम पर्वमा प्रयुक्त प्रतीकको सांस्कृतिक अर्थ

## ४.१ परिचय

चेपाङ समुदायको सांस्कृतिक पर्व छोनाममा प्रयोग हुने प्रतीक र त्यसको सांस्कृतिक अर्थ के कस्ता रहेका छन् ? तिनको वास्तविकता पहिचान यस अध्यायमा खोज्ने प्रयास गरिएको छ । यसमा प्रयुक्त प्रतीकहरू मूल पान्देको बाखम (पान्देको तान्त्रिक विधिमा गरिने पाठ) सांस्कृतिक विधिशास्त्रमा बखान गरिए बमोजिम भौतिक र अभौतिक दुवै प्रकारको सामग्रीहरू पर्दछन् । पान्देको बाखममा उल्लेख हुने भौतिक रूपमा कुलको स्तम्भको रूपमा कालो पत्थरको स्तम्भ, कुखुराको भाले, भातीजाँड, केराको घरी, मूलथान (घरको बिचको मूल खाँबा), पान्दे र उसको ढ्याङ्ग्रो तथा चढाउनको लागि भेला पारिएका नयाँ फलफुल तथा अन्नबालीहरू पर्दछन् । मूल घर र कुल समूहका जेठा सदस्य यस पर्वको प्रमुख पात्रको रूपमा हुने गर्दछन् भने यसमा समावेश गरिएका सामग्रीहरू परम्परागत रूपमा चढाउने बिम्बको रूपमा अर्थपूर्ण रूपमा सामेल गराइन्छ । यसरी पर्वमा सामेल प्रतीकहरूको सांस्कृतिक अर्थलाई यस अध्ययनमार्फत् प्रकाश पार्ने प्रयास गरिएको छ ।

## ४.२ छोनाम पर्वमा प्रयोग हुने भौतिक वस्तु र तीनको प्रतीकात्मक अर्थ

चेपाङ समुदायको पर्व छोनाम को अनुष्ठानमा प्रयोग गरिएका प्रतीक भनेको पान्दे र उसले फलाक्ने ढ्याङ्ग्रो, कुल समूहको मूली, कुलथान र मुलथान हो । यसको साथमा प्रयोग हुने प्रतीकहरू भिन्न-भिन्न कुलको थरसमूह अनुसार पर्व मान्ने र त्यसमा समावेश हुने संस्कारहरू फरक रहेका हुन्छन् । छोनाम पर्वमा कुलपुजा गर्ने कुलपुज्ने स्थान राख्ने र कुलपुज्ने स्थानमा नराखी मुलथानमा मात्र छोनाम फलाक्ने गरी दुई प्रकारबाट पर्व मनाउने प्रचलन रहेको पाइन्छ । यस अध्ययनमा पर्वको प्रमुख प्रतीकहरू र त्यसको सांस्कृतिक अर्थको बारेमा विस्तृत विश्लेषण गरिएको छ । जसमा कुल पूजा सहितको छोनाम मनाउने र कुल पूजा अरू नै तोकिएको तिथिमा गर्ने तर छोनाम मात्र यस भाद्र महिनामा मनाउने गरेको चेपाङ थर समूहहरूको अलग-अलग रूपमा गरिने अनुष्ठानात्मक कार्यहरूलाई समावेश गर्ने प्रयास गरिएको छ । त्यसको साथमा कूलथानमा प्रयोग हुने प्रतीकहरू र

त्यसपछि मुलथान स्थापना गरी छोनाम मनाउने थर समूहमा प्रयोग हुने सांस्कृतिक प्रतीकहरूलाई यस शोधमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ पान्दे (झाँक्री)

पान्दे चेपाङ समुदायको सांस्कृतिक प्रतीक हो । उनलाई समाज र उनीहरूको समुदायले चेपाङ पान्दे (झाँक्री/पूजारी/डाँग्रे/धामी/पुरोहित) आदि नामले सम्बोधन गर्ने गर्दछन् । उनलाई पुर्खाको प्रतिनिधि जीवित पात्रको रूपमा परिचित गराएको पाइन्छ । चेपाङ समुदायमा परम्परागत रूपमा अगुवा अथवा जानकार अथवा सामाजिक, सांस्कृतिक तथा धार्मिक कार्यहरू सम्पन्न गर्ने व्यक्ति नै पान्दे (झाँक्री) हो । लैंगिक हिसाबले समाजको महिला वा पुरुष जो पनि पान्दे हुन सक्दछन् । समाजमा पान्देहरू महिलाको तुलनामा पुरूष बढी देखिएता पनि महिला पान्देहरू विद्यामा कुनै कमी हुँदैनन् । महिला वा पुरुष पान्दे दुबैमा समुदायको विश्वास एउटै र भूमिका पनि उस्तै रहेको हुन्छ (व्यक्तिगत अन्तर्वार्ता: प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१) ।

चेपाङ पान्देलाई समाजमा मान्यता प्राप्त समुदायको नेतृत्वकर्ताको रूपमा मान्ने प्रचलन कायम रहेको छ । किनभने नव-पान्देहरू जतिसुकै जान्ने भएता पनि मूल पान्देहरूको रोहबरमा खली (नव-पान्देलाई परिक्षण गर्ने कार्य) खुवाएपछि मात्र उनीहरूले पान्देको रूपमा समाजमा सांस्कृतिक संस्कारहरू गर्न अनुमति पाउँछन् । चेपाङ समुदायमा अनुष्ठान गर्न अनुमति पाएको प्रदर्शन पनि त्यसै खली खाएको अवस्थालाई मान्ने परम्परा रहेको छ । परम्परागत विधि प्रक्रियानुसार खली खाएर सफलतापूर्वक तयार भएका पान्देहरू प्रकृति, पुर्खा र पितृसँग प्रत्यक्ष साक्षात्कार गर्ने मानवरूपी प्रतिनिधि पात्र हुन् भन्ने विश्वास गर्दछन् । उसले तान्त्रिक विद्या एकपाखे ढ्याङ्ग्रो फलाकेर कुलपितृ, देवीदेवतासँग प्रत्यक्ष संवाद गर्न सक्छन् भन्ने स्थानीय जनविश्वास रहेको पाइन्छ । यो समुदायको जन्मदेखि मृत्यु पर्यन्तसम्मको सम्पूर्ण सांस्कृतिक कार्यहरू पान्देद्वारा गरिन्छ । यसले गर्दा पान्देलाई सामाजिक नेतृत्वकर्ताको प्रमुख व्यक्तिको रूपमा पुज्ने गरिन्छ । यो समुदायमा पान्देलाई जीवित सांस्कृतिक धरोहर मान्ने र उनैको निर्देशनबमोजिम समूहगत संस्कारहरू मान्ने र मनाउने गर्दछन् (Riboli, 2000, pp. 197-201) ।

### ४.२.१.१ पान्देको प्रकार

पान्देहरू दुई प्रकारबाट सामाजमा उदाएका हुन्छन् । पहिलो सपनामा तान्त्रिक ज्ञान (मन्त्र) पाएर त्यसै अनुसारको विधि प्रक्रिया अपनाएर फलाक्ने र सांस्कृतिक कार्यहरू गर्ने जसको गुरू कोही हुँदैन । उनको गुरू भने पनि जेभने पनि उनलाई सपनामा सिकाउने प्रक्रिया मुख्य हुने गर्दछ । यस्तो खालको पान्दे (झाँक्री) समाजमा कमै रहेको देखिन्छन् । उनीहरूमध्ये केहीले बिरामी हेर्ने र जन्म र मृत्युका संस्कारहरू गर्ने गर्दछन् भने कतिले आफ्नो कुलपितृको कार्यबाहेक अन्य संस्कारगत कार्यमा संलग्न नहुने गरेको देखिन्छ ।

दोस्रो प्रकारको पान्दे (झाँक्री) जो जान्ने गुरू अथवा मूल पान्देबाट सम्पूर्ण ज्ञान लिई जन्मदेखि मृत्यु पर्यन्तसम्मको सम्पूर्ण सांस्कृतिक अनुष्ठानात्मक कार्यहरूको नेतृत्व गर्ने गर्दछन् । उनीहरू समाजमा देखिएको रोगव्याधिहरूलाई मन्त्र गरी एकपाखे ढ्याङ्गो फलाकेर बिरामीको उपचार गर्ने, पशुपंक्षी बलि दिने, देवीदेवता तथा भूतप्रेत, पिचास आदिको पूजापाठ तथा मन्छाउने जस्ता विविध प्रकारका कार्यहरू गर्ने गर्दछन् । उनीहरूले समाजमा विभिन्न संकटको जोखान हेर्ने र त्यसको लागि भाकल गरेर ती संकट टार्ने जस्ता कार्यहरू गरी समाजमा सांस्कृतिक क्रियाकलापहरू गरिरहेका हुन्छन् (गुरूङ, २०५१, पृ. ४०-४१) । वर्तमान समयमा पनि बिरामी भएकालाई अक्षेता फाल्ने, फलाक्ने, भूतप्रेत मन्छाउने तथा पशुपंक्षी बलि दिएर चिन्ता गर्ने, बिरामीको रोग/बेथा निको पार्ने जस्ता कार्यहरू गरिरहेका हुन्छन् । यस प्रकारको प्रथाहरू चेपाङ समुदायमा वर्तमान समयमा कायमै रहेको देखिन्छ ।

### ४.२.१.२ पान्देको सामग्रीहरू

चेपाङ पान्देले फलाक्ने सामग्रीहरू समुदायको सांस्कृतिक प्रतीकको रूपमा रचना गरिएको हुन्छन् । पान्देले फलाक्ने तान्त्रिक विधिको आधारमा शक्तिको प्रतीक स्वरूप रूद्राक्ष माला, बोधिचित्त माला, घुङ्ग्रो मालाका वरिपरि विभिन्न देवीदेवता र तिनका अस्त्रहरू साथमा गणदेवहरूको शक्तिका प्रतीकहरूले सिंगारिएको हुन्छ । ती प्रयुक्त अस्त्रहरूले त्यो पान्देको शक्तिलाई प्रतिनिधित्व गराइएको हुन्छ । यिनै परम्परागत विश्वासका आधारमा निर्माण गरिएका तान्त्रिक विधाका सामग्रीहरूको साथमा पान्देले चेपाङ समुदायको छोनाम पर्वको अनुष्ठान सम्पन्न गर्ने गर्दछन् ।

चेपाङ पान्दे (झाँक्री) ले फलाक्दा प्रयोग गर्ने सामग्रीहरू जुन उनको बाखमसा ( पितृ गणना गर्ने तान्त्रिक विधा) भन्ने क्रममा महत्त्वपूर्ण भूमिका हुन्छ (बरकान्छा चेपाङ, २२ भाद्र, २०८१)। यस सन्दर्भमा कुलार्णवतन्त्रका अनुसार काम, क्रोध, लोभ, मोह, मद आदिबाट उत्पन्न भएका दोष नियन्त्रण गर्ने वस्तुलाई यन्त्र भनिन्छ। यन्त्रलाई आफूले धारण गर्ने, ग्रहण गरेर आफ्नो बासस्थानमा राख्ने, देवालयमा स्थापना गरेर पुज्ने गर्दछन्। यी सबै कार्यहरू आ-आफ्नो शास्त्रीय विधि र परम्परा अनुसार गर्ने गरिन्छ (पोखरेल, २०८०, पृ. ४३)। यी शास्त्रीय मान्यता अनुरूप नै चेपाङ पान्देको यन्त्रहरूको उपयोग गरिएको देखिन्छ (प्रत्यक्ष अवलोकनः ४ भाद्र, २०८१)।

### ४.२.१.३ ढ्याङ्ग्रो (एकपाखे)

एकपाखे ढ्याङ्ग्रो चेपाङ समुदायको सांस्कृतिक प्रतीक हो। यो मृतात्मा वा शक्तिलाई पुज्न प्रयोग गरिने पान्देको मुख्य साधन (यन्त्र) हो। यो सान्दानको काठबाट बनेको र बेतको चोयाबाट बाख्राको छाला मोरेर (एकतर्फ छोपी) बनेको हुन्छ। यसमा विभिन्न देवीदेवता तथा शक्तिका प्रतीकहरूलाई घुङ्ग्रो माला र घण्टीमा निर्माण गरी भित्री भागमा झुण्ड्याइएको हुन्छ। जुन फलाक्ने बेला विभिन्न धुनमा बज्ने गर्दछन्। यसरी विविध सामग्रीको साथमा तयार गरिएको ढ्याङ्ग्रोलाई पान्देद्वारा कसले फलाक्ने हो यो ढ्याङ्ग्रो उसको नाम (फलाक्ने झाँक्री/डाँङ्ग्रे) नै किटान गरी त्यसको आत्मा भर्ने काम गरिन्छ। ढ्याङ्ग्रोमा आत्मा भरिसकेपछि त्यसलाई अरू कसैले फलाक्न हुँदैन। कुनै नयाँ ढ्याङ्ग्रो कसैको पनि आत्मा (डाँग्रे) को नराखी ढ्याङ्ग्रोको मात्र आत्मा भरेको ढ्याङ्ग्रो भने जोसुकैले फलाके पनि फरक पर्दैन। विशेषगरी सिकारू अर्थात् नव-पान्देहरूलाई यस प्रकारको ढ्याङ्ग्रो फलाक्न दिने चलन छ। पान्देहरू आफ्नो नाममा आत्मा भरेको ढ्याङ्ग्रोको सहायताबाट फलाक्दै आकाश, पाताल, जल, वायु र अग्निसँग सहयात्रा गर्ने तथा कुलपितृ, देवीदेवता तथा भूत पिचाससँग प्रत्यक्ष संवाद र सम्पर्क गर्न सक्छन् भन्ने जनविश्वास रहेको छ। यसकारण ढ्याङ्ग्रो मृतात्मा बस्ने ठाउँको प्रतीक हो। (व्यक्तिगत अन्तर्वार्ताः काजीमान चेपाङ, ५ भाद्र, २०८१)। चित्र नं. १हेर्नुहोस्।

### ४.२.१.४ गजा (ढ्याङ्ग्रो फलाक्ने काठको यन्त्र)

पान्देले फलाक्ने एकपाखे ढ्याङ्गो जस्तै उक्त ढ्याङ्ग्रो फलाक्न प्रयोग गरिने बेतद्वारा बनाइएको टुप्पोतिर घुम्रिएको लौरो आकारको साधन अर्थात् जो एक सांस्कृतिक प्रतीक हो । यसले विभिन्न प्रकारको विधामा मन्त्र अनुसारको विधामा धुन निकाल्न प्रयोग हुने एक महत्त्वपूर्ण यन्त्र गजा हो । यसले ढ्याङ्ग्रो बजाउँदै भिन्न-भिन्न आवाजअनुसार देवीदेवता तथा कुलपितृलाई बोलाउने सामुहिक भोज गराउने र पुनः थान-थानमा विराजमान गराउने जस्ता भूमिकामा देखिने पान्देको तान्त्रिक शक्तिको प्रतीकमध्ये एक मानिन्छ । यो एक प्रकारको पान्देको हतियारको रूपमा रहेको हुन्छ । यो पनि ढ्याङ्ग्रोको साथमा प्रयोग हुने मृतात्मा बस्ने ठाउँको प्रतीक हो (प्रत्यक्ष अवलोकनः ४ भाद्र, २०८१) । चित्र नं. ८ हेर्नुहोस् ।

### ४.२.१.५ रूद्राक्ष माला/बोधिचित्त माला/घुङ्ग्रो माला र अक्षता (फलाक्ने चामल)

पान्देले फलाक्ने बेलामा आफूलाई आफ्नो मन्त्रद्वारा शरीर बाँधेको अथवा सुरक्षार्थ शक्तिको प्रतीक स्वरूप रूद्राक्ष माला, बोधिचित्त माला, घुङ्ग्रो माला पहिरिएको हुन्छ भने तान्त्रिक अस्त्रको रूपमा घैया चामललाई अक्षताको रूपमा प्रस्तुत गरिएको हुन्छ । मन्त्रको साथमा उसले शरीरलाई सुरक्षा कवजको रूपमा यन्त्र (रूद्राक्ष जा बोधिचित्त वा घुङ्ग्रो माला धारण गर्दछन् । यस प्रकारको माला पहिरिएर फलाक्न बसेपछि सामान्यतय भूतपिचास, छोंडा, बोक्सी, डाँग्रे, वीरवायु जस्ता शक्तिहरूले कुनै बाधा व्यवधान गर्न सक्दैन र पान्देले आफ्नो संस्कारगत कार्यहरू बिना कुनै रोकावट सम्पन्न गर्न सक्दछन् (व्यक्तिगत अन्तर्वार्ताः सानोकान्छा चेपाङ, ४ भाद्र, २०८१) ।

### ४.२.२ कुलथान (चोटा) मा प्रयोग हुने बिम्ब/प्रतीक

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतक कार्यहरूमा मुख्य दुई तह वा स्थानमा हुने गर्दछ । ती दुवै स्थानमा स्थापित गरिने सांस्कृतिक प्रतीकहरू केही फरक महत्त्वको हुने गर्दछ । कुलपुजासहित छोनाम पर्व मान्नेहरूले कुलपुजा (घरको चोटामा) र प्रकृति र पितृको प्रतीक स्वरूप प्रस्तरको स्तम्भ राखिन्छ । यसको साथमा कुलपरिवारले उब्जाएका नयाँ खाद्यबालीलाई पुर्खाले उपयोग गरेको प्रतीक मानी चढाउने गरिन्छ । मुलथान वा भुइँतलाको

अगेना नजिकै नयाँ खाद्यबालीको बोटसँगै उत्पादन गरिएका परिकारहरू जुन पितृले उपयोग गरेको सामग्रीहरूको प्रतीक स्वरूप थान निर्माण गरी पान्देद्वारा फलाक्ने गरिन्छ । कुलपुजा अरू तिथिमितिमा गर्ने तर छोनाम पर्व भने घरको भुइँतलाका अगेना अगाडि कुलपुजा गर्ने थरसमूहले जसरी नै नयाँ अन्नबाली चढाएर फलाक्ने गर्दछन् । चित्र नं. ६ र ८ हेर्नुहोस् ।

### ४.२.२.१ कुलको थान (प्रस्तरको स्तम्भ) र कुलको भाले (कुखुरा भाले)

चेपाङहरूको कुलथान (चोटा) मा राखिएको प्रस्तरको सानो स्तम्भ कुलको प्रतीक हो । यसलाई पर्वको बखत निकालेर प्रतिस्थापन गरिन्छ । पर्व सम्पन्न भएपछि निकालेर पुनः पहिले राखिएको स्थानमा छोपेर राखिन्छ । यसको अरू समयमा कुनै पुजापाठ पनि गरिदंन । यो प्रस्तर स्तम्भलाई प्रकृतिले दिएको कुलको प्रतीक मानी वर्षभरि परिवारको संरक्षकको रूपमा पालिएको कुखुराको भालेलाई यसैबखत बलि चढाइन्छ । यसको साथमा घैया चामलको भातीजाँड, पाकेको घरी केरा र नयाँ खाद्यबालीलाई पनि प्रकृति र पुर्खाले दिएको अन्नबालीको प्रतीक स्वरूप चढाउँदछन् ।

कुलको नाममा पालिएको कुखुरोका भाले जीवित हुँदा अथवा छोनाम गर्नु पहिले परिवारको संरक्षकको रूपमा रहने त्यसलाई बलि चढाएपछि पुनः छोनाम सम्पन्न भएको तीन महिनाभित्र अर्को कुखुराको भाले चल्लालाई कुलको नाममा (पानी हालेर) राख्ने गरिन्छ । यसबाट के स्पष्ट हुन्छ भने यस थर समूहका चेपाङ समुदायको संरक्षकको रूपमा प्रस्तरको स्तम्भ र जीवित संरक्षकको रूपमा कुखुराको भाले रहने सांस्कृतिक मान्यता रहेको देखिन्छ । यसरी कुल भाकेर राखिएको भाले कुनै कारणवशः बिरामी परेमा वा भवितव्य परेर मरेमा वा कुनै जंगली जनावरको आक्रमणमा परेमा परिवारमा दुःख तथा संकट आइपर्ने वा परिवारका सदस्यहरूमा दुखबिमारी हुने हुन्छ भन्ने जनविश्वास रहेको छ । प्रायजसो कुल भाकेको भालेलाई कुनै प्रकारको संकट पर्दैन । यसैले कुखुराको भाले कूलको संरक्षकको प्रतीकको रुपमा रहेको देखिन्छ (काजीमान चेपाङ, ५ भाद्र, २०८१) । चित्र नं. ५ हेर्नुहोस् ।

### ४.२.२.२ सिंगो केराको घरी

वनकेरा चेपाङ समुदायको सांस्कृतिक प्रतीक हो । यो जंगलमा प्रशस्त पाइने जीवन उपयोगी वनस्पतिमा पर्दछ । यसको फल, पात तथा बोटलाई प्रतीकको रूपमा यो समुदायको पर्व छोनाम मा चढाउने गर्दछन् । चेपाङ समुदायको पुर्खाले जंगली

जीवनयापनमा एक खाद्यवस्तुको रूपमा उपभोग गर्दै आएको विश्वास गर्दछन् । यसको बहुउपयोगिताको बारेमा विभिन्न जनश्रुतिहरू पाइन्छन् । जसअनुसार, एक समयको कुरा हो जंगलमा ठुलो डढेलो लागेको थियो । यस बखतको समयमा यस जंगल जलेर सखाप भयो भने यसबखत सबै जीवजन्तुको विनाश भए । यस्तो घना जंगलमा रहेको केराको घारीमा भने आगो दन्कन सकेन । केराको घारी वरपर लुकेका चेपाङहरू आफ्नो ज्यान जोगाउन सफल भए । पानीको मुहान आसपासका क्षेत्रमा भएको केराको झाडीमा लुकेका चेपाङहरूमात्र बाँच्न सफल भएकोमा केराको झाडी भएको कारणले थाहा पाए । यसलाई उनीहरूले प्रकृतिले हामीलाई बचाउन पठाएको देवताको प्रतीकको रूपमा केराको बोटलाई पुज्न थाले । यस्तो जंगलमा फैलिएको संकटबाट केराको झाडीको कारण बाँच्न सफल भएको चेपाङहरूको सन्तती नै आजका चेपाङहरू हुन् । त्यही समयबाट चेपाङहरूले केरालाई पुज्न थालेको हो (पूर्णबहादुर चेपाङ, ५ भाद्र, २०८१) । चित्र नं. १५ हेर्नुहोस् ।

चेपाङ समुदायले केरालाई दुई प्रकारबाट खुट्याउने गर्दछन् । जसमा वनमा पाइनलाई वनकेरा र घरको वरपर तथा खेतीको रूपमा लगाइएको घरकेरा भन्दछन् । जंगलमा पाइने केरा जुन चेपाङ पुर्खाले उपयोग गर्दथे त्यो नै आजको कुललाई चढाउने परम्परा रहेको पाइन्छ । यदि वर्तमान परिवेशमा यस प्रकारको केरा प्राप्त हुन नसकेको अवस्थामा मात्र घरकेरा मुङ्ग्रे र झबरी प्रजातिका केरामात्र प्रयोग गर्दछन् । चेपाङ समुदाय बसोबास गर्ने पहाडी भेगको भिरालो जमिनका खोल्साहरूमा यस प्रकारको जंगली केराहरू पाइन्छन् । यो स्थानहरूमा फलेको केराबाट यो समुदायले आफ्नो भोको पेटभरि जीवन बचाउने गरेको आख्यानहरू आजकल पनि प्रशस्तै छन् ।

चेपाङ पुर्खालाई प्रकृतिले उपलब्ध गराएको खाद्यवस्तु केरा भएको र यसलाई पुर्खादेखि नै प्राण धान्ने फलारको रूपमा मानेर पहिले प्रकृति वा पितृलाई चढाएरमात्र आफू खाने गरेको परम्परालाई निरन्तरता दिदै आएका छन् । यसै परम्परालाई यो समुदायले आजको समयसम्म पनि सांस्कृतिक पर्वको रूपमा छोनाम फलाकेर कुलपितृलाई वर्षको एक पटक चढाउने र अनिमात्र आफूहरू खाने प्रचलन रहेको छ । यो समुदायको जंगली जीवनयापनमा प्राण धान्ने खाद्यान्नमध्ये केरा थियो भने यसको पात तथा बोट र बुङ्गोको समेत तरकारी बनाएर खाने गर्दछन् । चेपाङ समूहले कुललाई चढाउने केरा हालसम्म पनि भेटिएसम्म वनकेरा नभएमा घर पालुवामा मुङ्ग्रे र झबरी प्रजातिका केरा विशेष प्रयोग

गर्दछन् । घरपालुवा केरा अर्थात आजकलको अरू प्रजातिका केरा प्रयोगमा ल्याउने गरिदैन ( व्यक्तिगत अन्तर्वार्ता: काजीमान चेपाङ, ५ भाद्र, २०८१) ।

### ४.२.२.३ भातीजाँड

छोनाम पर्वको विशेष परिकारमध्ये सांस्कृतिक प्रतीकको रूपमा भातीजाँड रहेको हुन्छ । यो एक प्रकारको प्रसादको रूपमा रहेको परिकार हो । पुर्खाहरूले थकाइ बिर्सन र आनन्दको महसुस गर्नको लागि जाँड (घैया चालमको भातलाई मर्चको सहायताले गबाएर बनाइने) एक प्रकारको मद्यपान हो । यो विशेष प्रकारको पर्वमा प्रयोगमा ल्याउने गर्दछन् । अरू पर्वपर्वमा अन्य अन्नबालीको जाँड बनाउने गर्दछन् भने छोनाम पर्वमा भने घैया चामलबाट मात्रै बनाउने गर्दछन् । चेपाङ समुदायमा पहिलो चामलको भात भनेकै घैया भएको र यसबाट बन्ने हरेक परिकारलाई कुलपितृलाई चढाएर मात्र आफूले खाने परम्परा रहेको हुँदा यस प्रकारको प्रचलन रहेको देखिन्छ । यसलाई पान्देद्वारा सम्पन्न संस्कारमा तान्त्रिक रूपमा गणना गरी पुज्ने भएकोले यसको अनिवार्यताका साथमा महत्त्व कायम रहेको देखिन्छ । यो औषधिजन्य पदार्थ जसलाई सांकृतिक पर्वमा सेवन गर्दथे । पुर्खाको मनोरञ्जन गर्ने पदार्थको प्रतीकको रुपमा चढाउने गर्दछन् । (प्रत्यक्ष अवलोकन, ५ भाद्र, २०८१) । चित्र नं.४ मा केराघरीसँगै ड्रममा केराको पातले छोपेको हेर्नुहोस् ।

### ४.२.२.४ घैयाधान

घैयाधान चेपाङ पुर्खाको महत्त्वपूर्ण खाद्यवस्तुको प्रतीक हो । यो पाखोबाली अर्थात् पाखो खोरिया (भिरालो जमिन) मा सहजै फल्ने धान हो । यो विशेष गरेर साउन, भाद्र महिनामा पाक्छ । त्यसैले भाद्र महिनामा फलाक्ने छोनाम पर्वको लागि उपयुक्त खाद्यबालीका रूपमा पुर्खाले उपयोग गरिने अनाजको प्रतीकको रूपमा पुज्ने गरेको पाइन्छ । चेपाङ समूहहरू पहाडी र भिरालो जमिनमा बसोबास रहने र यस प्रकारको भू-भागमा पाखोबाली फल्ने घैयाधान हो । यो जंगलको भिरालो खोरियाहरूमा लगाइने मुख्य बालीमा पर्दछ । यसबाट आफ्नो परिवार तथा समूहको प्रमुख पर्व तथा पर्ववाडमा खाने विशेष खाद्यान्नमा गनिन्छ । जसलाई छोनाम पर्वमा कुलपितृलाई चढाएर आफू खाने पर्वको रूपमा मान्ने प्रचलन रहेको छ । चेपाङहरूले अन्य अन्नबालीको तुलनामा घैयाधानलाई सांस्कृतिक प्रतीक खाद्यान्नका रूपमा मान्दछन् । अरु खालको धान सिमसार, कुलोको पानी जमाएर रोपिन्छ ।

रोप्दादेखि नपाकेसम्म पानी चाहिन्छ । तर घैया धान सुख्खा पाखोमा फल्छ । चेपाङ पुर्खाहरू घैयाधानको भात खान जानेकाले यसलाई प्रमुख बालीको रूपमा खेती गर्नेगरेको मौलिक आख्यानहरू रहेको पाइन्छ। यस प्रकार घैयाधान र चेपाङ समुदायको जातिय पहिचान जोडिएको छ। घैयाधानलाई पान्देद्वारा सम्पन्न छोनाम पर्व फलाक्ने बेलासमेत तन्त्रको साथमा मन्त्रद्वारा सम्बोधन गरिने भएकोले यसको उपस्थिति अनिवार्य हुने गर्दछ । यो चेपाङ समुदायको प्रारम्भिक अन्नको प्रतीक मानिन्छ। (मुख्य पान्देः प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१) । चित्र नं. १८ हेर्नुहोस् ।

### ४.२.२.५ सामा र काउनो

चेपाङहरूको परम्परागत खाद्यवस्तुमा सामा र काउनो (कागुनो) पनि पर्दछ। सामा धानको खेतमा उम्रने र धानजस्तै बोट हुने मसिना राता दाना फल्ने जङ्गली धान वा त्यसैको चामल, नाभो धान हो (नेपाली बृहत शब्दकोश, वि.सं. २०७२, पृ. १२६४) । कागुनो जौको जस्तै पात र बाला हुने एक बोट वा त्यसैका बालामा फल्ने घ्यू रङ्गको सस्युँजस्तो दाना, आयुर्वेद अनुसार वायु वर्धक र पुष्टि कारक गुण भएको पहेँलो, सेतो र कालो रङ हुने अन्न (नेपाली बृहत शब्दकोश, वि.सं. २०७२, पृ. २०९) हो। यो जंगलमा वा भिरालो खोरियाहरूमा सप्रिने लामो बाला भएर कोदोजस्तै फल्ने खाद्यान्न हो। चेपाङ समुदायले घैयाधानको चलनभन्दा पहिले प्रमुख खाद्यवस्तुको रूपमा काउनो उपयोग गर्ने गर्दथे। यो सुख्खा जमिन अर्थात् जंगली भिरालो जमिनमा मौलाउने भएकोले खेती गर्न सजिलो हुने र राम्रो उब्जनी हुने गर्दथ्यो। यसलाई चामल बनाएर खान घैयाधानको तुलनामा बढी झन्झटिलो हुन्छ। यसकारण घैयाको प्रचलन सुरुसँगै यसको खेती लगाउन कमी आएको जानकारहरू बताउँछन्। तर पुर्खाले खाँदै आएको र पुज्दै कुलपितृलाई चढाउने परम्परा बाखममा नै उल्लेख हुनेहुँदा छोनाम वा कुलपुजाको क्रममा चढाउनु पर्ने प्रचलन भने कायमै रहेको देखिन्छ। यसको भात बनाएर खाने चलन कतैकतै मात्र भएको पाइन्छ। यो पनि चेपाङहरुको प्रारम्भिक अन्नको अर्को प्रतीक हो। (काजीमान चेपाङ, १० असोज, २०८१) ।

### ४.२.२.६ गाभापिँडालु

गाभापिँडालु चेपाङ समुदायमा प्रचलित खाद्यवस्तुको प्रतीक हो। गाभा भाद्र महिनामा प्रशस्त हुने भएकोले खाद्यवस्तुमा एक हो भने यसको फल वा गानालाई सुख्खा याम चैत्र वैशाख महिना जुनबेला यो समुदायमा खाद्यान्नको अभाव हुने बखत गिठ्ठा भ्याकुरजस्तै खनेर खाने गरिन्छ। त्यसैले खानाको प्रतीकको रूपमा पुज्ने गरेको देखिन्छ।

यो समुदायको खाद्यवस्तुको रूपमा विविधतासँगै सांस्कृतिक प्रतीकको रूपमा पिँडालुलाई पनि चढाउने परम्परा निक्कै महत्त्वपूर्ण रहेको पाइन्छ। यसकारण चेपाङ पुर्खाहरूले परम्परागत रूपमा जीवनयापनमा सिलसिलामा पर्यावरणीय दृष्टिकोणबाट विशेष रूपमा उपयोग गर्ने गरेको भन्ने मान्यता अनुरूप पहिले पर्वमा पितृलाई चढाएरमात्र आफु खाने परम्परा छ (काजीमान चेपाङ, ६ भाद्र, २०८१)। चित्र नं. १३ हेर्नुहोस्।

### ४.२.२.७ घैयाधानको बोट

छोनाम पर्वमा घैयाधानको बालासहितको बोटलाई पनि सांस्कृतिक प्रतीकको रूपमा प्रतिस्थापन गरिएको हुन्छ। यो पुर्खाले पर्व मनाउने बखत पाक्ने प्रमुख खाद्यान्नलाई बोटसहित प्रदर्शन गरिन्छ। जसलाई भावी पुस्ताले नबिर्सियुन्, यसको रूपरेखा पहिचान गर्न सहज होस् भनेर पर्वमा प्रतीकात्मक रूपमा खडा गरिएको हुन्छ।

यो छोनाम फलाक्दा अनिवार्य रूपमा चाहिने सामग्रीमा पर्दछ। घैयाधान खोरिया बारीमा लगाउने प्रमुख बाली हो। घैयाको हरियालीसँगै लाग्ने बालासहितको बोट नै यस पर्वमा चढाउने गरिन्छ। अर्को अर्थमा घैयाबारीमा घैया खान विभिन्न प्रजातिका चराचुरुङ्गीहरू आउने गर्दछन्। ती चराहरूलाई लिसो थापेर समाती परिवारको लागि मासु प्राप्त गर्ने र पाकेको धान आफ्नो लागि खान हुने बहु प्रयोजनार्थ घैयाबोट प्रकृति र पुर्खाले उपभोग गरेको अन्नबालीको प्रतीक भएकोले यसको बालासहितको हरियो बोट नै कुलपितृलाई चढाउने गरिन्छ (सानोकान्छा चेपाङ, ५ भाद्र, २०८१)। चित्र नं. २ हेर्नुहोस्।

### ४.२.२.८ धुपबत्ति र पानीघडा

चेपाङ समुदायको छोनाम पर्वमा देवीदेवता, कुलपितृ तथा अरू शक्तिका प्रतिमूर्तिहरूलाई खुसी पार्ने प्रतीकका स्वरूप धुपबत्ति तथा स्वागतको प्रतीक स्वरूप पानीघडालाई राखिने परम्परा रहेको छ। यसको लागि छोनाम पर्वको अवसरमा चिउरीको घ्यूको धुपबत्तिहरू बाल्ने र पानीघडा राख्ने गरिन्छ। यस बखत यस स्थानमा कुलपितृको आगमन हुने र तिनको स्थान पहिचान गर्न सहज होस् भन्ने परम्परागत मान्यताअनुरूप धुपबत्ति बालेर राख्ने र पाहुनालाई खानेपानी पिलाएर आराम गर्न दिने प्रचलन अनुरूप कुलपितृलाई पानीको प्यास मेटाएर थान थानमा रहन अपिल स्वरूप यस प्रकारको धुपबत्ति र पानीको घडा राख्ने गरिन्छ। पर्वका पवित्र कार्यको लागि शुद्ध मानिने चिउरीको घ्यूको धूप, चिउरीको पातको दुना, टपरी विशेष प्रयोग गर्ने गरिन्छ। यस पर्वको समयमा केरा सुनाएको दिनदेखि निरन्तर रूपमा पाँचौं दिनसम्म बाली राखिन्छ। चेपाङ र चिउरी बिचको अन्तरसम्बन्ध तथा पर्यावरणीय अनुकुलताको पुर्खाहरूले जीवनयापन गरेको दृष्टान्त हो (प्रेमबहादुर चेपाङ, ६ भाद्र, २०८१)। चित्र नं. ७ हेर्नुहोस्।

### ४.२.२.९ बुकीफूल र पाती

बुकिफूल र तितेपाती मृतात्माले मनपर्ने फूलको प्रतीक हुन्। छोनाम पर्वको लागि बुकिफूल र तितेपाती अनिवार्य हुन्छ। यो पितृलाई मनपर्ने फूलहरूमा पर्दछ। बुकीफूल उच्च पहाडी र हिमाली भेगमा पाइने सुगन्धित फूल हो। यसलाई चेपाङ समुदायले आफ्नो पुर्खा उत्पत्ति स्थलमा पाइने फूल जसको सुगन्ध पुर्खाहरूले पवित्र कार्यहरू उपयोग गर्ने गरेको र तान्त्रिक रूपमा सम्पन्न गरिने विशेष छोनाम पर्वमा विशेष प्रतीकको स्वरूप यसको उपस्थिति गरिएको हुन्छ। यो जस्तोसुकै अवस्थामा पनि शुद्ध हुने र यसको सुगन्ध कुलपितृलाई असाध्यै मन पर्ने भनी पान्देको बाखम (तान्त्रिक विद्या) मा उल्लेख गरिएको हुनाले यो पर्वको विशेष फूलको रूपमा चढाउँदै आएको देखिन्छ। पर्व मनाउने घरको ढोका, दलिन, खाँबा, पाली, छाना, कुल पुज्ने स्थान र पितृ दिने स्थानका साथमा पान्देले फलाक्ने ढ्याङ्ग्रोमा समेत यसलाई सजाइएको हुन्छ। यसले नकारात्मक शक्ति (भूतप्रेत, पिचास) तथा दानवी विचारलाई घरपरिवारमा प्रवेश गर्न दिँदैन भन्ने मान्यता रहेको छ। बुकीफूलको साथमा पाती पनि सँगै चढाउने गरिन्छ। पाती पवित्र कार्य र चोखो पानी कुलपितृलाई

चढाइसकेपछि अन्तमा पर्वको सबै संस्कारगत कार्यहरू सम्पन्न भइसकेपछि सोही घडाको पानी र फूलपातीबाट अभिषेक (छर्किएर) सबै घरपरिवार, आगन्तुक तथा बस्तुभाउ समेतलाई चोख्याइन्छ (काजीमान चेपाङ, ५ भाद्र, २०८१) । चित्र नं. १० हेर्नुहोस् ।

### ४.२.२.१० अक्षता (घैयाधानको चामल)

छोनाम फलाक्दा घैया चामललाई मृतात्माको लागि खाद्यवस्तुको प्रतीकको रूपमा चढाउने गर्दछन् । यसमा चढाउन राखिएको घैया चामललाई अक्षता भनिन्छ, जुन कुलपितृको नाममा चढाउन टपरीमा राखिन्छ । उक्त अक्षतालाई पान्देले विधिपूर्वक चढाइसकेपछि बाँकी रहेको भाग पान्देले नै लैजान पर्दछ । यसको अर्थ के हो भने मृतात्माको नाममा चढाएको खाद्यवस्तु पान्देबाहेक अरूले उपयोग वा खान हुँदैन भन्ने परम्परागत मान्यता रहेको छ (कृष्णबहादुर चेपाङ, ६ भाद्र, २०८१) ।

यस प्रकारको अक्षता पर्वमा प्रत्येक कुलथर समूहले आ-आफ्नो तर्फबाट भिन्न-भिन्न चिउरी वा सालको पातको टपरीमा राख्ने गर्दछन् । यो हरेक कुल समूहको प्रतिनिधिहरू सामेल छन् भन्ने प्रतीकको रूपमा राखिएको हुन्छ । यो अक्षता आफ्नो खेतीबालीबाट उब्जनी भएको घैयाधानबाट बनाएको चामल नै ल्याउनु पर्दछ । कथंकदाचित नभएमा पनि कुलपितृको नामबाट कुनै स्थानबाट ल्याए पनि शुद्ध रूपमा चढाउन ल्याउने गरिएको हुन्छ । यस बखत आफूले उब्जनी गर्न नसकेकोले यस पटक यस्तो भयो आउने साल कुलपितृको आशिर्वादले उब्जनी गरी चढाउने छु भनी प्रतिज्ञा गरेर चढाउने गरिन्छ । यसो गरेमा कुलपितृ नरिसाउने र परिवारमा कुनै आफतविपत आइनपर्ने जनविश्वास रहेको पाइन्छ (प्रत्यक्ष अवलोकन, ५ भाद्र, २०८१) ।

### ४.२.३ मूलथान (भुइँतला) मा प्रयोग हुने प्रतीकहरू

छोनाम पर्व कुलपुजा (कुखुराको भाले बलि चढाउने र अरू तिथिमा कुलपुजा गर्ने) दुई प्रकारबाट फलाक्ने गर्दछन् । यो अनुसन्धानमा कुलपुजासहित छोनाम पर्व फलाक्ने कुलपरिवारको पर्वमा केन्द्रित भई खोज गरिएकोले सोहीबमोजिम स्थापना गरिने कुलथान ( कुखुराको भाले बलि दिने स्थान) को सजावट र मुलथान (कुखुराको भालेबाहेक नयाँ खाद्यवस्तु चढाउने स्थान) मा प्रयोग हुने प्रतीक र त्यसको अर्थहरूलाई विश्लेषण गरिएको छ । कुलथानमा चढाउने प्रतीकात्मक सामग्री र मूलथानमा चढाउने प्रतीकात्मक सामग्रीहरू

(कुखुराको भाले, भातीजाँड र केराको घरी) बाहेक अरू सामग्रीहरू समान रहेको हुन्छन् । यसैले कूलथानमा चढाइने सामग्रीको बारेमा पहिले नै व्याख्या गरिएकोले थप विश्लेषण यहाँ नगरी मूलथान (छोनाम फलाक्ने स्थान) मा प्रतीकको रूपमा चढाइने सामग्रीहरूलाई मात्र विश्लेषण गरिएको छ ।

### ४.२.३.१ घैयाधान र मकैको बिस्कुन

छोनाम पर्वमा पान्देले फलाक्ने स्थान अथवा मूलथानमा घैयाधान र मकैदानाले चोखो भुइँमा नयाँ खाद्यवस्तुको प्रतीक अनुरूप बिस्कुन लगाइन्छ । त्यसै बिस्कुनमाथि अक्षताको टपरी राख्ने, धुपबत्ती बाल्ने, निबुवा तथा घिरौला चढाउने, दायाँ-बायाँ केराको बोट, घैयाधानको बोट, गाभापिँडालुको बोट र जंगली खाद्यवस्तु लगायतका सामग्रीहरू प्रतीकात्मक रूपमा प्रतिस्थापन गरिएको हुन्छ । यसमा मुख्य आधारको रूपमा घैयाधान र मकै प्रमुख खाद्यवस्तुको प्रतीक भएको जनाउँदछ । यस स्थानमा अन्य समुदायको मानिसहरू र कुलमा नसुनाइएको परिवार भित्रका सदस्यहरूलाई समेत प्रवेश गराइँदैन ।

जब पान्देले कुल परिवारको नयाँ सदस्यको आगमन भएको र उसको बारेमा कुललाई सुनाएपछि मात्र यस स्थानमा प्रवेश गराउने गर्दछन् । किनभने यो स्थान त्यसबखत पूर्णरूपमा कुलपितृको स्थान हुने र उनीहरू यही स्थानमा विराजमान हुने सांस्कृतिक तथा धार्मिक विश्वास छ । यसको प्रतीकात्मक बिम्बको रूपमा परापूर्वकालको अन्नबाली घैयाधान भएकोले यसलाई राखिएको हो भने वर्तमानमा मकै मुख्य खाद्यबाली हो भनेर यसलाई चढाएको हुन्छ । यदि कालान्तरमा अरू नै प्रमुख बालीको रूपमा चेपाङ समुदायले अवलम्बन गरे त्यो नै चढाउनु पर्ने हुन्छ (श्रीराम चेपाङ, ५ भाद्र, २०८१) ।

### ४.२.३.२ मकै (सिंगै बोट, पाकेको घोगा र छोडाएको दाना)

चेपाङ समुदायको मुख्य खाद्यवस्तुको रूपमा रहेको मकैको विभिन्न अवस्थालाई प्रतीकको रूपमा उपस्थित गराइएको हुन्छ । जसमा फल्दै गरेको मकैको सिंगो बोट, पाकेको घोगा र छोडाएको दानालाई प्रदर्शन गरिएको हुन्छ । यसको अर्थ यो कुलपरिवारको प्रमुख बाली तथा खाद्यवस्तुलाई कुलपितृ तथा उपस्थित मानव जीवनलाई परिचित गराउँदै संस्कृति हस्तान्तरण गर्ने अवसरको रूपमा प्रतिबिम्बित गरेको देखिन्छ । पर्वमा मकैबाहेक अरू सामग्रीहरूलाई पनि प्रतीकात्मक रूपमा स्थापना गरिएको हुन्छ, जसको सांस्कृतिक

रूपमा अर्थ माथि उल्लेख गरिएबमोजिम आफ्नै प्रकारको हुने गर्दछ । यो समुदायले कोदो र फापरको पनि खेती गर्ने गरेको पाइन्छ तर पितृलाई भने चढाउने गरेको पाइँदैन । चेपाङहरू कोदो र फापर कुलपितृलाई नचढ्ने खाद्यवस्तुमा पर्दछ (प्रत्यक्ष अवलोकन र व्यक्तिगत अन्तर्वार्ताः काजीमान चेपाङ, ५ भाद्र, २०८१) ।

### ४.२.३.३ गाभापिँडालु

छोनाम पर्वको मूलथानलाई कुलथानमा जस्तै प्रतीक स्वरूप गाभापिँडालुको बोट, केराको बोट, दानासहितको घैयाधानको बोट, केराको पातको दुई मुठा, बुकिफूल, जंगली खाद्यवस्तु, चामल, खट्टे लगायतका नयाँ खाद्य सामग्रीहरूले उक्त स्थानमा सजाइएको हुन्छ । यसले पर्वमा प्रदर्शन गर्दै संस्कृति हस्तान्तरण गर्ने अवसरको रूपमा प्रस्तुत गरिएको हुन्छ । यसै पर्वमा गाभापिंडालुलाई हिउँद वा सुख्खा मौसमको खाद्यवस्तु पिँडालु, बर्खाको खाद्यवस्तु गाभा रहेको प्रतीक स्वरूप प्रतिस्थापन गरिएको हुन्छ (कृष्णबहादुर चेपाङ, ५ भाद्र, २०८१) ।

### ४.२.३.४ घैयाधानको बोट (बाला सहितको) दायाँ बायाँ राख्ने

घैयाधानको बोट कुलथानमा जसरी नै खाद्यवस्तुको प्रतीकात्मक रूपमा स्थापना गरिएको हुन्छ । फरक यति छ कि कुलथान कुल समूहका मानिसले मात्र हेर्न पाइने हुन्छ भने मूलथानमा अढाइएको घैयाधान र सिंगो बोटलाई अरू समूहका मानिस तथा आगन्तुक आफन्तजन तथा पर्व भर्न आएकाहरूले पनि अवलोकन गर्छन् ।

यसले सांस्कृतिक प्रतीकहरूको प्रसारण र पुस्तान्तरण कार्यमा सहयोग पुग्दछ । यसको अवलोकनबाट नयाँ छोनाम गर्नेहरूले ज्ञान लिने धार्मिक विश्वास गरिन्छ । कुल पुज्ने समूहको हकमा माथि कुल थानमा यसको स्थान हुने हुन्छ भने कुल अरू तिथिका मनाउनको हकमा यो नै प्रमुख छोनाम स्थान हुने गर्दछ । यसले सबै कुल समूहको लागि महत्त्वपूर्ण हुन्छ (काजीमान चेपाङ, ४ भाद्र, २०८१) ।

### ४.२.३.५ केराको सिंगो बोट

छोनाम पर्वमा कुलथान राखेको जसरी नै मूल छोनाम फलाक्ने स्थानमा पनि थान स्थापना गरी केराको बोट सहितको घरी दुवैतर्फ राखिएको हुन्छ । यसको तात्पर्यको बारेमा

माथि उल्लेख गरिएअनुरूप नै हुने गर्दछ। यसमा कुल समूह सहितको अरू समुदायलाई पनि प्रदर्शन गराइ फलाक्ने र जीवनयापनको एक खाद्यान्न र जीवन बचाउने वनस्पतिको रूपमा प्रतिबिम्ब गराउने गर्दछ (श्रीराम चेपाङ, ४ भाद्र, २०८१)।

### ४.२.३.६ केराको पात (आगोमा सेकाएर दुई बिटा)

छोनाम पर्वमा आगोमा सेकाएको दुई मुठा केराको पात राखिन्छ। यो चेपाङ समुदायको पुर्खाको बस्त्रको प्रतीक स्वरूप राखिएको हुन्छ। यस सन्दर्भमा पाइएको जनश्रुतिअनुसार चेपाङ परिवारको एक सदस्य जंगल नजिकैको खोलामा गई माछा मारेर ल्याई आफ्नो परिवार पाल्ने गर्दथे। खोलामा उनी एक्लो हुने र पानीमा पसेर माछा मार्ने हुँदा बस्त्र सबै फुकालेर नाङ्गै खोलामा पसी माछा मार्ने गर्दथे। एक दिनको कुरा हो ती चेपाङ खोलाको किनारमा आफूले लगाएको बस्त्र फुकालेर माछा मार्दै थियो। उनी माछा मार्ने सिलसिलामा खोलाको निकै परसम्म पुगेछ। माछा प्रशस्त पाएको अवसरमा लामो दुरी पार गरेको पत्तै भएनछ। यसै क्रममा आफूलाई निकै भोक लागेकोले फर्कने सोंच बनाएर आफूले फुकालेर राखेको बस्त्र भएको स्थानमा आउँदा उनको बस्त्र त्यस स्थानमा थिएन। उनले यताउता सबैतिर खोजतलास गरे तर उनले बस्त्र पाउन सकेन। अब नाङ्गो शरीर परिवारमा कसरी फर्कने भनेर चिन्तित भए। दिन बितिसकेको रातको समयमा खोलामा बस्न जनावरको डर त्यत्ति नै हुनेहुँदा घर फर्कनुको उनमा कुनै विकल्प थिएन। यसै बखत उनले नजिकैको जंगलमा डढेलो लागेर पहेँलिएको केराको पात देखे। त्यो आगोले पोलेको पहेँलो पातलाई लपेटेर बस्त्रको रूपमा बेरेर घर फर्के। घर फर्केपछि उनले बस्त्र फेरेर त्यस आगोले पोलेको केराको पातलाई दुई मुठा पारेर पालिमा सिउरेर राखे। यस प्रकारको घटनाको बारेमा आफ्नो परिवारलाई सुनाए। यो घटनाको सययकाल बित्दै जाँदा यस प्रकारको आपतविपतमा बस्त्रको रूपमा पुर्खाले आगोले पोलेको केराको पात प्रयोग गरी आफ्नो शरीर ढाक्ने गरेको परम्परा बमोजिम कुलपितृलाई पनि त्यसै घटनाको सम्झनाका प्रतीकको रूपमा दुई मुठा केराको पात आगोमा सेकाएर मुठा पारी चढाउने प्रचलन रहेको छ (व्यक्तिगत अन्तर्वार्ताः पूर्णबहादुर चेपाङ, १५ असोज, २०८१)। चित्र नं. ११ हेर्नुहोस्।

### ४.२.३.७ घैयाधानको चिउरा

छोनाम पर्वमा आवश्यक सामग्रीहरूमा काँचो घैयाधानको चिउरा पनि एक हो । यो नयाँ खाद्यबाली पाकी नसकेको अवस्थामा जीवन धान्न काँचो धानलाई आगोको खङरङ्गमा भुटेर त्यसलाई ढिकीमा कुटेर अर्धचामलको रूपमा चिउरा भनी खाने गरेको परम्पराअनुसार प्रतीकको रूपमा चढाइएको हो । छोनाम पर्व भाद्र महिनामा मनाइने भएकोले यस बखत घैयाधान भर्खर फूल खेल्दै वा चामल हुन लागेको अवस्था हुन्छन् । यस्तो अवस्थामा धानको चिउरा बनाउन काँचो घैयाको चिउरा बनाएर पूर्वजहरूले चढाउने गर्दथे भन्ने परम्परा अनुरूप आजकल पनि काँचो वा पाक्न लागेको घैयाधानलाई भुटेर चिउरा बनाइ चढाउने चलन कायमै रहेको छ (सानोकान्छा चेपाङ, ५ भाद्र, २०८१) । चित्र नं. १२ हेर्नुहोस् ।

### ४.२.३.८ बुकीफूल र तितेपाती

बुकिफूल र तितेपाती मृतात्मालाई मन पर्ने फूल मानिन्छ। छोनाम पर्वको एक आकर्षणको रूपमा रहेको घरको भित्र बाहिर चोक तथा मटानमा सजाएर राख्ने र कुल स्थानहरूमा बिटो नै राखिन्छ भने पान्देले फलाक्ने ढ्याङ्ग्रोमा झपक्कै सजाइएको हुन्छ । बुकीफूल र पातीले पानीको घडा सजाइएको हुन्छ । यसले समापन पश्चात् सबै चिजबिज तथा उपस्थित मानिसलाई चोख्याउने गरिन्छ। यस गरेमा शुद्व हुने र परिवारमा कुनै प्रकारको संकट आइनपर्ने सधैँ सुखशान्ति कायम रहने धार्मिक विश्वास रहेको छ ( सानोकान्छा चेपाङ, ६ भाद्र, २०८१) ।

### ४.२.३.९ चिउरी वा सालको पात, दुना र टपरी

पूर्वजले आधुनिक भाँडावर्तनको विकास नभएको अवस्थामा चिउरी वा साल तथा अन्य वनस्पतिको पात भाँडावर्तनका रूपमा प्रयोग गर्दथे । परम्परा अनुरूप चेपाङहरूले पनि चिउरी वा सालको पातबाट बनेका दुना र टपरीको प्रयोग आजपर्यन्त प्रतीक स्वरूप छोनाम अनुष्ठानमा प्रयोग गर्दछन् । कुलुपुजाको लागि चिउरीको पात र त्यसबाट बनेको दुना, टपरी सुल्टो गाँसेर प्रयोग गरिन्छ । यो शुद्व र कुलले स्विकार्ने जनविश्वास पान्देद्वारा गराइएको देखिन्छ । पितृको लागि भने केराको पातमा उल्टो गाँसेर दिने चलन छ । यसो किन गरिन्छ भन्ने सन्दर्भमा पितृहरू भनेका मृतात्माहरू हुन् हामीले मृतात्मालाई उल्टोबाट गणना गर्ने

हो यसले गर्दा जीवित शरीर सुल्टो हो उसलाई सुल्टोबाट गणना गरिन्छ । सुल्टो नै पात वा अरू कुनै भाँडामा खान दिइन्छ भने मृतात्मा वा पितृलाई उल्टो पात वा उल्टो पातबाट बनेको दुना, टपरीमा खान दिने गरिन्छ । यसो गर्दा जीवित मानव र मृतात्माको भिन्नता हुने र पितृ वा मृतात्मा खुसी हुने विश्वास रहेको छ। यसैअनुरूप यस पर्वका सबै संस्कारहरूमा दुना, टपरी र पातको प्रयोग गर्ने गरिन्छ । सिधा अर्थमा सुल्टो पात जीवित प्राणीको प्रतीक र उल्टो पात मृतात्माको प्रतीक मानिन्छ । यो पर्वमा गरिने सांस्कृतिक रूपमा गरिने स्थापित बिम्बहरूमध्ये यो पनि एक महत्त्वपूर्ण पक्ष हो (प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१) । चित्र नं. ३ हेर्नुहोस् ।

### ४.२.३.१० अक्षता (कुलपितृको नाममा चढाएको घैयाचामल)

अक्षता मृतात्मालाई चढाएको खाद्यवस्तुको प्रतीक हो । जसको सांस्कृतिक अर्थलाई नियाल्दा, छोनाम पर्वमा चढाउने अक्षता (घैयाचामल वा सामान्य धानचामल) मृतात्माको नाममा चढाइएकोले पान्देबाहेक अरूले लैजान र खान हुँदैन भन्ने विश्वास रहेको पाइन्छ । कुलपुजा गर्ने समूहले कुलथानमा चढाएको अक्षता र कुलपुजा नगर्ने तर छोनाम फलाक्ने कुल समूहले चढाउने अक्षता घैयाधानको हुने र तथा अरू बिरामी हेराउन आउने भक्तालुले चढाउने अक्षतामा साधारण धानको चामल हुने गर्दछ । जुन कुलपितृको नाममा चढाउन टपरीमा राखिन्छ । त्यसलाई अक्षता रूपमा पान्दे विधिपूर्वक चढाइ सकेपछि उनले नै लैजानु पर्दछ । यो प्रत्येक कुल समूहले र आ-आफ्नो तर्फबाट अलग-अलग टपरीमा अक्षता राख्नु पर्दछन् । अरू सामाजिक, सांस्कृतिक र धार्मिक आस्था र विश्वास कुलपुजा गर्दा अवलम्बन गरिएका संस्कारगत मूल्यमान्यताको आधार गरिने र त्यसको प्रतिफल स्वरूपका जनविश्वास एकै प्रकारको रहेको हुन्छ (प्रत्यक्ष अवलोकन, ५ भाद्र, २०८१) । चित्र नं. ४ हेर्नुहोस् ।

### ४.२.३.११ पाटे घिरौला (जंगली घिरौला)

यो पनि पुर्खाको खाद्यवस्तुको प्रतीक हो । जंगलमा प्रशस्त पाइने यो घिरौला मृतात्माको नाममा प्रतीक स्वरूप चढाउने गर्दछन् । चेपाङ समुदायको छोनाम पर्वमा चढाउने सामग्रीहरूमा पाटे घिरौला पनि पर्दछ । यो जंगलतिर पनि प्रशस्तै हुने र परम्परादेखि खाद्यवस्तुको रूपमा उपयोग गर्दै आएकोले यो नयाँ अन्नबाली चढाउने क्रममा

यो पनि चढाउने गरिन्छ। पान्देको बाखममा यो घिरौला पनि बखान्ने क्रममा उद्घोष गर्नुपर्ने हुँदा यसको अनिवार्यता रहेको हो भने वर्तमानमा पनि यो पाटे घिरौला चेपाङहरूले लगाउने र छोनाममा चढाइ सकेपछिमात्र खान सुरू गर्ने गरिन्छ (कृष्णबहादुर चेपाङ, ५ भाद्र, २०८१)।

### ४.२.३.१२ अदुवा

अदुवा एक प्रकारको औषधिजन्य वनस्पतिको प्रतीकको रूपमा खाने गरेको खाद्यवस्तुको बिम्बमा प्रयोग गरेको देखिन्छ। यो सधैँ चोखो हुने (कुलपरिवारको कुनै सदस्यको मृत्यु भई जुठो परेको) बखत पनि सेवन गर्न मिल्ने खाद्यवस्तु भएको अर्थमा प्रतीक स्वरूप मृतात्मालाई पुज्ने पर्वको आवश्यक सामग्रीहरूमा अदुवा पनि पर्दछ। यो पुर्खाहरूले उपयोग गरेको हो भनी बाखम (तान्त्रिक विद्या) मा नै उल्लेख गरी कुलपितृलाई चढाउने प्रचलन बसालेको हुँदा आजकाल पनि उपलब्धीमूलक खाद्य पदार्थको रूपमा ग्रहण गर्दै पर्वमा चढाउने गर्दछन् (श्रीराम चेपाङ, ५ भाद्र, २०८१)।

### ४.२.३.१३ निबुवा

निबुवा एक खाद्यवस्तुको प्रतीक हो। यो जंगली जीवनयापन गर्ने क्रममा पुर्खाले विशेष रूपमा चूक बनाएर औषधिजन्य पदार्थको रूपमा प्रयोग गरेको सन्दर्भमा बाखममा उल्लेखित वनस्पति हो। यसको पाकेको दानालाई केलाएर साँदेर खाने तथा चूक बनाएर राख्ने नेपाली प्रचलन रहेको पाइन्छ। यो निबुवाको फललाई चेपाङ समुदायले छोनाम मा कुलपितृलाई चढाएरमात्र खाने गर्दछन्। चेपाङ पान्देको तान्त्रिक विद्याअनुसार परम्परागत खाद्यवस्तुभित्र पर्ने भएकोले पर्वमा समावेश गरी कुलपितृलाई पहिले चढाएरमात्र आफूले खाने परम्परा कायम रहेको हो (श्रीराम चेपाङ, ५ भाद्र, २०८१)। चित्र नं. १० हेर्नुहोस्।

### ४.२.३.१४ धुपबत्ती (चिउरी घ्यूबाट)

चेपाङ समुदायको सांस्कृतिक पर्वहरूमा बिशुद्ध रूपमा चिउरी घ्यू धुपबत्ती बालेर देवीदेवता तथा कुलपितृको अनुष्ठान गर्ने गर्दछन्। कुलपितृलाई खुसी पार्ने प्रयोजनार्थ बास्नादार वातावरण भएको बिम्बको रूपमा बाल्ने गरिन्छ। यसलाई कुलथान र मूलथान दुवैस्थानमा बाल्ने र आगोमा धुप हाल्ने गरिन्छ। फरक यति मात्र छ कि कुलथानमा सीमित

कुल परिवारबिचमा गरिन्छ भने मूलथानमा गर्दा सबै दर्शकको सामुनेमा धुप हाल्ने गरिन्छ। पर्वमा पनि यसरी नै घ्यूबाट दियो बत्ती बालिन्छ। यो पर्वका समयमा निभ्नु हुँदैन भन्ने मान्यता छ। पर्वको अनुष्ठान भएको सयममा यदि त्यो बलेको बत्ती निभ्यो भने कुलपरिवारमा अनिष्ट हुने वा अप्रिय घटना हुने जनविश्वास रहेको छ (काजीमान चेपाङ, ५ भाद्र, २०८१)।

यसकारण यस पर्वमा बालिएको धुपबत्ती, कुखुराको भालेले अक्षता खाने वा नखाने बारेका निक्कै चासोका साथ हेरिने चलन छ। यो सांस्कृतिक रूपमा रहेको परम्परागत मान्यता भएकोले सबैले विश्वास गर्ने गर्दछन् (प्रत्यक्ष अवलोकन, ५ भाद्र, २०८१)।

### ४.२.३.१५ रातो माटो, गाईको गोबर, दूबोपाती र पानी घडा

रातो माटो र गाईको गोबरले लिपपोत गरी पानीको घडामा राखिएको पानीलाई दूबोपातीले छर्किएर कुलथान र मूलथानलाई चौख्याइन्छ। यसलाई पर्वको शुभकार्य शुभारम्भ भएको प्रतीकको रूपमा रहेका बुझिने परम्परा छ। यसरी छोनाम फलाक्ने कुलथानमा चोखो पारेर गरिने कार्यले छोनाम फलाक्दा कुलपितृ खुसी हुने विश्वास रहेको छ। कुल पुज्नेले कुलथान र सबैलाई पुज्ने मूलथानमा यस प्रकारको सरसफाई गरी बुकिफूल, दूबो, पाती र पानीको घडाले सजाएको हुन्छ भने सोही कार्य कुलपुजा नगर्नेहरूले मूलथानमा यस प्रकारको सजावट गर्ने गर्दछन्। कुलथानमा कुल समूह बाहेककाले प्रवेश गर्न पाउँदैनन् भने मूलथानमा सबैले अवलोकन गर्न अनुमति हुन्छ।

यसरी पर्वको समापनमा कुलथानमा राखेको फूलपाती, अक्षता र पानीले सबैलाई उपस्थित कुल परिवारका सदस्यलाई चोख्याइन्छ भने मूलथानमा राखिएको फूलपाती तथा जलबाट पर्वका सम्पूर्ण मानिस, घरगोठ, पशुपंक्षी, बोटबिरूवा लगायतका वरपरका सबैलाई चोख्याउने गरिन्छ। यसपछि पर्वको मुख्य खाद्यवस्तुको रूपमा कुलको भालेको मासु, घैयाचामलबाट बनाएको भातीजाँड, काँक्राको अचार, गाभापिँडालु र कुलथानमा गभाएको केरालाई प्रसादको रूपमा सबैलाई ग्रहण गराइन्छ (प्रत्यक्ष अवलोकन, ५ भाद्र, २०८१)।

### ४.२.३.१६ जंगली खाद्यवस्तु (गिठ्ठा, भ्याकुर, पाङ्नाम र वनतरूल)

जंगलमा पाइने खाद्यवस्तुहरूलाई जीवनयापनको मुख्य आहार भएको प्रतीकको रूपमा गिठ्ठा, भ्याकुर, पाङ्नाम र वनतरुललाई पनि पर्वमा चढाउने गर्दछन् । चेपाङहरूको प्रमुख खाद्य आपूर्ति क्षेत्रको रूपमा जंगल रहेको देखिन्छ । जंगलमा पाइने कन्दमुलहरूमा विशेषगरी सुख्खा मौसम हिउँदमा पाइने गिठ्ठा, भ्याकुर, भारलाङ, पाङ्नाम, वनतरुल आदि रहेको देखिन्छ ।

वर्तमान अवस्थामा पनि यस प्रकारको खाद्यवस्तुको भरमा केही महिना जीविकोपार्जन गर्नेगरेको भेटिन्छ । यस प्रकारको जीवनशैली अपनाएर आजसम्म आइपुगेको समुदायले छोनाममा यस वस्तुहरूलाई चढाउन अनौठो भएन । उनीहरूले यसभित्र पनि गिठ्ठालाई त दोस्रो तहको खाद्यवस्तु नै मान्ने गर्दछन् । यी सामग्रीहरूलाई पनि पर्वका कुलपितृलाई चढाउने गर्दछन् (प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१) ।

### ४.२.३.१७ चिउरी

चेपाङ समुदायमा उपयोगी वनस्पतिमा चिउरी पर्दछ । यसलाई सामान्य रुपमा Butter Tree भनिन्छ भने बैज्ञानिक नाम Diploknema Butyracea हो । चेपाङ जनजीवनमा चिउरी बहुउपयोगी वनस्पतिमा पर्दछ । चिउरीलाई छोनाममा चढाउने सामग्रीमा अनिवार्यता पान्देको बाखमसामा उल्लेख नभएता पनि जीवनपयोगी बनस्पतीको रुपमा परम्परादेखि भोगचलन गर्दै आएको पाइन्छ । यसको अर्थ चेपाङ पुर्खा उत्पत्ति स्थानमा यसको उपस्थिति नभएको एकथरी पान्देहरूको विचार भेटिन्छ । अर्का थरी पान्देहरूको विचारमा चिउरी बहुउपयोगी वनस्पति भएकोले यसको भूमिका चौतर्फी रहन्छ । यस पर्वमा नचढाउनुको कारण के हो भने यसबखत अथवा भाद्र महिनामा यसको न त फल हुन्छ न त फूल फुलेको हुन्छ । खाली बोट र पात मात्र हुनेहुँदा यसलाई चढाउन छुटाइएको भएपनि चिउरी उपस्थिति भने कमी छैन ।

छोनाम पर्वमा पवित्र धुप हाल्न र बत्ती बाल्नको लागि चिउरीको घ्यू प्रयोग गरिन्छ भने पातको जीवित मानवलाई खाना खुवाउन पातबाट दुना टपरी गाँसेर प्रयोग गरिन्छ । अर्कोतर्फ चिउरी फुल्ने समयमा चमेरा सिकार गरेर राखेको हुन्छन् जुन पाहुनाहरूलाई

मासुको रूपमा प्रयोग गर्ने गर्दछन् भने कतिपय अवस्थामा बुढो र काम नलाग्ने बोटबाट दाउरा बनाइ पर्वको लागि खरङ्ग (आगोको) बनाउन प्रयोग गरिन्छ। यसकारण चिउरी बहुउपयोगी वनस्पति चेपाङ समुदायको जीवनशैलीबाट अलग हुन सक्दैन । तर कुलपितृलाई भने चढाउन नपर्ने सामग्रीमा पर्दछ। चेपाङ पुर्खाहरू चिउरी नपाउने स्थानमा बस्थे कुनै बखत यस चिउरी पाउने स्थानमा आई बसेको हुन सक्ने आंकलन छ (व्यक्तिगत अन्तर्वार्ताः काजीमान चेपाङ, ५ भाद्र, २०८१) ।

## ४.३. छोनाम पर्व प्रदर्शनको सांस्कृतिक अर्थ

छोनाम पर्व प्रदर्शनको सांस्कृतिक अर्थ महत्त्वपूर्ण रहेको छ। चेपाङ समुदायमा भौतिक भन्दा अभौतिक सांस्कृतिक सम्पदाहरू जनश्रुतिमा बढी रहेको पाइन्छ । यस छोनाम पर्वको सवालमा सांस्कृतिक अनुष्ठानहरू परम्परागत मूल्यमान्यताका आधारमा पान्देद्वारा संचालन, संवर्धन र हस्तान्तरण हुँदै आएको भेटिन्छ । जुन पान्देलाई बाहेक अन्य सामान्य मानिसले थाहा पाउन र बुझ्न कठिन हुने गर्दछन् । यस सम्बन्धमा अनुसन्धान कर्ताले स्थलगत अवलोकनको क्रममा प्राप्त सूचनाको आधारमा छोनाम पर्व चेपाङ समुदायको सबैभन्दा महत्त्वपूर्ण सांस्कृतिक पर्व हो । यो पर्वमा चढाइने भौतिक रूपमा देखिने पशुपंक्षी, खाद्यवस्तु र फुलफुलाङ्गीहरू सबै बाखममा उल्लेख भएको सामानहरू हुन् । पान्देको बाखममा उल्लेख नभएका सामान यसमा चढाइँदैन र चढाउन पनि हुँदैन । किनभने कुलपितृलाई के चढाउने र के नचढाउने भनेर बाखम (चेपाङ पान्देले भन्ने तान्त्रिक विद्याा वा विधिशास्त) मा उल्लेख हुन्छ। त्यस अनुसारको सामग्रीहरूको जोहो गरी चढाउने हो । यदि कुनै सामग्रीहरू अपुग भएमा अर्को साल चढाउने र यस पटकलाई माफ गरिदिनु भनेर सम्बोधन गर्नुपर्ने हुन्छ (व्यक्तिगत अन्तर्वार्ताः प्रेमबहादुर चेपाङ, २ भाद्र, २०८१) ।

यसको साथमा अभौतिक रूपमा रहेको अर्थात् तन्त्र, मन्त्र र यन्त्रको साथमा पान्देले ढ्याङ्ग्रो फलाक्दै बाखम (तान्त्रिक विद्या) बखान्दै गरिने विधिहरू जुन अरू मानिसले जान्दैनन् । त्यो यस पर्वको ज्यादै महत्त्वपूर्ण सांस्कृतिक संस्कार हो । यस संस्कारअनुसार पान्देले पहिले कुलपितृलाई केराको घरी र भातीजाँड गबाएर (केरा सुनाउने) निम्तो गर्ने गर्दछन् । यसमा यो वर्षको नयाँ अन्नबाली तथा कुललाई पंक्षीबलि दिने तिथिमिति भाद्रको अनुकुल समय हुने भनी जानकारी गराउने र त्यतिन्जेल धैर्य गर्न, परिवारमा कुनै अप्रिय क्षति हुन नदिन आग्रह गर्ने र तिथिको दिन पुनः भोजको लागि लिन आउने बाचा गर्दछन् ।

यसपछि सबै सामग्रीहरू जुटाउने काममा लाग्ने परम्परागत इकाई निर्माण गरी कार्य गर्दछन् । छोनामको दिन केरा सुनाएको चौथो दिनको साँझबाट छोनाम फलाक्न सुरू गरिने भएकोले यस साँझ पान्देले निम्तो गरेको कुलपितृ, मृतात्माहरू तथा शक्तिका स्थानीय प्रतिनिधिहरू सबैलाई उपस्थित हुन लगाउँछ । यस बखत भएको सम्पूर्ण शक्तिका देवीदेवताहरूलाई सामुहिक भोजमा आह्वान गर्दछन् । यस बखत कुलपितृ तथा मृतात्मालाई साक्षी राखी परिवारको सदस्यहरूको सम्पूर्ण जानकारी (विवरण दिने कार्य : जसमा नव आगन्तुक परिवार सदस्य र मृत भएको सदस्य) फलाक्दै बखान्ने गर्दछन् ( काजीमान चेपाङ, ५ भाद्र, २०८१) ।

यसरी पहिलो प्रहरमा यस प्रकारको कार्य गरिसकेपछि ती सम्पूर्ण देवत्वप्रति सम्मान स्वरूप घुमफिर गर्न खुल्ला गरिदिएको हुन्छ । यस बखत नव-पान्देहरूको पनि प्रवेश गराइ उनीहरूको प्रदर्शनलाई सबै शक्तिको सामु फलाक्न दिने र सोहीअनुसार उनीहरूले बाखम गर्न विद्या प्राप्त गर्ने अवसर मिल्ने र कुलपितृले पनि पान्देको छनौट गर्ने गर्दछ भन्ने मान्यता रहेको छ । यसपछि यो समय पर्वको अधिकांश अनुष्ठान सम्पन्न गरिन्छ । यस समयमा कुलपुजा गर्नेहरूले कुलको लागि राखिएको कुखुराको भाले कुलथानमा गई बलि दिने साथमा केरा, भातीजाँड साथमा नयाँ अन्नबाली चढाइन्छ । कुलपुजा नगर्ने समूहकाहरूले मूल थानमा नयाँ अन्नबाली, भातीजाँड, केरा तथा बिरामी हेर्ने काम सम्पन्न गर्ने गरिन्छ । यस प्रकारको कार्य सम्पन्न गरिसकेपछि पान्देद्वारा निम्तो गरिएका सम्पूर्ण शक्तिका देवीदेवता तथा कुलपितृ र आगन्तुक भूतपिचास समेत सामुहिक भोजमा सामेल गराउँदछ ।

यसरी सामुहिक भोज खुवाएपछि सबैलाई आ-आफ्नो स्थानमा गई बस्न र अर्को सालमा बोलाउन आउने वाचाका साथ यस वर्षभरि कुनै प्रकारको दुःखपीडा नदिनु परिवारको संरक्षण गर्नु र कुनै प्रकारको विपत्ति आइनपरोस् भनी कामना गरिन्छ । यसरी कुलपितृ, देवीदेवता तथा बाखमद्वारा निम्ता गरिएको सबैलाई सामुहिक भोज गराइ बिदाइ गरिसकेपछि मानिसको लागि नयाँ खाद्यबाली खान वाचा फुकेको हुन्छ । उपस्थित सम्पूर्ण आफन्तजन तथा परिवारको साथमा सामुहिक भोज खाएपछि यस वर्षको पर्व सम्पन्न भएको मानिन्छ (व्यक्तिगत अवलोकन, ६ भाद्र, २०८१) ।

यस प्रकारबाट छोनाम पर्वको अनुष्ठानमा यो समुदायको जन्मदेखि मृत्युसम्मको सबै कर्मकाण्डको समीक्षात्मक संस्कारसहित कुलपितृको पूजासमेत गरी नयाँ खाद्यबालीको खान सुरू गर्ने अवसर भएकोले सांस्कृतिक रूपमा यसको निकै महत्त्व रहेको देखिन्छ। अभौतिक रूपमा गरिने अनुष्ठानात्मक कार्यहरू जुन समुदायभित्र रहेको कुल समूहको पहिचानसँग जोडिएको र यस पर्वद्वारा उनीहरूको वास्तविकता पहिचान गर्नसक्ने सांस्कृतिक प्रतीकको रूपमा यो पर्व रहेको सन्दर्भ यस खोजले प्रतिबिम्बित गरेको छ।

# अध्याय - पाँच

# सारांश, छलफल र निष्कर्ष

## ५.१ पृष्ठभूमि

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अध्ययनलाई अन्तिम अध्यायमा अनुसन्धानात्मक शोधपत्रको सारांश, छलफल र निष्कर्षलाई प्रस्तुत गरिएको छ। यसमा शोधपत्रमा समावेश गरिएको शोधकार्यको पक्षहरूलाई संक्षिप्त रूपलाई विश्लेषण गरिएको छ। यस पर्वमा प्रयुक्त प्रतीकहरूको अर्थ र महत्त्व तथा चेपाङजस्तै जनजाति समुदायले प्रयोग गर्ने प्रतीकहरूको सैद्धान्तिक आधारहरूमा अन्वेषण, परिक्षण, छलफल गरी विश्लेषण गरिएको छ। यसको साथमा अध्ययनको लागि आवश्यक सामग्रीहरू, प्राप्त तथ्यहरूको परिशिष्ट र सन्दर्भसूचीलाई समावेश गरी प्रस्तुत गरिएको छ।

## ५.२ सारांश

छोनाम पर्व चेपाङ समुदायको सांस्कृतिक प्रतीक हो। उक्त पर्व संस्थागत रूपमा भाद्र २२ गते मनाउने चेपाङ संघको निर्णय भएता पनि समुदायका थरसमूहको जेष्ठ सदस्य र मूल पान्देको सहमतिमा भाद्र महिनाभरि नै मनाउने परम्परा कायम रहेको देखिन्छ। चेपाङ समुदायले वर्षभरिमा विभिन्न आस्थाका आधारमा कुलथर समूहले आफ्नो परम्परा अनुसारको पर्व तथा पर्वहरू मनाउने गरेको पाइन्छ।

उनीहरूले मनाउने पर्वपर्वहरूमा तोङ्कोलोङ, नामरुङ, भूयाँर, सिकारी पूजा, प्रकृति पूजा, साउने संक्रान्ति, माघे संक्रान्ति, दशैं, तिहार तथा पान्देको निर्देशनमा अरु अनुष्ठानहरू गर्ने गर्दछन्। ती पर्वपर्वहरू कुलथर समूह विशेषका थरहरूले फरक समय र भिन्न प्रकारले मनाउने गर्दछन् भने छोनाम सबै कुलथर समूहका उप थरहरूले मनाउने साझा पर्व हो। यसलाई स्थानीयहरूले न्वागी फलाक्ने भनेर सम्बोधन गर्ने गरको पाइन्छ। चेपाङ समुदायमा सबै थर समूहले छोनाम पर्व मनाउने परम्परामा विशेष रूपमा दुई प्रकारले वा दुई समूहका थरहरूले मनाउने विधि र प्रक्रियाको सन्दर्भबाट यो पर्वको सांस्कृतिक अर्थ र महत्त्व तथा सैद्धान्तिक आधारको बारेमा विश्लेषण गरिएको छ।

छोनाम पर्वको सांस्कृतिक अनुसन्धान कार्यले चेपाङ समुदायको बारेमा संक्षिप्त परिचयमा नेपालका आदिवासी जनजातिहरूमा अतिसिमान्तकृत समूहमा पर्ने समुदाय जसको जनसंख्या एक लाखभन्दा कम रहेको र बसोबासको अवस्था नियाल्दा नेपालको ३२ जिल्लामा रहेको भएता पनि सघन बसोबासको हिसाबले नेपालको मध्य पहाडी भेग पर्ने मकवानपुर, चितवन, धादिङ र गोरखा जिल्ला प्रमुख बस्ती रहेको छ। यसकारण चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अनुसन्धान चेपाङ सघन बसोबास क्षेत्र, जहाँ सांस्कृतिक अनुष्ठानलाई निरन्तर रूपमा मनाउँदै आएका प्राचीन स्थानलाई प्राथमिकतामा राखी अध्ययन क्षेत्र छनोट गरिएको छ। ती स्थानहरूमा धादिङ जिल्लाको गजुरी गाउँपालिका वडा नं. ४ अन्तर्गत पर्ने चिउरीखर्क, गैरीगाउँ, तारबोटे, नेयारबास र स्याङ्माइ डाँडाका बस्तीहरू रहेका छन्। यस स्थानहरूमा रहेका चेपाङ थर समूहहरूले परम्परागत संस्कृतिका आधारमा पर्व तथा अनुष्ठानहरू मनाउँदै आएको पाइन्छ। यहाँको समुदायले छोनाम पर्वलाई समुदायको इतिहास, परम्परा, धार्मिक तथा सांस्कृतिक मूल्यमान्यतालाई स्थापित गर्दै निरन्तरता प्रदान गरेको र समुदायको प्रतीकको रूपमा प्रमुख भूमिका निर्वाह गरेको सन्दर्भलाई प्रस्तुत गर्दै आएको देखिन्छ। यो अनुसन्धानले चेपाङ समुदायको भौगोलिक अवस्था, सामाजिक सांस्कृतिक परिवेश र पर्वको महत्त्वको सन्दर्भ औंल्याइएको छ। छोनाम पर्व सांस्कृतिक रूपमा स्थापित भएको सन्दर्भमा अग्रज विद्वानहरूको खोज अध्ययनलाई समीक्षा गरिएको छ।

नेपालको मध्य पहाडी भागमा पर्ने उच्च पहाडी भेगमा बसोबास गर्ने आदिवासी जसको भाषा भुटानको ल्हो भाषासँग निकटता रहेको छ भनेर खोजकर्ता B.H.Hodgson को Note मा सन् 1874 मा संभवतः पहिलो अभिलेखीकरण भएको देखिन्छ। छोनाम पर्वको सांस्कृतिक खोजकार्यको समीक्षामा भेटिएको साहित्यमध्ये यो पहिलो देखिएको हो। यस Note मा चेपाङ र कुसुण्डा जातिको बारेमा चर्चा गर्दै परम्परागत जीवनशैलीमा आधारित उच्च पहाडी भेगमा बस्ने आदिवासी समुदाय जुन कुसुण्डाभन्दा माथिल्लो भेगमा बस्दछन् भन्ने आधार प्रस्तुत गरिएको पाइनछ। त्यसपछि चेपाङ समुदायको बारेमा खोजकार्यको थालनी नेपालमा बहुदलीय व्यवस्था आएपछि अर्थात् वि.सं.२०४७ पछि मात्र प्रारम्भ भएको देखिन्छ। यो समुदायको बारेमा अनुसन्धान गर्नेहरूले सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक तथा परम्परागत बसोबासको आधारमा मानवशास्त्रीय, समाजशास्त्रीय तथा सांस्कृतिक पक्षहरूमा खोजकार्य गरको भेटिन्छ। अनुसन्धानकर्ताको कृतिहरूलाई समीक्षा

गर्दा नेपालमा चेपाङ समुदाय सिमान्तकृत रूपमा मध्य नेपालको महाभारत शृंखलाको आसपासको जंगल नजिकै पर्ने उच्च पहाडी भिरालो जमिनमा बस्ने गर्दछन् । उनीहरूको सामाजिक, सांस्कृतिक र भाषिक रूपमा भिन्न समुदायको पहिचानसहित जीवन गुजारा चलाउँदै आएका छन् ।

चेपाङहरू अरु समुदायको तुलनामा सामाजिक र आर्थिक रूपमा कमजोर रहे पनि भाषिक र सांस्कृतिक रूपमा धनी छन् । उनीहरूको सांस्कृतिक प्रतीकको रूपमा मनाउँदै आएको छोनाम पर्व प्रमुख पर्व हो । यसमा नयाँ अन्नबाली भित्र्याइसकेपछि पहिले पितृलाई चढाएरमात्र आफू खान वाचा फुकाउने स्वरूप पान्देले एकपाखे ढ्याङ्ग्रो फलाक्दै मान्ने चलन छ । अरु जाति/समुदायले नयाँ खाने वा न्वागी खाने भने जस्तै चेपाङहरूले छोनाम खाने भन्दछन् । यस प्रकारको पर्व मनाउने परम्परालाई स्थानीयहरूले छोनाम फलाक्ने भनी बुझ्ने गर्दछन् भन्ने सन्दर्भ प्रायः भेटिन्छ भने कतिपय अनुसन्धानकर्ताले यस पर्वमा नयाँ अन्नबाली चढाउनुका साथै पशुपंछीसमेत बलि चढाउने र नयाँ पान्दे (झाँक्री) ले फलाक्न सुरु गराइन्छ । साथमा परिवारको सदस्य र चेलीबेटी तथा इष्टमित्रहरूलाई निम्तो गरी भोज खान दिने चलन रहेका प्रसङ्ग समावेश गरेको पाइन्छ ।

छोनाम पर्वको सन्दर्भमा उब्जिएका जिज्ञासाहरू के कस्ता रहेका छन् ? तिनको विषयमा विद्वानहरूको खोज कहाँसम्म पुगेको रहेछ र यस पर्वको महत्त्वलाई नियाल्ने प्रयास भएको छ । उपलब्ध साहित्यिक समीक्षाबाट प्राप्त ज्ञानले छोनाम पर्वको सन्दर्भमा खोजी गरिएको तथ्यहरूको अवगत भएको छ । साहित्यको पुनरावलोकनले यो समुदायको प्रमुख पर्व छोनाम भएको सन्दर्भमा स्पष्टता आएको तर छोनाम पर्व सांस्कृतिक प्रतीकको रूपमा रहेको, यसको विधि, प्रक्रिया तथा सांस्कृतिक अर्थ र महत्त्वको बारेमा चेपाङ जस्तै अरु जनजाति समुदायले प्रयोग गर्ने प्रतीकको सांस्कृतिक अर्थ र महत्त्वको दृष्टिकोणबाट खोज गरिएको देखिँदैन । त्यसैले यस शोधमार्फत् सत्यताको आधारमा तथ्यपरक र वैज्ञानिक अनुसन्धानले औंल्याएका रिक्तता र थप अनुसन्धान गर्नुपर्ने विषयलाई समस्याको रूपमा प्रतिस्थापन गरी तिनलाई अनुसन्धान गर्न योग्य प्रश्नको रूपमा निर्माण गरिएको छ । अध्ययनको लागि उपयुक्त प्रश्नहरूको उत्तर खोजी गर्ने प्रमुख उद्देश्य अनुरूप यो शोधकार्य प्रारम्भ गरिएको हो ।

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अनुसन्धान गर्न आवश्यक विधि, पद्धति र औजारहरूको आवश्यक पर्दछ। उपयुक्त विधि, पद्धति र उपकरणहरूको अवलम्बन गरी यस शोधकार्य गरिएको छ। यो पर्व चेपाङ समुदायको संस्कृतिमा प्रतीकको रूपमा रहेको पर्व हो। यसलाई परम्परागत रूपमा ईश्वरीय शक्ति वा दैवी शक्तिको आधारमा पुर्खाद्वारा पठाइएको प्रतिनिध पात्र पान्दे (झाँक्री) र तिनको निर्देशनमा समाज चल्ने परम्परा रहेको विश्वास गरिन्छ। यस प्रकारको परम्परागत मूल्य र मान्यताको आधारमा पर्व मनाउने प्रचलन छ। यो विशेष सृष्टिको सिद्धान्त अनुरूप छोनाम को सांस्कृतिक अनुष्ठान गर्ने विधि र प्रक्रियामा समानता देखिन्छ। यसैले गर्दा छोनाम पर्वलाई रचनावादी तथा निर्माणवादी सिद्धान्तको आधारमा अनुसन्धान गरिएको छ। यो पर्वको सांस्कृतिक अनुसन्धानका तथ्यहरू गुणात्मक हुने हुँदा सोही विधि, पद्धति र उपकरणहरूको अवलम्बन गरी प्राप्त तथ्यहरूलाई अन्वेषण, छलफल तथा विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

छोनाम पर्वको सांस्कृतिक अनुसन्धानमा प्राप्त भएको तथ्यहरूलाई गुणात्मक रूपमा चर्चा गरिएको छ। पर्वको अनुसन्धानमा प्राप्त तथ्यहरूमा सर्वप्रथम छोनाम शब्दको उत्पत्ति र यसको अर्थको बारेमा चेपाङ भाषाबाट बुझिने अर्थलाई पहिचान गर्ने प्रयास गरिएको छ। जसअनुसार चेपाङ भाषामा 'छौ' को अर्थ 'बोसिलो' वा 'तेलिलो' र 'नाम' को अर्थ 'बास्ना' हुन्छ। यी दुवै शब्दको संयोजनबाट 'छौनाम' शब्द निर्माण भएको हो। यही छौनाम शब्द अपभ्रंस भई छोनाम हुन गएको हो भन्ने तथ्यहरू अनुसन्धानको सिलसिलामा प्राप्त भएका छन्। चेपाङ समुदायको छोनाम पर्व कहिले र कसरी गर्ने भन्ने सन्दर्भमा मूल पान्दे (चेपाङ झाँक्री) र छोनाम फलाक्ने कुल परिवारको जेष्ठ सदस्यको आपसी परामर्शमा तिथिमिति तयगरी फलाकिने अनुष्ठान हो। उक्त पर्व पाँच दिनसम्म मनाइने (पाँच दिवसीय) पर्व हो। जसमा पहिलो दिन केरा सुनाउने (भातीजाँड र केरा घरी गवाउने कार्य) हुने, दोस्रो दिन पर्वको लागि आवश्यकीय सामग्रीहरू संकलन तथा पर्व संचालन गर्नको लागि परम्परागत रूपमा अस्थायी सामाजिक संगठन निर्माण गर्छन्। जसमा कुल समूह, पान्दे समूह, ढ्याङ्ग्रो मोर्ने (बनाउने) समूह, केरा तथा बुकीफूल भेला गर्ने समूह, खानपिन गराउने समूह, नाचगान तथा सांस्कृतिक समूह र कुलपितृ तथा आगन्तुकलाई सामुहिक भोज संचालन गर्ने समूह जस्ता परम्पराग सामाजिक संगठनहरूमार्फत् विभिन्न तहका अनुष्ठानहरू गर्ने व्यवस्था गरिएको हुन्छ। उक्त सामाजिक संगठनले आफ्नो तोकिएको जिम्मेवारी पूरा गर्ने गर्दछन्। तेस्रो दिनमा नयाँ ढ्याङ्ग्रो मोर्ने (बनाउने) का विशेष रूपमा गरिन्छ। यस पर्वमा

नयाँ मोरेको ढ्याङ्ग्रो फलाक्नु पर्छ भन्ने परम्परागत मान्यता अनुसार तयार गरिएको ढ्याङ्ग्रो अबउप्रान्त फलाक्ने (डाँग्रे) पान्देको नाममा फलाक्दै पान्दे र नयाँ ढ्याङ्ग्रोको आत्मा बाँध्ने भनी मूल पान्देले फलाकी कायम (बहसमा रहेको बनाउने परम्परा) राख्ने गरिन्छ। यसबाट यस ढ्याङ्ग्रो संरक्षण सोही पान्देले गर्ने र उसको साथमा रही कुलपितृको कार्यदेखि बिरामी परेकोको उपचारमा साथ सहयोग गर्नु भनी तान्त्रिक विद्यामार्फत् स्थापना गरिएको छ भन्ने विश्वास गरिन्छ। यस प्रकारको अनुष्ठानपश्चात् तेस्रो दिनको कार्य सम्पन्न गर्ने गरेको देखिन्छ।

छोनाम पर्वको अनुसुन्धानको केन्द्रीय भाग अर्थात् तथ्यहरूको संकलन गर्ने कार्य गरिएको छ। यस प्रक्रियामा अन्वेषण, अवलोकन तथा अन्तर्वार्ताजस्ता विधिहरूको उपयोगबाट पर्वका विधि, प्रक्रिया तथा सांस्कृतिक अर्थ र महत्त्वको सम्बन्धमा तथ्यहरू संकलन गरिएका छन्। अनुसन्धानको लागि समीक्षात्मक अध्ययनले देखाएको खोज रिक्ततामा खडा भएका प्रश्नहरूको सन्दर्भमा खोजी गरिएको सत्यताको आधारमा प्राप्त तथ्यहरूलाई जस्ताको त्यस्तै उतार्ने कार्य भएको छ। यसमा विशेषगरी स्थलगत अवलोकनमा देखिएका, भेटिएका र अन्तर्वार्ताबाट प्राप्त हुन आएका सांस्कृतिक पर्व र त्यसको सांस्कृतिक अर्थ र महत्त्वको बारेमा खोज केन्द्रित भएको छ। यसमा प्राप्त भएका तथ्यहरूलाई सत्यको आधारमा प्राप्त तथ्यांक मानी सो सम्बन्धी संसारभरिका जाति समुदाय वा आदिवासी समुदायले मनाउने पर्वपर्वको बारेमा प्रयुक्त प्रतीकहरूको अर्थ तथा सैद्धान्तिक आधारको बारेमा विश्लेषण गर्ने कार्य गरिएको छ। यो समुदायको पर्व छोनाम मा प्रयोग गरिएका सांस्कृतिक प्रतीकहरूको विभिन्न पक्ष, अर्थ र सैद्धान्तिक कारणहरूको सन्दर्भमा शोध केन्द्रिकरण गरी त्यसका प्राप्त तथ्यहरूको विवेचना गर्ने प्रयास गरिएको छ। एवं प्रकारले शोधको अन्तमा खोज अध्ययनको सिलसिलामा प्राप्त तथ्यहरूलाई विभिन्न प्रतीकात्मकवादी विद्वानहरूद्वारा प्रतिपादित सिद्धान्तका आधारमा छलफल गर्दै चेपाङ जाति समुदायसँग समानता रहेको जाति समुदायले मनाउने पर्वमा प्रयुक्त प्रतीकहरूमा भेटिएका समानतालाई प्राप्त तथ्यको आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

## ५.३ मुख्य प्राप्तिमाथि छलफल

छोनाम पर्व चेपाङ समुदायको सांस्कृतिक पर्व हो। नेपालमा बसोबास गर्ने आदिवासी चेपाङ समुदायले यस पर्वलाई न्वागी फलाक्ने भनेर सम्बोधन गर्दछन्। यस पर्वका बारेमा अग्रज विद्वानहरूको साहित्यले विश्लेषण गरेको तथ्यहरूको आधारमा प्राप्त सत्यतालाई थप स्पष्ट हुन आवश्यक पहिचान गरी यो शोध कार्यको प्रारम्भ भएको हो। यस खोजमा चेपाङ समुदायको सांस्कृतिक पर्व छोनाम को सांस्कृतिक अनुष्ठान गर्दा अवलम्बन गरिएको विधि, प्रक्रिया तथा सांस्कृतिक अर्थ र त्यसको महत्त्वको बारेमा अनुसन्धान केन्द्रित भएको छ। यस अनुसन्धानले प्राप्त सत्यतामा आधारित तथ्यांकहरूको आधारमा अवलोकल, अन्वेषण, अन्तर्वार्ता, छलफल र विश्लेषण गरी प्रयुक्त प्रतीकहरू चेपाङजस्तै अरु जनजाति समुदायले पर्वमा प्रयोग गर्ने प्रतीकहरूको सैद्धान्तिक आधारहरूको सन्दर्भ विश्लेषण गरिएको छ। यसकारण छोनाम पर्वको सांस्कृतिक अनुसन्धानमा पूर्वसाहित्य समीक्षाबाट रिक्त देखिएका मुख्य गरी तीन समस्याहरूलाई प्रश्नको रूपमा निर्माण गरी अनुसन्धान प्रारम्भ गरिएको हो। ती तीन जिज्ञासामा प्राप्त तथ्यहरूको आधारमा छलफल अघि बढाइएको छ।

**चेपाङ समुदायमा छोनाम पर्व मनाउने विधी र प्रक्रिया के के हुन् ?** भन्ने पहिलो जिज्ञासा हो। उक्त जिज्ञासाको सम्बन्धमा गरिएको खोजमा प्राप्त भएका तथ्यहरूलाई छलफलमार्फत् विश्वसनीयताको आधार विश्लेषण गरिएको छ। चेपाङ समुदायको छोनाम पर्वको विधि र प्रक्रियाको सम्बन्धमा पूर्वखोजकर्ताको विश्लेषणमा एकमतै रहेको छ जुन समुदायस्तरमा बुझिएको अर्थमा नयाँ अन्नबाली भित्र्याइसकेपछि पहिले पितृलाई चढाएर आफू खाने परम्परा अरु जाति समुदायमा जस्तै मनाउने पर्वलाई चेपाङहरूले पान्देद्वारा एकपाखे ढ्याङ्ग्रो फलाक्दै मान्ने गर्दछन्। यसरी भाद्र महिनामा मनाउने नयाँ खाने परम्परालाई स्थानीय समुदायले वा चेपाङहरूले छोनाम खाने वा छोनाम फलाक्ने भन्ने गर्दछन् (ढुंगेल, २०५१, पृ. ७३-७४, गुरुङ, १९९५, पृ.४३-४४, राई र अन्य, २०६७, पृ. ४८)।

पर्वको सन्दर्भमा पूर्वखोजकर्ताहरूको विश्लेषणात्मक तर्कलाई स्थानीयको भन्ने बुझाइमा मतैक्यता भेटिन्छ। तर छोनाम पर्व यतिमा मात्रै सीमित भने छैन र पर्वको विधि

र प्रक्रियाहरूले अझ बृहत् भएको दर्शाउँछ । यो पर्व पाँच दिवसीय उत्सव हो । जुन कुल परिवारको जेष्ठ सदस्यहरू र पान्देको सहमतिमा तिथिमिति तयगरी फलाक्ने गरिन्छ । यसरी तोकिएको तिथिमितिमा छोनाम फलाक्दा अवलम्बन गरिने विधिहरूमा प्रमुखतः कुरा सुनाउने (कुलपितृलाई तोकिएको समयमा नयाँ अन्नबाली र पशुपंछीको बलि चढाउन ल्याउने समय भयो) भनी कुलपितृलाई पान्देद्वारा फलाकेर सुनाउने गरिन्छ । यसलाई पर्वको लागि कुलपितृलाई निम्तो गरिएको बुझाइ रहेको छ । यस बखत वनकेराको घरी (सिंगो) र घैयाचामलको भातबाट भातीजाँड राखिन्छ । यसै दिनबाट यस वर्षको छोनाम पर्व प्रारम्भ भएको मानिन्छ । (काजीमान चेपाङ, ३ भाद्र, २०८१) ।

छोनाम पर्वको पहिलो दिनमा गरिने अनुष्ठानात्मक कार्य सम्पन्न गरिएपछि प्रारम्भ भएको विधिवत प्रक्रियासँगै दोस्रो, तेस्रो, चौथो र पाँचौं दिनमा गरिने प्रथाजनित अनुष्ठानहरूले फरक-फरक समय (प्रहर) र भिन्न-भिन्न सांस्कृतिक क्रियाकलापहरूले समुदायको परम्परागत मूल्यमान्यताका आधारमा सांस्कृतिक अर्थ र महत्त्वलाई दर्शाएको हुन्छ । जसमा कुलथानमा चढाइने नयाँ खाद्यबालीको साथमा वनकेरा, भातीजाँड र वर्षभरि कुलपरिवारको संरक्षकको रूपमा पालिएको कुखुराको भालेलाई घैयाधान र चामल खान दिई बलि चढाइन्छ । यस्तै मूलथान (छोनाम फलाक्ने स्थान घरको अगेना अगाडिको स्थानमा जहाँ नयाँ खाद्यबालीहरूले सजाइएको हुन्छ) मा पान्देहरूले एकपाखे ढ्याङ्ग्रो फलाक्दै विविध अनुष्ठानहरू सम्पन्न गर्ने क्रममा पर्वका विविध प्रक्रियाहरूको सांस्कृतिक हस्तान्तरण र प्रदर्शन गर्ने गर्दछन् (काजीमान चेपाङ, ६ भाद्र, २०८१) ।

छोनाम पर्वको सांस्कृतिक अनुसन्धानमा प्राप्त भएका तथ्यहरूलाई छलफल गर्दा पर्वको विधि र प्रक्रियाहरूमा थप स्पष्ट भएको छ । तथा अध्ययनबाट विभिन्न समयमा भिन्न-भिन्न विद्वानहरूले विश्लेषण गरेको परिभाषामा समुदायको वास्तविक आधार र पहिचानसँग जोडेर परिक्षण र छलफलले अरु समुदायले पर्वको प्रदर्शनमा देखिने बुझाइ जुन पूर्वखोजहरूमा चर्चा गरिएको भेटिन्छ । वास्तविक रूपमा चेपाङ जातिले छोनाम पर्वमा आफ्नो इतिहास, धर्म, संस्कृति तथा परम्परागत ज्ञानलाई पुस्तान्तरण, हस्तान्तरण र प्रदर्शन गर्ने उत्सव हो । यसमा उनीहरूको पान्देद्वारा प्रकृति, पुर्खा र जीवनशैली बिचको अन्तरसम्बधलाई जोड्ने प्रमुख अवसरको रूपमा मनाउने गर्दछन् (व्यक्तिगत अन्वार्ताः प्रेमबहादुर चेपाङ, काजीमान चेपाङ र कृष्णबहादुर चेपाङ, ६ भाद्र, २०८१) । चेपाङ

समुदायका कुल परिवार र पान्देको बुझाइमा मनाइने पर्वको विधि, प्रक्रिया तथा सांस्कृतिक महत्त्वमा पूर्वसाहित्यको समीक्षामा देखिएको रिक्ततालाई यस शोधमार्फत् थप स्पष्ट पार्ने प्रयास गरेको छ ।

**छोनाम पर्वको अनुष्ठानमा प्रयुक्त प्रतीकको सांस्कृतिक अर्थ कस्तो रहेको छ ?** भन्ने यस शोधको दोस्रो जिज्ञासा हो । यस जिज्ञासाको सन्दर्भमा अवलोकनको सिलसिलामा गरिएको छलफलमा प्राप्त भएका तथ्यहरूलाई समावेश गरिएको छ । छोनाम पर्वमा प्रयोग हुने सांस्कृतिक प्रतीकको रुपमा दुई प्रकार हुने गरेको देखिन्छ । जसमा ईश्वरीय शक्ति र पितृको प्रतिनिधि पात्रको रूपमा जीवित व्यक्ति पान्दे (चेपाङ झाँक्री) हुन्छ । उनलाई पुर्खाको प्रतीक जसले समुदायको हितमा आवश्यक ज्ञान सपनाबाट पुर्खाहरूले दिने गर्दछ । त्यसरी प्राप्त ज्ञानमार्फत् समुदायको हितमा निर्देशन दिने समाजका सांस्कृतिक क्रियाकलापहरू संचालन गर्ने गर्दछ भन्ने विश्वास गर्दछन् । कुनै पनि गुरु नथापी वा कुनै पनि पान्देबाट मन्त्र नसिकी, स्वःस्फुर्त रूपमा सपनामा पाएको मन्त्रको माध्यमबाट पान्दे बनेकाहरू नै समाजका मूल पान्दे हुने र तिनको ज्ञानलाई अरु पान्देहरूले समेत शिरोधार्य गरी फलाक्ने परम्परा रहेको छ । जुन सांस्कृतिक रूपमा जीवित र महत्त्वपूर्ण प्रतीक मान्दछन् । यस प्रकारको विद्या (मन्त्र) पाएका पान्देले प्रयोग गर्ने यन्त्र (साधनहरू) अर्को सांस्कृतिक प्रतीक हो । जसमा ढ्याङ्ग्रो (सान्दान भनिने स्थानीय काठबाट भनेको हुन्छ), घुङ्ग्रो माला, रुद्राक्ष माला, बोधिचित्त माला आदि तन्त्रमा प्रयोग हुने यन्त्रहरूलाई सांस्कृतिक अनुष्ठान गर्दा पान्देले साथमा प्रयोग गर्ने कुलदेवता तथा शक्तिका प्रतीकको रूपमा पहिरिने गर्दछन् । ती यन्त्रहरूमध्ये पान्देले ढ्याङ्ग्रोको सहायताले ईश्वरीय शक्ति, पुर्खा र जीवनबिच फलाक्दै यात्रा गर्न सक्छ भन्ने अन्य यन्त्रहरूले पान्देलाई फलाक्दै गर्ने यात्रामा कुनै प्रकारको बाधा अड्चन तथा अवरोध पुग्नबाट रोक्दछ भन्ने विश्वास गरिन्छ । किनभने पान्देले ढ्याङ्ग्रोबिना कुनै पनि सांस्कृतिक कार्यहरू वा पर्वहरू संचालन गर्न सक्दैनन् । यसकारण ढ्याङ्ग्रो पान्देको प्रमुख यन्त्र (साधन) हो (प्रेमबहादुर चेपाङ, ५ भाद्र, २०८१) । यसको सहायतामा अनुष्ठानात्मक कार्यहरू तथा दुःख बिरामी परेकाहरूको उपचारमा प्रयोग हुने र छोनाममा यस प्रकारको संस्कार सम्पन्न गरिने भएकोले समुदायको सांस्कृतिक प्रतीकको रूपमा रहेको देखिन्छ (व्यक्तिगत अवलोकन, ५ भाद्र, २०८१) ।

छोनाम पर्वको अर्को सांस्कृतिक प्रतीकको रूपमा कुखुराको भाले (छोनाम पर्वमा कुलपुजा गर्नेहरूको हकमा भने अन्यको हकमा आफ्नो परम्परा अनुसार अरु तिथिमितिमा कुलपुजा गर्नेहरूमा पनि)लाई कुलपुर्खाको प्रतीक जुन परिवारको संरक्षकको रूपमा पालेको हुन्छ। यसरी पालिएको कुखुराको भालेलाई प्रत्येक छोनाम वा तोकिएको कुलपुजा गर्ने तिथिमा (पहिले वर्ष) वाचा गरेअनुरूप पानी हाली राखिएको कुखुराको भाले तिमीलाई ( पितृलाई) चढाएका छौं, यसबाट तिमी (पुर्खा) ले हाम्रो (छोनाम फलाक्ने) कुल परिवारलाई सुखशान्ति होस्, खाद्यवस्तुहरू सहज रूपमा मिलोस्, सिकार गर्दा सजिलै सिकार परोस् र दैवीप्रकोप हुनबाट बचाउन सकोस् भनी अर्पण गर्दछन् (काजीमान चेपाङ, ५ भाद्र, २०८१) । यसैगरी पर्वमा अरु सामग्रीमाः घैयाधान, केरा, गाभापिँडालु, घिरौला, निबुवा तथा अन्य फलफुलहरूलाई पनि चढाइन्छ। जुन पुर्खाहरूले जीवनयापनका क्रममा उपयोग गरेको र मनपराइएका खाद्यवस्तुहरू हुन् जुन आजका मानिस (हामी परिवार) ले उपयोग गर्दै आएको छौं भनी प्रतीकको रूपमा चढाउने गरिन्छ (कानोकान्छा चेपाङ, ४ भाद्र, २०८१) ।

शोधकार्यमा अवलोकन सिलसिला तथा कुल समूहका सदस्यको भनाइअनुसार खाद्यवस्तुहरू चढाउनुको परम्परागत मान्यतालाई विश्लेषण गरिएको छ। यस पर्वमा चढाइने खाद्यवस्तुमा केरा एक हो। यसको प्रयोग अनिकालमा जीवन धान्नेदेखि ठुला डढेको बेला आगोबाट बचाएको र नदीमा माछा मार्न जाँदा हराएको बस्त्रको सट्टामा पातको प्रयोग हुने उपयोगी वनस्पति भएको परम्परागत मान्यता अनुरूप यस केराको बोट, पात र फललाई जन्म, मृत्यु र सांस्कृतिक पर्वहरूमा चढाउने परम्परा रहेको छ। यस्तै प्रकारमा घैयाधान विशेष खाद्यान्न, गाभापिँडालु, हिउँदको खाद्यान्न, बुकीफूलपाती पितृलाई मनपर्ने फूल जुन हरेक संस्कारमा चल्ने र चलाउने गरेको र अमिलो निबुवा तथा अन्य खाद्यवस्तुहरू जीवन गुजारा चलाउन पुर्खाले उपयोग गरेको हुनाले वर्तमान ती खाद्यवस्तुलाई प्रतीकात्मक बिम्बको रूपमा छोनाम पर्वमा चढाउने गरिएको हुन्छ (व्यक्तिगत अन्तर्वार्ताः पुर्णबहादुर चेपाङ, ५ असोज, २०८१) ।

**चेपाङ समुदायजस्ता जनजाति समुदायले पर्व मनाउने क्रममा प्रतीकको प्रयोग गर्नुपर्ने सैद्धान्तिक आधार कसरी निर्माण भएको छ ?** भन्ने यस शोधपत्रको अन्तिम प्रश्नको रूपमा रहेको छ। यस जिज्ञासाको सन्दर्भमा संसारमा विकास भएका दृष्टिकोणको आधारमा प्रतिपादित सिद्धान्तहरूको सम्बन्धमा छलफल गरिएको छ। सर्व प्रथम यस शोधमा मानव

विकासका सभ्यतामा प्रारम्भिक चरणमा विकास भएका विभिन्न सिद्धान्तको बारेमा छलफल गरिएको छ। यस सन्दर्भमा जसमा विशेष सृष्टिको सिद्धान्त, वर्तमान अवस्थाको अस्तित्वको सिद्धान्त, सहज पुस्ताको सिद्धान्त, प्रलयवादको सिद्धान्त र उद्‌विकासवादको सिद्धान्तको बारेमा विश्लेषण गर्दै मानव सभ्यताको विकाससँगै संस्कृतिको विकास हुँदै आएको भएता पनि यसको सन्दर्भमा १८औं शताब्दीमा आएर विकसित भएको तथ्यलाई छलफलमा समेटिएको छ।

संस्कृति शब्द "Latin: Cultura, Lit, Cultivation" बाट आएको हो रोमन वक्ता सिसेरोद्वारा शास्त्रीय पुरातनमा प्रयोग गरिएको शब्दमा आधारित आधुनिक अवधारणाको "Cultura animi" हो। यस सन्दर्भमा पछि B. Malinowski, E.B.Tyler जस्ता विद्वानहरूले परिभाषित गरेका छन्। ती सिद्धान्तहरूमा यस शोधमा छलफल गरिएको छ। संस्कृतिको विकाससँगै त्यसको प्रतीकात्मक बिम्बको रूपमा विभिन्न प्रतीकहरू प्रयोग गर्ने प्रचलन बस्दै आएको पाइन्छ। यस सम्बन्धमा संसारमा प्राप्त भएका सबभन्दा पुराना प्रतीकहरू ( फरवाहार, अंख, दुई टाउके चिल, गुफा प्रतीकहरू, स्वस्तिक, गुफा हातहरू, Cuneiform Tablets, Ramble-Bon- Fragments आदि मानव निर्मित प्रतीकको रूपमा रहेको पाइन्छ।

चेपाङ समुदायको सांस्कृतिक पर्व छोनाममा प्रयुक्त प्रतीकहरू अरु आदिवासी समुदायमा प्रयोग गरिने बिम्ब वा प्रतीकमा पाइने समानताको सैद्धान्तिक आधारहरूमा केन्द्रित भएर यस शोधपत्रलाई छलफल तथा विश्लेषण गरिएको छ। सांस्कृतिक प्रतीकहरूको सन्दर्भमा भएका खोज अनुसन्धानद्वारा प्रतिपादित सिद्धान्तहरूमध्ये V. Turner को जाम्बियाको Ndembu का आदिवासीमा गरिएको अनुसन्धानलाई यस शोधमा आधार बनाइएको छ। जसमा अनुसन्धानकर्ताले आफ्नो प्रकाशित पुस्तक The forest of Symbols: Aspect of Ndembu Rituals (सन् १९७०) मा उल्लेख गरेअनुसार प्रतीकात्मक बिम्बको रूपमा दुधिलो रुख (Milk Tree) लाई प्रतीक मानी नौसिखियाहरू (युवतीहरू पहिलो महिनावारी भएपछि गरिने संस्कार जसलाई Nkhanga भनिन्छ) गरिन्छ। मातृरेखीय समाज भएको यस आदिवासीमा नौसिखियाहरूको Nkanga पछि मातृत्वको अधिकार प्राप्त भएको र परिवारको वा आमाको भूमिकामा स्थापित हुन योग्य भएको परिक्षण दुधको रुखमुनि गरिने परम्परागत संस्कारले प्रमाणित भएको मानिन्छ। उनीहरूमा आमाको सम्पूर्ण गुणहरू त्यो दुधको रुखलाई प्रतिबिम्बित गरिने भएकोले उनीहरूको समुदायमा यो रुखको बहु-

प्रभावकारी उपयोग हुने गरेको पाइन्छ । यस रुखलाई सिकार गर्न जाँदादेखि महिलाको यौवनलाई प्रतिनिधित्व गर्ने गरी संस्कारहरूमा सामेल गर्ने प्रचलन रहेको आधारमा खोजकर्ताले यो समुदायको प्रतीकहरू नै जंगल भएको सैद्धान्तिक आधारहरू यस पुस्तकमा प्रस्तुत गरेका छन् ।

यसै पुस्तकमा उल्लेख भएको प्रतीकात्मक बिम्बलाई आधार मान्दा चेपाङ समुदायको सांस्कृतिक रूपमा स्थापित रहेको पुर्खाको प्रतिनिधि पात्र पान्दे (झाँक्री) ले फलाक्ने ढ्याङ्ग्रो बनाउने काठ सान्दानको रुखको उपयोगिता त्यत्तिनै महत्त्वपूर्ण र अनिवार्यताको आधारमा मानिने गरेको पाइन्छ । जबसम्म सान्दानको रुखबाट ढ्याङ्ग्रो निर्माण हुँदैन पान्देले कुनै पनि संस्कार गर्न सक्दैन भने यस पर्वमा प्रयुक्त सामाग्रीहरू, घैयाधान, केरा, गाभापिँडालु, निबुवा, पाटे घिरौला तथा जंगली खाद्यवस्तुका साथमा फुलफुलाङ्गीहरू सबै जंगलबाट नै ल्याई बिम्बको रूपमा कुलपितृलाई चढाइने परम्पराको आधार हेर्दा चेपाङ समुदायको छोनाम पर्व पनि प्रतीकहरूको केन्द्रीय स्थल जंगल रहेको देखिन्छ । यसैले गर्दा जाम्बियामा हुने आदिवासी समुदायको सांस्कृतिक पर्वपर्व, सिकार वा अन्य सामाजिक र सांस्कृतिक अनुष्ठानहरूमा प्रयोग गरिने प्रतीकहरू र नेपालमा रहेका चेपाङ समुदायको छोनाम पर्वमा प्रयुक्त प्रतीकहरूमा समानता रहेको तथ्यहरू छलफल तथा विश्लेणले पुष्टि गरेको देखिन्छ ।

यसैगरी अर्को सिद्वान्तकार Geertz, C. (1973) द्वारा लेखिएको The interaction of cultures, chapter 15/deep play: Notes on the Balinese cockfight का अनुसन्धानमा प्रस्तुत गरिएको समुदायको नायकको रूपमा कुखुराको भाले जुधाइमा विजयी हुने भालेको मालिकलाई समाजमा स्थापित व्यक्तित्व निर्माण प्रमुख भूमिकामा उभ्याइएको छ । साथमा वर्षभरि परिवारको संरक्षकको रूपमा पालिएको भालेलाई त्यसको मालिकको बिम्बको रूपमा लिइएको हुन्छ । यसरी सामाजिक नायकको रूपमा स्थापना गर्न कुखुराको भाले प्रतीकात्मक रूपमा प्रयोग गरिएको सन्दर्भले नेपालमा रहेको चेपाङ समुदाको छोनाम पर्वमा कुलपुजाको लागि पालिएको कुखुराको भाले जुन परिवारको संरक्षकको रूपमा वर्षभरि पाल्ने र यस पर्वमा कुलपितृलाई चढाइसकेपछि परिवारमा सुखशान्ति छाउने, अनिकाल नपर्ने, सिकार पर्ने, दैविकप्रकोप आइनपर्ने जस्ता सामाजिक र सांस्कृतिक मान्यता रहेको प्रतीकात्मक बिम्बको रूपमा कुखुराको भाले रहने पुन अर्को सालको पर्वलाई चाहिने कुखुराको भालेको

लागि (पानी हालेर) राख्ने परम्परा एक आपसमा समान देखिन्छ । बालिनीको भाले जुधाइमा विजेता भालेको मालिकको सामाजिक, धार्मिक र सांस्कृतिक मूल्यमान्यता र छोनाम पर्वमा कुलपुजामा चढाइने कुखुराको भालेको प्रतीकात्मक बिम्ब एकआफसमा समानता रहेको शोधको विश्लेषणले पुष्टि गरेको पाइन्छ ।

चेपाङहरूको सांस्कृतिक पर्व छोनाम पर्वमा प्रयुक्त प्रतीकहरू जाम्बियाको ( Ndembu) आदिवासी समुदायमा प्रयोग हुने दुधको रुखको प्रतीक र बालिनीमा हुने भाले जुधाइ प्रतियोगिताको विजेता भालेको प्रतीकात्मक बिम्बमा मालिकको समाजमा स्थापित प्रतिष्ठाहरू एकआपसमा समान दृष्टिकोण र सिद्धान्तबाट स्थापित भएको देखिन्छ । यस सिद्धान्तको प्रतिपादन गर्ने सिलसिलामा अनुसन्धानकर्ताले गरिएको अध्ययनको तथ्यहरूबाट प्रतीकहरू निर्माण भएको हुन्छन् । ती स्थापित सिद्धान्तले छोनाम पर्वको अनुसन्धानमा प्राप्त भएका प्रतीकहरू रचना/निर्माण भएको र समुदायको पहिचानको बिम्ब भएको पुष्टि हुन जान्छ । यसकारण छोनाम पर्व चेपाङ समुदायको सांस्कृतिक प्रतीकको पर्व भएको छलफल तथा विश्लेषणले देखाएको छ ।

## ५.४ निष्कर्ष

मानव सभ्यताको विकाससँगै स्थापना भएका संस्कृतिहरू विश्वभर स्थापित रहेको पाइन्छ । नेपालमा विकसित भएका संस्कृतिहरू आफ्नै प्रकारको रहेको देखिन्छ । नेपालमा बसोबास रहेको जाति समुदायमध्ये चेपाङ समुदायको सांस्कृतिक पर्व छोनाम को सांस्कृतिक अनुसन्धान गरिएको छ । यस अध्ययनबाट प्राप्त भएका तथ्यहरूको आधारमा छलफल र विश्लेषण गर्दा चेपाङ समुदाय विश्वमा विकसित भएका जाति समुदाय जस्तै नेपालमा बसोबास गर्ने आदिवासी समुदायमध्ये अतिसिमान्तकृत आदिवासी जनजाति समुदाय भएको तथ्य जानकारीमा आएको छ । अर्को संसारभरि रहेको जाति समुदायले जस्तै आफ्नो परम्परागत संस्कृतिको विकास गर्दै पर्व मनाउने प्रचलन भएको पर्वको रूपमा चेपाङहरूको छोनाम भएको सत्यता बाहिर आएको छ । यस्तैगरी यो पर्व चेपाङ समुदायको सांस्कृतिक रूपमा वास्तविक ज्ञान (Ontology) हो । जसबाट विभिन्न तवरले संस्कारहरू पान्देद्वारा फलाक्दै मनाउने परम्परामा स्पष्टता आएको छ ।

यस शोधको अनुसन्धान गर्न आवश्यक देखिएको समस्याहरूको पहिचान गरी रिक्तता पाइएको खोजकार्यलाई तीन प्रकारको प्रश्नहरू निर्माण गरी त्यसको खोजीकार्य प्रारम्भ गरिएकोमा प्राप्त तथ्यहरूको आधारमा अन्वेषण, छलफल तथा विश्लेषणबाट आएका निचोडलाई क्रमशः समेटिएको छ। शोधको पहिलो प्रश्नको रूपमा रहेको छोनाम पर्वको संस्कारगत विविध पक्षहरूको सन्दर्भमा अध्ययन गरिएको थियो। जसमा यो पर्व पूर्णरूपमा पान्देद्वारा तन्त्र, मन्त्र र यन्त्रको प्रयोग गरी मनाइने पर्व हो। पान्दे र कुल परिवारको आपसी सल्लाहमा प्रत्येक वर्षको भाद्र महिनामा तिथिमिति तोकी गर्ने गर्दछन्।

यो पर्व पाँच दिनसम्म चल्ने गर्दछ। पर्वको पाँचै दिन कुल परिवारको जेष्ठ सदस्यले उपासना बसी संस्कारगत कार्यहरू गर्ने गर्दछन्। पहिलो दिनमा केराको घरी र घैयाचामलको भातीजाँड कुलथान अगाडि राखी साँझ (कुल परिवारका सदस्य आफैंले वा नफलाक्ने सदस्य भएका पान्देद्वारा नै) फलाक्ने गर्दछन्। दोस्रो दिनमा पर्वको तयारीका लागि आवश्यक सामग्रीहरू तय गर्न विभिन्न परम्परागत इकाईहरू (पान्दे ल्याउने-लाने र नयाँ ढ्याङ्ग्रो मोर्ने समूह, फुलफुलाङ्गी ल्याउने र कुलथान र मूलथान सजाउने समूह, कुटुम्ब तथा चेलीबेटी तथा पाहुनाको सत्कार समूह, सांस्कृतिक समूह, भान्छा संचालन समूह, कुलपुजा गर्ने समूह आदि) निर्माणपछि आ-आफ्नो कार्य सुरु गरिन्छ। तेस्रो दिन मुख्यगरी पान्देले फलाक्ने र नव पान्देहरूले फलाक्ने ढ्याङ्ग्रो मोर्ने (सान्दानको घारलाई बाख्राको छालाले एकातर्फ बेर्ने, यसमा बेतको चोयाले बाँधेर राख्ने, अर्को तर्फको खाली पट्टि विभिन्न शक्ति स्वरूपका साना आकारका देवीदेवता तथा राक्षसहरूको प्रतिमा निर्माण गरी सजाइने) गर्दछन्।

परम्परागत मान्यताअनुसार तयार गरिएको ढ्याङ्ग्रोलाई मूल पान्देले फलाक्ने र अरु नव-पान्देहरूले फलाक्ने अलग हुने गर्दछ। जुन अबउप्रान्त कसले फलाक्ने हो भनी उसको नाममा गुनसिङ्ग (आत्मा) भर्ने कार्य यस दिन गरिन्छ। चौथो दिन कुल समूहका जेष्ठ सदस्यहरू र मूल पान्दे उपासना बसी विहानैबाट संस्कारगत कार्यमा व्यस्त हुने गर्दछ। यसबखत दिनलाई तीन प्रहर र रातलाई पनि तीन प्रहरमा विभाजन गरी अनुष्ठानहरू सम्पन्न गर्ने गर्दछन्। बिहानको पहिलो प्रहरमा कुलथानमा (कुलपुजा गर्ने स्थान) र मूलथान (छोनाम फलाक्ने स्थान) पुरुष व्यक्तिबाट लिपपोत गरी चोख्याइन्छ। कुलपितृलाई चढाउन तयार पारिएको सामग्रीहरू प्रतिस्थापन गर्न र देवीदेवता, कुलपितृ तथा अन्य

भूतप्रेत, पिचास लगायतका शक्तिका प्रतीकहरूलाई विराजमान गराउन तयार गरिन्छ। दोस्रो प्रहर विशेषगरी कुलपितृलाई मनपर्ने फुलफुलाङ्गी (बुकीफूल) केराको बोट सिंगै, घैयाधानको बोट, गाभापिँडालु, घिरौला, निबुवा तथा जंगली खाद्यवस्तुहरूलाई पहिचान गरिएको स्थानबाट ल्याई कुलथान र मूलथानमा सजाइराख्ने शुभ साइत मानी राख्ने गर्दछन्। दिनको तेस्रो प्रहरमा कुल परिवारको पर्वमा मूल पान्देको आगमन र पर्व भर्ने निम्तालुहरूको उपस्थित हुने र पर्वको तयारी अवलोनक गर्ने कार्य हुन्छ।

पर्वको चौथो दिनको प्रहरमा गरिने अनुष्ठान समापनसँगै रातको तीन प्रहरका अनुष्ठान प्रारम्भ हुन्छ। यस रातको तीनै प्रहरमा महत्त्वपूर्ण संस्कारहरू सम्पन्न हुने गर्दछ। पहिलो प्रहरमा कुल परिवारको जेष्ठ सदस्यबाट र मूल पान्देबाट फलाक्दै सम्पूर्ण देवीदेवता, कुलपितृ तथा भूतपिचास लगायतका शक्तिका प्रतीकहरूलाई कुलथानमा र मूलथानमा उपस्थित गराइ विराजमान गराउँदछन्। उनीहरूलाई कुल परिवारले वर्षभरिमा उत्पादन गरेका खानेकुरा तथा वाचा गरिएका (भाकल गरिएको) वस्तुहरू चढाउन तयार भएको उद्घोष पान्देद्वारा गराइएको विश्वास गरिन्छ। यसरी पहिलो प्रहरमा पान्देद्वारा गरिएको सम्बोधनपश्चात् नवपान्देहरूको प्रवेश हुने गर्दछन्। यस दोस्रो प्रहर संस्कृतिलाई नव-पान्देहरूमा हस्तान्तरण गर्ने विशेष अवसरको रूपमा मानिन्छ। तेस्रो प्रहरमा गरिने अनुष्ठानमा वर्षभरि परिवार संरक्षकको रूपमा पालिएको कुखुराको भालेलाई कुलथानमा बलि चढाउने कार्य (यस पर्वमा कुलपुजा गर्ने थर समूहले) हो।

छोनाम पर्वको सांस्कृतिक अनुष्ठानमार्फत् कुल परिवारको संरक्षकको रूपमा रहेको कुखुराको भालेलाई वर्षभरि संरक्षण गरेकोमा धन्यवाद दिँदै आगामी वर्षको लागि पुनः अर्को भाले खडा गरिने वाचाका साथमा कुनै प्रकारको दुःख बिरामी, खाद्य अभाव तथा दैवी प्रकोप हुनबाट बचाउन पान्देद्वारा आह्वान गर्ने गराउने गर्दछन्। यसपछि दुःख बिरामी हेर्ने (खर्च कटाउने) कार्य गरिन्छ। यस बिरामी हेर्ने संस्कार सकिएपछि यस पर्वमा आमन्त्रण गरिएका देवीदेवता, कुलपितृ, भूतपिचास तथा अन्य शक्तिका प्रतिमानहरूलाई कुल परिवारद्वारा तयार गरिएका सम्पूर्ण खाद्यवस्तु तथा बलि चढाइएको पशुपंछीको मासुबाट तयार गरिएका परिकारहरूको सामुहिक भोजमा सामेल हुन फलाक्दै आह्वान गर्ने गर्दछन्। यो पर्वको एक विशेष अनुष्ठान मानिन्छ। यो कार्य केही समय रहेपछि पान्देले पुनः फलाक्दै ती सम्पूर्ण शक्तिका प्रतिमानहरूलाई पूर्व स्थानमा लगी राख्ने कार्य गर्दछन्, जसलाई चेपाङहरूले कुला

लाने भनी सम्बोधन गर्दछन् । कुला लगिसकेपछि यस वर्षको लागि कुलपितृ तथा देवीदेतालाई चढाएर आफू खानको लागि बाचा फुकेको मानी कुल परिवार तथा उपस्थित सबैले सामुहिक भोज गर्ने गर्दछन् । यसरी सामुहिक भोजमा सामेल भई प्रसाद ग्रहण गरी पान्दे, इष्टमित्र र कुल परिवारको सदस्यहरूको बिदाइसँगै यस वर्षको छोनाम पर्व सम्पन्न भएको मानिने परम्पराको प्रष्ट भएको छ ।


छोनाम पर्वको अनुसन्धानका दोस्रो र तेस्रो जिज्ञासामा छोनाम पर्वमा प्रयोग भएको प्रतीकहरूको सांस्कृतिक रूपमा रहेको अर्थ र सैद्धान्तिक आधारहरूमा के कस्तो प्रचलन रहेको सन्दर्भलाई छलफल र विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । जसमा जीवित पात्रको रूपमा पान्दे रहने जुन पर्व सम्पन्न गर्न प्रमुख भूमिका निर्वाह गर्दछन् । उनलाई ईश्वरीय शक्ति भएको पुर्खाको पात्रको रूपमा पठाएको प्रतिनिधिको रूपमा मान्ने र उनले कुलपितृ, ईश्वरीय शक्ति र जीवनबिचमा यात्रा गर्न सक्छन् भन्ने विश्वास रहेको सामाजिक नेतृत्वकर्ताको रूपमा मान्ने परम्परामा स्पष्टता आएको छ । पान्देले फलाक्ने ढ्याङ्ग्रो जुन जंगली काठ (सान्दान स्थानीय भाषामा) बाट बनेको हुन्छ । यसलाई पान्देको आत्मा र यस रुखको आत्माको संयोजनमा प्रकृति, पुर्खा र जीवनबिच यात्रा गर्ने साधन (यन्त्र) को रूपमा मान्दछन् ।

यो चेपाङ समुदायको हरेक पर्वपर्वमा फलाक्न चाहिने मुख्य यन्त्र हो । जसलाई सांस्कृतिक रूपमा पान्दे पछिको अर्को महत्त्वपूर्ण प्रतीक हो जुन Ndembu आदिवासीमा रहेको दुधको रुखको जुन प्रतीकात्मक महत्त्व Victor Turner ले दर्शाएका छन् । त्यसरी नै चेपाङ समुदायमा यसको प्रतीकात्मक बिम्बको रूपमा स्थापित हुने गरेको देखिन्छ । यसैगरी पान्देले आफ्नो सुरक्षा स्वरूप रुद्राक्ष माला, घुङ्ग्रो माला, बोधिचित्त माला लगायतका हुन्छ । यी यन्त्रहरू पान्देले फलाक्दा कुनै प्रकारको भूतप्रेत, पिचास तथा अन्य शक्तिले कुनै प्रभाव पार्न सक्दैन भन्ने विश्वासको प्रतीकको रूपमा पहिरिने गरेको हुन्छन् । छोनाम पर्वमा प्रयुक्त प्रतीकहरू कुखुराको भाले, घैया धानको (बोट, धान र चामल), केराको (बोट, फल र पात), गाभापिँडालु, निबुवा, घिरौला तथा जंगलमा पाइने खाद्यवस्तुहरूलाई पुर्खाले उपभोग गरी जीवन धान्ने गरेको प्रतीकात्मक बिम्बको रूपमा सम्झँदै उनीहरूको नाममा चढाउने र आफू खाने परम्पराको रूपमा पर्व मनाउने गरेको सत्यता बाहिर आएको छ ।

चेपाङ समुदायको छोनाम पर्व अरु जाति समुदायले नयाँ अन्नबाली भित्र्याइ सकेपछि पहिले पितृलाई चढाएर आफू खाने प्रचलनलाई न्वागी खाने भने जस्तै चेपाङ जातिले छोनाम फलाक्ने भन्दछन् भन्ने अग्रज विद्वानहरूको खोजलाई यस शोधपत्रमार्फत् थप गर्दै यो पर्व चेपाङ समुदायको जन्मदेखि मृत्यु पर्यन्तसम्म र वर्षभरिमा गरिने सम्पूर्ण सांस्कृतिक क्रियाकलापहरूको समीक्षा गर्ने पर्व हो। यसमा कुललाई कुखुराको भाले बलि चढाउनेदेखि नयाँ अन्नबाली चढाउने र नव-पान्देहरूलाई प्रवेश गरी संस्कृति पुस्तान्तरण र संरक्षणको मूल उत्सव भएको स्पष्ट हुन्छ। पर्वमा मूल पान्देद्वारा प्रकृति, पुर्खा र जीवनशैली बिचको अन्तरसम्बन्धमा पान्देले फलाक्ने गरेको अर्थमा बुझ्ने गरेको जुन समुदायको पहिचानसँग जोडिएको पर्व हो भन्ने विश्वासलाई प्रकाशमा ल्याएको छ। यो अध्ययन मानव उत्पत्ति र प्रकृतिबिचको समन्वयमा आधारित भएर प्राचिन मानव समुदायको जीवनशैलीमा पारेको प्रभावलाई चेपाङ समुदायले दिएको निरन्तरतालाई चित्रित गर्न सक्षम रहेको छ।

## परिशिष्ट - क

चेपाङ बसोबास क्षेत्रहरु (प्रस्तावित चेपाङ स्वयत्त क्षेत्र)




## परिशिष्ट - ख

### चेपाङ जनसंख्या सम्बन्धी तालिकाहरु

### तालिका नं. १

| **क.सं.** | **प्रदेश** | **जनसंख्या** | **पुरुष** | **महिला** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| १. | कोशी प्रदेश | ९८ | ४७ | ५१ | |
| २. | मधेश प्रदेश | ३६२ | १७९ | १८३ | |
| ३. | बागमती प्रदेश | ७७९१४ | ३९५२० | ३८३९४ | |
| ४. | गण्डकी प्रदेश | ५६१७ | २८४१ | २७७६ | |
| ५. | लुम्बिनी प्रदेश | ३४९ | १६१ | १८८ | |
| ६. | कर्णाली प्रदेश | ० | ० | ० | |
| ७. | सुदुरपश्चिम प्रदेश | १६ | ६ | १० | |
| | अन्य | ८ | ४ | ४ | |
| | **जम्मा** | **८४३६४** | **४२७५८** | **४१६०६** | |

## तालिका नं. २

कोशी प्रदेश भित्रका जिल्लामा भएका जनसंख्या विवरण

| क.सं. | जिल्ला | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | झापा | १९ | ८ | ११ | |
| २. | मोरङ | २९ | १२ | १७ | |
| ३. | सुनसरी | २० | ११ | ९ | |
| | अन्य | ३० | १५ | १५ | |
| | **जम्मा** | **९८** | **५१** | **४७** | |

## तालिका नं. ३

मधेश प्रदेश भित्रका जिल्लामा भएका जनसंख्या विवरण

| क.सं. | जिल्ला | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सर्लाही | ५४ | २७ | २७ | |
| २. | रौतहट | १८ | ९ | ९ | |
| ३. | बारा | १८९ | ९१ | ९८ | |
| ४ | पर्सा | ९२ | ४७ | ४५ | |
| | अन्य | ९ | ५ | ४ | |
| | **जम्मा** | **३६२** | **१७९** | **१८३** | |

## तालिका नं. ४

बागमति प्रदेश भित्रका जिल्लामा भएका जनसंख्या विवरण

| क.सं. | जिल्ला | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | धादिङ्ग | १७१६० | ८६८७ | ८४७३ | |
| २. | नुवाकोट | १६ | ११ | ५ | |
| ३. | काठमाडौं | १०५३ | ५४६ | ५०७ | |
| ४ | भक्तपुर | १०३ | ४६ | ५७ | |
| ५ | ललितपुर | २१३ | १०९ | १०४ | |
| ६ | काभ्रेपलाञ्चोक | ५० | २५ | २५ | |
| ७ | रामेछाप | १२ | ९ | ३ | |
| ८ | म(नवाङ्गी)नपुर | २३६५० | ११९७२ | ११६७८ | |
| ९ | चितवन | ३५६३७ | १८१०० | १७५३७ | |
| | अन्य | २० | १० | १० | |
| | **जम्मा** | **७७९१४** | **३९५१५** | **३८३९९** | |

## तालिका नं. ५

गण्डकी प्रदेश भित्रका जिल्लामा भएका जनसंख्या विवरण

| क.सं. | जिल्ला | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | गोरखा | ४२६८ | २१२५ | २१४३ | |
| २. | मनाङ्ग | १४ | ९ | ५ | |
| ३. | कास्की | २१३ | ११४ | ९९ | |
| ४ | लमजुङ्ग | १३० | ७१ | ५९ | |
| ५ | तनहुँ | ७४२ | ३८० | ३६२ | |
| ६ | नवलपरासी (बर्दाघाट सूस्तापूर्व) | १७६ | १०३ | ७३ | |
| ७ | पर्वत | ३९ | २२ | १७ | |
| ८ | बागलुङ्ग | २० | ९ | ११ | |
| | अन्य | १५ | ८ | ७ | |
| | **जम्मा** | **५६१७** | **२८४१** | **२७७६** | |

## तालिका नं. ६

लुम्बिनी प्रदेश भित्रका जिल्लामा भएका जनसंख्या विवरण

| क.सं. | जिल्ला | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम) | ६४ | २८ | ३६ | |
| २. | रुपन्देही | २४ | ११ | १३ | |
| ३. | कपिलबस्तु | ८० | ३६ | ४४ | |
| ४ | दाङ्ग | १३ | ७ | ६ | |
| ५ | बाँके | १२४ | ६१ | ६३ | |
| ६ | बर्दिया | ३५ | १६ | १९ | |
| | अन्य | ९ | ५ | ४ | |
| | **जम्मा** | **३४९** | **१६४** | **१८५** | |

## तालिका नं. ७

कर्णाली प्रदेश भित्रका जिल्लामा भएका जनसंख्या विवरण

| क.सं. | जिल्ला | जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **०** | **०** | **०** | **०** |

**तालिका नं. ८**

सुदुरपश्चिम प्रदेश भित्रका जिल्लामा भएका जनसंख्या विवरण

| **क.सं.** | **जिल्ला** | **जनसंख्या** | **पुरुष** | **महिला** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| १. | कैलाली | १६ | ६ | १० | |
| | अन्य | ८ | ४ | ४ | |
| | **जम्मा** | **२४** | **१०** | **१४** | |

(श्रोतः के.त.वि.२०७८)

# परिशिष्ट - ग

चेपाङ समुदायको छोनाम पर्वको संस्कृतिक अनुसन्धानमा

शोधिएका अनौपचारिक खुल्ला पश्नहरु

१. छोनाम पर्वको वास्तविक सत्थ अर्थ के हो ?

..........................................................................................................

२. यो पर्व मनाउन तिथि मितिको निर्धारण कसरी गर्ने चलन छ ?

..........................................................................................................

३. छोनाम पर्वका मुख्य संस्कारहरु के के हुन्छन् ?

..........................................................................................................

४. यो पर्व नयाँ अन्नबाली भित्र्याई सकेपछि मनाउने पर्व मात्र हो या अरु कारण छन् ?

..........................................................................................................

५. चेपाङ समुदाययले मनाउने छोनाम जस्तै अरु चाडपर्वहरु कुन कुन छन् ?

..........................................................................................................

६. यो पर्व वर्षको कुन महिना वा दिनमा मनाउने परन्परा रहेको छ ?

..........................................................................................................

७. यो पर्व कति दिन र कसरी मनाउने गरिन्छ ?

..........................................................................................................

८. पहिलो दिनदेखि पाँचौं दिनसम्म के कस्ता संस्कारहरु गर्ने गरिन्छ ?

..........................................................................................................

९. पर्वको चौथो दिन र रातमा गरिने मुख्य संस्कारहरु के के हुन् ?

..........................................................................................................

१०. छोनाम पर्व चेपाङ जीवनशैलीबिच कस्तो सांस्कृतिक सम्बन्ध रहेको हुन्छ ?

..........................................................................................................

११. पर्वमा गरिने मुख्य संस्कार गर्नुको कारणहरु के के हुन् ?

..........................................................................................................

१२. छोनाम पर्वको संस्कारम मुख्य भूमिका कस्को हुने गर्दछ ?

..........................................................................................................

१३. यो पर्वको लागि परम्परागत ईकाईहरु के कस्तो हुने गर्दछन् ?

..........................................................................................................

१५. यो चाड चेपाङ थर समुह अनुसार भिन्नताहरु के के रहेका छन् ?

..........................................................................................................

१६. चाड मनाउन कस -कसलाई विशेष निम्तो गरिन्छ ?

..........................................................................................................

१७. पर्व मनाउने क्रममा गरिने संस्कारगत कार्य बाहेक अरु थप क्रियाकलापहरु पनि हुन्छन् ?

..........................................................................................................

१८. छोनाम पर्वको संस्कारमा के कस्ता सामाग्रीहरु प्रयोगमा ल्याएन्छ ?

..........................................................................................................

१९. ती सामाग्रीहरुको सांस्कृतिक अर्थ के कस्ता रहेको हन्छन् ?

..................................................................................................................

२०. पर्वको संस्कारगत कार्यमा प्रयोग भएका विम्ब र प्रतिकहरुको निर्माण कसरी भएको होला ?

..................................................................................................................

२१. यो पर्व चेपाङ समुदायको पहिचान गराउने सांस्कृतिक प्रतिक हो ? कसरी ?

..................................................................................................................

२२. यो पर्वले चेपाङ समुदायको संस्कृति संरक्षण, सम्बर्द्धन र निरन्तरतामा के कस्तो महत्त्व राख्दछ ?

..................................................................................................................

२३. पर्वको बारेमा अन्य केही भएमा बताउनु होस ......... ?

# परिशिष्ट - घ

चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक अनुसन्धानमा

उत्तरदाताहरुको नामावली

| सि.नं. | नाम थर | पद | बर्ष | ठेगाना | मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रेमबहादुर चेपाङ | मूल पान्दे | ६९ | गजुरी ४, धादिङ, नेपाल | ५ भाद्र २०८१ | स्थलगत अन्तर्वार्ता |
| २. | बुङकुली चेपाङ | परिवारको सदस्य | ३१ | गजुरी ४, धादिङ, नेपाल | २५ भाद्र वि.सं २०८१ | स्थलगत अन्तर्वार्ता |
| ३. | काजीमान चेपाङ | कूल जेष्ठ सदस्य | ७६ | गजुरी ४, धादिङ, नेपाल | ४ भाद्र २०८१ | स्थलगत अन्तर्वार्ता |
| ४. | रामजीमाया चेपाङ | मुल पान्दे | ४८ | कालीका नपा.चितवन | २२ भाद्र २०८१ | फोनबाट अन्तर्वार्ता |
| ५. | कृष्णबहादुर चेपाङ | स.पान्दे | ३७ | गजुरी ४, धादिङ, नेपाल | ३ भाद्र वि.सं.२०८१ | स्थलगत अन्तर्वार्ता |
| ६. | सुन्तलीमाया चेपाङ | परिवारको सदस्य | ४३ | गजुरी ४, धादिङ, नेपाल | ५ भाद्र २०८१ | स्थलगत अन्तर्वार्ता |
| ७. | श्रीराम चेपाङ | स.पान्दे | २९ | गजुरी ४, धादिङ, नेपाल | ४ भाद्र वि.सं.२०८१ | स्थलगत अन्तर्वार्ता |
| ८. | राममाया चेपाङ | परिवारको सदस्य | ३५ | गजुरी ४, धादिङ, नेपाल | ३ भाद्र वि.सं.२०८१ | स्थलगत अन्तर्वार्ता |
| ९. | सानोकान्छा चेपाङ | स.पान्दे | ५७ | गजुरी ४, धादिङ, नेपाल | २ भाद्र वि.सं.२०८१ | स्थलगत अन्तर्वार्ता |
| १० | सेतीमाया चेपाङ | परिवारको सदस्य | ५८ | गजुरी ४, धादिङ, नेपाल | ४ भाद्र २०८१ | स्थलगत अन्तर्वार्ता |
| ११. | हिरामाया चेपाङ | परिवारको सदस्य | २३ | गजुरी ४, धादिङ, नेपाल | २८ भाद्र वि.सं २०८१ | स्थलगत अन्तर्वार्ता |
| १२. | बरकान्छा चेपाङ | मूलपान्दे | ४५ | बेनीघाट रोराङ १, धादिङ, नेपाल | २२ भाद्र वि.सं.२०८१ | गण्डकी गोरखाको अन्तर्वार्ता |
| १३. | अनिता चेपाङ | परिवारको सदस्य | २५ | गजुरी ४, धादिङ, नेपाल | ४ भाद्र वि.सं.२०८१ | स्थलगत अन्तर्वार्ता |
| १४. | डम्बरबहादुर चेपाङ | पूर्व अध्यक्ष (नेचेस) | ६७ | बनीघाट रोराङ २, धादिङ, नेपाल | २५ भाद्र वि.सं २०८१ | काठमाडौंमा गरिएको अन्तर्वार्ता |
| १५. | सीता चेपाङ | परिवारको सदस्य | ४४ | गजुरी ४, धादिङ, नेपाल | २ भाद्र वि.सं.२०८१ | स्थलगत अन्तर्वार्ता |
| १६. | रबिन्द्र चेपाङ | पूर्व कोषाध्यक्ष (नेचेस) | ४४ | राक्सीराङ ५, मकवानपुर, नेपाल | २८ भाद्र वि.सं २०८१ | काठमाडौंमा गरिएको अन्तर्वार्ता |
| १७. | पूर्णबहादुर चेपाङ | स्थानीय चेपाङ नेता | ४१ | राक्सीराङ ५, मकवानपुर, नेपाल | ५ असोज वि.सं २०८१ | स्थलगत अन्तर्वार्ता |
| १८. | सीता चेपाङ | परिवारको सदस्य | ४४ | गजुरी ४, धादिङ, नेपाल | २ भाद्र वि.सं.२०८१ | स्थलगत अन्तर्वार्ता |
| १९. | कृष्णबहादुर चेपाङ | स्थानीय पान्दे | ९१ | मनहरी ३, मकवानपुर, नेपाल | ३० भाद्र २०८१ | स्थलगत अन्तर्वार्ता |
| २०. | कविता चेपाङ | परिवारको सदस्य | १९ | गजुरी ४, धादिङ, नेपाल | ५ भाद्र २०८१ | स्थलगत अन्तर्वार्ता |

# परिशिष्ट - ङ

चेपाङ समुदायको छोनाम पर्वको चित्रहरुः



**चित्र नं. १ :** चेपाङ पाण्देले फलाक्न सजाएर तयार पारिएको एकपाखे ढ्याङ्ग्रो



**चित्र नं. २ :** छोनाम फलाक्ने मूलथानमा सजाइएको घैया धान, गाभापिँडालु, केराको बोट,

बुकीफूल, बोधि चित्तमाला आदी ।



**चित्र नं. ३ :** छोनाम पर्वको लागि दुना टपरी गाँस्दै कूलपरिवारको जेष्ठ महिला ।



**चित्र नं. ४ :** छोनाम पर्वमा कूलथानमा चढाइएका नयाँ खाद्य सामाग्रीहरु



**चित्र नं. ५ :** छोनाम पर्वमा कूलथानमा कुखुराको भालेलाई बलि चढाउन पहिले घैयाधान र चामल खुवाउँदै कूलपरिवारको जेष्ठ सदस्य ।



**चित्र नं. ६ :** छोनाम पर्वको कूलथान बलि चढाउनु पहिलेको अवस्था



**चित्र नं. ७ :** छोनाम पर्वको कूलथानमा कुखुराको भाले बलि चढाइसकेपछिको अवस्था



**चित्र नं. ८ :** छोनाम पर्वमा एकपाखे ढ्याङ्ग्रो फलाक्दै पान्देहरु



**चित्र नं. ९ :** छोनाम पर्वमा मूलथान चढाउने घैयाधान र जंगली खाद्यबस्तु (गिठ्ठा, तरुल आदि)



**चित्र नं. १० :** चेपाङहरुको छोनाम पर्वमा चढाइने बुकिफूल, निबुवा र गाभापिँडालु



**चित्र नं. ११ :** चेपाङहरुको छोनाम पर्वमा चढाइने केराको पातको २ विटा (मुठा)



**चित्र नं. १२ :** चेपाङहरुको छोनाम पर्वमा चढाइने काँचो घैयाधनको खट्टे चिउरा



चित्र नं. १३ : छोनाम पर्व समापन गर्न पित्र बुझाउन तयार गरिएको नयाँ खाद्यबाली



चित्र नं. १४ : छोनाम पर्वको अन्तिम संस्कारमा पित्र बुझाउँदै कूलसमूहका जेष्ठ सदस्य र पान्देहरु



चित्र नं. १५ : छोनाम पर्वमा चढाइएको केराको बोट, घैयाचामल,

मकै, गाभापिँडालुको बोट र बुकीफूल

# परिशिष्ट - च

## संक्षेपिकरण सूची

| **संक्षिप्त शब्द** | | **पूर्ण शब्दावली** |
|---|---|---|
| रा.त.का. | – | राष्ट्रिय तथ्यांक कार्यालय |
| गा.पा. | – | गाउँपालिका |
| न.पा. | – | नगरपालिका |
| म.न.पा. | – | महानगरपालिका |
| ने.चे.स. | – | नेपाल चेपाङ (प्रजा) संघ |
| एस.एन.भी. नेपाल | – | नेदरल्याण्ड विकास नियोग (Netherland Development Organization) |
| आ.ज.उ.रा.प. | – | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान |

# सन्दर्भसूचि

## नेपाली


आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, (२०५८), नेपाल राजपत्र प्रकाशन, नेपाल सरकार ।

आचार्य, महेशकुमार (२०८०), लुँति अजिमा जात्रा र जीव आहुति होम, *नेप्लीज कल्चर ( Nepalese Culture )* भोलुम १६, पृष्ठ २५-३७ । DOI: https://doi.org/10.3126/nc.v16il.54125

एसएनभी, नेपाल (१९९७), *"रुखो जग्गामा सुन्तला फल्छ त ?"* चितवन जिल्लाको प्रजा समुदाय विकास सम्भावनाहरुको पहिचान, एसएनभी नेपाल ।

कोली, रस (२०७५), *चेपाङ-नेपाली-अँग्रेजी शब्दकोश,* आदिवासी जनजाति उत्थान राष्टिय प्रतिष्ठान ।

गौतम, डिल्लीराम (२०८०), *पूर्विय चिन्तर र दर्शन,* ओरिएन्टल पब्लिकेशन हाउस प्रा.लि.।

चेपाङ, रेशम (२००६), चेपाङहरुको मुख्य पर्व न्वागी, *चेपाङ आवाज,* बर्ष ६, अङ्क ४, चैत्र २०६२, नेपाल चेपाङ संघ ।

चेपाङ, आइतसिंह, प्रजा, अजयकुमार र चेपाङ कामसिंह (सम्पादन) (२०७६), *चेपाङ जीवनशैली ज्ञानकोश,* नेपाल चेपाङ संघ ।

ढुङ्गेल, राममणी (२०५१) *चेपाङ समुदाय र संस्कृति,* साझा प्रकाशन ।

नेपालको संविधान (२०७२), संविधानसभा सचिवालय, सिंहदरबार काठमाडौं, नेपाल कानून आयोग Retrieve (9/2/2024) From: https://lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Constitution-of-Nepal.pdf

नेपाल चेपाङ (प्रजां) संघको विधान (२०५५), त्रिपुरेश्वर ११, काठमाडौं, नेपाल ।

नेपाल चेपाङ (प्रजा) संघ विधान, (२०५५), नेपाल चेपाङ (प्रजा) संघको बार्षिक प्रतिवेदन - २०६४, ने.चे.स.स्वयम् ।

पाण्डेय, मधुसुदन (२०६३) *नेपालका जनजातिहरु,* पैरवी प्रकाशन ।

पोखरेल, बालकृष्ण र अरु (संशोधित सम्पादन, २०७२), *नेपाली बृहत शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, निर्मला (२०८०), यन्त्र संस्कृति र पशुपतिक्षेत्रका श्रीयन्त्रः एक विवेचना, *नेप्लीज कल्चर (Nepalese Culture)* भोलुम १६, पृष्ठ ३९-५२ । DOI: https://doi.org/10.3126/nc.v16il.54126

प्रजा, अजयकुमार (सम्पादक) (२०५६), *चेपाङ्ग आवाज,* बर्ष १, अंक १, नेपाल चेपाङ्ग (प्रजा) संघ ।

प्रजा, अजयकुमार (२०७६) *नेपालमा चेपाङ समुदायको राजनीतिक अवस्था,* त्रिभुवन विश्व विद्यालय किर्तिपुरमा मानविकी तथा सामाजीक शास्त्र संकाय राजनीतिशास्त्र केन्द्रिय विभाग अन्तर्गत स्नातकोत्तर तह, दशौं पत्रको आवश्यकता पुर्तिका लागि प्रस्तुत गरिएको अप्रकाशित शोधपत्र ।

प्रजा, अजयकुमार (२०७८), *चेपाङ समुदाय (सामाजिक, सांस्कृतिक एवं राजनीतिक विश्लेषण),* सर्मिला प्रजा (चेपाङ) ।

प्रजा, अजयकुमार (२०८२), छोनाम (न्वाँगी) पर्वः चेपाङ समुदायको सांस्कृतिक प्रतीक, *नेप्लीज कल्चर (Nepalese Culture)* भोलुम १८, पृष्ठ ५५-७६ । DOI: https://doi.org/10.3126/nc.v18i1.78288

भट्टराई, टिकाराम (२०६०), *आदिवासीको विकास र अर्थ-राजनीति,* वातावरण, कृषि तथा सामुदायिक शिक्षालय (सिकाउ) ।

भट्टराई, टिकाराम, सुब्बा, बिजया र साथीहरु (२०६६), *चेपाङ र शिक्षा,* वातावरणीय कृषि तथा विकास केन्द्र (केड-सिकाउ) र नेपाल चेपाङ संघ ।

राई, उद्धव (२०६७), चेपाङ समाजमा परिवर्तन : सांस्कृतिक र संरचनागत अवलोकन र प्रक्षेपण, *आदिवासी जनजाति जर्नल* अंक ३, मंसिर २०६७ पृ.१५५-१७६, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, उद्धव, चेपाङ, जितेन्द्र र चेपाङ दिल (२०६७), *चेपाङ जातिको चिनारी,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, ठगिनकुमार (२०७५), *चेपाङ समुदायको वर्तमन अवस्था,* हिमाली राई ।

राष्ट्रिय जनगणना (२०७८), *राष्ट्रिय तथ्याङ्क कार्यालय,* तथ्यांक विभाग ।

राष्ट्रिय संस्कृति नीति, (२०६७), नेपाल कानुन आयोग, नेपाल सरकार । Retrieved (9/2/2024). From: https://www.opmcm.gov.np/wp content/uploads/npolicy/Tourism/sankriti%20niti%202068.

रिमाल, मिना (२०८१), चेपाङ जातिको संस्कृतिमा आएको परिवर्तन, *अभौतिक संस्कृति जर्नल,* बर्ष ८, अङ्क ८, पृष्ठ ९७-१०७ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय (२०७९), *चेपाङः संस्कृति र प्रविधि,* नेपाल सरकार स्वयम् ।

# References

**English**

Bhattarai, T. et al. (1999). *After five years Chepang of Kandrang watershed*, school of ecology, Agriculture and Community works (Seacow) and Kandrang Chepang Community (kcc).

Douglas, M. (1970). *Natural Symbols: Explorations in Cosmology*. New York: Pantheon. Retrieved: 8/29/2024 from: https://books.google.com.np/books/about/Natural_Symbols.html?id=rp6s2NpnyFYC & redir_esc=y

Douglas. L. (2018). A Study of Relationship between Symbols and Cultures from the Perspective of Linguistics. DOI: 10.2991/icesem-18.2018.188. Retrieved, 1/5/2025 from: https://www.atlantis-press.com>icesem-18

Gurung, G.M. (1995). *Report from chepang village (society, culture and ecology).* S. Gurung.

Geertz, C. (1973). *The interaction of cultures, chapter 15/deep play: Notes on the Balinese cockfight.* Basic books, Inc.

Geertz, C. (1973). *The Interpretation of Cultures.* New York: Basic Books, Inc.

Hodgson, B.H. (2014). *Essays on the Languages, Literature and Religion of Nepal and Tibet, Chapter IV - On the Chepang and Kusunda Tribes of Nepal.* Cambridge University Press. Retrieved: 3/30/2025 From: https://pahar.in/pahar/Books%20and%20Articles/Nepal/1874%20Essays%20on%20Languages%20Literature%20and%20Religion%20of%20Nepal%20and%20Tibet%20by%20 Hodgson%20s.pdf

Piya, L., Maharjan, K.L. & Joshi, N.P. (2019, February). Chepang: The community in focus a livelihood analysis from Nepal. *Socio-economic issues of climate change (PP.66-67)* DOI: 10.1007/978-981-13-5784-8_5.

Riboli, D. (2000). *Tunsuriban, Shamanism in Chepang of Southern and Central Nepal.* Mandala Books Points.

Seacow & kcc, (1999). A*fter five years Chepangs of Kandrang Watershed.* School of Ecology, Agriculture and Community Works and Kandrang Chepang Community.

Steward, J. H. (1955). *Theory of Culture Change:* The Methodology of Multilinear Evolution (244 p). Urbana, IL: University of Illinois Press. Retrieved, 5/1.2025 from: https://www.scirp.org/reference/referencespapers?referenceid=2989596

Turner, V. (1970). T*he Forest of Symbols: Aspects of Ndembu Ritual,* Cornell University Press.

Tylor, E.B. (1830). *Primitive culture,* Hon Murray, Albemarle Street, W. https://aamsanchar.com//173864/17/2022

Ukyab, T. & Adhikari, S. (2000). *The Nationalities of Nepal.* His Majesty's Government of Nepal, Ministry of Local Development, National Committee for Development of Nationalities.

UNESCO World Heritage Center, (2024). The convention for the safeguarding of the intangible Cultural Heritage. Peris: United Nations Educational, Scientific and Cultural Organization. Retrieved, 9/2/2024 from: https://www.un.org/youthenvoy/2013/08/unesco-united-nations-educational-scientific-and-cultural-organization/